CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्रीमद्भगवद्गीताको

सचित्र

सा.वे.662

को[illegible]लगीता



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शा.वे. 662

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२८८

श्रीः

श्रीमद्भगवद्गीता

को शा.वे.662

सचित्र

कोमलगीता

लेखकः-

कोमलनाथ अधिकारी

धर्म प्रचारक पण्डित

लंजुङ्ग

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रकाशकः
प्रमुख संवाद सचिवालय
राजदरबार

Acc: 1092/2052

स्वर्ण शुभजन्मोत्सव विशेष आवृत्ति (२०५२) .. .. १००० प्रति
गद्दी आरोहणको रजत महोत्सव विशेष आवृत्ति (२०५३) १००० प्रति

मुद्रकः मुद्रण विभाग, सिंहदरबार।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शा.वे.662

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव सरकारको
गद्दी आरोहणको रजत महोत्सवको अवसरमा प्रकाशित
२०५३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कोमलगीतामा परेका विषयहरुको संक्षिप्त पञ्जिका ।

पृष्ठ—

(१–२४) कोमलगीता-भूमिका.
(२५–४०) गीतामाहात्म्यसार (पद्मपुराणको).
(४१–६४) गीतामाहात्म्य सटीक (वाराहपुराणको)
(६५–७०) गीताध्यानपुष्पाञ्जलि सटीक (संग्रहको)
(७१–७८) गीताका हरेक योग अध्यायका श्लोकहरुबाट विषयविभाग.
(७८) गीतामा रहेका १२ बहुरङ्गी, २० एकरङ्गी चित्रहरुको सूची.
(१–३३४) श्रीमद्भगवद्गीता र कोमलगीता.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सम्वत् १९९० मा प्रकाशित यस पुस्तकको पहिलो आवृत्तिमा छापिएको लेखक पं. कोमलनाथले समवत् १९८९ आशिवन २९ रोज ६ का दिन नेपालका तत्कालीन प्रधानमन्त्री श्री जुद्ध शम्शेर जङ्गबहादुर राणालाई लेखेको विन्तिपत्रको अंश यस पुस्तकमा समावेश गरिएको छैन ।

– प्रकाशक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्रीः

गीता-कोमलगीताको-

भूमिका.

मेरा भाई-बहिनीहरुहो !

यस अनन्त संसारको विशाल जन-समुदायमा 'श्रीमद्भगवद्गीता'को महिमा सुन्न न पाउने जन कंती नै हुनन्. भूमिका लेखेर सर्वज्ञानप्रदायिनी, अनन्तशक्तिशालिनी, ज्योतिःस्वरूपपिणी, भगवान् श्रीकृष्णले गान गरियेकी, 'गीता' को परिचय गराउँन खोज्नु दीयाको सानु ज्योति हातमा लियेर श्रीसूर्यलाई देखाई चिह्नाउँन उमेद गर्ने बालकको काम जस्तै केवल हास्यास्पद र निष्फलको चेष्टामात्र हुन आउँदछ. 'गीता' स्वयमेव प्रकाशमान् हुनाले आफ्नू परिचय आँफै दिई-रहेकी छन्. तथापि भूमिका उपर अर्को भूमिका लेख्नु पनी लेखकहरुको चलन सरह नै भयेको टाइम हुनाले पुस्तक हातमा पर्ना-साथ पाठकहरु पुस्तकका अरु कुनै विषय पनी नहेरी धमा-धम पत्र पल्टायेर पहिले भूमिका खोजन लाग्दछन्. यो चालचलनको बचावट र पाठकहरुको मनोविनोदका निमित्त पनी यस शीर्षक (हेडिङ्) को तलतिर 'गीता' का विषयमा दुई शब्द लेख्नु आवश्यक संझी बालचञ्चलता प्रकट गर्दछु.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्राचीन–अर्वाचीन ऋषि-मुनि-पण्डितहरुले संस्कृत आदि गरियेका भाषाहरुमा 'गीता' का सारगर्भित, अमृतमय, मूलमन्त्रहरुको स्पष्टीकरण आफ्नू बुद्धिको योग्यतानुसार टीका-टिप्पणी-व्याख्या-लेख-नोट इत्यादिबाट गरीसकेका र गर्दै पनी छन्. यो सब देख्नु-सुन्नुबाट 'गीता' लाई हामीले गुणातीत परब्रह्मकी एकाकार आदित्य-स्वरूपिणी कान्ति, अनन्त शक्तिमान् विश्व-सञ्चालक सगुण परमात्माकी सृष्टि-स्थिति-प्रलयादि-कर्ममा सँगिनी, विश्वलीलामा प्रवृत्त भयेका परमात्माले स्वलीलानिर्मित असंख्य प्राणीहरुमा रहेको किंकर्तव्य-विमूढ आत्मालाई असल बाटोको सूचना निमित्त बजाइयेका बाँसुरीको सुरीलो दिव्य मनोहर आबाज, चराचर सबै भावहरुमा परमात्माका अखण्ड-सत्ताको दिव्यमूर्ति दर्शन गराउँने अलौकिक आँखा इत्यादि जे-पनी भन्न सकिन्छ.

हुन पनी भूमण्डलका धर्म-साहित्य-भाण्डारमा 'गीता' नै एक अमूल्य अनुपम अद्वितीय रत्न छ. यस्मा सनातन धर्मका मुख्य मुख्य दार्शनिक विचार, वैज्ञानिक सिद्धान्त, धार्मिक तत्व, नैतिक उपदेश, ज्ञान-योग भक्तिका साधन इत्यादि सबको प्रतिपादन राम्ररी गरियेकोछ. भगवान्ले कुरुक्षेत्रको रणभूमिमा व्यामोह भयेका अर्जुनलाई लडाईमा प्रवृत्त गराउँनाका निमित्त मात्र होइन कि दार्शनिक, नैतिक, सामाजिक, आर्थिक इत्यादि जटिल समस्याहरु पर्न आयेमा स्वकर्मबाट च्युत हुन लागेमा संसारका मानवजातिका निमित्त पनी मार्ग देखाउँने उपदेश गर्नुभयेको हो. जस्तो अद्भुत, चमत्कारी, अनौठा, गीता-उपदेश छ, यो उपदेश गर्ने भगवान् श्रीकृष्ण पनी उस्तै विचित्र-प्रभावशाली, कलाकुशल, महायोगी, कर्मपथप्रदर्शक, राजनीतिज्ञ, शासक, विजयी, योद्धा र सर्वकला-सम्पन्न इत्यादि सब-कुछ हुनुहुन्थ्यो. ।

दर्शनशास्त्रका अथवा ज्ञानका अतिउच्च आदर्श रहेकाले सबैलाई जीवनमा सर्वोत्कृष्टकोटीका आध्यात्मिक भावपूर्ण विचार र सुकर्म तर्फ नै अग्रसर गराउँने, संसारलाई ईश्वरमय संझदै वैराग्यपूर्ण रहेर कर्म गर्नुलाई नै बन्धन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नहुनाको एकमात्र साधन बताउँने, संसारभरका भाषाहरुमा सब भन्दा मनोहर, अद्वितीय, दार्शनिक, परमात्माको गीत हुनाले भारतवर्षको धार्मिक-साहित्यमा अथवा समस्त भूमण्डलको मानवी-साहित्यमा पनी आफ्नू नीतिपूर्ण धार्मिक उपदेश द्वारा प्रामाणिक उत्कृष्ट सार्वभौम धर्मग्रन्थ नै हो भनी चिन्हाउँने, मानवजीवनको सर्वस्व, असार-संसारको सार, वेद-उपनिषदादि शास्त्रसागरको मथनबाट निस्केको नौनी, आफ्नू गहिराईको जति-जति तल जो जान सक्दछ उती उती मनोहर दिव्य रत्न उस्को हातमा राखी-दिने धर्मरत्नाकर, आँफु भित्र रहेका महाशब्दहरुको कालानुसार अर्थ बदलियेमा पनी मूलमन्त्र जो हो तेस्लाई कहिल्यै बदलिन न दिने, सनातन धर्मका गूढ-रहस्यहरुलाई सरल भाषाका थोरै शब्दहरुमा प्रकट गर्ने शक्तिरूप पनी हुनाले सृष्टिको प्रारम्भदेखी आजतक गीता जस्तो अन्धकारमा उज्यालो गर्ने झल्झलाउँदो निर्मल हीरा-समान उज्ज्वल ग्रन्थ प्रकाशित भयेको र हुने पनी छैन. किन भने—दुःखी आत्मालाई शान्ति दिलाउँने, आध्यात्मिक पूर्णावस्थालाई चिह्नाउँने, चराचर जगत्का गूढतत्वहरुलाई राम्ररी संझाउँने, वर्ण-आश्रम-जाति-देश-स्त्री-शूद्रादि कसैमा पनी भेद न राखेर सबका निमित्त यौटै सद्गतिको बोध गराउँने, ज्ञान-भक्ति-कर्म-युक्त गीताशास्त्र नै सनातन वैदिक—धर्मरूपी विशाल कल्पवृक्षको बहुतै रसिलो र अमृत पदमा पुऱ्याउँने अमरफल हो.

हेर्नुहोस, प्राचीन युगका सबै स्मरणीय पदार्थहरुमा गीता भन्दा सर्वश्रेष्ठ पदार्थ अरु कुनै पनी पाउँन सक्दैनौ. चाहे सार्वजनीन लाभको दृष्टिले हेरौं, चाहे व्यवहारिक प्रभावको दृष्टिले, यस्ता यस्तो उत्तम र सर्वव्यापी ज्ञान छ कि, संसार-भरका भिन्न-भिन्न धर्म-कर्म-मत-मतान्तरहरु पनी तँछाड् मछाड् सँग यौटैमा गाँथिन आउँछन्—अर्थात् मनुष्यजातिको उज्ज्वल भविष्य बनाउनामा उपदेश गर्ने यो भन्दा बढेर मानव धर्मग्रन्थ अरु कुनै छँदैछैन. किनभने अद्वैतवादी श्रीशङ्कराचार्य, विशिष्टाद्वैतवादी रामानुजाचार्य, शुद्धाद्वैतवादी वल्लभाचार्य, द्वैताद्वैतवादी निंबार्काचार्य, द्वैतवादी मध्वाचार्य, आदि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सब आचार्यहरुले परस्पर विरोधी सिद्धान्त राखेर पनी यस ग्रन्थलाई एक समान प्रामाणिक मानेर आफ्ना आफ्ना मतको तरीकाबाट संझाउँने चेष्टा गरेका छन्. यत्ति मात्र होइन कि आस्तिक (भक्तिवादी) नास्तिक (अनीश्वरवादी) धर्मिष्ठ (कर्मवादी) वेदान्ती (ज्ञानवादी) योगी (ध्यानवादी) इत्यादि सबैले यसमा समान आनन्दको अनुभव गर्दै आफ्नू आफ्नू रुचिको कुरा पाउँदछन्. जुनसुकै जातिलाई पनी कल्याण मार्गको शिखरमा पुऱ्याउँनाका निमित्त गीताको उपदेश अद्वितीय नै हुनाले यस ग्रन्थको दिन परदिन यस्तो महिमा बढ्दै-गयेको छ. यसमा कर्म-भक्ति-ज्ञान ई तिनोटै योगको यस्तो न्याययुक्त व्याख्या छ कि यस्तो अपूर्व सार्वभौम धर्म केवल गीतामा मात्र देख्न पाइन्छ. यस्तो धर्मव्याख्या कहिल्यै अरू कुनै देशमा कसैले गरेकै छैन. यो साधारण गाना होइन, भगवान् श्रीकृष्णले आफ्नू आत्मा प्रबुद्ध भयेको बखत इतिकर्तव्यताविमूढ भयेकालाई मानसिक विकास गराउँनाका निमित्त उपदेश गर्नुभयेको हो.

गीताको मनन गर्ने चाहे त्यो जुनसुकै देश, भाषा, संप्रदाय, र मतमतान्तरलाई मान्ने व्यक्ति होस्, चाहे नास्तिकमा पनी नास्तिक व्यक्ति नै पो किन न होस्, गीता पढ्दैमा उस्को अन्तरात्मामा पनी यो भावना हुन लाग्दछ कि यो पुस्तकका रचयिता साक्षात् भगवान् नै हुन्, आर्को होइन. अर्थात् उस्का आत्मामा अनिर्वचनीय, अलौकिक, दिव्यशक्तिको ज्योति वा ज्ञान न जगमगाई छोड्दै-छोड्दैन. गीताले उस्का हृदयमा रहेको सन्देहरूपी राक्षसलाई अवश्यमेव मारीदिन्छ.

गीता आफ्नै तेजले प्रकाशमान छ. यस्को प्रकाश र ज्योतिलाई मलिन गर्न सक्ने अरु कुनै तेस्तो चीज संसारमा उत्पन्न भयेको छँदैछैन. यस्का हरएक मन्त्ररूप सूत्र पवित्र-विचारहरुले सुन्दर, प्रत्येक वाक्य विचार-परंपरालाई वृद्धि गराउँने र हरएक अध्याय पनी क्रमबद्ध हुनाले आध्यात्मिक भाव पनी एक छेउबाट आर्को छेउ सम्म लगातार पुगेको छ. यस्ता दिव्यज्ञानको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्वानिस्वरूप गीताको तत्व जानेर यस्का दार्शनिक विचारहरुलाई आफ्ना जीवनको एक अङ्ग बनाउँन चाहने पुरुषले एकाग्रचित्त भयेर शुद्ध हृदयले बारंबार गीताको पाठ गर्नुपर्दछ. गीताको ज्ञानरूपी अगाधसमुद्रमा डुबेर वेस्को गहिराई थाहा पाउँने, यस्का उपदेशहरुलाई कार्यरूपमा परिणत गर्ने र यस्ता कहियेका कर्मयोगको अनुसार आचरण गर्ने पुरुष साँच्ची नै धर्मात्मा र धन्यवादको पात्र पनी हो.

मनुष्यहरुको आयुष्यमा जीवन-नाटकको कष्टमय प्रसङ्ग एकदिन नआई छोड्दै-छोड्दैन. त्यो दृश्य नगीच आई पुगे पछी भिन्न कुवृत्ति र वासनाहरुको आधिक्य हुनाले बुद्धि चक्कर खान लाग्दछ र मनुष्य किंकर्तव्य-विमूढ भयेर ईश्वरका अस्तित्वको उपर पनी मन हटाई अकर्मण्य हुन लाग्दछ, तेस्तो वखत ज्ञानबाट शान्त्वना पाउँनलाई असल गुरुको खोजी, जरुरै हुन्छ त पनी असल गुरु आयेर शान्त्वना पाउँनलाई सबै अर्जुन जत्तिकै सौभाग्य-शाली छैनन्, उनीहरुका निमित्त 'गीता' परम गुरु नै हो. श्रद्धा-भक्तिले युक्त भयेर गीताका अमूल्य उपदेशहरुको उपयोग गर्नाले कर्म गर्दा प्रतिदिन निष्फलता नै होस् त पनी उस्ता सफलताका किरणहरु झल्केकै देखेर फेरी त्यो पुरुष कर्मण्य हुन सक्दछ. पतित मनोवृत्तिले पनी फेरी पवित्ररूप धारण गर्न सक्दछ.

अर्थात् आध्यात्मिक पूर्णतालाई प्राप्त गरी सकेकाहरुको कुरा परै जान दिऊँ, बाँकी सब मनुष्य संस्कारका वशमा हुन्छन्. मानिसले इच्छापूर्वक अथवा केही उद्देश्यलाई लियेर कुनै कर्म गरोस् त पनी संस्कारहरुका वशमा अवश्य नै फस्दछ. शुभकर्महरुबाट असल संस्कार र अशुभकर्महरुबाट खराब संस्कार उत्पन्न हुन्छन्. तर संस्कार चाहे जतिसुकै असल पो किन न हुन् ? जहाँ सम्म तिनीहरुको पूर्णरूपले नाश होवँन अथवा तिन्को भोग भोगियेइन, त्यहाँ सम्म तिनीहरु जुनसुकै जीवात्माको आध्यात्मिक उन्नतिमा बाधक नै बनी रहन्छन्. हेर्नुहोस्—नेल चाहे सुनका हुन्, चाहे

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

फलामका, वास्तविक तिनीहरु नेलै त हुन्. सुनका नेलहरुको पनी वन्धन सुख दिने हुँदैन, यस निमित्त जस्लाई वन्धनवाट मुक्त हुनाको इच्छा छ, तेस्लाई सुनका नेल पनी उत्तिकै भारी हुन्छन्–जत्तिको फलामका. अनी तिनीहरुलाई तोड्नाको निमित्त तेस्ले तेत्तिकै व्याकुल हुनुपर्नेछ. यसबाट यो परिणाम निस्कन्छ कि कर्म गर्दा आफ्नू मनोवृत्तिलाई यस्तो वनाई लिनू कि जसबाट चित्तमा उस्को संकार उत्पन्न हुनै नपाओस् र नयाँ वन्धनहरुको फन्दामा फस्नु न परोस्.

पहिले सबैले संसारलाई सुखमय नै ठह्न्याइयेको हुन्छ, तर त्यो वखत पनी आउँदछ कि सांसारिक जीवन बन्धनमात्र रहेछ, यस्मा बाँधिये पछी दुःख सिवाय अक्षय सुखको प्राप्ति कहिल्यै छैन. यसरी सांसारिक वखेडाहरुले अधिक कष्ट भयेको वखत आँफुमा ज्ञानको अभाव हुँदा कुन रीतिले कर्म गर्नू आनन्दको अनुरूप होला भनेर जान्नाको इच्छा हुन्छ, तेसै वखत गीतावाट ज्ञान र कर्म गर्नाको नियम जानिन्छ. ज्ञानको वृद्धि भयेपछी कर्म-योगीले उनै परमात्मालाई जान्दछ, जसब्बाट सारा कर्मको व्युत्पत्ति भयेकोछ.

अव यो प्रश्न हुन सक्दछ कि 'काम गर्ने यस मनोवृत्तिको स्वरूप के हो ? कसरी काम गर्नाले संस्कारको वन्धनमा फस्नु पर्दैन ? लागी परेन भने पारमार्थिक वा लौकिक कुनै कार्य पनी सिद्ध हुनू संभव छैन. मनुष्य होस् वा पशु-पक्षी–कीरो जो सुकै होस्, मनमा फलाशा अङ्कुरित नभई कोही पनी काममा प्रवृत्त हुँदैनन्. विवेकवुद्धिसम्पन्न हुनाले सवै जीवहरुमा मनुष्य प्राणी उच्चतर छ. मनुष्यहरुमा श्रेष्ठ शूक्ष्मवुद्धि भयेको पुरुष पनी यो कर्ममय संसारमा कर्म न गरी एकक्षण पनी खाली रहन सक्दैन (गी. ३। ४,५) वाट स्पष्ट थाह हुन्छ कि मनुष्यले आफ्नू जीवनकालमा कर्मको स्वरूपैवाट सर्वथा परित्याग कहिल्यै गर्न सक्दैन कर्ममात्रलाई त्याग गर्दैमा मनुष्य निष्कर्मा पनी हुँदैन. न त कर्महरुको त्याग पनी हुन सक्दछ. मनुष्य चाहे सत्कर्ममा लागोस्, चाहे दुष्कर्ममा, चाहे दुवैलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छोडेर केही कालका निमित्त मौन-धारण गरोस् त पनी त्यो 'मौनधारणरूप' कर्मको कर्ता नै हुन आउँदछ, जहाँ सम्म देह रहन्छ, त्यहाँ सम्म कर्म त साथैमा छँदैछन्, परन्तु यावत् कर्ममा केही न केही दोष अवश्यमेव रहन्छ, मुक्ति भनेको चीज निर्दोषीलाई मात्र मिल्दछ भने अब कर्मबन्धन (संस्कार) अर्थात् दोषस्पर्शबाट कसरी छुट्कारा पाउँने ? शारीरिक वा मानसिक जुनसुकै चेष्टा पनी कर्म हो, कर्म गरेर पनी मनुष्य कसरी बंध-मुक्त हुन सक्दछ ? इत्यादि. "कर्मयोगको अभ्यास गर्नू" अर्थात् यस्तो निःस्वार्थ भावले तथा निरपेक्ष भयेर कर्म गर्नू कि जसबाट कर्मका फलमा आसक्ति न रहोस्, "निष्काम कर्म गर, यज्ञार्थ कर्म गर, कर्मफललाई त्याग गर, फलासक्तिलाई छोड र कर्म गर, निराशी बनेर कर्म गर, निष्काम बनेर कर्म गर" इत्यादि गीताले दियेको कर्म-स्वरूप र प्रत्युत्तरको मधुरध्वनि हो. यस्लाई कहिल्यै बिर्सन हुँदैन.

अब यदि कर्मको फल तिर दृष्टि राखियेन भने मानिस निरुत्साही होला र कर्म गरोइन भन्ने आक्षेपको समाधान यही छ कि तेही कर्तव्य-कर्म जब मानिस 'म ईश्वरका आज्ञाले गर्दछु, उनैलाई अर्पण गर्दछु' भन्ने यस्तो भावनाले गर्न लाग्यो भने तेस्को उत्साह र धैर्य कदापि घट्ने—छैन. अर्थात् सन्देह छैन कि कर्मत्यागको कोटिमा न पुगी कर्म छोड्ने पुरुषको अधःपतन र ईश्वराज्ञानुसार कर्म गर्दै फलत्याग गर्ने पुरुषको अवश्यमेव उत्तरोत्तर वृद्धि पनी हुनेछ.

गीताको आशय आत्मार्थीलाई आत्म-दर्शनको अद्वितीय उपाय प्रकट गर्नू नै हो. अनेकरूपमा यताउती छरियेका धर्मरूपी रत्नलाई गीताले स्वयमेव सुवर्णरूपी धागो बनेर कति राम्रो तव्रर सँग उनी दियेको छ. ! हेर्नुहोस्—हामीलाई यो संसार दुःखमय जस्तो लाग्छ त पनी वास्तविक यो दुःखमय छैन. यस्को यो स्वरूप केवल बाहिरी हो. यस्का भित्र परमात्माको जो आनन्दलीला चलीरहेको छ, तेही लीलाको आधारमा जगत्को सारा काम चलीरहेछ. यो आनन्द खोज्नलाई ऋषि-मुनिहरुले बताये माफिकको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बाटो चलेर यो मानवजीवनलाई दिव्य जीवनमा परिणत गर्दै—भगवान्‌का यस लीलाको रसानुभव-संसारमा रहेर पनी उन्का लीलाको सपूर्णरूपले साथी बनेर—आँफुभित्र रहेको उन्को सत्तालाई कर्ममय जीवनको द्वारा प्रकाशित गर्दै गर्नु-पर्दछ. अर्थात् यो कर्ममय जीवनबाट पृथक् रहेर हामीले जगत्पतिका निगूढतम आनन्दलीलाको रसास्वादन गर्न सक्दैनौ. यस निमित्त हामीले चराचरसृष्टिका अणुअणुमा ईश्वरका सत्ताको अनुभव गरी सके पछी मात्र सच्चिदानन्दरूपी परमात्मालाई पाउँन सक्दछौ. अर्थात् प्रवृत्तिमार्गबाट जाँद जाँदै अन्तःकरण शुद्ध भयेर तेसैको रूपान्तर निवृत्ति विश्रान्ति) मा पुग्छौं, तेसैलाई ज्ञान, आत्मसाक्षात्कार, परमात्मदर्शन, मुक्ति, मोक्ष, निर्वाण, इत्यादि सब कुरा भन्न सकिन्छ.

'कर्म गर्नु' त भन्दछौं. 'वास्तविक 'कर्म' भनेको के हो ? त्यो कस्तो के रूपको छ ?' भन्ने शंका जरूरै उठ्न सक्दछ. भगवान्‌को आज्ञानुसार (गी. ४।१७) बाट कर्मका पनी 'कर्म, विकर्म, अकर्म,' ई ३ नाम हुन्छन्. ईश्वरको आशय के हो ? यो निर्णय गर्नलाई बुद्धिले चक्कर खान्छ त पनी बिचार गर्दा जो संझन्छु, सोही लेख्दछु—

'मन, बोली र शरीरबाट हुने, यस लोक र परलोकमा सुख दिने, असल कामको नाम 'कर्म,' दुवै लोकमा खराब फल दिने काम 'विकर्म,' दुवै लोकमा कुनै पनी फल उत्पन्न नगर्ने काम वा कामको अभाव 'अकर्म' हो' भनी विद्वान्‌हरु बताउँछन्, तर यत्तिकै कुरा हो भने सर्वसाधारणका समझमा न आउँने रहस्य पनी तके भयो र? (गी. ४।१६) मा 'कर्म र अकर्म के हुन् ? इन्का विषयमा बुद्धिमान् पुरुष पनी मोहित हुन्छन्' भनी किन इन्लाई भगवान्‌ले त्यसरी 'गहन छन्' भनेर आज्ञा गर्नुभयेको ? यसबाट सिद्ध हुन्छ कि मन-बोली-शरीरको स्थूलक्रिया वा अक्रियाको नाम नै कर्म, विकर्म र अकर्म होइन. काम गर्ने पुरुषका भावहरुको अनुसार जुनसुकै कर्म पनी 'कर्म-विकर्म-अकर्म' को रूपमा परिणत हुन सक्दछ. साधारण तवरबाट तिनोटैको भेद यो तल दिये-बमोजीम संझन सकिन्छ.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कर्मको-

(कर्म-विकर्म-अकर्म-स्वरूप)

(१) फलको इच्छाले शुद्ध भावनापूर्वक (गी १६।२४) बाट जो विधिसङ्गत बढिया कर्म गरिन्छ, तेस्को नाम 'कर्म' हुन्छ.

(२) फलको इच्छा लिई खराब नीयतले जो यज्ञ, तप, दान, सेवा आदि गरिन्छ, विधेय कर्म हो त पनी तमोगुण प्रधान हुनाले (गी. १७।१९) बाट 'विकर्म' (पाप-कर्म) नै हुन्छ.

(३) फलमा इच्छा न राखी ईश्वरार्पणबुद्धिले अफ्नू कर्तव्य संझेर (गी. ९।२७,२८. १२।१०,११) बाट जो कर्म हुन्छ, तेस्ले र परमात्मामा अभिन्नभावले रही कर्तापनको अभिमानले रहित पुरुषबाट हुने (गी. ३।२८, ५।८-९, १४।१९) यस्ले पनी मुक्ति बाहेक अरु फल उत्पन्न नगर्ने हुनाले कर्म हो त पनी 'अकर्म' नै हुन आउँदछ.

विकर्मको-

(कर्म-विकर्म-अकर्म-स्वरूप)

(१) ऐहलौकिक वा पारलौकिक फलेच्छापूर्वक शुद्ध नीयतले गरिने हिंसादि कर्म जो कि देखदा विकर्म जस्तै लाग्दछ त पनी वास्तविक (गी. २।३७) बाट 'कर्म' नै हुन्छ.

(२) खराब नीयतले गरिने शास्त्रनिपिद्ध (शास्त्रले नगर्नू भनेको) कर्म त सब 'विकर्म' नै हुन्छ.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(३) आसक्ति र अहंकारले रहित भयेर कर्तव्य प्राप्त भयेमा शुद्ध नीयतले गरिने हिंसादि कर्म विकर्म जस्तै देखिन्छ त पनी फलोत्पादक नहुनाले (गी. २।३८, १८।१७) बाट 'अकर्म' नै भन्नुपर्दछ.

अकर्मको-

(कर्म विकर्म-अकर्म-स्वरूप)

(१) मन, बोली, शरीरका सब क्रियालाई त्यागेर एकान्तमा बसेको क्रियारहित, साधक-पुरुष जस्ले आँफुलाई सारा कर्महरुको त्यागी संझन्छ, तेस द्वारा स्वरूपबाट कुनै कर्म भयेको देखिंदैन त पनी त्यागको अभिमान रहेको हुनाले तेस्को त्यो त्यागनूरूप 'कर्म' हुन्छ. अर्थात् तेस्को त्यो त्यागनूरूप-अक्रिया (अकर्म) हो त पनी 'कर्म' नै हुन आउँदछ.

(२) कर्तव्य प्राप्त भयेमा पनी डर वा स्वार्थवशले कर्तव्य कर्मबाट हट्नू, विहित कर्महरु न गर्नू र जनहरुलाई ठग्नाका निमित्त खराब नीयतले कर्महरु त्यागनू आदिमा स्वरूपबाट कर्म हुँदैन त पनी यो अकर्मले दुःखरूप फल उत्पन्न गर्ने हुँदा यस्लाई (गी. ३।६, १८।७) बाट 'विकर्म' भन्नुपर्दछ,

(३) परमात्माका साथ अभिन्न-भावमा प्राप्त भयेको, कर्तृत्वाभिमान सर्वथा नष्ट भयेको, यस्तो स्थितप्रज्ञ पुरुषको अन्तःकरणमा समाधिकालमा जो क्रियाको आत्यन्तिक अभाव छ, त्यो 'अकर्म' नै (गी. २।५५, ५८; ६।१९, २५) बाट वास्तविक 'अकर्म' नै संझनु पर्दछ.

कर्ताका भावहरुको अनुसार कर्म-विकर्म-अकर्मको यो रहस्य (तत्व) जान्ने पुरुष नै (गी. ४।१८) को भगवान्का मतले मनुष्यहरुमा बुद्धिमान्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

योगी र संपूर्ण कर्म गर्ने पनी ठहर्दछ. यस कारण हामीले सांसारिक जीवनमा पर्न आउँने देवसेवा, प्रभुभक्ति, पितृभक्ति, सबका उदर गर्नुपर्ने कर्म र जीवननिर्वाह आदि गरियेका कर्महरु पनी छल, दम्भ, ठगी, परपीडा चोरी, हिंसा, मर्मभेदन इत्यादि न गरी शुद्ध नीयत लिई गर्नाले पापभागी बन्नुपर्दैन.

गीतालाई निवृत्ति (संन्यासयोग) वा प्रवृत्ति (भक्तियोग र कर्मयोग) मार्गको उपदेशक हो भनी अनेक आचार्यहरुले वादविवाद गरेर आफ्नू मतको पुष्टयांईलाई अनेक प्रमाण दियेका देखिन्छन् त पनी मेरो सानु समझमा त ई मार्ग अलग अलग होइनन्. निवृत्ति पनी प्रवृत्तिको एक रूपान्तर मात्र हो. शुद्र नीयतले प्रवृत्तिबाट चल्दा–चल्दै निवृत्तिरूप देखा परी हाल्दछ. यसो हुनाले निवृत्ति भन्ने अर्को दोस्रो मार्ग छँदैछैन–जस्तो लाग्दछ. किन भने–पहिले यो चराचर जगत् नै प्रवृत्तिमय (कर्ममय) छ. नत्र अव्यक्तमा लीन भयेका यस्को प्रवृत्ति (आविर्भाव) किन भयो ? तेत्ति मात्र होइन कि परमात्माले राम -कृष्णादि जो जो अवतार लिनुभयो लोकलाई सुमार्गमा चलाउँनाका निमित्त नै हो न भनी सुख पाइँदैन, ती सबबाट पनी प्रवृत्तिकै प्रधानता देखिन्छ. तेसो होइन भनौ भने धर्म-पाप, कर्म-अकर्म, ज्ञान-अज्ञान, साधु-दुष्ट इत्यादि शास्त्रले वर्णन गरियेका कुनै कुराको पनी व्यवस्था के हुने भयो ? जहाँ तेसो भयो (गी. ४।७-८) इत्यादिको के माने हुने भयो ? तेत्रो सर्वशक्तिमान् जगन्नियन्ताले सबैको एकबुद्धि किन गर्न सकेन र साधु दुष्ट, (असल खराब), धर्म अधर्म देख्नु परेको हो ? यसबाट यो सिद्ध हुन आउँदछ कि ब्रह्माण्डमा रहेका भिन्न भिन्न यावत् पदार्थहरुका मध्यमा शास्त्रहरुले वर्णन गरियेको असल काम धर्म र निषेध गरियेको काम अधर्म रहेछ भन्ने र तत्-तत् कर्म गर्नेहरुले तत्-तत् टाइटिल पाउँदा रहेछन् भन्ने और जनतालाई पारंपरिक ज्ञान दिई सुमार्गमा प्रवृत्त गराउँन पुरुषोत्तम ईश्वरको हरेक युगमा प्रवृत्ति हुँदोरहेछ भन्ने पनी सरासरै भन्न सकिन्छ.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अब यही गीताको उदय र पर्यवसान तर्फ हेरौं. 'लडाईं गर्दिन, संन्यास लिई भिक्षान्नले निर्वाह गर्दछु' भनी हट्न लागेका अर्जुनले भगवान्‌बाट उपदेश पाउँने-बित्तिकै काममा प्रवृत्त भयेको देखँदा प्रवृत्ति-प्रधान होइन भनी कसरी भन्न सकिन्छ ?

फेरी उता हेरौं—जगत्-रचनाका प्रधानाङ्ग महानुभाव वशिष्ठ, व्यास, वाल्मीकि, नारद, भृगु, देवलादि देवर्षि-ब्रह्मर्षिहरुलाई र वैवस्वत, मनु, इक्ष्वाकु, जनकादि राजर्षिहरुलाई पनी निवृत्ति मार्गमा प्रमुख हुन् भनी हामीहरु बताउँछौं. तर वास्तवमा तेस्तै भये आजतक हामीहरुले तिनीहरुको नाम-निसान र तिनीहरुले हाम्रा उपर करुणाले गरियेका उपदेशहरु पनी कसरी पाउँदा हौं ? अर्थात् तिनीहरु पनी जगत्-बाहेकका थियेनन्. यहीं कर्ममय जगत्मा रही जगत्‌को भलाईका निमित्त अनेक प्रवृत्तिमार्गको अनुसरण गर्दै गराउँदै तेही प्रवृत्तिको रूपान्तर निवृत्तिमा पुगेका देखिन्छन्.

श्रीकृष्ण भगवान्‌को पनी सबै भन्दा अपूर्व र महत्त्वपूर्ण सिद्धान्त प्रवृत्तिमय (कर्मयोग) सिद्धान्त नै हो कि जस्तो लाग्दछ. किनभने-ईश्वरका अवतारहरु अथवा धर्मसंस्थापकहरुमा वहाँले नै सब भन्दा पहिले कर्म गर्नू र आर्कालाई सेवा गर्नाको वास्तविक विधि पनी (गी. ३।१९–२५) इत्यादिबाट देखाउँनु भयेकोछ. नत्र स्वकर्तव्य कर्ममा विमुख भयेर संन्यासी बन्नलाई ठीकठाक परेका अर्जुनलाई 'अर्जुन ! तिम्रो विचार ठीक छ, म पनी तेस्तै ठहऱ्याउँछु' यत्तिकै आज्ञा गर्नुभयेको भये एक-आधा श्लोकले गीता सकिन्थ्यै थियो भने, तेसो नभनेर तेत्रो १८ अध्यायको गीता-उपदेश किन गर्नुभयेको ? यो सबबाट भगवान्‌को पनी 'आसक्ति न लिई निष्काम बनेर असिद्धि–सिद्धि आदि द्वन्द्वहरुमा समभाव राखी स्वाभाविक कर्म गर्नै-पर्दछ भन्ने राय रहेछ' भनी मुक्तकण्ठले सरासरै भन्न सकिन्छ. अर्थात् गीताबाट संसारमा जस्लाई जे कुराको आवश्यकता पर्दछ, तेस कुरामा तेस्ले के गर्नुयोग्य रहेछ ? भन्ने सबैका विषयको 'कर्तव्य ज्ञान' पाउँन सक्दछौं.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वास्तवमा गीताको माहात्म्य बोली द्वारा वर्णन गरेर पार पाउँन सकिँदैन. किनभने, यो एक परम रहस्यमय ग्रन्थ छ. यस्मा संपूर्ण वेदहरुको सार सार खिची राखियेको छ. यस्को संस्कृत अली-अली अभ्यास गर्दैमा मानिसले संझन सकिने सुन्दर र सरल छ त पनी यस्को आशय यत्तिको गहिरो छ कि जिन्दगीभर निरन्तर अभ्यास गरी रहँदा पनी अन्ते पाउँन सकिँदैन. जती जती अभ्यास गर्दै-गयो, उती उती नयाँ भावहरु उत्पन्न हुने हुँदा यो सर्वदा नयाँ नै बनी रहन्छ. श्रद्धा-भक्ति-सहित एकाग्र चित्तले विचार गर्दा यस्का हरएक शब्दहरुमा परम रहस्य भरियेको नै प्रत्यक्ष हुन आउँदछ. भगवानूका गुण, प्रभाव र मर्मको वर्णन जुन तरीकाबाट यो गीताशास्त्रमा गरियेको छ, तेस्तै अरू कुनै शास्त्रमा पाउँन कठिनै छ. यो अनुपमेय शास्त्रमा यौटा शब्दमात्र पनी सदुपदेशबाट खाली रहेको छैन.

साक्षात् भगवान् श्रीकृष्णले 'गीता' को माहात्म्य गी.१८।६८–७१ मा र महाभारतमा महर्षि श्रीवेदव्यासजीले पनी–

गीता सुगीता कर्तव्या किमन्यैः शास्त्रविस्तरैः,
या स्वयं पद्मनाभस्य मुखपद्माद्विनिःसृता.

साक्षात् भगवानूको मुखारविन्दबाट निस्केकी गीताको राम्ररी मनन गरे पुग्दछ, अरु धेरै शास्त्रहरुको प्रयोजन पनी उत्तिकै हो इत्यादि आज्ञा गर्नु भयेको छ.

जुनसुकै वर्णाश्रमधर्म पालन गर्ने व्यक्ति होस त पनी परमेश्वरमा श्रद्धा-भक्ति-युक्त हुनलाई भगवानूले गी.९।३२ मा र स्वाभाविक कर्महरु (जात माफिकका काम) द्वारा ईश्वरमा पूजा गर्नाले मानिसले सिद्धि पाउँदछ, भनी गी. १८।४६ मा पनी आज्ञा गर्नुभयेको हुँदा परमात्माको प्राप्तिमा सबैको अधिकार रहेछ भन्ने ज्ञान हुन्छ.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परन्तु यो मर्म नजानी हो वा किन हो ? गीताको नाम मात्र सुन्ने अपठित व्यक्तिको कुरालाई पर जान दिऊँ, पठित समाजमा पनी 'गीता' केवल संन्यासी जोगीहरुले मात्र पढ्ने ग्रन्थ हो' यस्तो परंपरागत धारणा भई रहेको हुँदा 'केही गरी गीता पाठ गऱ्यो भने तेस्को ज्ञानले घरबार छोडी झोली तुम्बा भिरेर छोरो जोगी बनी हिंड्ला' भन्ने डरले हामीहरु आफ्ना बालबच्चाहरुलाई गीताको अभ्यासबाट बञ्चित गर्दछौं. तर यो विचार गर्न योग्य कुरा छ कि कर्तव्या–कर्तव्यमा मोह हुँदा (अलमलिंदा) क्षात्रधर्मबाट पराङ्मुख भयेर भिक्षाको अन्नले जीवन–निर्वाह गरी संन्यास लिनलाई कटिबद्ध भयेका अर्जुनले जुन परम रहस्यमय गीताको उपदेशबाट आजीवन गृहस्थमा रहेर आफ्नू कर्तव्यको पालन गरे, तेस्तो गीताशास्त्रको यस्तो उल्टो जोगी बनाउँने परिणाम कसरी हुन सक्ला ?

तात्पर्य यो हो कि 'गीता' यो एक परम रहस्यको विषय छ. यसबाट परम दयालु भगवान् श्रीकृष्णले अर्जुनलाई निमित्त गरेर सब प्राणीहरुका उपरको दयाले 'स्वकर्तव्यको बोध' गराउँनु भयेको हो. श्रद्धा–भक्तिले युक्त भई गीताको श्रवण-पठन-पाठन-मनन द्वारा भगवानको भक्ति गर्न लाग्यौं भने अज्ञान निद्राबाट विउँझेर शुद्धान्तःकरण भई चाडै नै परमात्मालाई देख्न पाउँनेछौं.

अब **'कोमलगीता'** को उत्पत्ति र प्रकाशमा केही संक्षिप्त कुरा दिनु पनी अनुचित होवैन भन्ने संझी यो लेख्दछु–आज केही लगभग २७ वर्ष भयो, मेरो उमेर १३ वर्षको थियो. सम्वत् १९६३ सालदेखी संस्कृत पढ्नमा मलाई मेरा परम पूजनीय पिताजी मु. देवीदास उपाध्यायले आज्ञा गर्नुभयेको हुँदा त्यो विद्यार्थिजीवनमा पनी श्रीमद्भगवद्गीताको पाठ केहीनकेही गर्दथें. हाम्रा नेपाल सरकारको रानीपोखरी पाठशालामा व्याकरण पढी १९७० मा काशी क्वीन्सकालेजबाट मध्यम-परीक्षामा उत्तीर्ण भयेर ७१-७२ मा साहित्याचार्यको खण्डपरीक्षा पनी दियें. तेही मेरो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विद्यार्थि-जीवनमा संस्कृत-हिन्दी-मराठी-गुजराती बङ्गाली अङ्ग्रेजी भाषाहरुको पनी केही अभ्यास गरेकोले तीबाट थोर-बहुत सार लिन सक्ने भयेको थियें. यस्तैमा हृद्-रोगले ग्रस्त हुँदा आफ्नू घर पर्वत लंजुंराज्य दुराडाँडामा गयेर ७२ फाल्गुनदेखी ७४ बैशाख ५ गते तक बसें. यही अवसरमा पिताजी बाट गीताको अर्थ सुन्न मनसुबा गर्नु हुँदा मेरो बुद्धि अनुसार बिन्ती चढाई सके पछी वहाँले भन्नुभयो—"बाबु ! तैंले संस्कृत पढेको छस्, गीताको प्रतिश्लोक श्लोकबद्ध गरी हाम्रो भाषामा लेख्, मलाई श्लोक पाठ गर्नमा आनन्द लाग्दछ, मलाई मात्र होइन कि संस्कृत नजान्ने सबैले अर्थ जानी पाठ गर्न पाउँनेछन्, उनीहरुको समेत कल्याण हुनेछ." यस्तो प्रेरणा ७३ आषाढमा भयेकोले चातुर्मास्य भर प्रतिश्लोक छन्दोबद्ध गरी गीता ११ अध्याय तक समाप्त गरेको थियें. तथापि दैववश त्यो मेरो काम पूर्ण हुन पायेन. तेही ११ तकको १ प्रती पिताजीलाई तकयाई ७४ वैशाखमा नेपाल राजधानीमा आयें. परन्तु राजधानीमा मेरो घरबार र जग्गाजमीनको आयस्ता केही पनी नभयेको र पाहाडको घरबाट मद्दत समेत हुन नसकेकोले जीवन-निर्बाहका निमित्त अनेक रूपमा अर्थात्—कहिले कसैका छोरा-छोरीहरुलाई पढाउँने गुरु, कहिले पुराण इतिहासहरुको अर्थ सुनाउँने पण्डित, कहिले सरकारको कर्मचारी फौजदारी मामिलाको न्यायकर्ता विचारी, कहिले यजमानबाट गरिने दानको प्रतिग्राही सुपात्र दानेबाहुन, कहिले संस्कृत अंगरेजी नेपाली आदि भाषाहरुको परस्पर ट्रान्स्लेशन गरी पढाउँने जानिफकार माष्टर, कहिले बडोमूर्ख केही पनी नजान्ने अयोग्य पामर, इत्यादि बहुरूपी नामहरु पाउँदै—यो पूर्वोक्त जीवनीका बीचबीचमा परी आयेका सुखदुःखादिलाई समभावले सहन गर्दै (भोग गर्दै) राजा, प्रजा कसैको अनिष्ट न चिताई ईमान धर्म नछोडी जस्ले जुन काममा लगायो, उस्लाई तेस कामबाट खुसी नै गरायेर प्राणयात्रा चलाई गीताजीको पनी थोरबहुत अनुशीलन गर्दै थियें; परन्तु पूर्ण हुन सकेको थियेन.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यो 'कोमलगीता' को पुस्तकमा पहिलो–प्रत्येक अध्यायका श्लोकहरुको 'विषय-विभाग (हेडिङ्) दोस्रो–'श्रीमद्भगवद्गीता' संस्कृतमूल, तेस्रो- उसै छन्दमा संस्कृतश्लोकार्थबोधक समश्लोकी छायानुवाद नेपाली 'कोमलगीता', चौथो–संस्कृतगीताको सरल अर्थ भयेको नेपाली 'कोमलटीका', पाँचौं–कोमलगीतामा रहेका क्लिष्ट पदहरुको उपर अङ्क दिई सजिलै सँग अर्थ संझियोस् भन्नाका निमित्त सब भन्दा तल 'कोमलटिप्पणी' पनी राखेर तैयार गरेको छु. भाषाशब्दहरु नपाइयेको ठाउँमा र कहीं पाइयेको ठाउँमा पनी छन्द अर्थ र विषयको अनुरोधले गर्दा विवश भई श्लोक टीका-टिप्पणीहरुमा संस्कृतशब्दहरुको उपयोग र ठाउँ-ठाउँमा संबोधनादिको प्रयोग गरेकोछु त पनी मर्मज्ञ विचारवान्हरुबाट क्षमा नै रहला भन्ने संझन्छु.

यो 'कोमलगीता' लेखदा संस्कृतगीतामूल, शांकरभाष्यदेखी लियेर उपलब्ध जती सब संस्कृतटीका र हिन्दी-मराठी गुजराती-बङ्गाली-अङ्ग्रेजी समेतका भाषा-टीका व्याख्याहरु हेरी मनन गरी बुद्धिले जो लिन सकेको सार आफ्नू विचारानुसार मैंले लेखेको हुनाले ती सब ग्रन्थकारहरुको र ती ग्रन्थ हेरी मनन गर्न सक्ने शक्ति जुन-जुन गुरुका अनुग्रहबाट मलाई प्राप्त भयेकोछ, ती सब भाषाका महामान्य गुरुहरुको पनी म आजन्म अत्यन्त नै ऋणी छु.

गीताशास्त्रमा विषय ज्यादा नै गहिरो हुनाले हरेक श्लोकहरुको विषय-विभाग, संस्कृतश्लोक, भाषाश्लोक, भाषाटीका, टिप्पणी र तेस भन्दा पहिले भूमिका माहात्म्यादि समेत दिई पात्रानुसार बोध र रुचि हुन सक्ने प्रयत्न गरेको छु त पनी १।२ पटक आवृत्ति गर्दैमा यस्का विषयको पत्ता केही लाग्दैन. जती-जती अभ्यास गर्दै गयो, उती-उती यस्का विषयहरु हृदयमा स्फुरण हुन आउँनेछन्. पुस्तकको १।२ पत्र हेरी विषयको स्फुरण हुन न आउँदैमा छीः भनेर घृणा न गरी, छापदा संशोधनादि कर्ममा दृष्टिप्रमादले केही उच्चावच पर्न गयेका अक्षरहरु रहेका भये पनी सच्याई 'बालादपि सुभाषितम्'

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भूमिका ।

यस न्यायले सावधान-पूर्वक आद्योपान्त नै तपाईंहरुले पठन-पाठन-मनन गरेर, तीतोलाई थूकने र मीठोलाई स्वीकार गर्ने गरी, आँफुलाई र मलाई समेत कृतकृत्य गराई, केही कुरा असंबद्ध ठहऱ्याउँनुभयो र सयुक्तिक योग्य प्रमाण दिई यस विनीत अल्पज्ञव्यक्तिलाई सूचना गर्नुभयो भने पुनरावृत्तिको सौभाग्य भयेमा श्लोक-विषय-प्रमाण र यहाँहरुको नाम समेत राखी सच्यायेर छपाउँन पाउँला भन्ने ठुलो आशा राख्दछु.

असारविरसः कायः सापायोऽयं क्षणक्षयी;
परोपकारलेशेन याति संसारसारताम्. (क्षे.)

सं. १९९०
काठभाण्डू.
नेपाल.

विनीत--
पं. कोमलनाथ,
लंजुं दुराडाँडा,
नेपाल.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जगद्गुरु श्रीकृष्ण



राम्रो अरू धर्म भन्दा दोषी श्रेष्ठ छ आफ्नू;
मर्नू स्वधर्ममै श्रेय आर्कोमा डर राख्नू। (गीता ३।३५)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्रीः

पद्मपुराणको-

गीतामाहात्म्य-सार ।

(१८ अध्याय गीताको अठ्ठारै अध्यायले माहात्म्य वर्णन गर्ने
पद्मपुराण उत्तरखंड १७५ देखी १९२ अध्याय संमका
८९१ संस्कृत श्लोकहरुको
कोमलसार.)

नमः परमात्मने.

पार्वतीले 'संसारमा पापको नाश गर्ने सब भन्दा सार चीज के छ ? सुन्न पाऊँ' भनी श्रीमहादेव सँग प्रार्थना गर्नु हुँदा—"अघी यसै गरी लक्ष्मीबाट सोधनी भयेमा भगवान् बिष्णुबाट 'क्रमै सँग ५ अध्याय मुख, १० अध्याय हात, १ अध्याय पेट, २ अध्याय पाऊ भयेकी, १८ अध्यायकी, गीता नै भगवान्‌की अक्षररूपिणी, 'वाङ्मयी मूर्ति' हुन्, इन्को सेवाले सारा पाप

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नासिन्छन्, सार चीज इनै हुन् भनी इन्का १८ अध्यायको पठन पाठन-श्रवणादि-सेवा द्वारा मानिसले के कस्तो फल पायेथे ? तेस्को इतिहास कथा समेत देखाई 'सार पदार्थ' वर्णन गर्नुभयेको हुनाले 'गीता' भन्दा उत्तम सार र अजंमरी चीज कुनै छैन" भनी श्रीमहादेवबाट गीताका १८ अध्यायको अपूर्व माहात्म्य सुनेर पार्वतीले पनी श्रद्धाभक्तिका साथ गीताजीको जप-पाठ-मनन गर्नुभयेको थियो. यो उनै परमात्माबाट वर्णन गरियेका 'गीता माहात्म्यको सार' हो. हामीले पनी यो सब जानेर श्रद्धा-भक्तिपूर्वक गीताजीको एकाग्रचित्तले श्रवण पठन पाठन र मनन गर्नु योग्य छ.

गीता-प्रथमाध्यायको माहात्म्य-फल.

महादेव आज्ञा गर्नुहुन्छ—हे पार्वती ! पहिले यौटा जप-ध्यान-पूजा-पाठ केही न गर्ने, मासु-मदिरा इत्यादि अभक्ष चीज खाने, बडो विषयी, सुशर्मा नाम गरेको कुकर्मा ब्राह्मण थियो. त्यो बाहुन सर्पले डसेर मऱ्यो र हजारन नरकका भोग गर्दै गोरु भयेर जन्म्यो. साह्रै दुःख पाई मर्न लागेका तेस गोरुलाई देखेर दया आउँदा यौटी वेश्याले आफ्नू पुण्य दिई. तेसैका प्रभावले यमराजबाट छुट्कारा पायेर पृथ्वीमा फेरी त्यो पूर्वजन्मको कुरा संझने सज्जन ब्राह्मण भयेर जन्म्यो. तेस्ले 'मलाई दियेको कुन पुण्य हो ?' भनी वेश्यालाई सोधदा 'मलाई त्यो पिंजराको सुघाले जो सुनाउँछ, त्यही पुण्य दियेकी हूँ' यस्तो तेस्ले भनी. सुघा सँग सोद्धा त्यो भन्दछ–'म पूर्वजन्ममा विद्वान् भयेर पनी रीस-रागले गुणीको द्वेष गर्ने, मान्य गुरुजन लाई निन्दा गर्ने, बडो दुराचारी, ब्राह्मण थियें. धेरै नारकीय भोग गरेर अहिले सुघा भै जन्मेको छु. कोही ऋषिकुमारबाट बारंबार पाठ गर्दा सुनेको थियें. ब्याधाले चोरेर यहाँ बेचियेको हुनाले तेही सुनेको गीताको प्रथमाध्याय इनीलाई सुनायेको हूँ.' सुघाको यो कुरा सुनेपछी त्यो सुघा, ब्राह्मण र वेश्याले पनी तेही पाठ गरी परमपद प्राप्ति गरेथे. 'पहिलो अध्याय गीता' को पठन-पाठन-श्रवण-मनन गर्नेलाई संसाररूपी महासागर तर्न केही मुस्किल पर्दैन. (श्लोक ५४)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गीता द्वितीयाध्यायको माहात्म्य-

पुरंदरपुरमा देवशर्मा नामक कर्मिष्ठ ब्राह्मण थिये. तिन्लाई केही गर्दा पनी शान्ति मिलेको थियेन. सिद्धहरुको संगत गर्दा ब्रह्मज्ञान प्राप्त गर्नलाई कोही महात्माका उपदेशबाट तिन्ले सौपुरसहरका बाख्रा पाल्ने, आत्मज्ञानी, मित्रवान्को आश्रममा गयेर ती त्यस्तो ब्रह्मज्ञानी भयेको कुरो नम्रतापूर्वक सोद्धा मित्रवान्ले भने कि–'हे देवशर्मा ! सुन. गोदावरीका तीरको प्रतिष्ठान पुरमा विक्रमनामक राजाको चाकरी गरी अनेक किसीमका दानहरु लियेर पेट पाल्नको मात्र उद्योग गरी बसेको, दुर्दम नाम गरेको बाहुन थियो. त्यो मरेपछी धेरै नरक भोग गरेर भ्रष्टाचारी बाहुनका कुलमा जन्म्यो र तेस्को विवाह पनी तेस्तै भ्रष्टकुलकी कन्या सँग भयो. त्यो स्वास्नी लोग्नेको आँखा छली नीच चाण्डाल जात सँग पनी व्यभिचार गर्ने गर्दथी. त्यो राक्षसी वृत्तिकी पनी थी. बुढी भयेपछी एकदिन तेस डाकिनीले काँचो ताजा-रगत खाने मनसुवा हुँदा वनमा यौटा भोको व्याधालाई मारेर खायेकी हुनाले मरेपछी धेरै नरकका यातना भोग गर्दै मेरा घरमा बाख्री भयेर जन्मी. व्याधा बाघ भयेर जन्म्यो. पूर्वजन्ममा तेस्तो वैरको कारणले बाघले हमला गर्दा त्यो बाख्री भाग्दै नदीका किनारामा पुगी. बाघ पनी उहीं पुग्यो. तहाँ पुग्नासाथ बाघ र बाख्री दुवै शान्त भयेर म बसेका ठाउँमा आये. तेस्को कारण मैले सोद्धा यौटा वानरले भन्यो–'अघी यहाँ बसेका सुशर्मा ऋषिलाई यौटा महात्माले गीताको द्वितीयाध्याय शिलामा लेखीदियेका थिये. तेस्को अभ्यास गरेर ती ऋषिले वसियेको ठाउँ हुनाले यो स्थान शान्त छ. यहाँ आयेपछी कसैको डर, भोक पियास, वैरभाव समेत केही हुँदैन.' यो कुरा सुनी, बाघ-बाख्रीलाई सँगै लियेर, तहाँ गै, त्यो लेख हेरी उच्चारण गर्दा ती दुवै (बाघ र बाख्री) मुक्त भये. मैले त्यही वारंवार पाठ गरेको हुनाले यस्तो तपस्याको सिद्धि (ज्ञान) पायेको हूँ. गीताको दोश्रो अध्याय पाठ गर्नेलाई मुक्ति टाढा हुँदैन, तिमी पनी यही पाठ गर' भनी मित्रवान्ले भन्दा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देवशर्माले पनी तेही द्वितीयाध्यायको पाठ गरी शान्ति र कैवल्यपद प्राप्त गरेथे. (श्लो. ६२).

गीता-तृतीयाध्यायको माहात्म्य-

दण्डकारण्यमा यौटा सधैं रण्डीबाजी गर्ने, जूवामा मस्त रहने, रक्सी खाने, सीकार खेल्ने र व्यापारी काम गर्ने यस्तो दुराचारी ब्राह्मण थियो. खराब आदतले धन जती सबै सक्यो र चोरी गर्न लाग्यो. एकदिन ब्राह्मण-हरुले यज्ञयाग गर्न भनी ठीक पारी राखेको धेरै धन चोरी गरेर जङ्गलमा पस्यो; तर चोरमाथी चक्कर लाग्यो. के त भने–डाँकूहरुले तेस्लाई मारेर धन संपत्ति लिये. कुकर्मले गर्दा त्यो ब्रह्मपिशाच भयेर धेरै संकष्ट भोग गरी रहेको थियो. धेरै कालपछी तेस्को छोराले यो खबर सुनी उस्को उद्धार गर्न काशी जान लाग्दा बाटामा तेही मरेका ठाउँमा वास बसी तृतीयाध्याय पाठ गर्‍यो . तेस्का प्रभावले वैकुण्ठबाट उत्तिखेरै विमान आयो र त्यो पिशाच मुक्त भई छोरालाई- 'नरकमा परेका हाम्रा कुलको तृतीयाध्यायपाठको पुण्य दियेर उद्धार गर' भनी विमानमा चढेर गयो. त्यही उपदेश बमोजीम तृतीयाध्यायपाठको पुण्य दियेर ती नरकवासीहरु पापबाट मुक्त भयेका देखदा आश्चर्य मानी यमराजले श्रीविष्णुकहाँ गयेर स्तुति गर्दै भने कि-'पापी पनी छुट्न लागे, अब म अर्कै काम पाऊँ' यो सुनी भगवान्‌ले भन्नुभयो–'असल कामले गर्दा लोक उद्धार हुन सक्तछ. मैले उद्धार गर्नुपर्दछ. फिक्री न मान, तिम्रो तेही काम छँदैछ, जाऊ' यती सुनेर यमराज फर्के. त्यो छोरो तृतीयाध्यायको पाठका प्रभावले ती सब कुलको उद्धार गरेर आँफु पनी विष्णुलोकमा गयेथ्यो. (श्लो. ६०)

गीता-चतुर्थाध्यायको माहात्म्य-

काशीमा परमज्ञानी भरत नामका ब्राह्मण थिये. तिन्ले एकदिन सहर बाहिर गयेको बखत रुख मनी खसेका दुइटा बयेरलाई खाली लत्याउँदा ती

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दुवै रुख ५।६ दिनैमा सुकेर ब्राह्मणका कन्या भै जन्मे. सात वर्षका भयेका थिये, तेस्तैमा एकदिन ती २ कन्याहरुले स्वेच्छानुसार बाटोमा हिंड्न लागेका तिनै भरतलाई देखेर पाउ परी भन्नलागे–'हे महात्मा ! हामी दुवै अप्सरा हौं. इन्द्रका आज्ञाले सत्यतपा ऋषिको तपस्या भङ्ग गर्न भनी गोदावरीको तीर छिन्नपाप नाम गरेको तीर्थमा जाँदा हामीलाई ऋषिले श्राप गरे. नम्र भई प्रार्थना गर्दा उनै ऋषिका दयाले पूर्वजन्मको कुरा थाहा पाउँने बयेर भयेका थियौं, तपाईंका पाउको स्पर्शले मुक्त पनी भयौं. किनभने तपाईं गीताको चतुर्थाध्याय पाठ गर्नुहुन्छ.' यो कुरा सुनी आश्चर्य भई भरत पनी तेही अध्याय जप गरेर मुक्त भयेथे. ती कन्याहरु पनी तेसै अध्यायका पाठले शापमुक्त भै स्वर्गमा जान पायेथे. (श्लो. ३८)

गीता-पञ्चमाध्यायको माहात्म्य-

पुरुकुत्सदेशमा वेद जान्ने ब्राह्मणका कुलमा जन्मेको पिङ्गल नामको ब्राह्मण थियो. आफ्नू धर्मकर्म छोडी नाच-गान-वादनको काममा लागी परेर गवैया उस्तादमा नाम कमाई राजाका दरबारमा समेत घुस्न पायो र एकान्तमा राजालाई सबैका विषयमा भये नभयेका कुरा (चुक्ली) लाउँने काम गर्दथ्यो. फेरी आफ्नू भने परस्त्री भोग गर्नु मानौ नित्य गर्नुपर्ने धर्मकर्म जस्तै थियो तेस्की बाहुनी पनी तेस्तै थिई. त्यो बाहुन रातमा आफ्नै व्यभिचारिणी (बेसुली) स्त्री द्वारा मारियो. चुक्ली र परस्त्रीगमन गरेका पापले घोर घोर नरकहरुको भोग गरी वनमा गिद्ध भयेर जन्म्यो. आखीर तेस्की स्वास्नी भगंदरादि अनेक रोग भयेर साह्रै दुःख पाई मरी र नरक यातनाहरु भोगेर त्यही वनमा सुघी भयेर जन्मी. पूर्वजन्मको वैरभावले गर्दा गिद्धले त्यो सुघीलाई बेसरी चुचोले ठुङ्ने र नङ्ग्राले चिथोर्ने गर्दा खसेर पानीले भरीयेको मरेको मानिसको खप्परमा परी र मरी. तैपनी रीस नमरेर त्यो गिद्ध पनी त्यै खप्परमा आईपुगेको बेलामा व्याधाबाट मारियो. ती दुवै कुकर्मीलाई यमदूतले यमपुरीमा पुऱ्याये. यमराजबाट दुवैलाई छोडी दिनुभयो र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भन्नुभयो पनी कि–'पञ्चमाध्याय गीतापाठ गर्ने बटु नाम गरेका ज्ञानी ब्राह्मणका खप्परमा ठक्कर खाई मरेका हुनाले तिमी दुवै विमानमा चढी वैकुण्ठमा जाओ' यती सुनेर आश्चर्य मान्दै तिनीहरु दुवै मुक्त भयेर परंपदमा जान पायेथे. (श्लो. २४).

गीता-षष्ठाध्यायको माहात्म्य-

प्रतिष्ठानपुरमा प्रजालाई छोराछोरी झैं संझी पालन तालन गर्ने, अनेकन यज्ञयागहरु गरेर देवताहरुलाई सन्तुष्ट गराउँने, धर्मात्मा र परमतेजस्वी ज्ञानश्रुति नाम गरेका राजा थिये. तिन्लाई वरदान दिन भनी हाँसहरुको स्वरूप लिई आकाशबाट उँडेर आउँन लागेका देवताहरुको आफुसमा वादविवादमा पर्दा–'ब्रह्मज्ञानी रैक्वमुनिको अगाडी ई राजाको जत्रोसुकै तेज ऐश्वर्य भये पनी सबै कुरा फिका नै हुन्छ.' भन्ने कुनै हाँसहरुबाट माथिल्ला बुर्जामा बसेका राजाले यस्तो रैक्वको बयान सुनेर तिन्लाई खोज्न भनी मह नाम गरेको सारथीलाई खटायेर पठाये. त्यो सारथी तिन्लाई खोज्नाको निंती काशी गया-प्रयाग-द्वारका-मथुरा-कुरुक्षेत्र-रामेश्वर-बद्री केदार इत्यादि तीर्थस्थानहरु घुंदै काश्मीरमा पुग्यो. माणिक्येश्वर महादेवको सेवा गरेर, राजाको ढोका बाहिर पडी रहेको, गाडामुनी बसी, आङ कन्याई लडी रहेका, रैक्वमुनिलाई देख्यो. उनी परमानंदमा निमग्न भयेका हुँदा परिपूर्ण थिये. प्रश्नोत्तर गर्दा लक्षणबाट चिह्नी दर्शन गरेर फिऱ्यो. त्यो सब वृत्तान्त आयेर महाराजलाई बिन्ती गऱ्यो. त्यो सुनेपछी महाराजको सवारी भै, दर्शन गरी, 'तपाईंको यस्तो प्रभाव कंले भयो ?' भनी नम्रतापूर्वक सोद्धा–'गीताको षष्ठाध्याय पाठले म यस्तो प्रभावशाली भयेको हुँ, तिमी पनी त्यही पाठ गर्ने गर' भन्ने उपदेश पाई गीताको षष्ठाध्याय पाठ गरी ती राजा पनी मुक्त भयेथे. यो अध्याय जस्ले पाठ गर्दछ, तेस्ले विष्णुपद प्राप्त गर्दछ. (श्लो. १८०).

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गीता-सप्तमाध्यायको माहात्म्य-

पट्नामा शंकुकर्ण नाम गरेको बनियाँ ब्राह्मण थियो. तेस्ले व्यापारबाट धेरै धन कमायो त पनी देवता-पितृ-यज्ञयाग दान-धर्म केईका निमित्तमा १ कौडी खर्च गरेन त्यो धन छोराहरुले जिप्थ्याउनन् भनी जमीनमा गाडेको थियो. यस्तैमा चारौं विवाह गर्न भनी कुल-कुटुंब सहित भयेर गयेको ता त्यै रातमा सर्पले डसेर मऱ्यो. त्यै धनको संझना भै रहेको हुनाले आँफुले गाडेर राखेका त्यै धनमा सर्प भयेर बस्यो. एकदिन स्वप्नाबाट तेस्को माहिलो छोराले त्यो कुरा थाह पाई त्यहाँ खन्दा सर्प त्यहाँबाट निस्क्यो र–'श्राद्धमा गीताको सप्तमाध्याय पाठ गराई मेरो उद्धार गर, अरु कुनै जप-पाठ-दान-पुण्य-तीर्थ-व्रत इत्यादिले हुन शक्तैन' भनी पुवालमा घुस्यो. छोराले पनी श्राद्धमा त्यही पाठ लगाउँदा त्यो सर्प मुक्त भै कडोरौं धन छोराहरुलाई बाँडी परंपदमा गयो. छोराहरुले पनी त्यो धनबाट देवालय-धर्मशाला-पाकशाला-तलाउ-पोखरी-धारा बनाउने काम र यज्ञयाग-दानधर्मादि गरी आखीरमा मुक्ति पायेथे. (श्लो. ३४).

गीता-अष्टमाध्यायको माहात्म्य-

आमर्दक-पुरमा मदिरा मासु खाने, साधुसन्तको धन चोर्ने, वेश्याहरुमा लंपट, भावशर्मा नाम गरेको ब्राह्मण थियो. गुण्डाहरुका जाफतमा ताडको मदिरा धेरै पियेको अजीर्णले मऱ्यो र ताडैको रुख भयो. पूर्वजन्ममा हरेक वर्ष भैंसी-कालपुरुष-घोडा इत्यादि प्रतिग्रह (दान) लियेर मोजमजा गर्ने, त्यस्ता लियेर १ कौडी दान दिने, कुशीवल नाम गरेको ब्राह्मण र तेस्की कुमति नाम भयेकी ब्राह्मणी पनी ब्रह्मराक्षस भयेर त्यही ताडको रुखमा आयेर बसेका थिये. एकदिन-'हाम्रो उद्धार कसरी होला?' भनी ब्राह्मणीले सोद्धा ब्राह्मणले–'अध्यात्मब्रह्मको कर्म न गरी हाम्रो उद्धार हुन सक्तैन' यती भने. फेरी ब्राह्मणीले–"किं तद्ब्रह्म किमध्यात्मं किं कर्म पुरुषोत्तम!, हेउत्तमपुरुष !

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यो ब्रह्म भनेको के हो ? अध्यात्म भनेको के हो ?, कर्म भनेको के हो ?" भनी सोद्धा यस प्रश्नमा गीताका अष्टमाध्यायको आधा श्लोक उच्चारण गरिनाले ती दुवै (दंपती) मुक्त भयेर गये. भावशर्मा पनी ताडको जुनीबाट मुक्त भई, आफ्नू स्वरूप धारण गरी, तेही आधा श्लोक लेखेर, काशीमा गई, अष्टमाध्याय पाठ गरेर मुक्त भयेथे. तिन्को कुकर्मले गर्दा नरकमा पर्न गयेका आफ्ना सबै कुललाई त्यै कर्मबाट तिन्ले मुक्ति पनी दिलायेथे. (श्लो. ३२).

गीता-नवमाध्यायको माहात्म्य-

माहिष्मती सहरमा वेदवेदान्त जानेका, बलि-यज्ञयागादि कर्म गर्ने, आस्तिक ब्राह्मण थिये. तिन्ले ठुलो-यज्ञमा बलि दिन भनी ल्यायेका बोकाले हाँस्दै तिन्लाई भन्यो कि–'यस्ता नाशिने र जन्ममरणादि फल गराउँने भयेका यज्ञले के गर्नु ? म पनी पूर्वजन्ममा सज्जन ब्राह्मण थियें, यस्तै यज्ञ-यागादि कर्म गर्थें त पनी मेरो यो दुर्दशा देखी हाल्यौ. हेर ! मेरो छोरो बिरामी भयो र रोगशान्तिका निमित्त मेरी स्त्रीले चंडिकालाई बोकाको बलि दिने भाकल गरेर बोको किनी ल्याउँनाका निमित्त म सँग प्रार्थना गरिन्. किनेर ल्याई चंडिकाको मन्दिरमा लगेर जगदंबालाई खुसी गराउँन भनी थौटा बोको बलिदान गरें. (काटें). बोकाकी आमा (बाख्री) ले मलाई श्राप गरी. अरेरे अधम, बाहुन ! शास्त्रमा हुँदै नभयेको मार्गले मेरो छोरालाई काटिस्, तँ पनी बोकै हुनेछस्.' म तेस पापले गर्दा क्रमै सँग बाँदर-कुक्कुर-घोडा भई ती जन्ममा पनी तिनै छोरा स्वास्नीहरुकै पिटाईबाट मरेर नारकीय भोगहरु गर्दै अहिले बोको भयेकोछु. पूर्वजन्मको कुरा पनी संझन्छु ! फेरी अर्को कुरा पनी सुन–कुरुक्षेत्रका चन्द्रशर्मा नामक राजाले सूर्यग्रहणमा दान गरेका कालपुरुषदानका जोडीले दान लिने ब्राह्मण उप्पर हमला गर्न खोज्दा तिन्ले गीताको नवमाध्याय पाठ गरेका प्रभावले दबाउँन सकेन. त्यो देखेर आश्चर्य मानी ती राजाले सोद्धा ब्राह्मणबाट त्यही पाठको उपदेश पाई ती दुवैले त्यही जपेर मुक्ति पायेथे. तिमी पनी यो काम छोड,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यही जप, भन्ने यस्तो बोकाको उपदेश सुनेर माधव पनी बलियज्ञादि कर्म छोडी नवमाध्याय गीताको पाठ गरेर मुक्त भयेथे. (श्लो. ६०).

गीता-दशमाध्यायको माहात्म्य-

सुतपा नामका ऋषि निद्रावस्थामा आफ्ना खुट्टाले गुरुको बिछयाउना छोयेका पापले ब्रह्माको वाहन हाँस भये. तिनी सौराष्ट्रदेशका तलाउका किनारमा आकाशबाट खस्दा आँफुलाई बहुतै कालो स्वरूप भयेको फेरी साठी हजार भ्रमराहरु शंख-चक्र-गदा-पद्म ४ बाहुमा लिई, नीलो वर्ण भई, किरीट कुण्डल लगाई, मुक्त भयेर गयेका देखी आश्चर्य मानी टोलायेको बखत पहिलो जन्ममा सरोवदना नामकी ब्राह्मणी भयेकी, मैना पाली पढाई रहँदा पतिका श्रापले दोस्रो जन्ममा मैना भयेकी, त्यो मैनालाई ऋषिकी कन्याले पालेकी हुनाले ऋषिका मुखबाट गीताको दशमाध्याय सुनेका प्रभावबाट तेस्रो जन्ममा पद्मावती नामकी अप्सरा भयेकी, अप्सराको जुनीमा दुर्वासा ऋषिका श्रापले तेसै तलाऊमा पद्मास्या (पद्ममुखी) भयेर रहेकी, दशम-अध्याय गीता सुनेको प्रभावले बोल्नशक्र शक्ति भयेकी, कमलिनीले भनिन्- 'हे हाँस ! दिक्क न होऊ, न टोलाऊ, सुन--'ई अहिले उद्धार भै जाने ६० हजार देवताहरु अगाडी यहीं तपस्या गर्दा यौटी सुन्दरीका मोहले परस्परमा लडन्त गरेर मरी अनेकन जन्म र घोर नरकहरु भोग गर्दै अहिले भ्रमरा भयेका ऋषिकुमारहरु हुन्. तिमी आकाशबाट खसेको देखी दयाले 'हरे !' भनी मैले मुख बाउँदा निस्केका मेरो मुखका सुधासले तिनीहरु मुक्त भयेर गये. तिमी पनी मलाई नायेका पापले आकाशबाट खस्यौ र यसरी कालो भयौ. अब गीताको दशमाध्याय पाठ गर, तिमी पनी मुक्त हुनेछौ' यती भन्दै त्यो अध्याय हाँसलाई सुनाई कमलिनी मुक्त भइन्. सुतपा ऋषि पनी तेही अध्यायको पाठले हाँसको देह छोडी काशीमा शिवजीका अत्यन्त प्यारा भक्त धीरधी भन्ने ब्राह्मण भई मुक्त भयेथे. मुनिहरु यो दशमाध्यायलाई प्रधान अध्याय हो भनी बताउँदछन्. (श्लो. ९९).

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गीता-एकादशाध्यायको माहात्म्य-

मेघङ्करपुरमा गीताको एकादशाध्याय पाठ गर्ने सुनन्द नामका ब्राह्मण थिये. ती धेरै साथीहरु समेत भै गोदावरी तीर्थयात्रा गर्न जाँदा विवाहमण्डपपुर भन्ने सहरमा बास नपाइयेकोले तेही सहरको बाहीर धर्मशाला (पाटी) मा बास बसे. सहर बाहीरका पाटीमा जो जो वास बस्दछन्, तिन्लाई मात्र यौटा ब्रह्मराक्षसले खाने कबोल गरेको थियो, सहरवासीहरुलाई खाँदैनथ्यो. रातमा तिन्का सबै साथीलाई तेसैले खायो. त्यो राक्षस तेही सहरको ब्राह्मण हो. यौटा परदेशीलाई गिद्धले मार्न लाग्दा हेरी रहेका पापले ब्रह्मराक्षस भयेको थियो. ती ब्राह्मण बिहान सबेरै उठी स्नानादि गर्न जाँदा त्यहीं आउँन लागेका ग्रामपालले तिन्लाई भेट्यो र भन्यो–'हे मुनी ! मेरो छोराको प्यारो साथी परदेशी बस्ने सहरबाहीरका पाटीमा वास बस्न गयेछ, तेस्लाई ल्याउँन भनी मेरो छोरो तेस पाटीमा जाँदा उस्लाई पनी ब्रह्मराक्षसले खायेछ. त्यो कुरा थाह पाई तेस राक्षस सँग रोई छोरो बचाउँने उपाय सोद्धा तेस्ले भन्यो–'मैले निल्न नसकी उकेलियेका एघारौं अध्याय गीता पाठ गर्ने ब्राह्मण यहीं छन्, तिन्लाई ल्यायेर तिम्रा छोराको, अरु मैले खाइयेका सबैको र मेरो पनी उद्धार गर. हेर ! अघी यौटा एघारौं अध्याय पाठ गर्ने मौनव्रती ब्राह्मणलाई चोरले मान्यो र गिद्धले तिन्को हाड खसाल्दा एक साधारण पानी जमेको खाडल पनी सबैलाई मुक्त गराउँने ठुलो तीर्थ हुन गयेको छ, पवित्र हुनाले त्यहाँ ऋषि-मुनि-महात्माहरु पनी स्नान-सन्ध्या-तर्पणादि गरी आँफुलाई कृतकृत्य संझन्छन्.' तेस्को यस्तो कुरा सुनेर म हजूरका शरणमा आयेको छु.' यस्तो प्रार्थना सुनी सुनन्द तहाँ गयेर एघारौं अध्यायले ७ पल्ट पानी मन्त्री छचापदा ब्रह्मराक्षस र तेस्ले खायेका सबै मानिस विमानमा चढी मुक्त भयेर गये. सुनन्द र ग्रामपाल पनी तेसैका पाठले परंपदमा पुगेथे. एघारौं अध्याय सुन्नाले मात्र पनी महापातक नाश भयेर जान्छ. (श्लो. ११०)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गीता-द्वादशाध्यायको माहात्म्य-

कोही धर्मात्मा साहसी राजकुमारले कोलापुरमा गई, महालक्ष्मीको भक्तिपूर्वक स्तुति गर्दै–'हे माता ! मेरा पिता अश्वमेध यज्ञ सुरु गरेर समाप्ति न हुँदैमा रोग लागी स्वर्ग हुनुभयो. वहाँको शरीर तेलमा डुबाई मैले यज्ञको आरंभ गर्दा सारा पृथ्वीमण्डल घुमेर आयेको मेरो यज्ञको घोडा रातमा कस्ले फुकाई चोरी लगेछ. खोजी गरेमा कहीं पत्ता लागेन. म शरणमा आयेको छु' भनी प्रार्थना गरे. लक्ष्मीका आज्ञाबाट ती राजकुमारले समाधिसिद्ध नाम गरेका मुनि सँग गयेर यो सब कुरा विस्तार गरे. मुनिले द्वादशाध्याय गीता पाठका प्रभावले सबै देवताहरुलाई ताहीं आकर्षण गरी इन्द्रबाट त्यो घोडा तिन्लाई दिलाये. यज्ञ गरेका स्थानमा गै राजकुमारको भक्ति र प्रार्थनाले गर्दा तेही अध्यायले दुध मन्त्रेर लाशमा छ्यापी मरेका राजालाई जीवित गराई यज्ञ पनी पूर्ण गराये. त्यो अद्भुतशक्ति देखी आश्चर्य मानेका राजाले प्रश्न गर्दा–'द्वादशाध्याय गीताको निरन्तर पाठ गरेको प्रभाव हो' भन्ने कुरा ऋषिबाट सुनेर राजा, राजकुमार र यज्ञ गराउने ब्राह्मणहरु पनी द्वादशाध्यायकै जप-पाठ गरी मुक्त भयेथे. (श्लो. ६२).

गीता-त्रयोदशाध्यायको माहात्म्य-

तुंगभद्रानदीको किनार हरिपुरमा हरिदीक्षित नाम गरेका सदाचारी ब्राह्मण थिये. तिन्की काम र नामले पनी दुराचारा भनियेकी अत्यन्तै व्यभिचारिणी स्त्री थिइन्. कोही गुण्डा सँग ज्यादै आसक्त भयेर सहर भन्दा बाहिर सङ्केत गरियेको बनमा राती उस्लाई खोजी गर्दै हिंड्दा बाघ फेला पऱ्यो, जार पोई आई पुग्यो भनी खुसी भयेर अङ्कमाल गर्न जाँदा बाघका मुखमा परिन् र मरिन्. तिनी परपुरुष सँग भोग गरेको पापले यमराजका हुकुमबाट धेरै वर्ष संम बिष्टा-मूत्र-पीप रगतले भरीभराऊ भयेको नरककुण्डमा पहिले डुबायेर राखिइन्, त्यहाँबाट निकालियेर रौरव नामको नरकमा र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

फेरी तेत्तिकै वर्ष थिलो थिलो पारी आगोमा भुटिइन्. अलाप बिलाप गर्दै यस्तै अनेक नरकहरुको भोग गरेर आखिर कुकुरको मासु खाने चाण्डालकी छोरी भयेर जन्मी. तेस जन्ममा पनी पूर्वजन्मका वासनाले जारपति सँग नै भोग गर्ने गर्दथी. तथापि एकदिन जार पोईलाई खोज्दै हिंड्दा जृंभका-देवीका मन्दिरमा वासुदेव नामका कुनै ब्राह्मणले गीता त्रयोदशाध्याय पाठ गरेको सुन्न पायेका प्रभावले चाण्डालको स्वरूपबाट मुक्त भयेर स्वर्गमा जान पाईथी. (श्लो. ६१).

गीता-चतुर्दशाध्यायको माहात्म्य-

सिंहलद्वीपमा विक्रमबेताल नाम गरेका बडा पराक्रमी राजा थिये. ती एकदिन काश्मीरका शौर्यवर्मा नामक मित्र राजाले नजरानामा पठाइयेको कुकुर्नीलाई लियेर सिकारमा गये. त्यो कुकुर्नीले लगार्दै लगेको यौटा खरायो हिलामा पर्‍यो, कुकुर्नीले ताहीं पुगेर झंटदै मारी. वत्स ऋषिका चेला मेधावीले पाऊ धोयेका तेस हिलामा पर्ना-साथ ती दुवै मुक्त भये. खरायो पनी देवतारूप लियेर विमानमा चढी गयो, कुकुर्नी पनी देवीरूप लियेर विमानैमा बसेर गई. यस्तो देखेर आश्चर्य मानी सोध्ने भयेका ती राजाले पूर्वजन्मको वैरभाव संझी मुसुमुसु हाँस्ने तिनै मेधावी ऋषिबाट—'यो खरायो अघी महाराष्ट्र भन्ने सहरमा केशवनामको जूवाडे बाहुन थियो. यो कुकुर्नी तेसैकी विलोभना नामकी बेसुली स्त्री थिई. लोग्ने रीसले कुट्ताकुट्तै स्त्रीलाई मारेको हुनाले र स्वास्नी पनी व्यभिचारिणी हुनाले ती दुवै ई योनिमा प्राप्त भयेका हुन्. गीताचतुर्दशाध्यायका प्रभावले मुक्त भये.' भन्ने यो इतिहास सुनेर श्रद्धापूर्वक ती राजाले पनी यही चतुर्दशाध्याय पाठ गरी निर्वाणपदवी लियेथे. (श्लो. ४५).

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गीता-पञ्चदशाध्यायको माहात्म्य-

गौडदेशमा नरसिंहनामका राजा थिये. तिन्को सरभभेरुण्ड नाम गरेको सेनापति, राजालाई मार्ने उद्योगको पापमय विचार गर्दागर्दै हैजा लागी मऱ्यो र सिन्धुदेशमा बहुतै लक्षणको, तेजी घोडा भयेर जन्म्यो. यौटा व्यापारीले बेच्न ल्यायेको त्यो घोडालाई इनै राजाले किनेर एकदिन तेसैमा चढी सिकार खेल्न भनी वन तर्फ गये. मृगको पीछा गर्दा सारा फौज छलियो. राजालाई पियास लाग्यो र वनमा घोडाबाट ओर्ली जलपान गरी यौटा ढुंगो माथी बसे. तेस मौकामा हावाले गीता पञ्चदशाध्यायको आधा श्लोक लेखेको यौटा पात उँडायेर ल्यायो. राजाले तेस पातमा लेखेको अक्षर बाँच्नाका साथ त्यो घोडा मुक्त भयेर दिव्य विमानमा चढी 'म जाऊँ है !' भन्दै स्वर्ग तर्फ गयो. राजाले आश्चर्य भै सोद्धा त्यही वनमा तपस्या गरी बसेका ऋषिका मुखबाट यो सब कुरा जानी सिंहबल नाम भयेका छोरालाई राज्यको भार सौंपेर आँफुले तिनै ऋषिको उपदेशबाट पञ्चदशाध्याय गीताको पाठ गर्दै मोक्षपद प्राप्त गरेथे. (श्लो. ४६).

गीता-षोडशाध्यायको माहात्म्य-

गुजरातको सौराष्ट्र भन्ने सहरमा खड्गबाहु नाम गरेका राजा थिये. एक दिन तिन्को अरिमर्दन नामको हात्ती बहुलायेर माहुतहरुले अनेक कोसिस गर्दा पनी रोकियेन. साङ्ला चुँडाली मानिसहरुलाई निमोठ् नामोठ् पार्दै जथाभावी चाल सँग चल्यो. जतातते हाहाकार फैलियेको र डरले सारा मानिस भागाभाग गरी रहेका थिये. राजा पनी दरवारको बुर्जामा बसी त्यो सब दृश्य हेरी रहेका थिये. यस्तैमा गीताको षोडशाध्याय पाठ गर्ने यौटा ब्राह्मण सबैले कराउँदा-कराउँदै पनी त्यै हात्ती आउँन लागेको बाटो तिर सरासरै गये. तिन्लाई हात्तीले केही पनी गरेन. देख्नाका साथ शान्त भयो. यो देखेर राजाले आश्चर्य मानी ती ब्राह्मणलाई—'तिमी कुन देवताको पूजा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गर्दछौ ? कुन मन्त्र जप्दछौ ? केबाट यस्तो सिद्धि पायौ ?' भनी सोद्धा 'सबै कुरा गीताका षोडशाध्यायको पाठबाट भयेको हो' भन्ने कुरा ब्राह्मणबाट सुनेर तिन्लाई १ लाख असर्फी गुरुभेटी राखी शुभ मुहूर्तमा तिनै ब्राह्मणबाट गीतामन्त्र लियेर जप गर्नलागे. केही दिन पछी त्यो हात्ती फेरी तेसै गरी फुस्केर मानिस मार्दै हिंड्यो. राजा हात्तीका अगाडी तिनै ब्राह्मण गये झैं गरी जाँदा तेसै गरी शान्त भयो. तेस पछी राज्यमा छोरालाई अभिषेक गरायेर ती राजाले षोडशाध्याय पाठको प्रभावबाट अक्षयपद प्राप्ति गरेथे. (श्लोक ४७).

गीता-सप्तदशाध्यायको माहात्म्य-

उनै खड्गबाहु राजाका छोराको दुःशासन नाम गरेको नोकर थियो. त्यै बहुला हात्ती चढेर फूर्ति देखाउँदा खस्यो र हात्तीले दाह्रा धसी कुल्ची मारी दियेको हुनाले त्यो हात्ती नै भई सिंहलका राजाकहाँ जन्म्यो. राजाले श्लोक बनायेको रीझ बापतमा कविलाई त्यो हात्ती बक्सिस दिये. कविले मालवदेशका राजाबाट मोल लिई बेची दिये. त्यहाँ हात्ती रोगायो. केही पनी खाँदैनथ्यो. आखिर मर्न लागेको वेलामा राजाको तेस ठाउँमा सबारी हुँदा हात्तीले के भन्यो भने–'महाराज ! अब औषधी मूलो, दान, जपपाठले केही पनी हुँदैन, गीताको सप्तदशाध्याय सुनाई मेरो उद्धार गरी दिनुहोस' यो कुरा सुनेर राजाले पनी त्यो अध्याय ब्राह्मण द्वारा तेस्लाई सुनाई दिये. त्यो सुन्नाका साथ त्यो हात्ती दिव्य शरीर धारण गरी, आश्चर्य मानेका राजालाई आफ्नू पूर्ववृत्तान्त सुनायेर, विमानमा चढी स्वर्ग तर्फ गयो. राजा पनी त्यही सप्तदशाध्याय गीता जप गरी थोरै कालमा मुक्त भयेथे. (श्लो.२७)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गीता-अष्टादशाध्यायको माहात्म्य-

सुमेरुको शिखरमा रहेको अमरावती सहरमा शतक्रतु नामका इन्द्र सिंहासनमा रहेका थिये. आफ्ना अगाडी विष्णुका दूतहरुले सहित भयेर विमान चढी आयेको यौटा पुरुषलाई देख्ना साथ तेस सिंहासनबाट उत्रे. त्यो आयेका पुरुषलाई सबैले इन्द्र बनाये. त्यो देखेर शतक्रतु आश्चर्य हुँदै विष्णु सँग गयेर 'तेस्ले तीर्थ-व्रत-देवदर्शन-जप-ध्यान-दान इत्यादि कुनै धर्म-कर्म न गरीकन पनी कसरी इन्द्र पदवी पायो ?' भनी सोधे. विष्णुबाट—'गीताको अष्टादशाध्याय पाठका प्रभावले तेस्लाई इन्द्रपदवी मिलेको हो.' भन्नु हुँदा शतक्रतुले पनी गोदावरीका तीरमा रहेको कालिका--ग्राममा बसेका कोही ब्राह्मणबाट तेही अध्याय सुनी, तेसैको जप-पाठ गरी, तुच्छ भयेको इन्द्र पदवीलाई छोडी विष्णुको सायुज्य पदवी प्राप्त गरेथे. यो अठ्ठारौं अध्याय पुण्य-पवित्र, आयु बढाउँने, स्वर्गादि दिलाउँने, ठुलो कल्याण गर्ने यस्तो छ. यसबाट दान-तीर्थ-व्रत-यज्ञ-याग-देवसेवा इत्यादि कुनैबाट पनी नपाइने फल पाइन्छ. यस्लाई सारा शास्त्रको सार, अज्ञान नाश गर्ने, विष्णुको चैतन्यरूप, कामक्रोधादि रोगहरुलाई नाश गर्ने विवेकबुद्धिरूपी औषधीको जरो, सारा उपताप, १०८ व्याधि र महापातकहरुलाई नाश गर्ने समर्थ भयेको, सनकादि महात्माहरुका चित्तलाई सदा शान्ति सुख दिलाउने भयेको, अमृतरूप हो, भनी ज्ञानी मुनिहरुले भनेका छन्. श्रद्धापूर्वक जस्ले यो अठ्ठारौं अध्याय पाठ अथवा श्रवण गर्ला, तेस्ले सारा यज्ञ गरेको फल पायेर विष्णुको सायुज्य पदवी प्राप्त गर्नेछ. (श्लो. ६३).

पद्मपुराणका उत्तरखण्डको

गीतामाहात्म्य-सार

(कोमलसार)

समाप्त.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गीतामाहात्म्य-सार
समाप्त.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्रीः

वाराहपुराणको–

गीतामाहात्म्य ।

(कोमलटीकासहित)

ॐनमो भगवते वासुदेवाय ।

ऋषिरुवाच-

गीतायाश्चैव माहात्म्यं यथावत्सूत ! मे वद;
पुरा नारायणक्षेत्रे व्यासेन मुनिनोदितम्. (१)

शौनक ऋषिले सूत पौराणिक सँग सोधनी गरे–हे सूत ! पहिले नारायणक्षेत्र (वदरिकाश्रम) मा श्रीवेदव्यासजीले कहनु भयेको गीताको माहात्म्य यथार्थ गरी (जस्ताको तस्तो) मलाई बताउँनुहोस.

सूत उवाच-

भद्रं भगवता पृष्टं यद्धि गुप्ततमं परम्;
शक्यते केन तद्वक्तुं गीतामाहात्म्यमुत्तमम्. (२)

सूत पौराणिकले भने–ऋषिजी ! तपाईंले सोध्नुभयेको बढिया कुरा हो; तर अत्यंन्तै गोप्य र सर्वोत्तम भयेको गीतामाहात्म्य कसैले ठीक-ठीक सँग बताउँन सकिंदैन.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कृष्णो जानाति वै सम्यक् किञ्चित्कुन्तीसुतः फलम्;
व्यासो वा व्यासपुत्रो वा याज्ञवल्क्योऽथ मैथिलः (३)

किनभने–यो गीताको माहात्म्य-फल साक्षात् भगवान् कृष्णले मात्र राम्ररी जान्नुभयेको छ, थोर बहुत अर्जुनले पनी जानेका छन्, तेस्तै व्यास, शुकदेव, याज्ञवल्क्य र महाराज जनकले पनी जानेकै छन्.

अन्ये श्रवणतः श्रुत्वा लेशं संकीर्तयन्ति च;
तस्मात्किञ्चिद्वदाम्यत्र व्यासस्याऽऽस्यान्मया श्रुतम् (४)

ई पहिले कहियेका पुरुषहरु बाहेक अरु मानिसहरु केवल सुनेका भरले अलिअलि बताउँदछन्. तेस कारण यस विषयमा मैले श्रीवेदव्यासका मुखारविन्दबाट जे जस्तो सुनेको छु, त्यो थोर-बहुत बताउँदछु.

सर्वोपनिषदो गावो दोग्धा गोपालनन्दनः;
पार्थो वत्सः सुधीर्भोक्ता दुग्धं गीतामृतं महत्. (५)

श्रीवेदव्यासजीले निश्चय गर्नु भयेको छ कि, सारा वेद-उपनिषद्हरु गाई हुन्, ती गाईरूपी उपनिषद्हरुलाई दुहुने (गोठालो) गोपालनन्दन (श्रीकृष्ण) हुन्, गाईलाई पघर्ने बाच्छो अर्जुन हुन्, सर्वश्रेष्ठ भयेको गीतारूप अमृत दुध हो, तेस दुधको स्वाद लिने पुरुष साँची नै बुद्धिमान् हो.

सारथ्यमर्जुनस्याऽऽदौ कुर्वन्गीतामृतं ददौ;
लोकत्रयोपकाराय तस्मै कृष्णात्मने नमः. (६)

पहिले महाभारत–संग्राममा अर्जुनको सारथी भयेर तिनै लोकको उपकारका निमित्त जस्ले गीतारूपी अमृत दिये, ती कृष्णरूप परमात्मालाई मेरो नमस्कार छ.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संसारसागरं घोरं तर्तुमिच्छति यो नरः;
गीतानावं समासाद्य पारं याति सुखेन सः. (७)

जुन पुरुष बडो भयङ्कर संसाररूपी यो महासागरलाई पार गर्न चाहन्छ, तेस्तो मानिस गीतारूपी डुङ्गीको सहारा लिनाले मात्र (त्यो महासागर) सहजै सँग पार गर्न सक्दछ.

गीतानावं श्रुतं नैव सदैवाऽभ्यासयोगतः;
मोक्षमिच्छति मूढात्मा याति बालकहास्यताम्. (८)

जस्ले गीतारूपी डुङ्गीको नामै सुनेको छैन, अथवा नाम संम सुनेको भये पनी हरतरहले तेस्मा चढ्ने अभ्यासयोग (प्राक्टिश) गरेको छैन, फेरी मोक्ष (कर्मबन्धनबाट छुट्कारा) हुन भने चाहन्छ, तेस्ता मूढ पुरुषको विचार बालकको काम जस्तै हस्सी गर्नलाई योग्य हुन्छ.

ये शृण्वन्ति पठन्त्येव गीताशास्त्रमहर्निशम्;
न ते वै मानुषा ज्ञेया देवरूपा न संशयः. (९)

जस्ले सदासर्बदा गीताशास्त्रको श्रवण गर्दछन्, जो पाठ गरी मनन पनी गर्दछन्, ती पुरुष मनुष्यको रूप लियेका देवता ठहर्दछन्, साधारण मनुष्य ती होइनन्. यस्मा सन्देहै छैन.

गीताज्ञानेन संबोध्य कृष्णः प्राहाऽर्जुनाय वै;
अष्टादशपदस्थानं गीताध्याये प्रतिष्ठितम्. (१०)

श्रीकृष्ण भगवान्‌बाट अर्जुनलाई गीताको ज्ञानले बोध गराउँदै गीताका अध्यायहरुमा रहेको अष्टादशपद स्थान (मोक्षका अट्ठार सिंढी) बताउँनुभयो.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्रीकृष्ण उवाच-

मोक्षस्थानं परं पार्थ ! सगुणं वाऽथ निर्गुणम्;
सोपानाष्टादशैरेव परंब्रह्माऽधिगच्छति. (११)

हे अर्जुन! सगुण (साकार) अथवा निर्गुण (निराकार) परंब्रह्मरूप सर्वोत्तम मोक्षस्थानमा गीताका इनै अठार अध्यायरूपी सिंढीकै द्वारा पुग्न सकिन्छ.

साधोर्गीतांभसि स्नानं संसारमलनाशनम्;
श्रद्धाहीनस्य तत्कार्यं हस्तिस्नानं वृथैव तत्. (१२)

सज्जनपुरुषको यो गीतारूप जलमा स्नान गर्नाले संसारका मलीन जन्म कर्मलाई धोयेर सफा गराई दिन्छ, परन्तु श्रद्धा न भयेका मानिसका निमित्त यही पवित्रजलमा स्नान गर्नु पनी हात्तीको स्नान जस्तै हुन्छ : अर्थात्-हात्तीले न्वायेर बाहिर आये पछी धूलो छरी आँफुलाई पहिले भन्दा पनी झन् हिलो मैलो फोहर गराउँदछ ठीक तेस्तै) तेसो हुनाले श्रद्धा बेगरको गीतापाठ व्यर्थ हुन्छ.

गीतायाश्च न जानाति पठनं नैव पाठनम्;
परस्मान्न श्रुतं ज्ञानं नैव श्रद्धा न भावना;
स एव मानुषे लोके पुरुषो विड्वराहकः. (१३)

जुन मानिस गीताको पठन-पाठन गर्दैन, गीताको ज्ञान आर्कोबाट पनी सुन्दैन, अथवा गीतामा श्रद्धा र भावना पनी राख्दैन, तेस मानिसको यस लोकमा जन्म सुँघुरको जन्म-समान छ.

यो हि गीतां न जानाति नाऽधमस्ततपरो जनः;
धिक्तस्य मानुषं देहं धिग्ज्ञानं धिक्कुलीनताम्. (१४)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जो गीता जान्दैन, त्यो भन्दा अधम (नालायक) जन आर्को कुन होला ? तेस्को मनुष्यचोलालाई, तेस्को ज्ञानलाई र तेस्को कुलीनतालाई पनी धिक्कार छ.

गीतार्थं नैव जानाति नाऽधमस्ततपरो जनः;
धिक् सुरूपं श्रुतं शीलं विभवस्तद्गृहाश्रमम्. (१५)

जुन व्यक्तिलाई गीताको अर्थ थाह छैन, त्यो भन्दा नराधम अरु कुन होला ? तेस्को सुन्दर रूप, तेस्को शास्त्र पढाई, तेस्को सुभशील, तेस्को ऐश्वर्य, तेस्को गृहाश्रम यो सबैलाई धिक्कार छ,

गीताशास्त्रं न जानाति नाऽधमस्ततपरो जनः;
धिक्प्रारब्धं प्रतिष्ठां च पूजां मानं महात्मताम्. (१६)

जो गीताशास्त्र जान्दैन, त्यो भन्दा पामर अरु कोही ठहर्दैन. तेस्को अदृष्ट (भाग्य) लाई, प्रतिष्ठालाई, संमानलाई, इज्जत आवरुलाई र बडप्पनलाई पनी धिक्कार छ.

गीताशास्त्रे मतिर्नाऽस्ति सर्वं तन्निष्फलं जगुः;
धिक्तस्य ज्ञानमाचारं व्रतचेष्टां तपो यशः. (१७ ,

जस्को गीताशास्त्रमा बुद्धि लागी पर्दैन, तेस्का संपूर्ण कुरा विफलै छन्. तेस्को ज्ञानलाई, आचारलाई, व्रतमा चेष्टालाई, निष्ठाकाष्ठालाई, तपस्यालाई र कीर्ति (नाम) लाई पनी धिक्कार छ.

गीतार्थपठनं नाऽस्ति नाऽधमस्ततपरो जनः;
गीतागीतं न यज्ज्ञानं तद्विद्ध्यासुरसंमतम्;
तन्मोघं धर्मरहितं वेदवेदान्तगर्हितम्. (१८)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जुन मानिस गीताको अर्थ पाठ गर्दैन; त्यो भन्दा बढी नीच अरु कुनै पनी हुँदैन. जुन ज्ञान गीताले कहियेको छैन, त्यो ज्ञान आसुरज्ञान (राक्षसी ज्ञान) हो भनेर संझना राख, तेस्तो ज्ञान निष्फल, धर्मरहित र वेदवेदान्त-हरुले तुच्छ मानियेको छ.

यस्माद्धर्ममयी गीता सर्वज्ञानप्रयोजिका;
सर्वशास्त्रसारभूता विशुद्धा सा विशिष्यते. (१९)

यसो हुनाले सबै शास्त्रहरुको सारस्वरूप, सब किसीमको ज्ञान गराउँने, परम पवित्र र धर्ममयस्वरूप गीता सब शास्त्रहरुमा श्रेष्ठ (उच्च दर्जाकी) छन्.

योऽधीते सततं गीतां दिवारात्रं यथार्थतः;
स्वपन्गच्छन्वदंस्तिष्ठन् शाश्वतं मोक्षमाप्नुयात्. (२०)

जस्ले अहोरात्र भरको जुनसुकै टाइममा अर्थात्-सुतनू, हिंड्नू, बोल्नू, बस्नू इत्यादि जे गर्दामा पनी अर्थपूर्वक गीतापाठ गर्दछ, (गीताको अर्थ संझीरहन्छ) तेस पुरुषले अविनाशी मोक्ष पाउँदछ.

शालग्रामशिलाग्रे वा देवागारे शिवालये;
तीर्थे नद्यां पठेद्गीतां सौभाग्यं लभते ध्रुवम्. (२१)

जस्ले शालिग्रामशिलाका नगीच, देवताका मन्दिरमा, शिवालयमा, तीर्थमा, अथवा नदीका किनारमा पनी गीतापाठ गर्ने गर्दछ; तेस्लाई अवश्यमेव ठुलो सौभाग्य प्राप्त हुनेछ.

देवकीनन्दनः कृष्णो गीतापाठेन तुष्यति;
यथा न वेदैर्दानेन यज्ञतीर्थव्रतादिभिः. (२२)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गीतापाठ गर्नाले तेस्का उपर देवकीका पुत्र भगवान् श्रीकृष्ण तेती साह्रै खुसी हुनुहुन्छ, जत्तिको खुसी वेदपाठ, दान, यज्ञ, तीर्थ, व्रतादिहरु अनेकन गर्नाले पनी हुनुहुँदैन.

गीताऽधीता च येनाऽपि भक्तिभावेन चेतसा;
वेदशास्त्रपुराणानि तेनाऽधीतानि सर्वशः. (२३)

जुन मानिसले भक्तिभावना पूर्वक एकाग्रचित्तले (न डुहुलायेको मनले) गीता पढ्यो; तेस्ले सारा वेद-शास्त्र-पुराणहरु पनी पाठ गरी सक्यो भन्ने संझनु योग्य छ.

योगस्थाने सिद्धपीठे शिलाग्रे सत्सभासु च;
यज्ञे च विष्णुभक्ताग्रे पठन्सिद्धिं परां लभेत्. (२४)

जस्ले योगाभ्यास हुने ठाऊँमा, सिद्धहरुका पीठमा, शिलास्वरूप देव-देवीका समीपमा, सज्जनहरुका सभाहरुमा, यज्ञमा, विष्णुभक्तहरुका नगीचमा पनी गीता पाठ गर्ला, तेस्लाई ठुलो सिद्धि मिल्नेछ.

गीतापाठं च श्रवणं यः करोति दिने-दिने;
क्रतवो वाजिमेधाद्याः कृतास्तेन सदक्षिणाः. (२५)

जस्ले दिनदिनै गीतापाठ गर्दछ अथवा श्रवण गर्दछ; तेस्ले दक्षिणा सहितका अश्वमेध आदि गरियेका सारा यज्ञहरु गरी सक्यो भने हुन्छ. अर्थात् तेस्ले तेही फल पाउँदछ.

यः शृणोति च गीतार्थं कीर्तयत्येव यः पुमान्;
श्रावयेच्च परार्थं वै स प्रयाति परं पदम्. (२६)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जुनपुरुष गीताको अर्थ सुन्दछ, यद्वा आफैं कीर्तन गर्दछ, अथवा आर्काको कल्ह्याणका निमित्त सुनाउँद्छ, तेस्लाई परम पद (निर्वाणपद) प्राप्त हुन्छ.

गीतायाः पुस्तकं शुद्धं योऽर्पयत्येव सादरम्;
विधिना भक्तिभावेन तस्य पुण्यफलं शृणु. (२७)

जस्ले गीताको शुद्ध पुस्तक विधिविधान र भक्तिपूर्वक आदर गरेर समर्पण गर्दछ (दिन्छ) तेस पुरुषका पुण्यको फल सुन.

सकला चोर्वरा तेन दत्ता यज्ञे भवेत्किल;
व्रतानि सर्वतीर्थानि दानानि सुबहून्यपि. (२८)

गीता दान गर्ने तेस पुरुषले सारा धनधान्यादिले पूर्ण भयेकी पृथिवी दान, सारा व्रतहरु, सारा तीर्थहरु, असंख्यात दानहरु पनी गरी सक्यो, यो कुरा निश्चय छ.

यशः सौभाग्यमारोग्यं लभते नाऽत्र संशयः;
दयितानां प्रियो भूत्वा परमं सुखमश्नुते. (२९)

यस लोकमा तेस पुरुषले कीर्ति, सौभाग्य, आरोग्य, इत्यादि पायेर तेसै भार्या आदि आत्मीय जनहरुको वहुतै प्यारो भई ठुलो सुख समेत भोग गर्न पाउँनेछ, यस्मा अलीकति पनी सन्देह छैन.

भूतप्रेतपिशाचाद्यास्तत्र नो प्रविशन्ति वै;
अभिचारोद्भवं दुःखं वरशापागतं च यत्;
नोपसर्पति तत्रैव यत्र गीतार्चना गृहे. (३०)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जुन घरमा गीताको पूजा (संमान) हुन्छ, तेस घरमा भूत-प्रेत-पिशाच डाकिनी-शाकिनी इत्यादि कुनै पनी पस्न सकैनन्, औ तान्त्रिकक्रियाबाट आई पर्ने र बरदान-श्रापबाट आई पर्ने दुःखले पनी छुनै सक्तैन. अर्थात्—कसैले अनिष्ट चिताई उस्का उपर कुनै काम गरेको भये पनी त्यहाँ त्यो अनिष्ट आउँन सक्तैन.

तापत्रयोद्भवा पीडा नैव व्याधिर्भवेत्क्वचित्;
न शापो नैव पापश्च दुर्गतिर्नरकं न च. (३१)

गीतापाठ गर्नेलाई आधिभौतिक, आधिदैविक, आध्यात्मिक ई तीन तापको, रोगको, श्रापको, पापको, अगतिको र नरकको अलीकति पनी डर रहँदैन.

देहेऽरयः षडेते वै न बाधन्ते कदाचन;
लभेत्कृष्णपदे दास्यं भक्तिं चाऽव्यभिचारिणीम्. (३२)

गीतापाठ गर्नेका शरीरमा रहेका ई शत्रुहरुले (काम-क्रोध-लोभ-मोह-मद-मात्सर्य अथवा चक्षु-श्रोत्र-घ्राण-रसना-त्वक् ई ५ ज्ञानेन्द्रिय र एक मन समेत ६ वैरीहरुले पनी) उस्लाई कहिल्यै दबाउँन सक्दैनन्, तेस्ले भगवान् श्रीकृष्णका पाऊमा अटूट सेवा र निश्चल भक्ति (एकाग्र भक्ति) पनी पाउँनेछ.

जायते सततं सख्यं सर्वजीवगणैः सह;
प्रारब्धं भुञ्जतो वाऽपि गीताभ्यासरतस्य च;
स मुक्तः स सुखी लोके कर्मणा नोपबध्यते. (३३)

प्रारब्ध—वशले संसारको भोग गर्दछ त पनी सधैं गीताको अभ्यासमा रत रहने मानिसको सबै प्राणीहरु सँग सदा-सर्वदा मित्रभाव नै रहीरहन्छ.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यो लोकमा तेस्तो मानिस मुक्त र सुखी पनी हो. जन्ममरण र धर्मपापरूप कर्मका बन्धनले उस्लाई बाँध्न सक्तैनन्.

महापापादिपापानि गीताध्यायी करोति चेत्;
न किञ्चित्स्पृश्यते तस्य नलिनीदलमंभसा. (३४)

गीताको श्रवण-पठन-पाठन-मनन गर्ने मानिसले जानीजानी होइन कि दैवसंयोगवशात् कुनै ब्रह्महत्या-गोहत्या आदि गरियेवा पापहरु गरोस् त पनी त्यो दोष तेस्लाई तेसै गरी टाँसिन सक्तैन, जस्तै कमलका पातमा पानी टाँसिदैन.

स्नातो वा यदि वाऽस्नातः शुचिर्वा यदि वाऽशुचिः;
विभूतिं विश्वरूपं च संस्मरन्सर्वदा शुचिः. (३५)

स्नान गरेको अथवा न गरेको, पवित्र अथवा अपवित्र जे होस् त पनी भगवान्‌को विभूति र विश्वरूपको संझना गरी रहने मानिस सदाकाल पवित्र नै ठहर्दछ. अर्थात्—जुनसुकै कालमा पनी भगवान्‌लाई संझना गर्न अधिकारै छ.

अनाचारोद्भवं पापमवाच्यादिकृतं च यत्;
अभक्ष्यभक्षणं दोषमस्पर्शस्पर्शजं तथा. (३६)
ज्ञानाज्ञानकृतं नित्यमिन्द्रियैर्जनितं च यत्;
तत्सर्वं नाशमायाति गीतापाठेन तत्क्षणात्. (३७)

अनाचारले (धर्म नपुग्ने काम गर्नाले), अवाच्य कुराहरु बोल्नाले, अभक्ष चीज खानाले, छुन नहुने चीज छुनाले जुन पाप (दोष) उत्पन्न

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भयेको छ; तेस्तै जानीजानी होस् वा अनजानमा होस् सारा इन्द्रियहरुले जो कुछ पाप गरियेको छ, त्यो सब पाप गीता पाठले तत्क्षणैमा नाश हुन्छ.

सर्वत्र प्रतिभोक्ता च प्रतिग्राही च सर्वशः;
गीतापाठं प्रकुर्वाणो न लिप्येत कदाचन. (३८)

सबै ठाउँमा खानपीन गर्ने (जहाँ जे पायो उही खायो गर्ने) अथवा सबै किसीमको दान लिने होस् त पनी गीतापाठ गर्दछ भने तेस पुरुषलाई त्यो पाप कसै गरी लाग्दैन. अर्थात् गीतापाठ गर्नाले तेस्को प्रायश्चित्त हुन्छ.

रत्नपूर्णां महीं सर्वां प्रतिगृह्याऽविधानतः;
गीतापाठेन चैकेन शुद्धः स्फटिकवत्सदा. (३९)

जो शास्त्रमर्यादालाई छोडेर अविधिपूर्वक (विना विधि सँग) रत्नहरुले भरिभराऊ भयेकी पृथिवीको दान लेओस् त पनी एकपटक मात्र समग्र गीताको पाठ गर्दछ भने त्यो पुरुष सदा स्फटिक झैं निर्मलै रहन्छ (तेस्लाई त्यो पाप लाग्दैन.)

यस्याऽन्तःकरणं नित्यं गीतायां रमते सदा;
स साग्निकः सदा जापी क्रियावान्स च पण्डितः. (४०)
दर्शनीयः स धनवान् स योगी ज्ञानवानपि;
स एव याज्ञिको ध्यानी सर्ववेदार्थदर्शकः. (४१)

जस्को अन्तःकरण हरबखत गीतामा नै रमाउँदछ, तेही पुरुष अग्निहोत्र हो, तेही जाप गर्ने हो, तेही निष्काम कर्म गर्ने हो, तेही पण्डित हो, तेही दर्शन गर्न योग्य हो, तेही धनी हो, तेही कर्मयोगी हो, तेही ज्ञानी हो, तेही

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यज्ञ गर्ने हो, तेही ध्यानी हो. तेस्तै तेही सारा वेदहरुको अर्थ देख्ने (जान्ने) पनी हो.

गीतायाः पुस्तकं यत्र नित्य-पाठश्च वर्तते;
तत्र सर्वाणि तीर्थानि प्रतागादीनि भूतले. (४२)

जुन घरमा गीताको पुस्तक रहेको छ, जहाँ गीताको नित्य-पाठ भैं रहेको छ, तहाँ पृथिवी-भरमा भयेका प्रयाग आदि गरियेका सारा तीर्थहरु आयेर रहेका हुन्छन्.

निवसन्ति सदा देहे देहशेषेऽपि सर्वदा;
सर्वे देवाश्च ऋषयो योगिनो देहरक्षकाः. (४३)

गीतापाठ गर्ने पुरुषको सबै कालमा अथवा अन्त्यकालमा पनी सारा देवताहरु, ऋषिहरु, योगीहरु देहरक्षक भयेर उस्का शरीरै-भित्र रहेका हुन्छन्.

गोपालबालः कृष्णोऽपि नारदध्रुवपार्षदैः;
सहायो जायते शीघ्रं यत्र गीता प्रवर्तते. (४४)

जहाँ गीताको प्रवृत्ति भै रहेको छ; तहाँ नारद, ध्रुव र अरु सेवक भक्तहरुले सहित भयेका गोपालबाल श्रीकृष्ण पनी सबै कुरामा तुरुन्तै सहायता गर्ने हुनुहुन्छ.

यत्र गीताविचारश्च पठनं पाठनं तथा;
तत्राऽहं निश्चितं पार्थ ! निवसामि सदैव हि. (४५)

हे पार्थ ! (अर्जुन) जहाँ गीताको पठन पाठन हुन्छ, जहाँ गीताको बिचार (मनन र कदर) हुन्छ, तेस ठाऊँमा म (कृष्ण) सदाकाल अवश्य नै रहेको हुन्छु.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गीता मे हृदयं पार्थ ! गीता मे सारमुत्तमम्;
गीता मे ज्ञानमग्र्यं हि गीता मे ज्ञानमक्षयम्. (४६)

किन भने–हे अर्जुन ! मेरो गीता नै हृदय (मुटु) हो, गीता नै सार पदार्थ हो, गीता नै अग्रज्ञान (विज्ञान) हो, गीता नै अक्षय ज्ञान (कहिल्यै ननाशिने ज्ञान) पनी हो.

गीता मे चोत्तमं स्थानं गीता मे परमं पदम्;
गीता मे परमं गुह्यं गीता मे परमा गुरुः. (४७)

गीता नै मेरो सब भन्दा उचो (ठुलो) स्थान हो, गीता नै सब भन्दा उत्तम पद (परं धाम) हो, गीता नै सब कुरामा रहस्य कुरा हो, गीता नै मेरो सब कुरा सिकाउने गुरु पनी हो.

गीताश्रयेऽहं तिष्ठामि गीता मे परमं गृहम्;
गीता ज्ञानं समाश्रित्य त्रिलोकीं पालयाम्यहम्. (४८)

म गीताकै आधारमा रहेको छु, गीता नै मेरो सब भन्दा असल घर हो, मैले गीताज्ञानकै आश्रय गरेर स्वर्ग-मर्त्य-पाताल ई तीनै-लोकलाई पालन गरेको छु.

गीता मे परमा विद्या ब्रह्मरूपा न संशयः;
अर्धमात्राक्षरा नित्या स्वनिर्वाच्यपदात्मिका. (४९)

परब्रह्मरूप भयेकी गीता नै मेरी परम-विद्या हो, यसमा केही सन्देह छैन. पद-रूप यस्तो हो भनी वर्णन गर्न नसकिने अविनाशी, नित्यस्वरूप र सबिन्दु अर्धचन्द्रबाट प्रतिपाद्य ब्रह्मकी अभिव्यक्तिस्वरूप पनी येही मेरी गीता नै हो.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गीतानामानि वक्ष्यामि गुह्यानि शृणु पाण्डव !
कीर्तनात्सर्वपापानि विलयं यान्ति तत्क्षणात्. (५०)

हे पाण्डव! (अर्जुन) म तिमीलाई गीताका गुप्तगुप्त नामहरु बताउँदछु, सुन. जुन नामहरुको कीर्तन गर्नाले सारा पापहरु तत्क्षणमा बिलाउँछन्.

गीतानामानि-

गीता गङ्गा च गायत्री सीता सत्या सरस्वती:
ब्रह्मावलिर्ब्रह्मविद्या त्रिसन्ध्या मुक्तिगेहिनी. (५१)
अर्धमात्रा चिदानन्दा भवघ्नी भ्रान्तिनाशिनी;
वेदत्रयी पराऽनन्ता तत्वार्थज्ञानमञ्जरी. (५२)

(गीता) साक्षात् भगवान् श्रीकृष्णको मुखारविन्दबाट गान गरियेकी.
(गंगा) पवित्रस्वरूप लियेर लोकलाई उद्धार गर्न पृथ्वीमा आयेकी.
(गायत्री) पठन-पाठन गर्नेहरुलाई सबै किसिमबाट रक्षा गर्ने.
(सीता) सत्वगुण स्वरूप भयेकी.
(सत्या) सत्य-पदार्थ (ब्रह्म) की शक्तिरूप भयेकी.
(सरस्वती) परावाणीरूप भई ब्रह्मविद्याको बोध गराउँने.
(ब्रह्मावलि) हरेक वाक्यका लहरबाट परब्रह्मको प्रतिपादन गर्ने.
(ब्रह्मविद्या) ब्रह्मसाक्षात्कार गराउँने विद्या.
(त्रिसन्ध्या) सबै काल सबै अवस्थामा ध्यान गर्न लायक भयेकी.
(मुक्तिगेहिनी) मुक्त पुरुषहरुले पुगेर रहने वासस्थानरूप.
(अर्धमात्रा) प्रणवको बिन्दुस्वरूपले बुझाइने परब्रह्मकी शक्तिस्वरूप.
(चिदानन्दा) ब्रह्मकी शक्ति हुनाले चैतन्य र आनन्दरूपिणी.
(भवघ्नी) अविद्याले खडा भयेका संसारका जन्म-मरण-सुखदुःखादि प्रपंचलाई विद्यास्वरूप भै नाश गर्ने.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(भ्रान्तिनाशिनी) हरेक किसीमको भ्रम नाश गरेर परमात्मामा मिलाई दिने.

(वेदत्रयी) सबै वेद-उपनिषत्हरुको स्वरूप.

(परा) ब्रह्मसाक्षात्कार गराउँनामा सर्वोपरि भयेकी परावाणीस्वरूप.

(अनन्ता) अतिशय गंभीर बुद्धि भयेकाहरुले पनी सितिमिति अन्त्य न पाइने र कहिल्यै न नाशिने.

(तत्वार्थ-ज्ञान-मञ्जरी) यथार्थवस्तु ब्रह्मको प्राप्ति गराउँनामा मंजरी स्वरूप भयेकी.

इत्येतानि जपेन्नित्यं नरो निश्चलमानसः;
ज्ञानसिद्धिं लभेच्छीघ्रं तथाऽन्ते परमं पदम्. (५३)

मानिसले एकाग्रचित्त गरेर गीताका ई पूर्वोक्त १८ नामहरुमा कुनकुन शक्ति भरियेको रहेछ ? त्यो समेत अर्थ विचार गरी सधैं गीताको जप-पाठ गर्दछ भने तेस्लाई चाँडै नै ज्ञानसिद्धि भयेर अन्त्यमा परमपद (मोक्षपद) समेत मिल्दछ.

पाठेऽसमर्थः संपूर्णे तदर्धं पाठमाचरेत्;
तदा गोदानजं पुण्यं लभते नाऽत्र संशयः. (५४)

संपूर्ण गीताको पाठ गर्न नसकेमा तेस्को आधा भाग (नवमाध्याय-पर्यन्त) पाठ गरोस्. तेती पाठ गर्नाले पनी गोदान (विधिपूर्वक गाईको दान) गरेको पुंण्य पाउँदछ. यस्मा अलीकति पनी सन्देह छैन.

त्रिभागं पठमानस्तु सोमयागफलं लभेत्;
षडंशं जपमानस्तु गङ्गास्नानफलं लभेत्. (५५)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तिन भागको १ भाग अर्थात् ६ अध्याय संम पाठ गर्नाले सोमयाग (श्रौतयज्ञको प्रारंभमा गरिने यज्ञ) गरेको फल (पुण्य) पाउँदछ. ६ भागको १ भाग (३ अध्याय) पाठ गर्नाले गंगास्नान गरेको फल पाउँदछ.

तथाऽध्यायद्वयं नित्यं पठमानो निरन्तरम्;
इन्द्रलोकमवाप्नोति कल्पमेकं वसेद् ध्रुवम्. (५६)

नित्य अटूट गरेर २ अध्याय गीता पाठ गर्ने गरेको छ भने देहान्त भये पछी इन्द्रलोक (स्वर्गलोक) मा पुगेर अवश्यमेव १ कल्प संम रहन पाउँदछ.

एकमध्यायकं नित्यं पठते भक्तिसंयुतः;
रुद्रलोकमवाप्नोति गणो भूत्वा वसेच्चिरम्. (५७)

जुन मानिस प्रतिदिन भक्तिभावले गीताको १ अध्याय मात्र पाठ गर्दछ, तेस्ले रुद्रलोक पाउँदछ र वहाँ महादेवको गण भयेर धेरै काल सम्म बस्न पाउँदछ.

अध्यायार्धं च पादं वा नित्यं पठति यो जनः;
प्राप्नोति रविलोकं स मन्वन्तरसमाः शतम्. (५८)

जस्ले गीताका जुनसुकै अध्यायको होस् आधा अथवा अध्यायका ४ भागको १ भाग मात्र नित्य नियमले पाठ गर्दछ, तेस्ले मनुहरुको शय वर्ष संम सूर्यलोकमा वास गर्न पाउँदछ.

गीतायाः श्लोकदशकं सप्त पञ्च चतुष्टयम्;
त्रिद्व्येकमेकमर्धं वा श्लोकानां यः पठेन्नरः;
चन्द्रलोकमवाप्नोति वर्षाणामयुतं तथा. (५९)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जस्ले दश, सात, पाँच, तिन, दुई, एक, अथवा एकको आधा मात्र पनी गीताका श्लोकहरुको पाठ गर्दछ, तेस्ले दश हजार वर्ष सम चन्द्रलोकको भोग गर्न पाउँछ

गीतार्थमेकपादं च श्लोकमध्यायमेव च;
स्मरन् त्यक्त्वा जनो देहं प्रयाति परमं पदम्. (६०)

जुन मानिस गीताका १ अध्यायको, १ श्लोकको, १ पाउको मात्र पनी अर्थ संझदै देहत्याग गर्दछ, तेस्ले परमपद (मुक्ति) पाउँदछ.

गीतार्थमपि पाठं वा शृणुयादन्त्यकालतः;
महापातकयुक्तोऽपि मुक्तिभागी भवेज्जनः. (६१)

जस्ले अन्त्यकालमा (मर्ने वेलामा) गीताको अर्थ अथवा पाठ मात्र पनी सुन्दछ, त्यो मानिस महापातकी (ठुला-ठुला पाप गर्ने) भये पनी मुक्ति पाउँने हुन्छ.

गीतापुस्तकसंयुक्तः प्राणांस्त्यक्त्वा प्रयाति यः;
स वैकुण्ठमवाप्नोति विष्णुना सह मोदते. (६२)

गीताको पुस्तक साथैमा रहेर जस्ले प्राणत्याग गर्दछ, त्यो मानिस वैकुण्ठमा पुगेर विष्णु भगवान्का साथ-साथै रहन पाउँछ.

गीताध्यायसमायुक्तो मृतो मानुषतां व्रजेत्;
गीताभ्यासं पुनः कृत्वा लभते मुक्तिमुत्तमाम्. (६३)

गीताको १ अध्याय मात्र पनी साथैमा रहेर मरेको मानिसले मनुष्यकै चोला पाउँदछ र फेरी पनी गीताकै अभ्यास (पठन-पाठन) गरेर देहान्तमा उत्तम मुक्ति (मोक्ष) पाउँदछ.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गीतोच्चारणसंयुक्तो म्रियमाणो गतिं लभेत्;
यद्यत्कर्म च सर्वत्र गीतापाठप्रकीर्तितम्;
तत्तत्कर्म च निर्दोषं भूत्वा पूर्णत्वमाप्नुयात्. (६४)

मर्ने वेलामा गीताका श्लोकहरुको उच्चारण गर्दै मर्दछ भने पनी गति पाउँदछ अर्थात् अर्को जुनीमा योगी हुन्छ. जुनसुकै कर्म होस् त पनी सबमा गीतापाठ गरियेको छ भने–त्यो सब कर्मको दोष नाशिन्छ र पूर्ण हुन आउँदछ.

पितॄनुद्दिश्य यः श्राद्धे गीतापाठं करोति च;
सन्तुष्टाः पितरस्तस्य निरयाद्यान्ति सद्गतिम्. (६५)

जस्ले श्राद्धमा पितृहरुको उद्देश्य गरेर (पितृका निमित्तमा) गीतापाठ गर्छ-गराउँछ, तेस्का पितृगणहरु नरकमा परेका भये पनी (उद्धार भयेर) खुसी हुँदै स्वर्ग तर्फ जान पाउँदछन्.

गीतापाठेन सन्तुष्टाः पितरः श्राद्धतर्पिताः;
पितृलोकं प्रयान्त्येव पुत्राशीर्वादतत्पराः. (६६)

गीतापाठले सन्तुष्ट भयेका र श्राद्धका तर्पण-पिण्डदानादि कर्मले तृप्त भयेका पितृगणहरु पुत्र (सन्तान) हरुलाई आशीर्वाद गर्दै पितृहरुकै लोकमा जान्छन्.

लिखित्वा धारयेत्कण्ठे बाहुदण्डे च मस्तके;
नश्यन्त्युपद्रवाः सर्वे विघ्नरूपाश्च दारुणाः. (६७)

गीताको पुस्तक लेखेर जन्त्र बनाई घाँटी-पाखुबन्ध-माथ जहाँ हुन्छ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

धारण गर्नाले मानिसलाई परी आउँने अनेक उपद्रव र भयंकर विघ्नहरु पनी नाशियेर जान्छन्.

गीतापुस्तकदानं च धेनुपुच्छसमन्वितम्;
कृत्वा च तद्दिने सम्यक् कृतार्थो जायते जनः. (६८)

जस्ले गीताको पुस्तक लियेर गाईको पुच्छर समाती ती दुवैको दान गर्दछ, त्यो मानिस तेस दिनमा गर्नुपर्ने कर्तव्य जती सबै गरी सकेको भई कृतकृत्य हुन पाउँदछ.

पुस्तकं हेमसंयुक्तं गीतायाः शुद्धमानसः;
दत्त्वा विप्राय विदुषे जायते न पुनर्भवे. (६९)

जस्ले शुद्ध मन लिनेर (सफा दिलले) सुवर्णसहित गीताको पुस्तक विद्वान् ब्राह्मणलाई दिन्छ, तेस्ले फेरी यो दुःखमय संसारमा जन्म लिनुपर्दैन. (उत्तमगति पाउँदछ.)

शतपुस्तकदानं च गीतायाः प्रकरोति यः;
स याति ब्रह्मसदनं पुनरावृत्तिवर्जितम्. (७०)

जस्ले गीताका शय पुस्तक दान गर्दछ, त्यो मानिस जहाँ जानाले फेरी जन्ममरणको चक्करमा पर्नुपर्दैन, तेस्तो ब्रह्मको धाममा (मोक्षमा) पुग्दछ.

गीतादानप्रभावेण सप्तकल्पमिताः समाः;
विष्णुलोकमवाप्याऽन्ते विष्णुना सह मोदते. (७१)

गीतादान गर्ने मानिस गीतादानको प्रभावले सात कल्प (सातोटा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ब्रह्मा बदलिने काल) सम्म विष्णुलोकमा रहन पायेर आखीरमा चिदानन्दरूप विष्णुमा नै लीन हुन पाउँदछ.

सम्यक् श्रुत्वा च गीतार्थं पुस्तकं यः प्रदापयेत्;
तस्मै प्रीतोऽस्मि भगवान् ददामि मनसेप्सितम्. (७२)

जस्ले गीताको अर्थ राम्ररी सुनेर गीतापुस्तकको दान गर्दछ, तेस्का उपर भगवान् (परमात्मस्वरूप) म बहुतै खूस हुन्छु र तेस्का मनले चितायेबमोजीमका कुरा पूर्ण गरिदिन्छु.

देहं मानुषमाश्रित्य चातुर्वर्ण्येषु भारत !
न श्रृणोति न पठति गीताममृतरूपिणीम्. (७३)
हस्तात्त्यक्त्वाऽमृतं प्राप्तं स नरो विषमश्नुते;
पीत्वा गीतामृतं लोके लब्ध्वा मोक्षं सुखी भवेत्. (७४)

हे अर्जुन ! ब्राह्मणादि गरियेका ४ वर्णमा जन्मी मनुष्यचोला पायेर पनी जस्ले अमृतस्वरूपिणी (अजंमरी बनाउँने) गीता सुन्दैन, अथवा पठन-पाठन पनी गर्दैन (पढ्दैन) त्यो मानिस हातमा परेको अमृत फ्याँकेर विषै खाने सरह हुन्छ. किन भने यस लोकमा गीतामृत पान गर्नाले अन्त्यमा मोक्ष पायेर चिदानन्दसुखको भोग गर्ने हुन पाइन्छ.

जनैः संसारदुःखार्तैर्गीताज्ञानं च यैः श्रुतम्;
संप्राप्तममृतं तैश्च गतास्ते सदनं हरेः. (७५)

संसाररूपी महादुःखले आकुल-व्याकुल भयेका जुन-जुन मानिसहरुले यो गीताको ज्ञान सुने, ती सबैले परमात्माको धाममा पुगी अजंमरी पायेका छन्. (परमात्माका स्वरूपमा मिलेका छन्).

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गीतामाश्रित्य बहवो भूभुजो जनकादयः;
निर्धूतकल्मषा लोके गतास्ते परमं पदम्. (७६)

गीताकै आश्रय (सेवा) गरेर जनक, निमि आदि गरियेका धेरै राजाहरु पनी निष्पाप भयेर (कर्मबन्धनबाट छुट्काश पायेर) परमपद (मुक्ति) मा पुग्न पायेका हुन्.

गीतासु न विशेषोऽस्ति जनेषूच्चावचेषु च;
ज्ञानमेव समग्रेषु समा ब्रह्मस्वरूपिणी. (७७)

गीता पढ्नलाई सानु-ठुलो जात कसैमा पनी विशेष गरी छुट्याईदैन, किनभने-ब्रह्मस्वरूपिणी गीता सबैमा ज्ञान दिनलाई समानै छन्.

योऽभ्यसूयति गीतां च निन्दां वा प्रकरोति च;
प्राप्नोति नरकं घोरं यावदाभूतसंप्लवम्. (७८)

जस्ले गीतालाई असूया गर्दछ (गुणमा दोष दियेर तुच्छ संझी हेलाँ गर्दछ) अथवा निन्दा गर्दछ, त्यो मानिस प्रलयकाल-पर्यन्त घोर डर लाग्दो नरकमा पर्दछ.

अहंकारेण मूढात्मा गीतार्थं नैव मन्यते;
कुंभीपाके स पच्येत यावत्कल्पलयो भवेत्. (७९)

जस्ले अहङ्कारीपना लियेर गीताको अर्थलाई मान्दैन (गीताले भनेका कुराको वास्ता राख्दैन) त्यो मूढ मानिस ब्रह्माजीको आयु भर कुंभीपाक नाम गरेको नरकमा पाकी रहन्छ.

गीतार्थं वाच्यमानं यो न श्रृणोति समीपतः;
श्वशूकरभवां योनिमनेकां सोऽधिगच्छति. (८०)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जुन मानिस नगीचैमा गीताको अर्थ भन्न लागेको भये पनी वास्ता न गरी सुन्दैन, तेस्ले मरेपछी अनेकौं कुक्कुरजुनी र सुँघुरका जुनी पाउँदछ.

चौर्यं कृत्वा च गीतायाः पुस्तकं यः समानयेत्;
न तस्य स्यात्फलं किञ्चित्पठनं च वृथा भवेत्. (८१)

जो गीताको पुस्तक चोरी ल्यायेर तेसमा पाठ गर्दछ, तेस्ले पाठ गरेको फल पाउँदैन, त्यो पाठ गर्नु व्यर्थ हुन्छ.

गीतां श्रुत्वा च गीतार्थं मोदते न समादरात्;
नैवाऽऽप्नोति फलं लोके प्रमादाच्च वृथा श्रमम्. (८२)

जुन पुरुष गीता सुनेर पनी गीताको अर्थमा (भनाइमा) ठुलो आदर राखी रमाउँदैन, तेस्ले त्यो सुनेको फल यस लोकमा पाउँदैन। तेस्को बेहोसीपनाले गर्दा त्यो सुन्नु व्यर्थैको परिश्रम हुन्छ.

गीतां श्रुत्वा हिरण्यं च पट्टांबरप्रवेष्टनम्;
निवेदयेच्च तद्वेष्ट्य प्रीतये परमात्मनः. (८३)

गीता सुनी सके पछी सुवर्ण राखी रेशमी कपडाले राम्ररी बाँधी वरी 'परमात्मप्रीतये' (परमेश्वरलाई खुस गराउँनाका निमित्त) भनी त्यो गीतापुस्तक वाचकलाई दिनू.

वाचकं पूजयेद्भक्त्या द्रव्यवस्त्राद्युपस्करैः;
अन्नैर्बहुविधैः प्रीत्या तुष्यतां भगवानिति. (८४)

'भगवान् परमेश्वर खुस हुन्' भन्ने बुद्धि लिई प्रेम भक्तिपूर्वक नानाप्रकारका द्रव्य-वस्त्र-अलंकार-अन्नहरु दियेर गीतापाठ गरी सुनाउँने (वक्ता) लाई संमान गरोस.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सूत उवाच–

माहात्म्यमेतद्गीतायाः कृष्णप्रोक्तं सनातनम्;
गीतान्ते पठते यस्तु यथोक्तं फलमाप्नुयात्. (८५)

श्रीकृष्ण भगवान्‌ले बताउँनुभयेको यो सनातन गीताको माहात्म्य जस्ले गीतापाठको नगीचमा अर्थात् आदिमा र अन्त्यमा पाठ गर्दछ, तेस्ले यस्मा कहियेको फल पाउँनेछ.

गीतायाः पठनं कृत्वा माहात्म्यं नैव यः पठेत्;
वृथा पाठफलं तस्य श्रम एव हि केवलम्. (८६)

गीताको पाठ गरेर जस्ले गीताको माहात्म्य पाठ गर्दैन (गीताका महिमाको पाठ पढ्दैन) तेस्को पाठरूउ व्यर्थ हुन्छ. तेस्ले नाहकमा दुःख मात्र पाउँदछ (अर्थात्–गीताका विषयमा अतिशय श्रद्धा पैदा गरायेर तेस द्वारा गीताको यथोक्त फल दिलाउँने यो माहात्म्य नपढे फगत गीताबाट यथोक्त श्रद्धा नहुनाले यथोक्त फल हुँदैन. माहात्म्यबाट पूर्ण श्रद्धाको उदय हुने हुनाले माहात्म्यको पाठ बहुत उपकारी छ.)

एतन्माहात्म्यसंयुक्तं गीतापाठं करोति यः;
श्रद्धया यः श्रृणोत्येव दुर्लभां गतिमाप्नुयात्. (८७)

जस्ले माहात्म्य–सहित गीताको श्रद्धापूर्वक पाठ गर्दछ, अथवा सुन्दछ, तेस पुरुषले दुर्लभ गति (मुक्ति) पाउँदछ.

श्रुत्वा पठित्वा गीतां च माहात्म्यं यः शृणोति वै;
तस्य पुण्यफलं लोके भवेद्धि मनसेप्सितम्. (८८)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जो गीता सुनेर अथवा पढेर माहात्म्य पनी सुन्ने पढ्ने गर्दछ, तेस्ले यसै लोकमा मनले चितायेका पुण्य-फल पाउँदछ.

इति श्रीमद्वाराहपुराणे सूतशौनकसंवादे श्रीकृष्णप्रोक्तं
श्रीमद्भगवद्गीता-माहात्म्यं
संपूर्णम् ।

श्रीमद्वाराहपुराणको सूतशौनकसंवादमा श्रीकृष्णबाट
वर्णन गर्नुभयेको श्रीमद्भगवद्गीतामाहात्म्य
नेपाली कोमलटीका-सहित
समाप्त ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्रीः

संग्रहबाट-

गीताध्यान-पुष्पाञ्जलिः ।

(कोमलटीकासहित.)

पार्थाय प्रतिबोधितां भगवता नारायणेन स्वयं
व्यासेन ग्रथितां पुराणमुनिना मध्ये-महाभारते;
अद्वैतामृतवर्षिणीं भगवतीमष्टादशाध्यायिनी–
मम्ब ! त्वामनुसन्दधामि भगवद्गीते ! भवद्वेषिणीम्. १

साक्षात् भगवान् नारायण श्रीकृष्णबाट महाभारत-संग्रामका समयमा अर्जुनलाई बोध गराइयेकी (बताइयेकी), पुराणमुनि श्रीवेदव्यासजीले संग्रह गरी पुस्तकरूपमा लेखियेकी, अद्वैतरूप अमृत (ब्रह्म) को वर्षा गर्ने भयेकी, षडैश्वर्यले परिपूर्ण र अट्ठार अध्यायहरुले युक्त भयेकी, संसारलाई द्वेष गर्ने (कर्मबन्धनहरुलाई नाश गरेर अजंमरी बनाउँने) हे आमा, भगवद्गीता ! हजूरलाई हृदयमा धारण गरिरहन्छु.

नमोऽस्तु ते व्यास ! विशालबुद्धे !
फुल्लारविन्दायतपत्रनेत्र !
येन त्वया भारततैलपूर्णः
प्रज्ज्वालितो ज्ञानमयः प्रदीपः. (२)

हे कमलनयन, अपारबुद्धि भयेका, वेदव्यास ! तपाईंलाई नमस्कार छ. जुन तपाईंले भारतकथारूपी तेलले भरिभराऊ भयेको (चहकिलो भयेको), ज्ञानरूपी, दीपज्योति (बत्ती) यती राम्रो तवर सँग बालि-दिनुभयो.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रपन्नपारिजाताय तोत्रवेत्रैकपाणये;
ज्ञानमुद्राय कृष्णाय गीतामृतदुहे नमः. (३)

शरण पर्नेहरुका उपर कल्पवृक्षस्वरूप (जे चितायो उही दिन सक्ने), बेतको छडी हातमा लियेका, गीतारूप अमृतलाई दुहुने, ज्ञानमुद्रा (अभय मुद्रा) ले युक्त भयेका, श्रीकृष्णलाई नमस्कार छ.

सर्वोपनिषदो गावो दोग्धा गोपालनन्दनः;
पार्थो बत्सः सुधीर्भोक्ता दुग्धं गीतामृतं महत्. (४)

किनभने—सारा वेद-उपनिषत्हरु गाई हुन्, ती गाईरूपी उपनिषत्हरुलाई दुहुने (गोठालो) गोपालका पुत्र भगवान् श्रीकृष्ण हुन्, गाईलाई पघार्ने बाच्छोस्वरूप अर्जुन हुन्; सर्वश्रेष्ठ भयेको गीतारूप अमृत दुध हो, तेस दुधको स्वाद लिने बुद्धिमान् पुरुष हो.

वसुदेवसुतं देवं कंसचाणूरमर्दनम्;
देवकीपरमानन्दं कृष्णं वन्दे जगद्गुरुम्. (५)

वसुदेवका पुत्र, देवतारूप, कंस र चाणूर नाम गरेका राक्षसीप्रकृतिहरु-लाई मर्दन गर्ने (निमोठ नामोठ पार्ने) माता देवकीलाई ठुलो आनन्द दिलाउँने, जगतैका गुरु श्रीकृष्णलाई नमस्कार गर्दछु.

भीष्मद्रोणतटा, जयद्रथजला, गान्धारनीलोत्पला,
शल्यग्राहवती, कृपेण वहनी, कर्णेन बेलाकुला;
अश्वत्थामविकर्ण-घोरमकरा, दुर्योधनावार्तिनी,
सोत्तीर्णा खलु पाण्डवै रणनदी कैवर्तकः केशवः(६)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भीष्मपितामह र द्रोणाचार्यरूपी दुई तर्फका किनारा भयेकी, जयद्रथ राजारूपी पानीले भरिभराऊ भयेकी, शकुनीरूपी नीलकमलले युक्त भयेकी, शल्य राजारूपी ग्राह (गोही) भयेकी, कृपाचार्यरूपी बहना भयेकी, कर्णरूपी उमाउँदै आउँने छाल भयेकी, महाराज दुर्योधनरूपी गहीरो भयंकर भुमरीले युक्त भयेकी, महाभारतरूपी रणनदी थिइन्, नदी तार्ने सिपालु माझी जस्तो केशव (भगवान् श्रीकृष्ण) हुनुहुन्थ्यो, वहाँकै सहायता पायेर पञ्चपाण्डव हरुले तेस्ती भयंकर रणनदी पनी सहजै सँग तरेर पार गरे.

पाराशर्यवचःसरोजममलं गीतार्थगन्धोत्कटं,
नानाख्यानककेसरं हरिकथासम्बोधनाबोधितम्;
लोके सज्जनषट्पदैरहरहः पेपीयमानं मुदा,
भूयाद्भारतपङ्कजं कलिमलप्रध्वंसि नः श्रेयसे. (७)

श्रीवेदव्यासको वचनरूपी तलाउमा उब्जेको, बहुतै सफा, गीताको अर्थरूपी बढिया सुवासनाले युक्त (चाख लाग्ने), नाना प्रकारका इतिहास–कथारूपी केसर भयेको, हरिका कथारूपी सूर्य–किरणले प्रफुल्ल गराइयेको, यस लोकमा सज्जनरूपी भमराहरुले वारंवार खुसी हुँदै पान गरियेको (पढियेको), कलिरूपी मललाई नाश गर्न समर्थ भयेको, भारतरूपी कमल हामीहरुको कल्याणका निमित्त होस. अर्थात्–हामीहरु भारतको पठन-पाठन गरेर तेसमा कहियेका गीता इत्यादि विषयहरुबाट सार लिन सक्ने होऊँ.

मूकं करोति वाचालं पंगुं लंघयते गिरिम्;
यत्कृपा तमहं वन्दे परमानन्दमाधवम्. (८)

जुन परमात्माका अनुग्रहले लाटोलाई बोलाकी गराउँछ र लङ्डोलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पनी पहाड नाघ्न सक्ने गराउँदछ, तेस्ता परम दयालु, परमान्द (ब्रह्म) रूप, लक्ष्मीका पति (विष्णु) लाई म नमस्कार गर्दछु.

सशंखचक्रं सकिरीटकुण्डलं
सपीतवस्त्रं सरसीरुहेक्षणम्;
सहारबक्षःस्थलकौस्तुभश्रियं
नमामि विष्णुं शिरसा चतुर्भुजम्. (९)

शंख-चक्र हातमा लियेका, माथमा किरीट र कानमा कुण्डल लायेका, पीताम्बर पैहेका, कमलका पत्र जस्तै लामालामा नजर (कोस) भयेका, माला लायेको वंक्षःस्थलमा कौस्तुभ मणिको शोभा झल्काई रहेका, चतुर्बाहु विष्णुलाई शिर झुकायेर नमस्कार गर्दछु.

वंशीविभूषितकरान्नवनीरदाभात्
पीताम्बरादरुणबिम्वफलाधरोष्ठात्;
पूर्णेन्दुसुन्दरमुखादरविन्दनेत्रात्
कृष्णात्परं किमपि तत्वमहं न जाने. (१०)

बाँसुरी हातमा लियेका, नीरमणिको जस्तो कान्ति भयेका, पीताम्बर पैहेका, पाकेको गोलकाँक्री झैं लाल ओठ भयेका, पूर्ण-चन्द्र झैं सुन्दर मुख भयेका, नीलकमल जस्ता नजर भयेका, परमात्मा श्रीकृष्ण भन्दा अर्को कुनै परं तत्व म जान्दिन.

त्वमेव माता च पिता त्वमेव
त्वमेव बन्धुश्च सखा त्वमेव;
त्वमेव विद्या द्रविणं त्वमेव
त्वमेव सर्वं मम देवदेव ! (११)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हे देवदेव ! आमा तपाईं नै, पिता तपाईं नै, बन्धुवर्ग तपाईं नै, सँगी तपाईं नै, विद्या तपाईं नै, धन-संपत्ति तपाईं नै, अथवा मेरो जो कुछ छ त्यो सब तपाईं नै हुनुहुन्छ. तपाईं बाहेक अरु मेरो केही पनी छँदछैन.

यं ब्रह्मावरुणेन्द्ररुद्रमरुतस्स्तुन्वन्ति दिव्यैस्स्तवै-
र्वेदैः साङ्गपदक्रमोपनिषदैर्गायन्ति यं सामगाः;
ध्यानावस्थिततद्गतेन मनसा पश्यन्ति यं योगिनो
यस्याऽन्तं न विदुःसुरासुरगणा देवाय तस्मै नमः.१२

ब्रह्मा (सृष्टि गर्ने देवता), वरुण (जलका देवता), इन्द्र (प्रजापालन गर्ने देवता-राजा), रुद्र (संहारका देवता), मरुत् (प्राणका देवता), इनीहरु आफ्ना-आफ्ना दिव्यस्तुतिहरुले जस्लाई स्तुति गर्दछन् (जस्को आज्ञा बमोजीमको कामरूपी निरन्तर स्तोत्रपाठले जस्का अलौकिक शक्तिको तारीफ त्यही कामबाटै गरि रहेका छन्), सामवेद गाउँनेहरु अङ्ग पद-क्रम-उपनिषद-हरुले सहित भयेका चारै वेदहरुले जस्का महिमाको गान गर्दछन् (वेदहरुले गान गरिने पनी तपाईंकै अलौकिक सामर्थ्य हो), योगीहरु ध्यानमा रहेर एकाग्र मनले विचार गर्दा जस्लाई जहाँतहीं व्याप्त भयेर रहेको देख्दछन् (सर्वव्यापी तपाईं नै हुनुहुन्छ), देवगण वा दैत्यगण कसैले पनी जस्को अन्त्यै पाउँन सकेनन् अथवा देवदानवहरुले जस्को अन्त (नाश-मरण) भन्ने कुरा कहिल्यै थाह पायेनन् (तपाईं अव्यय हुनुहुन्छ), तेस्ता अविनाशी देव (परमात्मा) लाई नमस्कार छ.

या सूक्तिरूपेण जगत्त्रयीणा-
मालोकयात्राविधये प्रवृत्ता;
सा भूरितृष्णातरलीकृतानां
गीतेश्वरी नृत्यतु चित्-त-रङ्गे. (१३)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जो बहुतै राम्रो बोली-रूप लियेर अथवा बोली-द्वारा नै तीनलोक (स्वर्ग-मर्त्य-पाताल) को दर्शन गराउँन र खासै सैर गराउँनाका निमित्त पनी प्रवृत्त भयेकी छन्; (तत्पर रहेकी छन्) परमात्माकी शक्तिरूप सर्वेश्वरी उनै गीताजी नै, सांसारिकदेखी पारमार्थिक अनेक कामनाले (डाँवाडोल) गराइयेका हामी सबै जनहरुका चित्तरूपी नाचघरमा अथवा चित्‌रूपी लहरीमा पनी नाचुन्. अर्थात्-गीताको सेवाले ऐहिक र पारलौकिक सबै कुरा पाउँन सकिन्छ, यस कारण हामी सबैले तन मन दिई गीताजीको राम्ररी पठन-पाठन र मनन पनी गरौं.

गीताध्यानपुष्पाञ्जलि
समाप्त.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्रीः

गीताका हरएक योग अध्यायका श्लोकहरुबाट विषयविभाग.

अर्जुनविषादयोग–अध्याय १ (पृष्ठ १–२०)

श्लोक.		श्लोक.	
१–	महाराज धृतराष्ट्रको प्रश्न.	२८–३०	अर्जुनको खेद (शरीरमा असर)
२-६	पाण्डवसैन्यवर्णन.	३१–	खेदको मनमा असर.
७-९	कौरवसैन्यवर्णन.	३२–३७	स्वजनहरुको मोह.
१०–	दुवै सेनाहरुको तुलना.	३८–३९	कुलक्षय र मित्रद्रोह.
११–	फौजहरुमादुर्योधनकोआज्ञा	४०–४४	कुलक्षयको परिणाम.
१२–१९	युद्धप्रारंभको शंखध्वनि.	४५-४६	युद्ध नगर्नाको निश्चय.
२०–२७	अर्जुनबाट सेनानिरीक्षण.	४७–	अर्जुनको धनुर्बाणत्याग.

सांख्ययोग–अध्याय २ (पृष्ठ २१–५६)

१–३	कृष्णबाट नीचकर्मत्यागको उपदेश.	१६–१७	आत्माको अशोच्यत्वसमर्थन.
		१८–१९	नित्य आत्माका अनित्यदेह.
४–८	अर्जुनको उत्तर शरणमा पर्नू.	२०–२१	पुराण पुरुष.
९–१०	युद्ध नगर्नामा दृढनिश्चय.	२२–	आत्माको देहान्तर ग्रहण.
११–	आत्माको अशोच्यत्व.	२३–२५	आत्माको अविनाशिता.
१२–	हामी सबै सनातनी हूँ.	२६–२७	आत्माकाअनित्यत्वपक्षको उत्तर
१३–	पुनर्जन्म.	२८–	सांख्यमतले प्राणीकोअशोच्यत्व
१४–१५	अमर बनाको सामर्थ्य.	२९–३०	आश्चर्यपूर्ण अमर आत्मा.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्लोक.

३१–३८ क्षत्रिका धर्मबाट युद्ध नै श्रेय.
३९– योगको विवेचना.
४०– बुद्धियोगकोथोरैकर्मठुलोश्रेय
४१– व्यवसायात्मकबुद्धिकोस्थिरता
४२–४४ कर्मकाण्डीका अस्थिर बुद्धि.
४५–४६ स्थिर र योगस्थबुद्धिले कर्म गर्नू.
४७– कर्मयोगका चार सूत्र.

श्लोक.

४८–५० कर्मयोगलक्षण र बुद्धिको श्रेष्ठता.
५१–५३ कर्मयोगबाट मोक्षप्राप्ति.
५४–६८ स्थितप्रज्ञका लक्षण.
६२–६३ विषयहरुको चिन्तनलेसर्वनाश
६६– असंयमीको घोर दुःख.
६९– मुनिको जागृती र निद्रा.
७०–७२ ब्राह्मी स्थिति.

कर्मयोग–अध्याय ३ (पृष्ठ ५७–७६)

१–२ कर्म गर्नू वा न गर्नू ?
३–४ उन्नतिका दुई बाटा.
५– प्रकृतिधर्मबाट कर्मकोश्रेष्ठता.
६– मिथ्याचारी (ढोंगी)
७–८ अनासक्ति कर्मयोग.
९–१६ आसक्ति छोडी यज्ञचक्र चलाउनू.
१७–१९ ज्ञानीले पनी निष्कामले कर्म गर्नू.
२०–२४ लोकसंग्रहको निमित्त कर्म.
२५–२६ अज्ञानीमा सदाचार शिक्षा.
२७–२९ मूढ र तत्वज्ञको चालचलन.
३०– ईश्वरार्पणबुद्धिले कर्म.
३१–३२ पूर्वोक्त कर्मगर्ने र नगर्नेकाफल.
३३–३४ प्रकृति-स्वभाव नै जबर्दस्ती छ.
३५– अरु भन्दा स्वधर्म नै श्रेष्ठ छ.
३६– पापमा लगाउँने को हो ?
३७–४० पापप्रवृत्तिको कारण.
४१– इन्द्रियहरु रोकी कामनालाई मार्नू.
४२– इन्द्रियका श्रेष्ठताको क्रम.
४३– आत्मज्ञान द्वारा इन्द्रियको रोकावट.

ज्ञान-कर्म-संन्यासयोग–अध्याय ४ (पृष्ठ ७७–९६)

१–३ कर्मयोगको परंपरा.
४–८ ईश्वरको आफ्नै मायालेजन्म.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्लोक.

९–१०तत्व जान्नाले ईश्वरप्राप्ति.
११–१२अरु रीतले देवतताको उपासना.
१३–१५तत्व जान्नाले कर्मबन्धनको नाश.
१६–२३कर्म, अकर्म र विकर्मको भेद.

श्लोक.

२४–३३ धेरै यज्ञ र ज्ञानयोगको श्रेष्ठता
४४–३७ ज्ञान सिक्नू र पापपुण्यको नाश.
३८–४० ज्ञान-प्राप्तिका उपाय.
४१–४२ दुवै योगको आश्रयबाट युद्धोपदेश.

ज्ञान-संन्यास-योग–अध्याय ५ (पृष्ठ ९७–११०)

१–२ संन्यास भन्दा कर्मयोग श्रेष्ठ.
३–६ तत्वबाट दुवै योगकोएकत्व.
७–१३इन्द्रिय कर्म गर्छन्, योगी छुट्ट छ.
१४–१५कर्ता प्रकृति हो अत्मा होइन
१६–१७ अज्ञान हटे पछी पुनर्जन्म हुन्न.
१८–२३ समदर्शीका बुद्धिको वर्णन.
२४–२८ कर्म गरे पनी कर्मयोगी मुक्तछ.
२९– ईश्वरलाई नै सब संज्ञनाको फल.

ध्यानयोग–अध्याय ६ (पृष्ठ १११–१३२)

१–२ फलशा छोडी कर्म गर्ने नै संन्यासी हो.
३–४ शम र कर्मकोकार्यकारणभाव
५–६ योगसिद्धिमा आफ्नू स्वतन्त्रता.
७ ९ समबुद्धिको श्रेष्ठता.
१०–१७योगसाधन कसरी गर्नू ?
१८–२३आत्यन्तिक सुखको वर्णन.
२४–२६ मनलाई कसरी रोक्नू ?
२७–२८ योगी नै ब्रह्मरूप छ.
२९–३२ योगीको आत्मौपम्य बुद्धि.
३३–३६ अभ्यास र वैराग्यले मन रोक्नुपर्छ.
३७–४५ योगभ्रष्टको धेरै जन्ममा सिद्धि.
४६–४७ सब भन्दा कर्मयोगी श्रेष्ठ छ.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ज्ञान-विज्ञानयोग—अध्याय ७ (पृष्ठ १३३–१४६)

श्लोक.

१–३ ज्ञान-विज्ञान जान्नाको आवश्यक.

४–७ आत्माकादुईप्रकृतिबाटसंसार

८–१२ आत्माबाट हुने सात्विकादि भाव.

१३–१५ आत्माकै शरणले मायाबाट छुट्कारा.

श्लोक.

१६–१९ चार भक्तमा ज्ञानी श्रेष्ठ छ.

२०–२३ सब फल आत्मानै दिन्छ.

२४–२८ माया हटेमा आत्मस्वरूप जानिन्छ.

२९–३० ब्रह्म जान्नाले अन्त्यमा ज्ञानसिद्धि.

अक्षरब्रह्मयोग—अध्याय ८ (पृष्ठ १४७–१६०)

१–४ ब्रह्म आदि प्रश्नको उत्तर.

५–८ अन्त्यकालमा जे संझ्यो उही हुन्छ.

९–१३ ॐकाररूप ब्रह्मको स्मरण

१४–१६ ब्रह्माकालोकतक अनित्यगति

१७–१९ ब्रह्मका दिनमासृष्टि रातमालय

२०–२२ भक्तिले अव्यक्ततत्वको ज्ञान.

२३–२६ शुक्ल र कृष्ण मार्ग.

२६–२८ दुई मार्गको तत्व जानी कर्म गर्नू.

राजविद्या-राजगुह्ययोग—अध्याय ९ (पृष्ठ १६१-१७६)

१–३ ज्ञानविज्ञान भक्ति मार्ग राजमार्ग हो.

४-६ आत्माको योगसामर्थ्य.

७-१० मायाबाट सृष्टि-स्थिति-लय.

११–१२ ईश्वरनिन्दा गर्ने आसुरी प्रकृतिका.

१३–१५ ज्ञानयज्ञलेभज्नेदैवीप्रकृतिका

१६-१९ ईश्वर सर्वत्र छ.

२०–२१ यज्ञका स्वर्गादिफलअनित्यछन्

२२– भक्तिबाट सब हुन्छ.

२३–२५ भावनानुसार देवता र फल.

२६– भक्तिले जे अर्प्यो, उस्मा ईश्वर खुस.

२७–२८ सब कर्म ईश्वरार्पण गर्नू.

२९–३३ भक्त जती सबैको एकै गति.

३४– ईश्वरार्पण कर्मयोगको उपदेश.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विभूतियोग--अध्याय १० (पृष्ठ १७७--१९४)

श्लोक.		श्लोक.	
१–३	देवता, ऋषि सबको आदि ब्रह्म हो.	१२–१८	अर्जुनको बिभूति, योगमा प्रश्न.
४–६	बुद्धि आदि र प्रजा ईश्वरबाटै हुन्छन्.	१९–४०	कृष्णबाट मुख्य-मुख्य विभूति वर्णन.
७–११	भक्तमा योगसिद्धि.	४१–४२	सबैमा मेरो एक एक अंश छ.

विश्वरूपदर्शनयोग--अध्याय ११ (पृष्ठ १९५--२२६)

१–४	विभूति देख्न अर्जुनकोइच्छा	३२–३४	मैलेमारें तिमीनिमित्तमात्रहोऊ
५–८	विश्वरूप हेर्न कृष्णबाट दिव्यदृष्टि दान.	३५–४६	फेरी अर्जुनको स्तुति र प्रार्थना
		४७–५१	भक्तिले मात्र विश्वरूप देखिन्छ
९–१४	सञ्जयकृत विश्वरूप-वर्णन.	५२–५४	देवता पनी विश्वरूप देख्न चाहन्छन्.
१५–३१	भयभीत अर्जुनको विश्वरूप स्तुति.	५५–	सबको सार अन्तिम उपदेश.

भक्तियोग–अध्याय १२ (पृष्ठ २२७–२३६)

१–	व्यक्त अव्यक्त कुनको उपासना श्रेष्ठ ?	९–१२	अभ्यासादिमा कर्मफलत्याग श्रेष्ठ.
२–८	दुईमा व्यक्तोपासना सुलभछ	१३–२०	भक्तका स्थिति र भगवान्का प्यारा.

क्षेत्र-क्षेत्रज्ञ-विचारयोग--अध्याय १३ (पृष्ठ २३७--२५२)

१–२	क्षेत्र-क्षेत्रज्ञ-व्याख्या र तिनको ज्ञान.	३–४	यस्को वेद ब्रह्मसूत्रबाट विचार
		५–६	क्षेत्रस्वरूपको लक्षण.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्लोक.		श्लोक.	
७–११	ज्ञानको लक्षण र त्यो भिन्न अज्ञान.	२२–२३	प्रकृति-पुरुष-ज्ञानले जन्म हुन्न
१२–१७	ज्ञेयका स्वरूपको लक्षण.	२४–२५	आत्मज्ञानका मार्ग.
१८–	यो सब जान्नाको फल.	२६–२८	परमेश्वर प्रयत्नले पाइन्छ.
१९–२१	प्रकृति र पुरुषको विवेक.	२९–३३	प्रकृति र आत्माचिह्नीब्रह्मप्राप्ति
		३४–	क्षेत्र-क्षेत्रज्ञ जान्नाको फल.

गुणत्रयविभागयोग–अध्याय १४ (पृष्ठ २५३-२६४)

१–२	प्राणिवैचित्र्यको गुणभेदबाट विचार.	१०–१३	दुईलाईदबाईएकगुणकोवृद्धि.
३–४	साराकोपिता आत्मा, आमा प्रकृति.	१४–१८	गुणवृद्धि अनुसार फल र गति.
५–९	प्राणीमा सत्व–रज–तमका परिणाम.	१९–२०	त्रिगुणातीत भई मोक्षप्राप्ति.
		२१–२५	त्रिगुणातीतको लक्षण र आचार.
		२६–२७	एकत्वभक्तिले परमात्मप्राप्ति.

पुरुषोत्तमयोग–अध्याय १५ (पृष्ठ २६५–२७६)

१–	ब्रह्मवृक्षको वेदोक्त-वर्णन.	१२–१५	परमात्माको सर्वव्यापकता.
२–	ब्रह्मवृक्षको सांख्योक्त-वर्णन.	१६–१८	क्षर, अक्षर र पुरुषोत्तम.
३–६	असङ्गले संसारकाटीब्रह्मखोज्नू.	१९–२०	यो बुझी सर्वज्ञ र कृतकृत्य हुन्छ.
७–११	जीबरदेहकोसंबन्धज्ञानीजान्दछ.		

दैवासुरसंपद्विभागयोग–अध्याय १६ (पृष्ठ २७७-२८९)

१–३	दैवी संपत्तिका २६ गुण.	२१–२२	नरकका ढोका काम क्रोध-लोभ हुन्.
४–	आसुरी संपत्का लक्षण.	२३–२४	शास्त्रबाट कार्याकार्य जानी कर्म गर्नू.
५–	दैवी र आसुरी संपत्का फल.		
६–२०	आसुरको वर्णन र अधोगति		

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गुणत्रयविभागयोग–अध्याय १७ (पृष्ठ २८९--३००)

श्लोक.

१–४ तीन श्रद्धा र श्रद्धानुसार पुरुष
५–६ इनीहरुभन्दा बाहेकका आसुर
७–१० सात्विक राजस तामस आहार
११–१३ तीन प्रकारका यज्ञ.
१४–१६ तपका तीन भेद.
१७-१९ सात्विकादि-भेदले सब तीनै प्रकार.
२०–२२ सात्विकादि तीनप्रकारकादान
२३-२७ 'ॐतत्-सत्' ब्रह्मनिर्देश.
२८– 'असत्' दुवैलोकमा निष्फलछ

मोक्षसंन्यासयोग--अध्याय १८ (पृष्ठ ३०१--३३४)

१–२ संन्यास र त्यागको कर्मयोगी व्याख्या.
३–६ कर्म छोड्नु र न छोड्नुको निर्णय.
७-९ कर्मत्यागका सात्विकादि तीन भेद.
१०–११ कर्मफलत्यागी नै सात्विक 'त्यागी' हो.
१२– कर्मफलले त्यागी बाँधिदैनन्.
१३–१५ कुनै कर्महुँदा पनी पाँचकारण
१६–१७ अहंकार छुटी कर्म गरे पनी निर्लेप.
१८–१९ कर्मचोदना र संग्रहका लक्षण भेद.
२०–२२ गुणभेदले ज्ञानका तीन भेद.
२३–२५ भावभेदले कर्मका तीन भेद.
२६–२८ कामअनुसार कर्ताका तीन भेद
२९–३२ बुद्धिका तीन भेद.
३३–३५ धृतिका तीन भेद.
३६–३९ सुखका तीन भेद.
४०– गुणभेदले सारा जगत्को तीन भेद.
४१–४४ गुणभेदले ब्राह्मणादि ४ जातका कर्म.
४५–४६ स्वकर्माचरणबाट परमसिद्धि
४७–४९ दोषीभयेपनीस्वधर्मअत्याज्यछ
५०–५६ सारा कर्म गरी सिद्धि हुने निरूपण.
५७–५८ अर्जुनलाईकर्ममार्गकोउपदेश
५९–६० अहंकारी न बन, प्रकृति नै सब गर्छ.
६१–६२ ईश्वरकै शरणपर, शान्तिमिल्छ.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

६३- योरहस्य कुरासंझी जेगर्छौंगर
६४–६६ ईश्वरकै शरणले पापबाट छुट्कारा.
६७–६९ कर्मयोगको परंपराचलाईश्रेय
७०–७१ गीतापाठकोफल र माहात्म्य.
७२- अर्जुनलाई कर्तव्य गर्नामा चेतावनी.
७३- कर्तव्य संझेर अर्जुनको तैयारी.
७४–७८ गीताको सञ्जयकृत उपसंहार.

इति विषयविभाग.

——<>——

चित्रसूची–

गीतोपदेशक भगवान् श्रीकृष्ण (टाइटिल)
जगद्गुरु श्रीकृष्ण (गीतामाहात्म्यसार अगाडी)

पृष्ठ

१–धृतराष्ट्र र सञ्जय.
१२–अर्जुनको मोह.
२१–मोहनाशक श्रीकृष्ण.
३२–आत्माको वर्णन
५७-धर्मोपदेशक भगवान्.
७३–ज्ञान ढाक्ने कामनाका दृष्टान्त.
७७-धर्मरक्षक भगवान्को अवतार.
९७-मुरलीमोहन.
१०४-समदर्शी पुरुष.
११६–योगसाधनको स्थिति.
१३४-भक्तका श्रेणी.
१४७-ॐकारस्मरणको फल.
१६१–भगवान्कोशरणलेसबकोउद्धार
१७२–भक्तिस्वीकारक भगवान्.
१७७-रामस्वरूपी भगवान्

पृष्ठ

१८५-भगवान्का विभूतिस्वरूप.
१८६–भगवान्का विभूति.
१९५-भगवान्को विराटस्वरूप.
२१३-सब गर्ने म हूँ, तिमी निमित्तबन.
२२१–भगवान् विष्णुरूपमा.
२२७-भक्तोद्धारक भगवान्.
२३४-भगवान्को भक्त.
२३७-भगवान् सूर्यरूपमा.
२५३-परमात्माको स्वरूप कस्तो छ ?
२६५-वेदवृक्ष.
२७२–अग्निस्वरूपी भगवान्.
२७७–नरकका ढोका.
२८९–भगवान् ब्रह्मारूपमा.
३०१–योगेश्वर श्रीकृष्ण.
३३१–अर्जुनको मोहनाश.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

धृतराष्ट्र र सञ्जय ।



धर्मक्षेत्रे कुरुक्षेत्रे समवेता युयुत्सवः । अ. ॥१॥
मामकाः पांडवाश्चैव किमकुर्वत संजय ॥१॥

धर्मस्थान, कुरुक्षेत्र बीच युद्धदृढाशय;
कुरु, पाण्डवले फेरी के गरे ? भन सञ्जय !

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ॐ

श्रीमद्भगवद्गीता.

कोमलगीता.

"नारायणं नमस्कृत्य नरं चैव नरोत्तमम्;
देवीं सरस्वतीं व्यासं ततो जयमुदीरयेत्;"

नेपालीले बुझौं कृष्ण ! गीताका धर्मको गति;
'गीता' 'कोमलगीता' को गान गर्छौं यथामति.

अर्जुनविषादयोग (१)

महाराज धृतराष्ट्रको प्रश्न-

धृतराष्ट्र उवाच-

धर्मक्षेत्रे कुरुक्षेत्रे समवेता युयुत्सवः;
मामकाः पाण्डवाश्चैव किमकुर्वत सञ्जय ! (१)

धर्मस्थान, कुरुक्षेत्र[1] बीच युद्ध-दृढाशय[2];
कुरु[3], पाँण्डवले[4] फेरी के गरे ? भन सञ्जय[5] !

---

(१) आजकाल 'पानिपत' भन्दछन्.
(२) युद्धमा अट्टल मन गरी सकेका.
(३) कुरुराजाका सन्तान कौरवहरु.
(४) पाण्डुराजाका सन्तान पञ्चपाण्डवहरु.
(५) महाराज धृतराष्ट्रका हजूरिया मन्त्री- जुन्ले व्यासबाट दिव्यदृष्टि पायेका थिये.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

महाराज धृतराष्ट्रले सोध्नुभयो—हे सञ्जय ! पुण्यभूमि कुरुक्षेत्रमा युद्धको इच्छाले जम्मा भयेका मेरा छोरा दुर्योधनादिले र पाण्डुका छोरा युधिष्ठिरादिले यस पछी के गरे.?

पाण्डवसैन्यवर्णन-

सञ्जय उवाच-

दृष्ट्वा तु पाण्डवानीकं व्यूढं दुर्योधनस्तदा;
आचार्यमुपसंगम्य राजा वचनमब्रवीत्. (२)

देखीं पाण्डवसेनाको बज्र(१)व्यूह महा-घन;
श्रीद्रोणाचार्यका साथ भन्नलागे सुयोधन(२).

सञ्जयले बिन्ती गरे—महाराज ! तेस वखत पाण्डवहरुको सैन्यलाई बज्राकार व्यूह रचना गरी तैयार भयेको देखेर, महाराज दुर्योधन द्रोणाचार्यको नगीच गई यस्तो कुरा भन्नलागे.

पश्यैतां पाण्डुपुत्राणामाचार्य ! महतीं चमूम्;
व्यूढां द्रुपदपुत्रेण तव शिष्येण धीमता. (३)

हेर्नुहोस्, गुरुकै शिष्य धीमान्(३) द्रुपद-पुत्रले(४);
यो ठूलो पाण्डवी(५) सेना हाँकियेको(६) प्रयत्नले(७).

हे आचार्य (गुरु)! पाण्डवहरुको यो ठूलो सैन्यलाई हेर्नुहोस्, जस्को व्यूह रचना हजूरका बुद्धिमान् शिष्य, द्रुपदका छोरा, धृष्टद्युम्नले गरियेको छ.

---

(१) बज्रको जस्तो आकार भयेको नरदुर्गं (किल्ला).
(२) महाराज दुर्योधन.
(३) बुद्धिमान्.
(४) धृष्टद्युम्नले.
(५) पाण्डवहरुको.
(६) काइदा माफिक चलाइयेको.
(७) कोशीश साथ.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अत्र शूरा महेष्वासा भीमार्जुनसमा युधि;
युयुधानो विराटश्च द्रुपदश्च महारथः (४)

यहाँ, महा-धनुर्धारी [1]भीमाऽर्जुन-बराबर;
महारथी श्रीद्रुपद, [2]युयुधान, विराट र,

यस सेनामा महा-धनुर्धारी, युद्धमा अर्जुन र भीमसेन जत्तिकै पराक्रमी, धेरै शूरवीरहरु छन्, जस्तै युयुधान (सात्यकि), विराट राजा र महारथी महाराज द्रुपद.

धृष्टकेतुश्चेकितानः काशीराजश्च वीर्यवान्;
पुरुजित्कुन्तिभोजश्च शैब्यश्च नरपुङ्गवः (५)

[3]धृष्टकेतु, [4]चेकितान, काशीराज पराक्रमी;
[5]कुन्तिभोज, नरश्रेष्ठ [6]श्रीशैब्य, पुरुजित् अनी.

अनी धृष्टकेतु, चेकितान तेस्तै पराक्रमी काशीराज, पुरुजित्, कुन्तिभोज र मनुष्यहरुमा श्रेष्ठ शैब्य.

युधामन्युश्च विक्रान्त उत्तमौजाश्च वीर्यवान्;
सौभद्रो द्रौपदेयाश्च सर्व एव महारथाः (६)

[7]उत्तमौजा, [8]युधामन्यु, [9]सौभद्र, [10]द्रौपदी-सुत;
[11]महारथी हुन्, रणमा छन् सबै शूर अद्भुत.

---

(१) भीमसेन र अर्जुन बराबर.
(२) सात्यकी.
(३) शिशुपालका छोरा.
(४) यदुकुलका योद्धा.
(५) पाण्डवका मामा.
(६) शिविदेशका राजा.
(७) पाञ्चालदेशका रजौटा.
(८) पाञ्चालराज.
(९) सुभद्राका पुत्र अभिमन्यु.
(१०) द्रौपदी महारानीका छोराहरु.
(११) दस हजार धनुर्धारी योद्धा सँग एक्लै लडाई गर्न सक्ने.

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अनी पराक्रमी युधामन्यु, वीर्यशाली उत्तमौजा, सुभद्रापुत्र अभिमन्यु तेस्तै द्रौपदीका पाँच पुत्र ई सब महारथी हुन्.

कौरवसैन्यवर्णन-

अस्माकं तु विशिष्टा ये तान्निबोध द्विजोत्तम!
नायका मम सैन्यस्य संज्ञार्थं तान्ब्रवीमि ते (७)

हाम्रा ई सैन्यमा ठूला जो सेनापति छन् सब;
गुरुजी! भन्दछु उन्को नामादिक संगौरव.

हे ब्राह्मणमा श्रेष्ठ (गुरु) ! हामी तर्फका सेनामा जो जो प्रधान सैनापति छन्, तिन्का नाम पनी चिह्नाउनाका लागी म हजूरलाई सुनाउँछु, राम्ररी सुन्नुहोस्.

भवान्भीष्मश्च कर्णश्च कृपश्च समितिञ्जयः;
अश्वत्थामा विकर्णश्च सौमदत्तिस्तथैव च (८)

हजूर, भीष्मजी, कर्ण, अश्वत्थामा, विकर्ण र;
भूरिश्रवा, कृपाचार्य संमितिञ्जय दुर्धर.

पहिला खुद हजूर, भीष्मपितामह, कर्ण, युद्धमा विजयी कृपाचार्य, अश्वत्थामा, विकर्ण र सोमदत्तका पुत्र (भूरिश्रवा.)

अन्ये च बहवः शूरा मदर्थे त्यक्तजीविताः;
नानाशस्त्र-प्रहरणाः सर्वे युद्धविशारदाः (९)

अरू पनी म-भन्दामा गर्नै प्राण-समर्पण;
शस्त्रास्त्रयुद्ध-मर्मज्ञ; लडाका छन् कडोरन.

---

(१) महत्त्वका साथ.
(२) दुर्योधनका १०० भाई मध्यमा १ भाई.
(३) लडाई जिते वा एक पुरुषको नाम.
(४) शत्रुले डिग चलाउनै नसकिने.
(५) शस्त्रास्त्र युद्धको मर्म जानी प्रयोग गर्न सक्ने.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तेस्तै ई बाहेक, धेरै जसो अरू पनी शूरबीरहरु मेरा निमित्त प्राण दिनलाई तैयार छन्; और ई सब नानाप्रकारका शस्त्रास्त्र चलाउनामा सिपालु र युद्धमा प्रवीण पनी छन्.

दुवै सेनाहरुको तुलना-

अपर्याप्तं तदस्माकं बलं भीष्माभिरक्षितम्;
पर्याप्तं त्विदमेतेषां बलं भीमाभिरक्षितम् (१०)

भीष्मले हाँकियेको यो हाम्रो सैन्य [1]अगाध छ;
थोरै छ पाण्डवी सेना जस्को [2]नायक [3]भीम छ.

यस किसिमको यो हाम्रो सैन्य, जस्को रक्षा खुद भीष्मले गरी रहेछन्, अपर्याप्त (असंख्यात) छ; परन्तु ती पाण्डवहरुको त्यो सैन्य, जस्को रक्षा भीमसेनले गरियेको छ, पर्याप्त (परिमित-थोरै) छ.

फौजहरुमा दुर्योधनको आज्ञा-

अयनेषु च सर्वेषु यथाभागमवस्थिताः;
भीष्ममेवाऽभिरक्षन्तु भवन्तः सर्व एव हि (११)

[4]प्रवेशद्वार सारामा आफ्नू ठाऊँ-लिईकन;
तपाईंहरुले गर्नू भीष्मकै अब [5]रक्षण.

यस बखत, तपाईंहरु सबैले आफ्ना-आफ्ना तोकियेका सैन्यका भिन्न भिन्न प्रवेशद्वार (मुहुडा) हरुमा बसेर सेनापति भीष्म-पितामहको जै जताततैबाट रक्षा गर्नुहोस्.

(१) अन्त्य नपाईं सक्नू.
(२) नेता (सेनिबर कमाण्डर्)
(३) भीमसेन.
(४) जुन भाग छिन्न-भिन्न गरेर शत्रुहरुले हमला गर्दछन्.
(५) शिखण्डी आदिबाट बचावट.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

युद्ध-प्रारंभको शङ्खध्वनि-

तस्य सञ्जनयन्हर्षं कुरुवृद्धः पितामहः;
सिंहनादं विनद्योच्चैः शङ्खं दध्मौ प्रतापवान् (१२)

यस्तैमा उनमा[1] हर्ष बर्षाई भीष्म बीरले;
सिंहनाद् गरी शङ्ख बजाये खूब जोरले.

यस प्रकारले दुर्योधनको द्रोणाचार्य सँग कुरा भई सके पछी, दुर्योधनलाई हर्ष गराउँदै महाप्रतापशाली, कुरुवृद्ध, पितामह (सेनापति भिष्म) ले सिंहकै समान ठूलो गर्जना गरेर, लडाईको सुरू सूचना गर्ने आफ्नू शङ्ख (बिकुल) बजाये.

ततः शंखाश्च भेर्यश्च पणवानकगोमुखाः;
सहसैवाऽभ्यहन्यन्त स शब्दस्तुमुलोऽभवत्. (१३)

त्यो-साथै शंख-कर्नाल-नगारा-ढोल-मादल;
बजे संग्रामका बाजा घन्क्यो भुवनमण्डल.

सेनापति भिष्मको शंख बज्नासाथ अनेक शंख. नगारा, ढोल, मादल, कर्नाल, (नर्सिङ्गा) आदि लडाईका बाजाहरु धमाधम बज्नलागे, और ई बाजाहरुको भयङ्कर शब्द (घनघनाहट) चारैं तर्फ फैलियेको थियो.

ततः श्वेतैर्हयैर्युक्ते महति स्यन्दने स्थितौ;
माधवः पाण्डवश्चैव दिव्यौ शंखौ प्रदध्मतुः (१४)

अनी श्वेताश्वले[2] युक्त महारथमहाँ स्थित[3];
कृष्ण-अर्जुनले शंख बजाये दिव्य[4] अद्भुत.

---

(१) दुर्योधनमा.
(२) सेताघोडाहरुले.
(३) बसेका.
(४) अलौकिक.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस पछी, सफेद घोडाहरु जोतियेको ठूलो रथमा बसेका श्रीकृष्ण र अर्जुनले 'हामी पनी तैयारी नै छौं' भन्ने प्रत्युत्तरको तवर सँग दिव्य शंख बजाये.

पाञ्चजन्यं हृषीकेशो देवदत्तं धनञ्जयः;
पौण्ड्रं दध्मौ महाशंखं भीमकर्मा वृकोदरः (१५)

श्रीकृष्णले पाञ्चजन्य, देवदत्त किरीटिले[1];
पौण्ड्रनाम महाशंख बजाये बीर भीमले.

हृषीकेश (इन्द्रियहरुका स्वामी) भगवान् श्रीकृष्णले पाञ्चजन्य, अर्जुनले देवदत्त र भयङ्कर कर्म गर्ने वृकोदर (भीमसेन) ले पौण्ड्र नामको ठूलो शंख बजाये.

अनन्तविजयं राजा कुन्तीपुत्रो युधिष्ठिरः;
नकुलः सहदेवश्च सुघोषमणिपुष्पकौ. (१६)

अनन्तविजयी शंख बजाये धर्मराजले[2];
मणिपुष्पक-सौघोष माद्रीका दुई-पुत्रले[3].

कुन्तीपुत्र महाराज युधिष्ठिरले अनन्तविजयनामको शंख र नकुल तेस्तै सहदेवले सुघोष र मणिपुष्पक नाम भयेका शंख बजाये.

काश्यश्च परमेष्वासः शिखण्डी च महारथः;
धृष्टद्युम्नो विराटश्च सात्यकिश्चाऽपराजितः. (१७)

महारथी शिखण्डी[4] र धनुष्मान्[5] काशिकेश्वर;
अजेय[6] सात्यकि अनी धृष्टद्युम्न, विराट र.

---

(१) अर्जुनले.
(२) युधिष्ठिरले.
(३) सहदेव र नकुलले.
(४) कुबेरको अनुग्रहले स्त्रीबाट पुरुष भयेको.
(५) श्रेष्ठ धनुर्धारी.
(६) जिती न सक्नु.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

महाधनुर्धारी काशीराज, महारथी शिखण्डी, धृष्टद्युम्न, राजा विराट र अजेय सात्यकि.

द्रुपदो द्रौपदेयाश्च सर्वशः पृथिवीपते !
सौभद्रश्च महाबाहुः शंखान्दध्मुः पृथक्पृथक्. (१८)

द्रौपदीपुत्र, सौभद्र, राजा द्रुपदले पनी;
आफ्ना आफ्ना फुके शंख 'हामी तैयार छौं' भनी.

महाराज ! तेस्तै राजा द्रुपद, द्रौपदीका पाँच छोरा, महाबाहु अभिमन्यु इत्यादि सवै बीरहरुले सामेलीको तवर सँग चारैतिरबाट आफ्ना आफ्ना भिन्न भिन्न शंख बजाये.

स घोषो धार्तराष्ट्राणां हृदयानि व्यदारयत्;
नभश्च पृथिवीं चैव तुमुलो व्यनुनादयन्. (१९)

घन्की घनक्क त्यै शब्द आकाश-पृथिवी-भरी;
सारा कौरव-सेनाको चिऱ्यो हृदय चर्चरी.

ती शङ्खहरुको तुमुलध्वनि (घनघोर आवाज) ले आकाशमण्डल र पृथ्वीमण्डललाई पनी प्रतिध्वनित गराउँदै, हजूरका छोराहरुका मुटु-कलेजालाई पनी चर्चरी चीर्न लाग्यो.

अर्जुनबाट सेना-निरीक्षण-

अथ व्यवस्थितान्दृष्ट्वा धार्तराष्ट्रान्कपिध्वजः;
प्रवृत्ते शस्त्रसंपाते धनुरुद्यम्य पाण्डवः. (२०

हेरी तैयार ती सारा कुरुसैन्यहरूकन[1];
शस्त्र-संपात-बेलामा[2] उठाई धनु अर्जुन.

---

(१) दुर्योधन तर्फका फौज. (२) शस्त्र चलाउन्यै वेखतमा.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तेस पछी, कपिध्वज (हनुमान् ध्वजामा रहेका) अर्जुनले कौरवहरु (धृतराष्ट्रका सन्तान लगायेत उस तर्फका) लाई व्यवस्थापूर्वक आफ्ना-आफ्ना स्थानमा तैयार भई बसेका देखेर, ठीक शस्त्रास्त्रको हाना-हान सुरू-हुन्यै बखतमा आफ्नू धनु उठायेर—

हृषीकेशं तदा वाक्यमिदमाह महीपते !

अर्जुन उवाच-

सेनयोरुभयोर्मध्ये रथं स्थापय मेऽच्युत ! (२१)

श्रीकृष्ण सँग यो बिन्ती गर्नलागे नगीचमा;
लानुहोस् रथ यो मेरो ई दुई-सैन्य-बीचमा.

महाराज ! यस पछी, अर्जुनले भगवान् श्रीकृष्ण सँग यस्तो कुरा बिन्ती गर्न लागे—हे अच्युत (कुनै कुरामा पनी न चुक्ने कृष्ण) मेरो रथ दुवै थरी सैन्यहरुको बीचमा लगेर अड्याउनुहोस्.

यावदेतान्निरीक्षेऽहं योद्धुकामानवस्थितान्;
कैर्मया सह योद्धव्यमस्मिन् रणसमुद्यमे. (२२)

म हेरौं पहिले कृष्ण ! युद्धलाई खडा हुने;
को को रहेछन्, [1] को-माथी मैले शस्त्र [2] उठाउने ?

म हेर्न चाहन्छु कि, युद्धको इच्छाले तैयार भयेर यहाँ को को आयेका रहेछन् ? मैले यस संग्राममा को-माथी शस्त्र उठाउनुपर्ने हो ?

---

(१) कसका उपर. (२) चलाउने (हान्ने)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

योत्स्यमानानवेक्षेऽहं य एतेऽत्र समागताः,
धार्तराष्ट्रस्य दुर्बुद्धेर्युद्धे प्रियचिकीर्षवः; (२३)

दुर्बुद्धि[1] दुर्योधनको युद्धमा जय खातिर;
जम्बा भयेका जो जो छन्, हेर्दछु म तिनै-तिर.

युद्धमा दुर्बुद्धि (आर्काको अंश जबर्दस्ती अँठ्याउन चाहने दुष्ट बुद्धि भयेको) दुर्योधनको कल्ल्याण (जय) चाहने जो जो लडाकाहरु यस सेनामा आयेका छन्, ती युद्ध गर्ने सबलाई म हेरौं.

सञ्जय उवाच-

एवमुक्तो हृषीकेशो गुडाकेशेन भारत; !
सेनयोरुभयोर्मध्ये स्थापयित्वा रथोत्तमम्. (२४)

यस्तो अर्जुनले बिन्ती गरियेका नरोत्तम[2];
ती दुवै सैन्यको बीच राखेर रथ उत्तम.

भरतवंशी, महाराज! गुडाकेश (निद्रा-आलस्य जित्ने अथवा घुंगुरियेका केश भयेका) अर्जुनले यती बिन्ती गरे पछी, श्रीकृष्णले अर्जुनको उत्तम रथलाई दुवै सेनाहरुको ठीक मध्यभागमा पुर्‍याई अड्याउनुभयो र-

भीष्मद्रोणप्रमुखतः सर्वेषां च महीक्षिताम्;
उवाच पार्थ ! पश्यैतान्समवेतान्कुरूनिति. (२५)

भीष्म, द्रोण, अरू राजाहरुका सामुमा, अनी;
बोल्नुभो 'पार्थ[3] ! लौ हेर जम्बा कौरव[4] ई' भनी.

---

(१) दुराग्रही.
(२) मानिसमा श्रेष्ठ (कृष्ण)
(३) पृथा (कुन्ती) महारानीका पुत्र हे अर्जुन !
(४) कुरु राजाका सन्तान क्रमायत.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अनी, भीष्म, द्रोण र सब राजाहरुका सामनेमा श्रीकृष्णबाट आज्ञा गर्नु भयो कि-'अर्जुन! यहाँ जंबा भयेका ई सब कौरवहरुलाई हेर'.

तत्राऽपश्यत्स्थितान्पार्थः पितॄनथ पितामहान्;
आचार्यान्मातुलान्भ्रातॄन्पुत्रान्पौत्रान्सखींस्तथा. (२६)

त्यहाँ अर्जुनले देखे बाबु, बाज्ये, सँगीजन;
गुरु, मामा, दाजु-भाई, छोरा, नाती, अनेकन.

त्यहाँ अर्जुनले देखे कि, आफ्नै बाबु (काका), बाज्ये (जिबाबु), गुरु, मामा, भाई, छोरा, नाती असंख्यात धेरै र—

श्वशुरान्सुहृदश्चैव सेनयोरुभयोरपि;
तान्समीक्ष्य स कौन्तेयः सर्वान्बन्धूनवस्थितान्. (२७)

तेस्तै प्रेमी र शशुरा इत्यादिक हजारन;
देखी दुवै सैन्य तर्फ आफ्ना बन्धुहरूकन.

तेस्तै शसुरा, प्रेम गर्ने सब आपस्त र माननीय मानिसहरु मर्न-मार्नाको निमित्त ठीकठाक परी दुवै तर्फका सेनामा जम्मा भयेका देखेर—

अर्जुनको खेद-

(खेदको शरीरमा असर)

कृपया परयाऽऽविष्टो विषीदन्निदमब्रवीत्;

अर्जुन उवाच-

दृष्ट्वेमं स्वजनं कृष्ण! युयुत्सुं समुपस्थितम्. (२८)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लागी ठुलो दया, दिक्क भई, अर्जुनले भने;
हे कृष्ण ! देखी स्वजन[1] युद्ध-निंति खडा हुने.

तेस बखत, माया लागी कुन्तीका पुत्र अर्जुन खिन्न (दिग्दार) हुँदै भन्नलागे—हे कृष्ण ! युद्ध गर्नको इच्छाले यहाँ जम्बा भयेका ई आपस्त बन्धुवर्गहरुलाई देखेर—

सीदन्ति मम गात्राणि मुखं च परिशुष्यति;
वेपथुश्च शरीरे मे रोमहर्षश्च जायते. (२९)

मेरा अङ्ग सबै गल्छन्, मुख अत्यन्त शुक्द्छ;
शरीरमा कंप हुन्छ, रोमाञ्च पनि आउँछ.

मेरा शरीर (अङ्ग प्रत्यङ्गहरु) सब गल्दछन्, मुख पनी शुकीरहेछ, शरीर थर्थरी काँप्न लागेको छ, शरीरमा रोमाञ्च भईरहेछ.

गाण्डीवं स्रंसते हस्तात्त्वक्चैव परिदह्यते;
न च शक्नोम्यवस्थातुं भ्रमतीव च मे मनः. (३०)

हातबाट धनू[2] खस्छ छाला भरभाति पोल्द्छ;
टिक्कै सक्तिन, यो चित्त बहुतै चक्कराउँछ.

तेस्तै हातबाट गाण्डीव धनु खस्दछ, और शरीरमा सवर्त्र दाह भईरहेछ, ई आपस्तहरुको शोचनीय अवस्था संझी रथमा टिक्कै सक्तिन, मन बेहोस जस्तो भई चक्कर खान लागीरहेछ. !

खेदको मनमा असर-

निमित्तानि च पश्यामि विपरीतानि केशव !
न च श्रेयोऽनुपश्यामि हत्वा स्वजनमाहवे. (३१)

---

(१) आफ्ना मानिस (बन्धुवर्ग). (२) गाण्डीव.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अर्जुनको मोह ।

दृष्ट्वेमं स्वजनं कृष्ण युयुत्सुं समुपस्थितम् । अ. ॥१॥
सीदन्ति मम गात्राणि मुखं च परिशुष्यति ॥२८॥

हे कृष्ण ! देखी स्वजन युद्ध-निति खड़ा हुने;
मेरा अङ्ग सबै गल्छन्, मुख अत्यन्त शुक्दछ;
[illegible] रोमाञ्च पनि आउछ २९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सारा लंक्षण[1] हे कृष्ण ! विपरीत[2] म देख्दछु;
आपस्त मारी रणमा कल्याणै छैन ठान्दछु.

हे कृष्ण ! मलाई सब लक्षण उल्टा नै प्रतीत हुन्छन्, और युद्धमा आफ्नू कुललाई नाशेर (स्वजनलाई मारेर) मलाई कल्ल्याण हुने जस्तो केही पनी देख्दिन, अर्थात्-कल्ल्याण छैन.

स्वजन्हरुको मोह-

न कांक्षे विजयं कृष्ण ! न च राज्यं सुखानि च;
किं नो राज्येन गोविन्द ! किंभोगैर्जीवितेन वा. (३२)

यस्तो विजय[3] चाहन्न सुख राज्य कुनै पनी;
के भयो राज्यले ? फेरी भोग जीवनले[4] पनी !

हेकृष्ण ! म यस तरहको विजय (जितबाजी) राज्य, सुख केही पनी चाहन्न. हे गोविन्द ! हामीले बन्धुवर्गहरुलाई मारेर राज्य, सुखभोग, र जिन्दगीले पनी के गरौंला ?

येषामर्थे कांक्षितं नो राज्यं भोगाः सुखानि च;
त इमेऽवस्थिता युद्धे प्राणांस्त्यक्त्वा धनानि च. (३३)

जस्का निमित्त चाहिन्थ्यो राज्य, भोग, सुखादिक;
धन[5]-प्राण सबै छोडी उनै छन् समरोत्सुक[6].

किनभने, हामीलाई जस्का निमित्त राज्य, उपभोग र सुखहरुको इच्छा

---

(१) शगुन.
(२) उल्टो.
(३) जितबाजी अथवा अर्जुन.
(४) जिन्दगीले.
(५) जिउ-धन.
(६) लडाईंमा उत्सुक.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(चाहना) थियो, उनै सब आपस्तहरु आफ्नू ज्यान र संपत्तिको समेत ममता छोडेर युद्धमा तैयार छन्.

आचार्याः पितरः पुत्रास्तथैव च पितामहाः;
मातुलाः श्वशुराः पौत्राः श्यालाः संबन्धिनस्तथा. (३४)

गुरु, बाबुहरू, बाज्ये, शाला मामा, सँगजिन;
छोरा, नाती, भाइ-बन्धु, श्वशुरादि हजारन.

जो कि, गुरुजन, बाबु, बाज्ये, छोरा, नाती, मामा, श्वशुरा, शाला, दाजु-भाई तेस्तै अरू पनी सम्बन्धी (इष्ट-मित्र) मानिसहरु (छन्.)

एतान्न हन्तुमिच्छामि घ्नतोऽपि मधुसूदन !
अपि त्रैलोक्यराज्यस्य हेतोः किं नु महीकृते. (३५)

पृथ्वीको के कुरा ? सारा-लोक पाये पनी अब;
इन्लाई मार्न चाहन्न आई-लागे पनी सब.

यद्यपि इनीहरु हामीलाई मार्नाको निमित्त खडा छन्, तथापि हेमधुसूदन ! यस तुच्छ पृथ्वीको निमित्त के कुरा ? म ता तीन-लोकको नै राज्य पाइन्छ भने पनी ई बान्धवलाई मार्न चाहन्न.

निहत्य धार्तराष्ट्रान्नः का प्रीतिः स्याज्जनार्दन !
पापमेवाऽऽश्रयेदस्मान्हत्वैतानाततायिनः (३६)

---

(१) त्रैलोक्यराज्यं.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मारी कौरव ई हाम्रो के भलो हुन आउला?
आततायी पनी बन्धु मार्नाले पाप लागला !

हे जनार्दन ! धृतराष्ट्रका पुत्र दुर्योधनादिलाई मारेर पनी हामीलाई के असल होला ? इनी आततायी हुन् त पनी इन्लाई मार्‍यौं भने, हामी अवश्य पापभागी हुनेछौं.

तस्मान्नार्हा वयं हन्तुं धार्तराष्ट्रान्स्वबान्धवान्;
स्वजनं हि कथं हत्वा सुखिनः स्याम माधव ! (३७)

तसर्थ हामिले मार्न हुन्न आत्मीय बान्धव;
कसो गरी सुखी हूँला बन्धु मारेर ? माधव !

तेस कारण, हामीले आफ्ना बान्धव धृतराष्ट्रका पुत्रहरुलाई मार्नू योग्य हुदैन; किन भने, हे माधव ! आपस्तलाई मारेर हामी सुखी कसरी हूँला ?

कुलक्षय र मित्रद्रोह-

यद्यप्येते न पश्यन्ति लोभोपहतचेतसः,
कुलक्षयकृतं दोषं मित्रद्रोहे च पातकम्. (३८)

हुन ता इनि देख्दैनन् वशमा परि लोभको;
यो मित्रद्रोहको पाप, यो दोष कुलनाशको.

---

(१) अग्निदो गरदश्चैव शस्त्रपाणिर्धनापहः;
क्षेत्रदारापहश्चैव षडेते आततायिनः (व.स्मृ. ३. १६)

अर्थ- आगो लगाउने, विष खुवाउने, हातियार लिई जाईलाग्ने, धन हर्ने, खेत लुट्ने र स्त्री हरण गर्ने ई ६ आततायी कहिन्छन्,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

इनीहरु सबको चित्त लोभको वशमा परी रहेको छ, यसैले हुन त कौरवहरु कुलक्षयबाट हुने दोष र मित्रहरुका साथ विरोध गर्दामा हुने पाप-लाई पनी देख्दैनन्.

कथं न ज्ञेयमस्माभिः पापादस्मान्निवर्तितुम्;
कुलक्षयकृतं दोषं प्रपश्यद्भिर्जनार्दन ! (३९)

यो कुलक्षयको दोष देखने हामिले किन;
यो पापबाट हट्नामा न जान्ने ? हेजनार्दन !

तथापि, हे जनार्दन ! यो कुलक्षयको दोष राम्रै गरी देख्ने हामिहरुले यो पापबाट हट्नुपर्छ भन्ने कुरा किन न संझने ?

कुलक्षयको परिणाम-

कुलक्षये प्रणश्यन्ति कुलधर्माः सनातनाः;
धर्मे नष्टे कुलं कृत्स्नमधर्मोऽभिभवत्युत. (४०)

नाशिये कुल, नाशिन्छन् कुलधर्म सनातन;
धर्मका नाशले उस्मा पाप फैलिन्छ भीषण.

किन भने,कुलको नाश भयेमा सनातन कुलधर्म नष्ट हुन्छन्, कुलधर्महरु नाशियेमा संपूर्ण कुललाई अधर्म (पाप) ले पनी बिलकुल नै ढाक्दछ.

---

(१) जनका गतिस्वरुप हे कृष्ण !
(२) परापूर्वदेखी चली आयेका.
(३) वंश (कुल) मा.
(४) डर लाग्दो (भयङ्कर).

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अधर्माभिभवात्कृष्ण ! प्रदुष्यन्ति कुलस्त्रियः;
स्त्रीषु दुष्टासु वार्ष्णेय ! जायते वर्णसंकरः (४१)

फैलिंदा कुलमा पाप कुलस्त्री दुष्ट बन्दछन्;
स्त्रीहरू बिग्रँदा कृष्ण ! वर्णसंकर बढ्दछन्.

हे कृष्ण ! पाप फैलिनाले कुलस्त्रीहरु दूषित हुन्छन् (बिग्रन्छन्) र हे वार्ष्णेय (वृष्णिकुलमा जन्मेका हे कृष्ण) ! स्त्रीहरु बिग्रेमा वर्णसंकर सन्तान पैदा हुन्छ.

संकरो नरकायैव कुलघ्नानां कुलस्य च;
पतन्ति पितरो ह्येषां लुप्तपिण्डोदकक्रियाः (४२)

कुलघाती र कुलको नरकैलाइ संकर;
हुन्छ, पितृहरू गीर्छन् पिण्ड-पानी भैई पर.

वर्णसंकर उत्पन्न भयेमा तेस्ले कुलघातीहरुलाई र संपूर्ण कुललाई समेत निश्चय नै नरकमा लैजान्छ. अनी पिण्डदान र तर्पण आदि क्रियाहरु लुप्त हुनाले तिन्का पितृहरु पनी नरकमा गीर्दछन्.

दोषैरेतैः कुलघ्नानां वर्णसंकरकारकैः;
उत्साद्यन्ते जातिधर्माः कुलधर्माश्च शाश्वताः (४३)

वर्ण-सांकर्यका मूल दोषले कुलघातिका.;
उखाडिन्छन् जातिधर्म कुलधर्म अगाडिका.

(१) व्यभिचारिणी.
(२) खच्चर सन्तान.
(३) कुलनाश गर्ने.
(४) पाउन न शकी.
(५) वर्णसंकर बनाउने.
(६) जात अनुसारको धर्म.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कुलघातीहरुका इनै वर्णसंकरकारी दोषहरुले सनातन जातीयधर्म र कुलधर्म पनी नामेट हुन्छन् अर्थात्—नामनिसानै रहँदैनन्.

उत्सन्नकुलधर्माणां मनुष्याणां जनार्दन !
नरके नियतं वासो भवतीत्यनुशुश्रुम. (४४)

सुन्दछौं, कुलका धर्म जस्का विच्छिन्न बन्दछन्;
तिन्को नरकमा वास सर्वदा हुन्छ भन्दछन्.

अनी, हेजनार्दन ! हामीले यस्तो पनी सुनेकाछौं कि, जुन मानिस-हरुका कुलधर्महरु बिच्छिन्न हुन्छन्, तिन्को अश्वयमेव धेरै काल सम्म नरकवास हुन्छ.

युद्ध नगर्नाको निश्चय-

अहो वत ! महत्पापं कर्तुं व्यवसिता वयम्;
यद्राज्यसुखलोभेन हन्तुं स्वजनमुद्यताः (४५)

अहो ! ठुलो पाप गर्न भयेछौं हामि तत्पर;
राज्यको लोभले बन्धु मार्न-आँट्यौं सराशर !

अहो ! बडो खेदको कुरा छ कि, हामीहरु जान्दाजान्दै पनी राज्य र सुखको लोभले स्वजनहरुलाई मार्न तैयार भयेका छौं ! साँची नै यो हामीले एक ठूलो पाप गर्नलाई योजना गर्‍यौं !!

यदि मामप्रतीकारमशस्त्रं शस्त्रपाणयः;
धार्तराष्ट्रा रणे हन्युस्तन्मे क्षेमतरं भवेत्. (४६)

---

(१) छिन्नभिन्न (टुट्नु).

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बरू शस्त्रास्त्र क्यै लिन्न मलाई शस्त्र लीकन;
दुर्योधनादिले मारुन्, यै भलो छ जनार्दन !

यदि म कुनै किसिमबाट आफ्नू बचावट न गरौं, शस्त्र पनी न लियेर चूपचाप बसी रहुँ र तेस अबस्थामा इनी कौरवहरुले शस्त्र लियेर मलाई लडाईंमा मारुन् त पनी त्यो मानू मेरा निमित्त अतिकल्याणकारी हुनेछ.

अर्जुनको धनुर्बाणत्याग-

सञ्जय उवाच-

एवमुक्त्वाऽर्जुनः संख्ये रथोपस्थ उपाविशत्;
विसृज्य सशरं चापं शोकसंविग्नमानसः (४७)

यती भनेर रणमा शोक-व्याकुल अर्जुन;
फ्याँकी धनुर्बाण, थाले रथभित्र बसी रुन.

सञ्जयले बिन्ती चढाये—'महाराज ! युद्धभूमिमा श्रीकृष्ण सँग पूर्वोक्त कुराहरु बिन्ती गरेर, हातका धनु र बाणहरु फ्याँकी, शोकले ब्याकुल चित्त भयेका अर्जुन रथको भित्रपट्टी हटेर बसे.' (४७)

इति महाभारते श्रीमद्भगवद्गीतासु, उपनिषत्सु, ब्रह्मविद्यायां योगशास्त्रे,
श्रीकृष्णार्जुनसंवादे, 'अर्जुन बिषादयोगो'
नाम प्रथमोऽध्यायः (१)

इति नेपाली कोमलगीता 'अर्जुन बिषादयोग' प्रथम (१)

(१) दिग्दारीले के गरौं के गरौं मन भयेका.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

❀ प्रथमाध्याय ❀

समाप्त.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मोहनाशक श्रीकृष्ण



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ॐ

श्रीमद्भगवद्गीता.

कोमलगीता.

सांख्ययोग (२)

कृष्णबाट नीचकर्म त्यागको उपदेश-

सञ्जय उवाच-

तं तथा कृपयाऽऽविष्टमश्रपूर्णाकुलेक्षणम् ;
विषीदन्तामिदं वाक्यमुवाच मधुसूदनः (१)

[1]दयावश-भई, आँसु खसाली, दिक्क भैकन;
रहेका, [2]पार्थमा आज्ञा गर्नुहुन्छ जनार्दन.

महाराज धृतराष्ट्रलाई सञ्जयले बिन्ती गरे--यसरी करुणाको वशीभूत भयेर गहभरी आँसु काढेका र खिन्न भयेका अजुनलाई श्रीकृष्णले यस्तो आज्ञा गर्नु भयो.

भगवानुवाच-

कुतस्त्वा कश्मलमिदं विषमे समुपस्थितम् ;
अनार्यजुष्टमस्वर्ग्यमकीर्तिकरमर्जुन ! (२)

(१) मायालागी   (२) अर्जुनमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्वर्ग, कीर्ति, दुवै हर्ने नीच[1]संसेव्य मोह[2] यो;
यस्तो संकट बेलामा तिमीमा कसरी भयो?

श्रीकृष्णबाट आज्ञा भयो– हेअर्जुन! यस्तो सङ्कट परेको अवस्थामा (बेमौकामा) तिम्रो मनमा यो मोह कहाँबाट आयो? जस्लाई सत्पुरुषहरुले कहिल्यै पनी आचरण गरेनन्, जस्ले स्वर्गको गतिमा विघ्न गराउँछ र अकीर्ति (बदनाम) पनी गराउँछ.

क्लैव्यं मास्म गमः पार्थ! नैतत्त्वय्युपपद्यते;
क्षुद्रं हृदयदौर्बल्यं त्यक्त्वोत्तिष्ठ परन्तप! (३)

न लेऊ पार्थ! [3]कातर्य वीरमा हुन्न यो ठिक;
कंजोरी छोड मनको, उठ, होऊ [4]रणोत्सुक.

पार्थ! यस्तो नामर्दपना अर्थात्-कातरपना छोड, तिमी जस्ता बहादुर-लाई यो लाछीपनाले शोभा दिंदैन. हेशत्रुलाई ताप दिलाउने वीर! हृदयको तुच्छ दुर्बलतालाई हटायेर युद्धको निमित्त तैयार होऊ.

अर्जुनको उत्तर र शरणमा पर्नू-

अर्जुन उवाच-

कथं भीष्ममहं संख्ये द्रोणं च मधुसूदन!
इषुभिः प्रतियोत्स्यामि पूजार्हावरिसूदन! (४)

ती [5]पूजा गर्नमा योग्य भीष्म, द्रोणगुरूकन;
युद्धमा बाणले हानूँ कसोरी? [6]मधुसूदन!

(१) छोटाले आचरण गरिने.
(२) अज्ञान-मनको मैलापना.
(३) कातरपना.
(४) लडाइँमा कमर कसेको.
(५) मान-मर्यादा.
(६) मधुदैत्यलाई मार्ने हे कृष्ण?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अर्जुनले बिन्ती गरे—हेमधुसूदन ! मैले युद्धमा परमपूज्य भीष्म र द्रोणका उपर वाणको प्रहार कसरी गरूँ ?

गुरूनहत्वा हि महानुभावान्
श्रेयो भोक्तुं भैक्ष्यमपीह लोके;
हत्वाऽर्थकामांस्तु गुरूनिहैव
भुञ्जीय भोगान् रुधिरप्रदिग्धान् (५)

गुरू बचाईकन ती महात्मा[1]
भिक्षा बरू श्रेय[2] छ यो जगत्मा;
अर्थेच्छु[3] उन्कै गरि नाश आज
भोगूँ कसोरी ? रुँधिराक्त[4] राज.

महानुभाव मान्य गुरुजनहरुको हत्या नगरी अर्थात्—बचावट गरी यस लोकमा भीख मागी खायेर पेट पालनुपरोस्, बरु त्यो बढीया हुन्छ. प्राण-पालनका निमित्त लालची भयेका उनै गुरुजनको बध गर्नाले यसै लोकमा मैले उन्का रगतले मुछियेका भोगहरु कसरी भोग्न सकौंला ?

नचैतद्विद्मः कतरन्नो गरीयो
यद्वा जयेम यदि वा नो जयेयुः;
यानेव हत्वा न जिजीविषाम
स्तेऽवस्थिताः प्रमुखे धार्तराष्ट्राः (६)

---

(१) ठुला.
(२) असल.
(३) प्राणपालनको अपेक्षा गर्ने.
(४) रगतले भिजेको.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हामी जितौं या उनले जितेमा
जानिन्न के श्रेय[1] छ यो दुईमा ?
जो मारिदा बाँच्नु अयोग्य[2] ठान्छौं,
बन्धू उनै लड्न तयार देख्छौं.

हामीहरुले ज़ितौं, अथवा उनीहरुले हामीलाई जितुन्, हाम्रा निमित्त जित्नू असलछ या हार्नू ? यो पनी बुझिंदैन. जस्लाई मार्नाले हामी खूद आँफ बाँच्न चाहन्नौ, तिनै धृतराष्ट्रका पुत्र (कौरवहरु) युद्धका निमित्त हाम्रा सामनेमा खडा भैरहेछन् !

कार्पण्यदोषोपहतस्वभावः
पृच्छामि त्वां धर्मसंमूढचेताः;
यच्छ्रेयः स्यान्निश्चितं ब्रूहि तन्मे
शिष्यस्तेऽहं शाधि मां त्वां प्रपन्नम् (७)

कार्पण्यले[3] यो मन बिग्रनाले
म सोद्धछु धर्म[4] नसंझनाले;
जो श्रेय हो निश्चित त्यै खुलाई
आज्ञा हवस् भक्त म शिष्यलाई.

मेरो प्रकृति यस बखत कार्पण्य (करुणादि) दोषले बेकम्मा बनेकोछ. मलाई आफ्नू धर्म अर्थात् कर्तव्यको मनमा मोह भयेको छ. यस निमित्त म हजूर संग सोद्धछु, म शरणागत शिष्य हुँ. मलाई जो निश्चितरूपले सब भन्दा कल्ल्याण हुन्छ, उहि कुराको उपदेश गर्नुहोस्.

---

(१) बढिया.
(२) बेठीक.
(३) हृदयको दौर्बल्यले.
(४) आफूले गर्नुपर्ने कर्तव्य.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नहि प्रपश्यामि ममाऽपनुद्याद्
यच्छोकमुच्छोषणमिन्द्रियाणाम् ;
अवाप्य भूमावसपत्नमृद्धं
राज्यं सुराणामपि चाऽऽधिपत्यम् (८)

यो भूमि, निष्कंण्टक, उच्चे[2] राज्य,
मिलोस् तथा स्वर्गत[3], देवराज्य[4];
देखिन्न ते इन्द्रिय-शोष-कारी[5]
सन्ताप हर्ने चिज ने मुरारी[6] !

किन भने, पृथ्वीको निष्कण्टक समृद्ध (खूब उन्नति भयेको) राज्य र देवताहरुको अधिकार (स्वर्गलोकको रजाईं) मिले पनी मेरो यो सारा इन्द्रिय-लाई सुकाई बेकम्मा गराउने, शोकलाई हटाउन शक्ने कुनै तेस्तो साधन (उपाय) देख्दिन.

युद्ध न गर्नामा दृढ-निश्चय-

सञ्जय उवाच-

एवमुक्त्वा हृषीकेशं गुडाकेशः परन्तप !
नयोत्स्य इति गोविन्दमुक्त्वा तूष्णीं बभूव ह (९)

बीर अर्जुनले राजन् ! यती श्रीकृष्णमा भनी;
'युद्ध गर्दिन हेकृष्ण !' भनी चुप्प भये उनी.

---

(१) शत्रु न भयेको.
(२) ठुलो.
(३) स्वर्गमा रहेको.
(४) देवताको राज्य (इन्द्रासन).
(५) मन आदि इन्द्रिय सुकाउने.
(६) मुर दैत्यका शत्रु हे कृष्ण !

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सञ्जयले बिन्ती चढाये—यसरी शत्रुलाई सन्ताप गराउने अर्जुन, श्रीकृष्ण सँग पूर्वोक्त कुरा भन्दै 'म युद्ध गर्दिन' यती बोलेर चुप लागे.

तमुवाच हृषीकेशः प्रहसन्निव भारत !
सेनयोरुभयोर्मध्ये विषीदन्तमिदं वचः. (१०)

ती दुई सैन्यका बीच शोकार्त[1] बिजयी-कन[2];
भन्नुभो कृष्णले केही हाँसे जस्तो गरीकन.

तेस पछी, हेभरतवंशी महाराज! दुवै सेनाका बीचमा बहुतै दिक्दार भएर बसेका अर्जुनलाई श्रीकृष्णबाट केही हाँसे जस्तो गरेर (मुसुक्क हाँसेर) आज्ञा गर्न लाग्नुभयो.

आत्माको अशोच्यत्व-

भगवानुवाच-

अशोच्यानन्वशोचस्त्वं प्रज्ञावादांश्च भाषसे;
गतासूनगतासूंश्च नानुऽशोचन्ति पण्डिताः. (११)

[3]अशोच्यका शोक गर्छौ, छाँट्दछौ बात बुद्धिको,
कुनै बाँचुन्, मरुन्. विद्वान्[4] गर्दैनन् शोक यत्तिको.

जुनको शोक गर्नु उचित छैन, उनैको शोक गर्दै, तिमी यस्ता कुरा छाँटी रहेकाछौ कि जो सुन्दामा त ज्ञानका जस्ता ठानिन्छन्, वास्तविक

---

(१) शोकले व्याकुल.
(२) अर्जुनलाई.
(३) शोग न गर्नु पर्ने चीजको.
(४) ज्ञानी-पण्डित.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ती ज्ञानका होइनन्. हेर, जो पण्डित (ज्ञानी) हरु छन्, उनीहरु बाँचेका या मरेका कुनैको निमित्तमा पनी शोक गर्दैनन्.

हामी सबै सनातनी हूँ-

न त्वेवाऽहं जातु नाऽऽसं न त्वं नेमे जनाधिपाः;
न चैव न भविष्यामः सर्वे वयमतः परम्. (१२)

तिमी[1], म, ई सबै राजा अघी पनि छँदै थियौं;
पछी पनि हुनेनैछौं किन यो मूढता लियौ. ?

प्रहिले पनी म तिमी और ई सबै राजाहरु छँदैथियौं, यस पछि पनी म, तिमी र ई सबै रहन्यैछौं. यो कुरा होइन कि ? भन्ने न ठान.

पुनर्जन्म-

देहिनोऽस्मिन्यथा देहे कौमारं यौवनं जरा ;
तथा देहान्तरप्राप्तिर्धीरस्तत्र न मुह्यति. (१३)

देहीले[2] देहको[3] बाल्य[4]-जवानी-वृद्धता[5]-सरी;
देहान्तर[6] पनी लिन्छ, धीर आत्तिन्न[7] कैयै गरी.

---

(१) पाठान्तर जस्तै—

थियें म पहिले पार्थ ! ई राजा र तिमी थियै;
अहिले छौं, पछी हुन्छौं, शोक नाहकमा लियौ !

(२) शरीर धारण गर्ने र जीवात्माले.
(३) शरीरको.
(४) बालकपन.
(५) बुढ्याइँ.
(६) अर्को देह.
(७) फिक्री न भयेको.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस देहमा जस्तै बालकपन, जवानी र बुढ्याईं आदि अवस्था प्राप्त हुन्छ, तेस्तै देहधारी आत्माको एक शरीर छोडेर अर्को शरीरमा प्राप्त हुने पनी हुन्छ. जो धीर (विद्वान्) पुरुष छ, त्यो यस्तोमा मोह गर्दैन, अर्थात्-धबड़ाउँदैन.

अमर बन्नाको सामर्थ्य-

मात्रास्पर्शास्तु कौन्तेय ! शीतोष्णसुखदुःखदाः ;
आगमापायिनोऽनित्यास्तांस्तितिक्षस्व भारत ! (१४)

शीतोष्ण-सुखदुःखादि दिने इन्द्रिय-सङ्गम ;
आउना साथ नाशिन्छन् , नित्य छैनन् , सहू सब.

हे कुन्तीपुत्र ! विषय (बाहिरीचीज) हरुका साथ इन्द्रियहरुको संयौग नै तातो-चीसो र सुख-दुःख इत्यादि दिने, यस्तो छ, त्यो संयोग कहिले हुन्छ, कहिले नाशिन्छ, अत एव अनित्य छ, हेभारत ! शोक न गरेर तिमी तेस्लाई सहन गर.

यं हि न व्यथयन्त्येते पुरुषं पुरुषर्षभ !
समदुःखसुखं धीरं सोऽमृतत्वाय कल्पते (१५)

विषयेन्द्रिय- संयोग- जन्य, दुःखसुखादिले ;
जो धीर कत्ति डग्दैन, मुक्ति पाउँछ तेसले ;.

किन भने, हे पुरुषश्रेष्ठ ! यो अनित्य विषयेन्द्रिय-संयोगले आफ्नू संयोग-वियोगबाट जुन पुरुषलाई दुःख गर्न सक्दैन, सुख र दुःखलाई

---

(१) चीसो-तातो-सुखदुःख इत्यादि. (२) इन्द्रियहरुको विषयका साथ सम्बन्ध.
(३) इन्द्रियहरुको विषयका साथ भयेको संयोगबाट उत्पन्न हुने सुखदुःखहरुले.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDE

समान संझने उही धीर, पुरुष अमृतभावमा अर्थात्-अमृतब्रह्मको स्थिति प्राप्त गरी लिनामा समर्थ हुन्छ.

आत्माको अशोच्यत्व समर्थन-

नाऽसतो विद्यते भावो नाऽभावो विद्यते सतः;
उभयोरपि दृष्टोऽन्तस्त्वनयोस्तत्वदर्शिभिः. (१६)

जो छैन त्यो हुँदैहुन्न, जो छ त्यो छ सधैं पनी;
'सत्-'(१)'असत्'(२) दुइको तत्व(३) देख्दछन् ज्ञानवान् मुनि.

जो छैन, त्यो कहिले हुँदैहुन्न, और जो छ त्यो सबै कालमा छँदैछ, तत्वज्ञानी पुरुषहरूले 'सत्' र 'असत्' दुवैको अन्त्य देखियेको छ, अर्थात् अन्त्य देखेर तिन्का स्वरूपको निर्णय गरियेको छ.

अविनाशि तु तद्विद्धि येन सर्वमिदं ततम्;
विनाशमव्ययस्याऽस्य न कश्चित्कर्तुमर्हति. (१७)

न नाशिने उही जान जस्ले यो परिपूर्ण छ;
यो नित्य(४)-तत्त्वको नाश गर्न लौ कुन शक्तछ ?

संझना राख कि, यो जगत् जस्ले व्याप्त गरेको छ, त्यो मूल आत्म-स्वरूप ब्रह्म अविनाशी छ, यस अविनाशी तत्वलाई नाश गर्न कोही समर्थ छैन.

---

(१) कहिल्यै न नाशिने.
(२) नाशिने,
(३) सार वस्तु.
(४) कहिल्यै नाश न हुने आत्माको,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नित्य आत्माका अनित्य देह-

अन्तवन्त इमे देहा नित्यस्योक्ताः शरीरिणः;
अनाशिनोऽप्रमेयस्य तस्माद्युध्यस्व भारत ! (१८)

अनाशी,[1] कल्पनातीत,[2] नित्यात्माका[3] इनी सबै;
नाशिने देह हुन् पार्थ ! तसर्थ लड धीर भै,

जो यो शरीरको स्वामी आत्मा छ, त्यो नित्य कहिल्यै न नाशिने र अचिन्त्य (मनले पनी संझन न सकिने) छ, तेस्ले लिइने ई शरीर नाशवान् अर्थात्-अनित्य छन् भनेर बताउँदछन्, यस कारण—हे भारत ! तिमी युद्ध नै गर अर्थात्—तिमीले बचाउँदैमा बाँच्ने र मार्दैमा मर्ने पनी हुँदैन.

य एनं वेत्ति हन्तारं यश्चैनं मन्यते हतम्;
उभौ तौ न विजानीतो नाऽयं हन्ति न हन्यते. (१९)

जो यो[4] मार्छ भनी ठान्छ, जो यो मारिन्छ. ठान्दछ;
दुवैको झूठ हो ज्ञान, यो न मारिन्छ मार्दछ.

शरीरको स्वामी जीवात्मालाई नै जो मार्ने हो भन्ने संझन्छ, और जो यस्लाई मर्ने (मरेको) भन्ने संझन्छ, ती दुवैको ज्ञान सच्चा होइन, किन भने यो आत्मा न कसैलाई मार्दछ, और न त अरु द्वारा आँफू मारिन्छ.

---

(१) न नाशिने.
(२) मनको गतिबाट पर रहेको.
(३) सधैं भई रहने आत्माका.
(४) आत्मा,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुराण पुरुष-

न जायते म्रियते वा कदाचि-
न्नाऽयं भूत्वा भविता वा न भूयः;
अजो नित्यः शाश्वतोऽयं पुराणो
न हन्यते हन्यमाने शरीरे. (२०)

न जन्म यो लिन्छ, न नाशिने हो,
न यो अघी भो, न पछी हुने हो;
[1]पुराण, आत्मा, [2]अज, नित्य नै हो
यो देह मारी न त मारिने हो.

यो आत्मा न त कहिल्यै जन्मन्छ, न त कहिल्यै मर्दछ, न त त्यो एक पटक उत्पन्न भयेर फेरी न हुने हुन्छ, यो आत्मा जन्मरहित, नित्य र पुराणपुरुष हो, शरीर मारियोस्, त पनी त्यो कवै मारिंदैन !

वेदाऽविनाशिनं नित्यं य एनमजमव्ययम्;
कथं स पुरुषः पार्थ ! कं घातयति हन्ति कम्. (२१)

जस्ले आत्मा [3]अनाशी र [4]अजन्मा [5]नित्य जान्दछः
कस्लाई कसरी ? तेस्ले मराउँदछ, मार्दछ ?

जो पुरुष आत्मालाई अविनाशी, अजन्मा, नित्य र अव्यय भन्ने जान्दछ, तेस्ले कस्लाई कसरी मराउला र कस्लाई कसरी मार्ला ?

---

(१) सब भन्दा पहिलेको.
(२-४) न जन्मने.
(३.) कहिल्यै न नाशिने.
(५) तिनै कालमा एकैनास.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आत्माको देहान्तर ग्रहण-

वासांसि जीर्णानि यथा विहाय
नवानि गृह्णाति नरोऽपराणि;
तथा शरीराणि विहाय जीर्णा-
न्यन्यानि संयाति नवानि देही. (२२)

लुगा पुराना जसरी त्यजेर
नयाँ लुगा मानिस लिन्छ फेर;
तस्त बुढा देहहरू त्यजेर
यो जीवले[1] लिन्छ नयाँ शरीर.

मानिसले जस्तै पुराना कपडा फेरेर नयाँ कपडा पहिरन्छ, तेस्तै शरीरको स्वामी आत्माले काल, कर्मका वशले पुराना भयेका शरीरलाई छोडेर (बदलेर) दोस्रो नयाँ शरीर धारण गर्दछ (लिन्छ).

आत्माको अविनाशिता-

नैनं छिन्दन्ति शस्त्राणि नैनं दहति पावकः;
न चैनं क्लेदयन्त्यापो न शोषयति मारुतः. (२३)

न शस्त्र[2] काट्छ यस्लाई, न आगोले जलाउँछ;
न गलाउँछ पानीले, न हावाले सुकाँउछ.

यो आत्मालाई शस्त्रहरूले काट्न सक्दैनन्, आगोले जलाउन सक्दैन, पानीले भिजाउन वा गलाउन सक्दैन, और हावाले सुकाउन पनी सक्दैन.

---

(१) जीवात्माले. (२) हतियार.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

कोमलगीता

२ आत्माको वर्णन ।

न शस्त्र काट्छ यस्लाई, न आगोले जलाउँछः
न गलाउँछ पानीले, न हावाले शुकाउँछ ।

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अच्छेद्योऽयमदाह्योऽयमक्लेद्योऽशोष्य एव च;
नित्यः सर्वगतः स्थाणुरचलोऽयं सनातनः· (२४)

कसैले छेद्य[1] वा दाह्य[2] क्लेद्य[3] वा शोष्य[4] होइन;
नित्य, व्यापी[5], स्थिर[6], स्थाणु[7] यो आत्मा छ सनातन[8].

यो (आत्मा) अच्छेद्य, अदाह्य, अक्लेद्य र अशोष्य छ, यो नित्य, सर्वव्यापी, स्थिर, अचल र सनातन छ.

अव्यक्तोऽयमचिन्त्योऽयमविकार्योऽयमुच्यते;
तस्मादेवं विदित्वैनं नाऽनुशोचितुमर्हसि. (२५)

हेर यो अति-अव्यक्त[9], अविकारी, अचिन्त्य छ;
यस्तो जानेर उस्लाई शोक गर्नु अयोग्य छ.

यस आत्मालाई नै अव्यक्त अर्थात्—आँखा आदि इन्द्रियका विषयबाट पर रहेको, अचिन्त्य अर्थात्—मनले पनी जान्न न सकिने, और अविकार्य अर्थात्—कुनै पनी विकारको उपाधिले रहित छ, यस्तो बताउँछन्, यस कारण आत्मालाई यस्तो संझेर तिमी उस्का उपर शोक र मोह न गर.

आत्माका अनित्यत्व-पक्षको उत्तर-

अथ चैनं नित्यजातं नित्यं वा मन्यसे मृतम्;
तथापि त्वं महाबाहो ! नैनं शोचितुमर्हसि. (२६)

---

(१) काटिने.　(४) सुकाउन सकिने.　(७) मूल.
(२) डढाइने.　(५) जहाँ तहीं रहेको.　(८) पहिलेदेखी नै रहीरहेको.
(३) गलाइने.　(६) एकनास रहने,　(९) अगम्य.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यदि यो नित्य[1] जन्मेको, मरेको भनि ठान्दछौ;
तै पनी पार्थ ! उस्लाई शोग गर्न अयोग्य छौ.

अथवा, 'तिमी यो आत्मा नित्य होइन, शरीरका साथ-साथै सर्वदा जन्मन्छ र मर्दछ' भन्ने ठान्दछौ भने पनी हे महाबाहू ! उस्को निमित्त तिमीले शोग गर्न ठीक छैन.

जातस्य हि ध्रुवो मृत्युर्ध्रुवं जन्म मृतस्य च;
तस्मादपरिहार्येऽर्थे न त्वं शोचितुमर्हसि. (२७)

अवश्य जन्मने मर्छे, मर्नेको जन्म नित्य छ;
न भई न हुने माथी तिम्रो शोक अयोग्य[2] छ.

किन भने, जो जन्मन्छ, तेस्को मृत्यु निश्चित छ, और जो मर्दछ, उस्को जन्म निश्चित छ, यस निमित्त यस्तो न भई न छोड्ने कुराको उपर, यो माथी कहियेको तिम्रो मतको अनुसार पनी तिमीले शोग गर्न उचित हुँदैन.

सांख्य-मतले प्राणीको अशोच्यत्व-

अव्यक्तादीनि भूतानि व्यक्तमध्यानि भारत !
अव्यक्तनिधनान्येव तत्र का परिदेवना. (२८)

देखिन्नन् पहिले[3] प्राणी[4], देखिन्छन् तिनि मध्यमा[5];
आखीर[6] फिर देखिन्नन् शोचनू कुन बातमा ?

---

(१) सदा-सर्वदा.
(२) वेठीक.
(३) नजन्मेको अवस्थामा.
(४) मानिसहरु.
(५) जन्मेर न मरुञ्जेल.
(६) मरेपछी',

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सब भूत (प्राणी) पहिले अव्यक्त (न जानिने), मध्यममा व्यक्त (जानिने), र मरण भयेमा फेरी अव्यक्त (न जानिने) हुन्छन्. यदि यस्तै सबैको स्थिति छ भने, हे भारत! ती तीन कुरा मध्यमा शोक कुन कुराको?

आश्चर्यपूर्ण अमर आत्मा-

आश्चर्यवत्पश्यति कश्चिदेन-
माश्चर्यवद्वदति तथैव चाऽन्यः;
आश्चर्यवच्चैनमन्यः शृणोति
श्रुत्वाऽप्येनं वेद न चैव कश्चित्. (२९)

आश्चर्य भै यस्कन हेर्छ कोही,
आश्चर्यके साथ कहन्छ कोही;
आश्चर्य मानीकन सुन्छ कोही,
सुने पनी यो बुझ्दैन कोही. !

मानो कोही ता आश्चर्य अर्थात्- अद्भुत चीज नै संझेर आत्मा तर्फ दृष्टि दिन्छ, कोही आश्चर्यमा नै परी यस्को वर्णन गर्दछ, अर्को कुनै मानो आश्चर्य नै भयेर यस्लाइं सुन्दछ; परन्तु यस प्रकार देखेर-सुनेर-वर्णन गरेर पनी इनीहरूमा कुनै पनी यस आत्मालाई वास्तविक जान्दैनन् !

देही नित्यमवध्योऽयं देहे सर्वस्य भारत !
तस्मात् सर्वाणि भूतानि न त्वं शोचितुमर्हसि. (३०)

देही मारेर मारिन्न कसैका देहको पनी;
तस्मात् प्राणी सबै-माथी गर्दछौ शोक के भनी ?

---

(१) आत्मालाई.
(२) जान्दैन.
(३) आत्मा.
(४) सबैका उपर.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हे भारत ! सबका शरीरमा रहने जीवात्मा सर्वदा अवध्य अर्थात्- कहिल्यै पनी बध (मार्न) न सकिने यस्तो छ. यस कारण सबका अर्थात्- कुनै पनी प्राणीका विषयमा शोग गर्नू तिमीलाई योग्य छैन.

क्षत्रियका धर्मबाट युद्ध नै श्रेय-

स्वधर्ममपि चाऽवेक्ष्य न विकंपितुमर्हसि;
धर्म्याद्धि युद्धाच्छ्रेयोऽन्यत्क्षत्रियस्य न विद्यते. (३१)

स्वधर्म[1] पनि संझेर काँपनू यो अयोग्य छ;
स्वधर्मको[2] युद्ध भन्दा क्षत्रीको श्रेय कौन छ ?

यो बाहेक, स्वधर्म तिर हेरौं भने पनी यस बखत हिक्मत हार्नू (काँतर हुनू) तिमीलाई उचित छैन. किन भने, धर्मोचित युद्ध बाहेक क्षत्रियलाई ज्यादै कल्याण गर्ने अरु केही कुरा छँदैछैन.

यदृच्छया चोपपन्नं स्वर्गद्वारमपावृतम्;
सुखिनः क्षत्रियाः पार्थ ! लभन्ते युद्धमीदृशम्. (३२)

आई-परेको, स्वर्गीय[3], खुला-द्वार-समानको;
युद्ध यस्तो भाग्यमानी क्षत्रीले पाउँछन् निको.

अनी हे पार्थ ! यो युद्ध आपसे आप उघ्रेको, स्वर्गको द्वार (ढोका) नै हो. यस्तो संग्राम ता, भाग्यवान् क्षत्रियहरुलाई मात्र प्राप्त हुन्छ.

अथ चेत्त्वमिमं धर्म्यं संग्रामं न करिष्यसि;
ततः स्वधर्मं कीर्तिं च हित्वा पापमवाप्स्यसि. (३३)

(१-२) आफ्ना जातको धर्म. (३) स्वर्गमा भयेको (रहेको).

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस्तो यो धर्मको युद्ध तिमी छोडदछौ भने;
धर्म कीर्ति दुबै नाशी हुन्छौ दुर्नाम[1] पाउने.

अत एव, यदि तिमीले आफ्नू धर्मको अनुकूल भयेको यो युद्ध गरेनौ भने, आफ्नू धर्म (कर्तव्य) र कीर्तिलाई समेत गुमायेर ठूलो पापभागी (पाप भोग गर्ने) बन्नेछौ.

अकीर्तिं चाऽपि भूतानि कथयिष्यन्ति तेऽव्ययाम्;
संभावितस्य चाऽकीर्तिर्मरणादतिरिच्यते. (३४)

बदनामी सबै तिम्रो गाउँनेछन् अनेकशः[2];
मृत्यु[3] भन्दा ठुलो हुन्छ ठुलाका निंति दुर्यशः[4].

यत्ति मात्र होइन कि, धेरै काल सम्म दुनियाँहरुमा तिम्रा बदनामीको चर्चा फैलिई-रहनेछ. प्रतिष्ठित (इज्जतदार) पुरुषको बदनाम हुनू मर्नु भन्दा पनी बढी ठहर्छ.

भयाद्रणादुपरतं मंस्यन्ते त्वां महारथाः;
येषां च त्वं बहुमतो भूत्वा यास्यसि लाघवम्. (३५)

महारथीले[5] ठान्नेछन् भाग्यो यो डरले भनी;
जो वीर[6] ठान्दथे तिन्ले भन्नेछन् भगुवा पनी.

सब महारथीहरु ठान्नेछन् कि, तिमी डरायेर युद्धबाट हट्यौ, और जुन

---

(१) बदनाम.
(२) धेरै प्रकारका.
(३) मर्नू.
(४) अपजस.
(५) कर्ण दुर्योधनहरुले.
(६) बहादुर.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मानिस अहिले सम्म तिमीलाई वीरमा अग्रगण्य संझन्थे, उनैले अब तिम्रो योग्यता कमती संझनेछन् (ठान्नेछन्).

अवाच्यवादांश्च बहून्वदिष्यन्ति तवाऽहिताः;
निन्दन्तस्तव सामर्थ्यं ततो दुःखतरं नु किम्. (३६)

तिम्रो सामर्थ्यको निन्दा गर्दै दुश्मनवर्गले;
अवाच्य धेरै बक्नेछन् यो भन्दा बढि दुःख के ?

यस्तै तिम्रा सामर्थ्यको निन्दा गरेर, तिम्रा शत्रुहरुले यस्ता-यस्ता अनेक कुरा तिम्रा विषयमा भन्नेछन् , जो भन्नै न सकिनेछन् ! यस भन्दा ठुलो दुःख गर्ने कुरा के होला ?

हतो वा प्राप्स्यसि स्वर्गं जित्वा वा भोक्ष्यसे महीम्;
तस्मादुत्तिष्ठ कौन्तेय ! युद्धाय कृतनिश्चयः (३७)

मरे स्वर्ग, जितेदेखी पृथ्वीको भोग निर्भय;
तसर्थ, उठ कौन्तेय ! युद्धमा गरि निश्चय.

मारियौ भने, स्वर्ग जान पाउनेछौ , और जित्यौ भने पृथ्वीको राज्य भोग गर्न पाउनेछौ . यस कारण हे अर्जुन ! युद्धकै निश्चय गरेर उठ (तैयार भयेर अगाडी सर.)

सुखदुःखे समे कृत्वा लाभालाभौ जयाजयौ;
ततो युद्धाय युज्यस्व नैवं पापमवाप्स्यसि . (३८)

---

(१) शक्ति तागतको.
(२) भन्न नालायक कुरा.
(३) बक-बक गर्नेछन्.
(४) शत्रुबाट डर नभयेको.
(५) हे कुन्तीका पुत्र अर्जुन !
(६) पक्कापक्की.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जित-हार, नफा-हानि, सुख-दुःख बराबरी;
संझेर गर संग्राम, पापी हुन्नौ यसो गरी.

सुख-दुःख , नाफा-नोक्सान र जित-हार जो होस् , यो सब एकै ठानेर अनी युद्ध गर्न लाग, यसो गर्नाले तिमीलाई केही पनी पाप लाग्नेछैन.

योगको विवेचना-

एषा तेऽभिहिता सांख्ये बुद्धिर्योगे त्विमां शृणु;
बुध्द्या युक्तो यया पार्थ ! कर्मबन्धं प्रहास्यसि. (३९)

बतायें सांख्यको[1] बुद्धि, अब लौं योगको[2] सुन;
जो योगबुद्धिले[3] गर्दा छोडौला कर्मबन्धन[4].

हे पार्थ ! सांख्य अर्थात्—संन्यासनिष्ठाको अनुसार यो बुद्धि (ज्ञान) बतायें, अब जुन बुद्धिले युक्त भयेमा कर्महरु न छोडे पनी तिमी कर्मबन्धन-लाई छोडौला, यस्तो यो कर्मयोगको बुद्धि अर्थात्—कर्म गरे पनी निर्लिप्त रहने बुद्धि तिमीलाई बताउछु, सुन.

बुद्धियोगको थोरै कर्मले ठुलो श्रेय-

नेहाऽभिक्रमनाशोऽस्ति प्रत्यवायो न विद्यते;
स्वल्पमप्यस्य धर्मस्य त्रायते महतो भयात्. (४०)

---

(१) 'आत्मा नित्य छ, शरीर नाशिदा पनी नाशिदैन' भन्ने सांख्यशास्त्र अनुसारको.

(२) कर्मयोगको. (३) आत्मामा लीन भयेको आसक्तिरहित बुद्धिले.

(४) कर्मका सुख-दुःखादि दिलाउने पाप-पुण्य जन्म-मरण इत्यादि बन्धनहरु.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस्मा[1] आरम्भ[2] नाशिन्न, न यस्मा दोष आउँछ;
थोरै होस् तर यो धर्म ठुलो भय हटाउँछ.

यो योगबुद्धिमा एक पटक सुरु गरियेका कर्मको नाश हुँदैन (भुसिँदैन) और पछी पनी पाप लाग्नाको (विग्रनाको) संभावना नै रहँदैन, यो धर्म अलिकति मात्र गरियोस् त पनी यस्ले कर्तालाई ठुला-ठुला भयबाट रक्षा गर्दछ (बचाउँदछ)

व्यवसायात्मक बुद्धिको स्थिरता-

व्यवसायात्मिका बुद्धिरेकेह कुरुनन्दन !
बहुशाखा ह्यनन्ताश्च बुद्धयोऽव्यवसायिनाम्. (४१)

एकाग्रबुद्धि[3] नै यस्मा प्रधान[4] बुझ अर्जुन !
त्यो विना वासना-हाँगा हाल्छे बुद्धि कडोरन.

हे कुरुनन्दन ! यस मार्गमा व्यवसायात्मक बुद्धि अर्थात्-कार्य र अकार्यको निश्चय गर्ने एकाग्रबुद्धि नै प्रधान छ, किन भने, जस्का बुद्धिको यस प्रकार एक निश्चय हुँदैन, तिन्का बुद्धि वासनारूप अनेक हाँगा हालेर कडोरौं प्रकारका हुन्छन्.

कर्मकाण्डीका अस्थिर बुद्धि-

यामिमां पुष्पितां वाचं प्रवदन्त्यविपश्चितः;
वेदवादरताः पार्थ ! नान्यदस्तीति वादिनः. (४२)

---

(१) बुद्धियोगमा. (३) एकैमा अटल भयेको बुद्धि.
(२) सुरु गरियेको कर्म. (४) मुख्य.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वेद्का कर्मफलमा भुलेका मन्द् कर्मठे[1];
भन्छन् स्वर्गादि बाहेक सुख अर्को कहाँ छ के ?

हे पार्थ ! कर्मकाण्डात्मक वेदहरुका फलश्रुतियुक्त वाक्यहरुमा मात्र वादविवाद गर्दै भुलेका र यस्तो कुरा भन्ने मूढ छन्, जो कि यो बाहेक दोस्रो छँदैछैन.

कामात्मानः स्वर्गपरा जन्मकर्मफलप्रदाम् ;
क्रियाविशेषबहुलां भोगैश्वर्यगतिं प्रति. (४३)

जन्म[2]-कर्मादिको हेतु, क्रिया[3]-जंजाल-पूरित;
ऐश्वर्य[4]-भोगमा व्यग्र[5] हुन् सबै ती अपण्डित[6].

अनी 'अनेक प्रकारका यज्ञ-याग आदि कर्मबाट नै स्वर्गादि भोग र जन्म-जन्मान्तरमा ऐश्वर्य पनी मिल्दछ,' भन्दै स्वर्गकै पछी दौडने ती कर्मठेहरु काम्यबुद्धि भयेका नै हुन्.

भोगैश्वर्यप्रसक्तानां तयाऽपहृतचेतसाम् ;
व्यवसायात्मिका बुद्धिः समाधौ न विधीयते. (४४)

तेस्ता ती कामना[7]ऽऽसक्त, स्वर्ग-भोगादि-लंपट;
अज्ञको बुद्धि हे पार्थ ! हुन्न एक[8]-समाहित.

---

(१) कर्मकाण्ड-मार्गमा चल्नेहरु.
(२) अनेक जन्म र कर्मना कारण.
(३) नानाकर्मका बखेडाले पूर्ण.
(४) ऐश्वर्य र भोग निंती.
(५) मस्त (लागीपर्ने).
(६) निर्बुद्धि.
(७) फल इच्छा गरीरहने.
(८) एकाग्र स्थिर.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

माथी बताइयेका कुरा-तिर नै तिन्को मन तानियेको हुनाले भोग र ऐश्वर्यमा नै लट्ठ रहने ती अविवेकी, मूढ (अज्ञानी) पुरुषहरुको बुद्धि समाधिमा एकाग्रताको साथ स्थिर रहन सक्दैन.

स्थिर र योगस्थ बुद्धिले कर्म गर्नू-

त्रैगुण्यविषया वेदा निस्त्रैगुण्यो भवाऽर्जुन !
निर्द्वन्द्वो नित्यसत्वस्थो निर्योगक्षेम आत्मवान्. (४५)

गुणप्रपञ्ची[1] छन् वेद गुणको गर लंघन;
अनी सात्विक,[2] निर्द्वन्द्व,[3] निःस्वार्थी,[4] आत्मवान्[5] बन.[6]

हे अर्जुन ! कर्मकाण्डात्मक वेद यस रीतिंबाट त्रैगुण्य (सत्व-रज-तम गुणसंवन्धी) कुराहरुले भरियेका छन्, यस निमित्त तिमी त्रिगुणातीत, नित्यसत्वस्थ र सुख-दुःख इत्यादि द्वन्द्वधर्महरुबाट अलिप्त भयेर योगक्षेम आदि स्वार्थमा न परी आत्मनिष्ठ होऊ.

यावानर्थ उदपाने सर्वतः संप्लुतोदके;
तावान्सर्वेषु वेदेषु ब्राह्मणस्य विजानतः. (४६)

---

(१) सत्व-रज-तम गुणको विस्तार गर्ने.
(२) सत्वगुणको परा काष्ठमा रहेको.
(३) सुखदुःखादिका जोडीबाट अलग रहेको.
(४) जीविका निमित्त सतकवी नभयको.
(५) परमात्मामा हरबखत मन राख्ने.
(६) होऊ.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

[1]सर्वत्र पानि पायेमा कूवाको जो [2]प्रयोजन;
ज्ञानी [3]ब्रह्मज्ञको हुन्छ वेदमा त्यै प्रयोजन[4].

चारै-तिर (जता-सुकै) बाट पानीको बाढी आयेमा, कूवाको जत्ति प्रयोजन (काम) रहन्छ, अर्थात्–कत्ति पनी काम लाग्ने हुँदैन; तेत्तिकै प्रयोजन ज्ञान–प्राप्त ब्राह्मण (ब्रह्मज्ञ) लाई सब कर्मकाण्डात्मक वेदमा पनी रहन्छ, अर्थात्–केवल काम्यकर्मरूपी वैदिक कर्मकाण्डको उस्लाई केही आवश्यकता रहँदैन.

कर्मयोगका चार सूत्र-

कर्मण्येवाऽधिकारस्ते मा फलेषु कदाचन;
मा कर्मफलहेतुर्भूर्मा ते संगोऽस्त्वकर्मणि. (४७)

[5]कर्मैमा [6]हक तिम्रो छ, फलमा छैन अर्जुन !
न राख फलको आशा, न इच्छा कर्म छोडन.

कर्म गर्नेलाई मात्र तिम्रो अधिकार छ; फल पाउनु वा न पाउनु कहिल्यै पनी तिम्रो अधिकार (कब्जा) मा छैन; यस निमित्त 'मेरा कर्मको फलान् फल मिलोस्' यो हेतु मनमा राखेर काम गर्ने न बन; और कर्म न गर्नाको (छोड्नाको) पनी तिमी आग्रह न गर.

---

(१) जतातत्तै.
(२) काम.
(३) ब्रह्मज्ञानीको.
(४) पाठान्तर–जस्तै.

भरी तलाउमा पानी लिनू जस्तो प्रयोजन;
वेदका कर्ममा तस्तै ज्ञानीको छ प्रयोजन.

(५) काम गर्नमा.
(६) अधिकार.
(७) कामबाट उत्पन्न हुने फलहरुमा.

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF
Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कर्मयोग-लक्षण र बुद्धिको श्रेष्ठता-

योगस्थः कुरु कर्माणि सङ्गं त्यक्त्वा धनञ्जय !
सिद्ध्यसिद्ध्योः समो भूत्वा समत्वं योग उच्यते. (४८)

असिद्धि-सिद्धिमा तुल्य भई सङ्ग[1] त्यजीकन;
गर कर्म, बनी योगी[2], समता[3] 'योग' हो गुन.

हे धनञ्जय ! आसक्ति छोडेर, और कर्मको सिद्धि होस् या असिद्धि दुवैलाई समानै मानेर, योगस्थ अर्थात्—योगमा रहेको भई कर्म गर, कर्म सिद्धि हुँदा या विफल हुँदामा रहने, समताको मनोवृत्तिलाई नै 'कर्मयोग' भन्दछन्.

दूरेण ह्यवरं कर्म बुद्धियोगाद्धनञ्जय !
बुद्धौ शरणमन्विच्छ कृपणाः फलहेतवः. (४९)

यो बुद्धियोगका लेखा[4] अरू कर्म कनिष्ठ[5] छन्;
लेऊ त्यो समताबुद्धि फलेच्छु[6] सब तुच्छ हुन्.

किन भने, हे अर्जुन ! बुद्धिको साम्ययोग लिनू भन्दा बाह्य कर्म गर्नू ज्यादा नै कनिष्ठ (कान्छो-नीचो) छ, यसैले तेही साम्यबुद्धिका शरणमा पर. फलहेतुक अर्थात्—फलको उपर दृष्टि राखेर कर्म-गर्नेहरु कृपण अर्थात्—पछिल्लो दर्जाका संज्ञिन्छन्.

बुद्धियुक्तो जहातीह उभे सुकृतदुष्कृते;
तस्माद्योगाय युज्यस्व योगः कर्मसु कौशलम्. (५०)

---

(१) आसक्ति.
(२) परमेश्वरमा मन राखेको.
(३) कार्य-सिद्धि वा असिद्धिमा समान ठान्नु.
(४) फल इच्छा गरिने.
(५) नीचा.
(६) फल चाहना गरी कर्म गर्नेहरु.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बुद्धियोगी[1] यहीं छोड्छ पाप पुण्य दुवै थरी;
तस्मात् त्यै योगमा[2] लाग योगै हो कर्म-चातुरी[3].

जो साम्यबुद्धिले युक्त होला, त्यो यस लोकमा पाप र पुण्य दुवैबाट अलिप्त रहन्छ; यस कारण त्यही योगको आश्रय गर. पापपुण्य दुवैबाट बचेर कर्म गर्नाको कुशलता (चतुऱ्याई वा जुक्ति) लाई नै 'कर्मयोग' भन्दछन्.

कर्मयोगबाट मोक्ष-प्राप्ति-

कर्मजं बुद्धियुक्ता हि फलं त्यक्त्वा मनीषिणः;
जन्मबन्धविनिर्मुक्ताः पदं गच्छन्त्यनामयम्. (५१)

समता-बुद्धिका ज्ञानी कर्मका फल छोड्दछन्;
हटाई जन्म-बन्धादि कैवल्यपद[4] पुग्दछन्.

समत्वबुद्धिले युक्त, जो ज्ञानी पुरुष, कर्मका फल त्याग गर्दछन्, ती जन्मका बन्धनबाट मुक्त भयेर परमात्माको दुःखविरहित पद (मोक्षपद) मा पुग्दछन्.

यदा ते मोहकलिलं बुद्धिर्व्यतितरिष्यति;
तदा गन्तासि निर्वेदं श्रोतव्यस्य श्रुतस्य च. (५२)

---

(१) समान बुद्धि लिने, (३) कर्म गरी पाप-धर्मबाट बच्नाको जुक्ति.
(२) कर्मयोगमा. (४) मुक्तिमा.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मोहबाट जसै तिम्रो बुद्धिले पार पाउला ;
सुनेका[1] सुनिने[2] माथी विरक्ति[3] तब आउला.

जब तिम्रो बुद्धि मोहको धमिलो पर्दाबाट पार होला, तेसै बेला तिमी ती कुराहरुबाट विरक्त हुनेछौ; जो केही सुनी सकियेका र केही सुन्नलाई पर्न बाँकी छन्.

श्रुतिविप्रतिपन्ना ते यदा स्थास्यति निश्चला;
समाधावचला बुद्धिस्तदा योगमवाप्स्यसि. (५३)

जब त्यो वेद[4]विभ्रान्त बुद्धि तिम्रो समाहित[5];
होला निश्चल[6], त्यै वेला पाउला योग[7] यो स्वत[8]:.

नानाप्रकारक वेदवाक्यहरुले घवडायेको तिम्रो बुद्धि जब समाधिवृद्धिमा स्थिर र निश्चय होला, तेसै वखत यो साम्यबुद्धिरूप योग तिमीलाई प्राप्त हुनेछ.

स्थितप्रज्ञका लक्षण-

अर्जुन उवाच-

स्थितप्रज्ञस्य का भाषा समाधिस्थस्य केशव !
स्थितधीः किं प्रभाषेत किमासीत व्रजेत किम्. (५४)

---

(१) पहिले वताइयेका कुरा.
(२) पछी बताइने कुरा.
(३) वैराग्य.
(४) वेदको वाक्यले चलायेको.
(५) एकाग्र.
(६) न डगमगाउने.
(७) समतायोग.
(८) आपसे आप.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्थितप्रज्ञ समाधिस्थ योगीका चिह्न हुन् कति ?
कसरी बोल्छ वा बस्छ ? के गरी चल्छ ? त्यो यति.

अर्जुनले सोधे—हे केशव ! मलाई भन्नुहोस् कि, समाधिस्थ, स्थितप्रज्ञ कस्लाई भन्नू ? तेस स्थितप्रज्ञको बोल्नू, बस्नू र हिंड्नू कस्तो रहन्छ ?

भगवानुवाच-

प्रजहाति यदा कामान्सर्वान्पार्थ ! मनोगतान्;
आत्मन्येवाऽऽत्मना तुष्टः स्थितप्रज्ञस्तदोच्यते. (५५)

आफैंमा तृप्त भै आफैं, मनका कामनाकन;
जब छोड्यो, अनी हुन्छ समाधिस्थ निरञ्जन.

भगवान्‌ले भन्नुभयो—हे अर्जुन ! जहिले कोही मनुष्य आफ्ना मनका कामना अर्थात्—वासनाहरूलाई छोड्दछ र आपसे आप सन्तुष्ट भयेर रहन्छ, तब तेस्लाई 'स्थितप्रज्ञ' (स्थिरबुद्धि भयेको) भनी बताउँछन्.

दुःखेष्वनुद्विग्नमनाः सुखेषु विगतस्पृहः;
वीतरागभयक्रोधः स्थितधीर्मुनिरुच्यते. (५६)

दुःखमा दिक्क नहुन्ने, नलोभ सुखमा पनी;
राग-द्वेष-भय-त्यागी योगी हो स्थिँतधी मुनि.

---

(१) स्थिरबुद्धि भयेको.
(२) समाधिमा रहेको.
(३) इन्द्रियसंयमी पुरुष.
(४) विषयवासना.
(५) निर्लिप्त.
(६) प्रेम–डाह–डर छोड्ने.
(७) स्थितप्रज्ञ.
(८) इन्द्रियहरु रोक्ने.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दुःखमा जस्को मनलाई खेद हुँदैन, सुखमा जस्को आसक्ति छैन और जस्का प्रेम, डर, र रीस छुटेका छन्, तेस्लाइ स्थितप्रज्ञमुनि भन्दछन्.

य: सर्वत्राऽनभिस्नेहस्तत्तत्प्राप्य शुभाशुभम्,
नाऽभिनन्दति न द्वेष्टि तस्य प्रज्ञा प्रतिष्ठिता. (५७)

जस्को स्नेह कतै छैन, जो शुभा-ऽशुभ पाउँदा;
गर्दैन[1] स्तुति[2] वा निन्दा त्यै स्थितप्रज्ञ हो सदा.

सब कुरामा जस्को मन निस्संग भयेको छ, और आई परेका शुभ-अशुभमा जस्लाई खूसी या खेद पनी छैन, तब भन्नुपर्दछ कि त्यस्को बुद्धि स्थिर भयेको हुनाले त्यो 'स्थितप्रज्ञ' हो.

यदा संहरते चाऽयं कूर्मोऽङ्गानीव सर्वशः;
इन्द्रियाणीन्द्रियार्थेभ्यस्तस्य प्रज्ञा प्रतिष्ठिता. (५८)

कूर्मले[3] अङ्ग झैं जस्ले सारा विषयबाट ई,
दशेन्द्रिय[4] खिची लिन्छ समाधिस्थित हो उही.

जस्तै कछुवा आफ्ना हात-पयर इत्यादि अवयवहरु चारैतिरबाट खुंच्याउँदछ, तेस्तै जब कोही पुरुष इन्द्रियहरुका शब्द-स्पर्श आदि विषयहरु बाट आफ्ना इन्द्रियहरुलाई खीच्दछ, तब तेस्लाई 'स्थिरबुद्धि' भयेको पुरुष भन्नूर्पदछ.

---

(१) बढिया र घटिया कुराहरु.
(२) तारीफ.
(३) कछुवाले.
(४) चक्षु श्रोत्रादि इन्द्रिय.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विषया विनिवर्तन्ते निराहारस्य योगिनः ;
रसवर्जं रसोऽप्यस्य परं दृष्ट्वा निवर्तते. (५९)

आहार-हीन[1], योगीका छुट्छन् विषय, चाह[2] ता;
छुट्दैन, तर त्यो ब्रह्म-ज्ञानले[3] हुन्छ बेपता.

निराहारी पुरुषका विषयहरु छुट्न जाउन् लौ, तथापि तिन्को (विषयहरुको) रस अर्थात्—चाहना छुटेको हुँदैन. परन्तु परब्रह्मको अनुभव भयेमा त्यो चाहना पनी छुट्दछ, अर्थात्—विषय र तिन्को चाह समेत दुवै छुट्दछन्.

यततो ह्यपि कौन्तेय ! पुरुषस्य विपश्चितः ;
इन्द्रियाणि प्रमाथीनि हरन्ति प्रसभं मनः. (६०)

कुनै विद्वान्[4] जवर्दस्ती[5] लागोस् ता पनि रोकन;
अजोडी[6] इन्द्रियहरु बलैले हर्दछन् मन.

कौन्तेय ! कारण यो छ कि केवल इन्द्रियहरुलाई दमन (दवावट) को निमित्त प्रयत्न गर्ने, विद्वान्का पनी मनलाई ई बलिया इन्द्रियहरुले जवर्दस्ती-साथ आफैंतिर तान्दछन्.

तानि सर्वाणि संयम्य युक्त आसीत मत्परः ;
वशे हि यस्येन्द्रियाणि तस्य प्रज्ञा प्रतिष्ठिता. (६१)

---

(१) न खायेर इन्द्रिय रोक्न चाहने.
(२) इच्छा.
(३) परब्रह्मको ज्ञानले.
(४) इन्द्रिय दमन गर्ने इच्छा गर्ने पुरुष.
(५) विषहरुको चाहना न हटी.
(६) बहुतै बलिया.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मेरै आश्रय ली सारा सँभालीकन इन्द्रिय;
जसले वशमा गर्छ स्थितधी त्यै छ निश्चय.

यस कारण ई सब इन्द्रियहरुलाई संयमन गरेर, योगयुक्त र मत्परायण (ममा नै एकाश्रय) भयेर रहनुपर्दछ. यस किसिमले जस्का इन्द्रियहरु अधीनमा पर्न आये, तब संझनुपर्छ कि त्यो स्थितप्रज्ञ भयो.

विषयहरुको चिन्तनले सर्वनाश-

ध्यायतो विषयान्पुंसः सङ्गस्तेषूपजायते;
संगात्संजायते कामः कामात्क्रोधोऽभिजायते. (६२)

चिताउनाले विषय तिनैमा सङ्ग बढ्दछ;
संगले कामना हुन्छ, न फुगोस् क्रोध चढ्दछ.

विषयहरु चिताउने पुरुषको तिनै विषयहरुमा सङ्ग बढ्दै जान्छ. अनी तेस सङ्गबाट यो वासना उत्पन्न हुन्छ कि, मलाई यो काम अर्थात् त्यो विषय चाहिन्छ. अनी तेस कामनाको तृप्तिमा विघ्न हुन आयो भने, तेस कामबाट नै क्रोधको उत्पत्ति हुन्छ.

क्रोधाद्भवति संमोहः संमोहात्स्मृतिविभ्रमः;
स्मृतिभ्रंशाद्बुद्धिनाशो बुद्धिनाशात्प्रणश्यति. (६३)

---

(१) स्मरण. (४) आसक्ति.
(२) चक्षुरादि इन्द्रिय. (५) पाउनाको इच्छा.
(३) रूप-रस इत्यादि. (६) रीस.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

क्रोधले हुन्छ [1]संमोह, त्यो भई [2]स्मृतिनाश छ;
तेसले [3]बुद्धि नाशिन्छ, त्यसैले [4]सर्वनाश छ.

क्रोधबाट संमोह अर्थात्—अविवेक पैदा हुन्छ. संमोहबाट स्मृतिविभ्रम (उल्टो ज्ञान) हुन्छ. स्मृतिभ्रंशबाट बुद्धि नाशिन्छ. बुद्धिनाशबाट पुरुषको सर्वनाशै हुन्छ.

रागद्वेषवियुक्तैस्तु विषयानिन्द्रियैश्चरन्;
आत्मवश्यैर्विधेयात्मा प्रसादमधिगच्छति. (६४)

जस्ले [5]रागादिले हीन[6], [7]वश्य, इन्द्रियले सदा;
भोग्ला विषय तेसैको हुन्छ [8]अन्तःप्रसन्नता.

परन्तु आफ्नू आत्मा अर्थात्—अन्तःकरण जस्का कब्जामा छ, त्यो पुरुष प्रेम र द्वेष हटी सकेका आफ्ना स्वाधीन इन्द्रियहरुले विषयहरुको उपभोग गरोस् ता पनी तेस्को मन निर्मल नै रहेको हुन्छ.

प्रसादे सर्वदुःखानां हानिरस्योपजायते;
प्रसन्नचेतसो ह्याशु बुद्धिः पर्यवतिष्ठते. (६५)

[9]अन्तःप्रसाद जस्को छ दुःख तेस्को हराउँछ;
तेस्ता [10]प्रसन्नचेताको बुद्धिले ठाउँ पाउँछ.

---

(१) अविवेक.
(२) समझमा भ्रान्ति.
(३) ज्ञान.
(४) केही बाँकी रहँदैन.
(५) प्रेम रीस इत्यादिले.
(६) रहित भयेका.
(७) अधीनमा रहेका.
(८) भित्री शान्ति.
(९) अन्तः करणको निर्मलता.
(१०) प्रसन्न चित्त भयेकाको.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चित्त प्रसन्न रहनाले तेस्का सब दुःखहरुको नाश हुन्छ, किन भने, जस्को चित्त प्रसन्न छ, तेस्को बुद्धि पनी तत्कालमा ठीक ठाउँमा नै स्थिर (अटल रहेको) हुन्छ.

असंयमीको घोर दुःख-

नास्ति बुद्धिरयुक्तस्य न चाऽयुक्तस्य भावना;
न चाऽभावयतः शान्तिरशान्तस्य कुतः सुखम्. (६६)

अयुक्तको[1] न ता बुद्धि[2], भावना[3] न अयुक्तको;
न भावना-विना शान्ति, न ता सुख अशान्तको[5].

जो पुरुष पूर्वोक्त रीतले युक्त अर्थात्–योगयुक्त भयेको छैन, तेस्मा स्थिरबुद्धि र भावना अर्थात्–दृढबुद्धिरूप निष्ठा पनी रहँदैन; जस्लाई भावना छैन, तेस्लाई शान्ति हुन्न; औ जस्लाई शान्ति छैन, तेस्लाई सुख (आनन्द) कहाँबाट मिल्न सक्ला. ?

इन्द्रियाणां हि चरतां यन्मनोऽनुविधीयते;
तदस्य हरति प्रज्ञां वायुर्नावमिवाऽम्भसि. (६७)

डुल्ने इन्द्रियका साथै मन जो पछि लाग्दछ;
वायुले नाउ[6] झैं तेस्ले तेस्को बुद्धि उडाउँछ.

---

(१) योग न गर्नेको.
(२) स्थिरबुद्धि.
(३) दृढबुद्धिको स्थिति.
(४) मनको आराधीपन.
(५) शान्ति न भयेकाको.
(६) पानीमा रहेको डुङ्गा–जहाज.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विषयहरुमा सञ्चार अर्थात्–व्यवहार गर्ने इन्द्रियहरुका पछी-पछी जो मन गै रहेको छ; तेस्ले नै पुरुषको बुद्धिलाई यसरी खीचेर लैजान्छ, जस्तै कि, पानीमा डुँगालाई हावाले खीच्दछ.

तस्माद्यस्य महाबाहो ! निगृहीतानि सर्वशः;
इन्द्रियाणीन्द्रियार्थेभ्यस्तस्य प्रज्ञा प्रतिष्ठिता. (६८)

तस्मात् इन्द्रिय संपूर्ण सबै विषयबाट ई;
जस्का हटीसकेका छन् स्थितधी मुनि हो उही.

यसै-कारण, हे महाबाहु, अर्जुन ! जस्का इन्द्रियहरु सबै इन्द्रियका विषयहरुबाट हटी-सकेका छन्, तेसैको बुद्धि स्थिर भयो भनी जान्नुपर्छ,

मुनिको जागृती र निद्रा-

या निशा सर्वभूतानां तस्यां जागर्ति संयमी;
यस्यां जाग्रति भूतानि सा निशा पश्यतो मुनेः. (६९)

प्राणीको जो रात्रि हुन्छ, उस्मा जाग्दछ[1] संयमी[2];
जस्मा जाग्छन् सबै प्राणी, देख्छ त्यो रात्रि नै मुनि.

सब प्राणीहरुको जो रात छ, तेस्मा स्थितप्रज्ञ मुनि जागा रहन्छ, और जस्मा सारा प्राणी जागा रहन्छन् तेस्लाई ज्ञानवान् मुनि रात जस्तै देख्दछ-(अर्थात्–ज्ञानी पुरुषहरु काम्यकर्मलाई अँध्यारो रात्री जस्तो बेकामको ठहऱ्याउँछन्, तेस्मा अज्ञानीहरु दिनमा जस्तै गरी चलन–बर्तन गर्दछन्, अज्ञानीहरुले रात जस्तै बेकामको ठहरायेको निष्कामकर्मयोगलाई ज्ञानीहरु दिन जस्तै उपयोगी ठहऱ्याई उपयोग गर्दछन्.)

(१) जागा रहन्छ. (२) योगी.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ब्राह्मी स्थिति-

आपूर्यमाणमचलप्रतिष्ठं
समुद्रमापः प्रविशन्ति यद्वत् ;
तद्वत्कामा यं प्रविशन्ति सर्वे
स शान्तिमाप्नोति न कामकामी. (७०)

जस्तै [1]भरी-सागर भित्र सारा,
मिल्छन् सदा गैकन [2]तोय-धारा;
तेस्तै जहाँ [3]काम [4]विलीन बन्छन्,
त्यै शान्त भो, [5]अन्य अशान्त हुन्छन्.

चारैं-तर्फबाट पानी उर्लंदै आउँदा पनी मर्यादा न छोडी न डग्मगाई रहने हुनाले समुद्रमा जसरी सब पानीहरु गयेर मिल्दछन्, तेस्तै जुन पुरुष सारा विषयहरु आईपर्दा शान्तिभङ्ग हुन न दिई ती सबलाई आँफूमा प्रवेश गराउन शक्छ, तेस्ले नै सच्चा शान्ति पाउँछ. विषयहरुको इच्छा गर्नेलाई यो शान्ति कदापि मिल्न सक्दैन.

विहाय सर्वान्यः कामान्पुमांश्चरति निस्पृहः ;
निर्ममो निरहङ्कारः स शान्तिमधिगच्छति. (७१)

जो छोडी [6]कामनाजाल, इच्छा र [7]ममता सब;
नि[8]रहंकार भै [9]चल्छ, लिन्छ त्यो [10]शान्ति-गौरव.

---

(१) पूर्ण सागर.
(२) पानीका प्रवाहहरु.
(३) विषयोपभोगका इच्छा.
(४) भित्रै मिलाउने.
(५) अरु (चाहनागर्नेहरु)
(६) कामनाको जंजाल.
(७) यो मेरो भन्ने बुद्धि.
(८) म यो काम गर्ने पुरुष हूँ भन्ने बुद्धि नलिने.
(९) वर्ताव गर्दछ.
(१०) पूर्णशान्ति.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जो पुरुष सब आसक्ति छोडेर, निस्पृह भई, व्यवहारमा बर्तन्छ (रहन्छ), तेस्तै जस्लाई ममत्व र अहङ्कार रत्ति–भर छैन, तेस्ले नै शान्ति पाउँछ.

एषा ब्राह्मी स्थितिः पार्थ ! नैनां प्राप्य विमुह्यति;
स्थित्वाऽस्यामन्तकालेऽपि ब्रह्मनिर्वाणमृच्छति. (७२)

यो ब्राह्मी-स्थिति हो पार्थ ! यस्ले मोह[२] हराउँछ;
मर्दा पनी रही यस्मा ब्रह्मनिर्वाण[३] पाउँछ.

हे पार्थ ! 'ब्राह्मी-स्थिति' यही हो. यस्लाई पाये पछी कोही पनी मोहमा फस्दैन; और अन्त्यकालमा अर्थात्–मर्ने बेलामा पनी यसै स्थितिमा रह्यो भने ब्रह्मनिर्वाण अर्थात्–परब्रह्ममा लीन हुन जाने मोक्ष तेस्ले अवश्य नै पाउँदछ. (११९)

इति श्रीमद्भगवद्गीतायां 'सांख्ययोगः'
द्वितीयोऽध्यायः (२)

इति नेपाली कोमलगीता 'सांख्ययोग' द्वितीय. (२)

---

(१) परमेश्वरमा कर्म अर्पण गरेर कर्मबन्धन (पाप-पुण्य) बाट छुटकारा पाउँने स्थान. (२) अज्ञान. (३) ब्रह्ममा लय,

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

❀ द्वितीयाध्याय. ❀

समाप्त.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

धर्मोपदेशक भगवान्



अकर्म भन्दा श्रेष्ठ छ आफ्नु कर्म सधैं गर ;
कर्मै छोड्यौ भने तिम्रो देह-निर्वाह चल्छ र ? (गीता ३।८)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ॐ

श्रीमद्भगवद्गीता.

कोमलगीता.

कर्मयोग (३).

कर्म गर्नू वा न गर्नू ?-

अर्जुन उवाच-

ज्यायसी चेत्कर्मणस्ते मता बुद्धिर्जनार्दन !
तत्किं कर्मणि घोरे मां नियोजयसि केशव ! (१)

हे कृष्ण ! त्यो कर्म[1] भन्दा बुद्धि[2] नै श्रेष्ठ हो भने;
यो घोर कर्ममा फेरी मलाई किन लाउने ?

अर्जुनले सोधे–हे जनार्दन ! यदि हजूरको मत 'कर्म भन्दा साम्य·बुद्धि (ज्ञान) नै श्रेष्ठ छ' भन्ने हो भने, हे केशव ! मलाई युद्धको घोर कर्ममा (संग्रामकाण्डमा) किन लगाउनुहुन्छ. ?

व्यामिश्रेणेव वाक्येन बुद्धिं मोहयसीव मे;
तदेकं वद निश्चित्य येन श्रेयोऽहमाप्नुयाम्. (२)

---

(१) साम्यबुद्धि लिनू. (२) कर्ममा लाग्नू.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मेरो विभ्रान्त[1] भो बुद्धि दोधारे बोलिले गरी;
जस्मा श्रेय छ त्यै यौटा आज्ञा होस् निश्चयै गरी.

तपाईं कहिले ज्ञानको र कहिले कर्मको प्रशंसा गर्दै मेरो बुद्धिलाई मानो मोहमा फसाउन लाग्नुभयेको हुनुहुन्छ. यस निमित्त निश्चय गरेर मलाई एकै कुरा बताउनुहोस्, जसबाट मेरो ज्यादा नै कल्याण हुन्छ.

उन्नतिका दुई बाटा-

भगवानुवाच-

लोकेऽस्मिन्द्विविधा निष्ठा पुरा प्रोक्ता मयाऽनघ !
ज्ञानयोगेन सांख्यानां कर्मयोगेन योगिनाम्. (३)

यो लोकमा दुई निष्ठा[2] बतायें अघि भिन्न[3] नै;
सांख्यको[4] त्यै ज्ञानयोग योगीको कर्मयोग नै.

भगवान्ले भन्नुभयो–हेनिष्पाप, अर्जुन ! पहिले अर्थात्–दोस्रो अध्यायमा मैले यो बतायें कि, 'यस लोकमा दुई प्रकारका निष्ठाहरु छन्, सांख्यमत लिनेहरुको 'ज्ञानयोग' र योगीहरुको 'कर्मयोग'.

न कर्मणामनारंभान्नैष्कर्म्यं पुरुषोऽश्नुते,
न च संन्यसनादेव सिद्धिं समधिगच्छति. (४)

प्रारंभ न गरी कर्म, कहाँ नैष्कर्म्य[5] पाउँछ ?
छोड्दैमा कर्म हे पार्थ ! कसरी सिद्धि[6] आउँछ ?

---

(१) चकराउने.
(२) मार्ग (रास्ता).
(३) बेग्ला-बेग्लै.
(४) सांख्यमतावलम्बीको.
(५) निष्कामकर्म गर्नेको.
(६) बन्धकत्व दोषले रहित कर्मसिद्धि.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परन्तु कर्महरुको सुरु न गर्नाले नै पुरुषलाई नैष्कर्म्य-प्राप्ति हुँदैन. और कर्महरुको प्रारंभलाई त्याग गर्नाले मात्र पनी सिद्धि मिल्दैन.

प्रकृतिधर्मबाट कर्मको श्रेष्ठता-

न हि कश्चित्क्षणमपि जातु तिष्ठत्यकर्मकृत्;
कार्यते ह्यवशः कर्म सर्वः प्रकृतिजैर्गुणैः. (५)

एक क्षण पनी कर्म न गरी कुन वस्दछ ?
गुणका वशमा पर्दा जगतै सव गर्दछ.

कुनै मनुष्य पनी केहीन केही कर्म न गरी एक क्षणमात्र पनी रहन सक्दैन. इच्छा न रहे पनी प्रकृतिका गुणहरुले अधीन गरेर उस-द्वारा यौटा न यौटा कर्म गरायेरै छोड्दछन्.

मिथ्याचारी (ढोंगी)-

कर्मेन्द्रियाणि संयम्य य आस्ते मनसा स्मरन्;
इन्द्रियार्थान् विमूढात्मा मिथ्याचारः स उच्यते. (६)

कर्मेन्द्रियहरू[2] बाँधी इन्द्रियार्थहरूकन[3];
मनले संझने मूढ हो मिथ्याचार[4], अर्जुन !

जो मूढ, हात-पयर आदि इन्द्रियलाई जवर्दस्तीले रोकेर, मनले इन्द्रिय-हरुका रूप-रस आदि विषयलाई संझी-रहन्छ, तेस्लाई मिथ्याचारी अर्थात्-दांभिक भन्दछन्.

---

(१) प्रकृतिबाट उत्पन्न हुने सत्व-रज आदि गुणको. (३) इन्द्रियका विषयहरु.
(२) काम गर्ने इन्द्रियहरु. (४) ढोंगी.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अनासक्तिकर्मयोग-

यस्त्विन्द्रियाणि मनसा नियम्याऽऽरभतेऽर्जुन !
कर्मेन्द्रियैः कर्मयोगमशक्तः स विशिष्यते. (७)

मनले वश पारेका ई कर्मेन्द्रियले[1] सब;
ज्ञो कर्मयोग[2] नै गर्छ, त्यही हो श्रेष्ठ[3] मानव.

परन्तु हे अर्जुन ! तेस्को योग्यता विशेष अर्थात्–श्रेष्ठ छ, जो मनले इन्द्रियहरूलाई रोकेर, खाली कर्मेन्द्रियहरूको द्वारा आसक्तिरहित बुद्धिले 'कर्मयोग' को आरंभ गर्दछ

नियतं कुरु कर्म त्वं कर्म ज्यायो ह्यकर्मणः;
शरीरयात्राऽपि च ते न प्रसिद्ध्येदकर्मणः. (८)

अकर्म[4] भन्दा श्रेष्ठ छ आफ्नू कर्म[5] सधैं गर;
कर्मै छोड्यौ भने तिम्रो देहनिर्वाह[6] चल्छ र ?

आफ्नू धर्मको अनुसार नियत अर्थात्-तोकियेको कर्मलाई तिमी गरी रहू, किन भने, कर्म न गर्नू भन्दा कर्म गर्नू केहीन केही असलै छ. यो बाहेक अर्को कुरा पनी संझ कि, यदि तिमी कर्म गर्दैनौ भने खाने कुरा पनी न पाइनाले तिम्रो शरीर-निर्वाह संम पनी चल्न शक्नेछैन.

---

(१) हात पयर इत्यादिले.
(२) आसक्ति छोडियेको काम.
(३) मनुष्य.
(४) काम न गर्नू.
(५) कर्तव्य कर्म.
(६) खान पीन आदिले प्राण राख्ने काम,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आसक्ति छोडी यज्ञचक्र चलाउनू-

यज्ञार्थात्कर्मणोऽन्यत्र लोकोऽयं कर्मबन्धनः ;
तदर्थं कर्म कौन्तेय ! मुक्तसङ्गः समाचर. (९)

[1]यज्ञार्थ-कर्म बाहेक कर्मले गर्छ बन्धन;
गर यज्ञार्थमा कर्म [2]फलेच्छा नगरीकन.

यज्ञका निमित्त जो कर्म गरिन्छन्, ती बाहेक अरु कर्महरुले यो लोक बाँधियेको छ. यज्ञार्थमा गरिने कर्महरु पनी तिमी आसक्ति या फलाशालाई छोडेर गर्दैजाऊ.

सहयज्ञाः प्रजाः सृष्ट्वा पुरोवाच प्रजापतिः ;
अनेन प्रसविष्यध्वमेष वोऽस्त्विष्टकामधुक्. (१०)

[3]प्रजालाई यज्ञ-साथै [4]रँची ब्रह्माजिले भने;
यै होस् तिम्रो [5]वृद्धि गर्ने, [6]कामधेनु सरी हुने.

सृष्टिको आदिमा यज्ञका साथ-साथै प्रजालाई उत्पन्न गरेर ब्रह्माले तिनीहरु सँग भने—'यस यज्ञको द्वारा वृद्धि होला, यो यज्ञ तिम्रो कामधेनु होस्' अर्थात्—यो तिम्रा इच्छा-माफिक फल दिनेवाला होस्.

देवान्भावयताऽनेन ते देवा भावयन्तु वः ;
परस्परं भावयन्तः श्रेयः परमवाप्स्यथ. (११)

---

(१) फलको इच्छा न लिई गरिने यज्ञको कर्म.
(२) फलको चाहना.
(३) जगतका मानिसलाई.
(४) सृष्टि गरी.
(५) उन्नति गर्ने.
(६) इच्छा माफिक फल दिने.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यज्ञले[1] देवता मान[2] उन्ले तिम्रो गरुन् भलो;
अन्योन्य[3] यो भलाईले श्रेय मिल्छ पछी ठुलो.

तिमीहरु यस यज्ञले देवताहरुलाई सन्तुष्ट गर्दै-रहू, और ती देवताहरु पनी तिमीहरुलाई सन्तुष्ट गर्दै-रहुन्. यसरी परस्परमा सन्तुष्ट गराउँदै दुवैथरीले कल्याण प्राप्त गर.

इष्टान्भोगान्हि वो देवा दास्यन्ते यज्ञभाविताः ;
तैर्दत्तानप्रदायैभ्यो यो भुङ्क्ते स्तेन एव सः. (१२)

यज्ञले खूस भै देव देलान् ईच्छित[4] भोग तीं;
उन्मा त्यो क्यै न टक्र्याई भोग्ने हो चोर दुर्मति.

किन भने यज्ञले सन्तुष्ट भयेर देवताहरु तिम्रा इच्छा माफिकका भोग तिमीहरुलाई दिनेछन्, उनीहरुले दिइयेको चीज उनैलाई केही समर्पण न गरेर जो खाली आँफु मात्र उपभोग गर्दछ, त्यो साँची नै चोर ठहर्दछ.

यज्ञशिष्टाशिनः सन्तो मुच्यन्ते सर्वकिल्बिषैः ;
भुञ्जते ते त्वघं पापा ये पचन्त्यात्मकारणात्. (१३)

यज्ञै गरी शेष[5] खाने योगीका पाप छुट्दछन्;
आफ्नै-निंती पाक[6]-गर्ने पापी हुन् पाप भोग्दछन्.

---

(१) श्रौत-स्मार्त यज्ञकर्म, चातुर्वर्ण्यका आफ्नू अधिकारले प्राप्त सब कर्म र व्यावहारिक खानपीन इत्यादि कर्मरूप यज्ञले.
(२) रिझाऊ.
(३) परस्पर.
(४) इच्छा गरियेका.
(५) बाँकी रहेको अमृतरूप अन्न.
(६) पकाउने.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यज्ञ गरेर शेष बचेको भागलाई ग्रहण गर्ने (खान लिने) सज्जनहरु सब पापहरुबाट मुक्त हुन्छन्, परन्तु यज्ञ न गरेर केवल आफ्नै निमित्त जो अन्न पकाउँछन्, ती पापीहरुले पाप नै खान्छन्.

अन्नाद्भवन्ति भूतानि पर्जन्यादन्नसंभवः ;
यज्ञाद्भवति पर्जन्यो यज्ञः कर्मसमुद्भवः. (१४)

जन्मन्छन् अन्नले प्राणी[1], अन्न उम्रन्छ वृष्टिले[2];
यज्ञले वृष्टि वर्षन्छ, यज्ञ चल्दछ कर्मले[3].

यावत् प्राणीहरुको उत्पत्ति अन्नबाट हुन्छ, अन्न मेघबाट उत्पन्न हुन्छ; मेघ (वर्षा) यज्ञबाट उत्पन्न हुन्छ, और यज्ञको उत्पत्ति कर्मबाट हुन्छ.

कर्म ब्रह्मोद्भवं विद्धि ब्रह्माऽक्षरसमुद्भवम् ;
तस्मात्सर्वगतं ब्रह्म नित्यं यज्ञे प्रतिष्ठितम्. (१५)

हुन्छन् प्रकृतिले[4] कर्म, त्यो ता ईश्वरबाट छ[5];
तस्मात् सर्वग[6] यो ब्रह्म यज्ञमा नित्य वस्दछ.

कर्मको उत्पत्ति ब्रह्मबाट अर्थात्—प्रकृतिबाट भयेको छ, और त्यो ब्रह्म अक्षरबाट (परब्रह्मबाट) भयेको छ. यसैले यो संझ कि, सर्वगत अर्थात्— सर्वव्यापी ब्रह्म नै यज्ञमा सदा-सर्वदा रहेको छ.

एवं प्रवर्तितं चक्रं नाऽनुवर्तयतीह यः ;
अघायुरिन्द्रियारामो मोघं पार्थ ! स जीवति. (१६)

---

(१) जीवधारी.
(२) पानि पर्नाले.
(३) काम गर्नाले.
(४) त्रिगुणा प्रकृतिले.
(५) हुन्छ (उत्पन्न हुन्छ).
(६) सर्वव्यापी.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ब्रह्म-चालित[1] यो चक्र[2] छोडी जो देह भर्दछ;
अघायु[3], इँन्द्रिया-ऽऽरामी[4] त्यो पापी व्यर्थ बाँच्दछ.

हे पार्थ ! यस तरहले जगत्-धारणका निमित्त ईश्वरले चलाइयेका कर्म-यज्ञको चक्रलाई जस्ले यस जगत्मा पछी पनी चलाओइन, तेस्को आयु पापरूप छ, तेस इन्द्रिय-लंपटको अर्थात्–देवताहरुलाई न दियेर आँफै मात्र खाने मानिसको जीवन (जिन्दगी) व्यर्थ छ.

ज्ञानीले पनी निष्कामले कर्म गर्नू-

यस्त्वात्मरतिरेव स्यादात्मतृप्तश्च मानवः;
आत्मन्येव च सन्तुष्टस्तस्य कार्यं न विद्यते. (१७)

आत्मस्वरूपमा प्रेमी, तृप्त आत्मस्वरूपमा;
जो आत्मामा छ सन्तुष्ट, तेस्को के बाँकि लोकमा[5]?

परन्तु जुन मनुष्यलाई केवल आत्मामा नै प्रीति, आनन्द र सन्तोष पनी छ. तेस्का निमित्त खुद आफ्नू केही पनी कर्तव्य-कर्म (गर्नुपर्ने काम) बाँकी रहेको हुँदैन.

नैव तस्य कृतेनाऽर्थो नाऽकृतेनेह कश्चन;
न चाऽस्य सर्वभूतेषु कश्चिदर्थव्यपाश्रयः. (१८)

तेस्ले छोडोस्, गरोस् कर्म लोकमा के प्रयोजन ?
प्राणी सवैमा तेस्को ता अड्का के छ र ? अर्जुन !

(१) ब्रह्माले चलाइयेको. (३) पापमय जिन्दगी भयेको.
(२) सिलसिला. (४) मौजमा लाग्ने.
(५) यस संसारमा.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस लोकमा कुनै काम गर्नाले या न गर्नाले पनी उस्लाई मतलव छैनः और सब प्राणीहरुमा तेस्को केही पनी आफ्नू मतलव अड्केको हुँदैन. अर्थात्—मोक्षका निमित्त उस्ले कसैको आश्रय लिनु-पर्दैन.

तस्मादसक्तः सततं कार्यं कर्म समाचर;
असक्तो ह्याचरन्कर्म परमाप्नोति पूरुषः. (१९).

तस्मात् फलेच्छा न लिई स्वकर्तव्य सधैं गरः
फल छोडी, गरी कर्म मोक्ष पाउँछ लौ नर.

ज्ञानी पुरुष यसरी केहीको पनी अपेक्षा राख्दैन. यस कारण तिमी पनी फलको आसक्ति छोडेर आफ्नू कर्तव्य कर्म सधैं गर्ने-गरः किन भने, आसक्ति छोडेर कर्म गर्ने मनुष्यलाई परमगति प्राप्त हुन्छ (मोक्ष मिल्दछ).

लोकसंग्रहको निमित्त कर्म-

कर्मणैव हि संसिद्धिमास्थिता जनकादयः;
लोकसंग्रहमेवाऽपि संपश्यन्कर्तुमर्हसि. (२०)

जनकादि सबै मुक्त भये कर्म गरीकन;
लोक-संग्रह[2] देखेर कर्म नै गर अर्जुन !

जनक आदि महात्मा पुरुषहरुले पनी यस्तै प्रकार कर्म गरेर नै सिद्धि प्राप्त गरेका हुन्; यसो हुनाले लोकसंग्रह तिर दृष्टि दियेर पनी तिमीले कर्म गर्नु नै उचित छ.

---

(१) स्वजातले पायेको काम. (२) सारा जगत्लाई सुमार्गमा चलाउनू.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यद्यदाचरति श्रेष्ठस्तत्तदेवेतरो जनः;
स यत्प्रमाणं कुरुते लोकस्तदनुवर्त्तते. (२१)

जो जस्तो श्रेष्ठले गर्छ त्यै त्यै गर्छ अरू जन;
श्रेष्ठले मानियेकोमा लोकै लाग्छ सनातन.

श्रेष्ठ आत्मज्ञानी कर्मयोगी पुरुष लोकमा जो-कुछ गर्दछ, तेस्को देखा-सिखी गरी त्यै-त्यै कर्म अरु साधारण मानिस पनी गर्दछ, श्रेष्ठले (ठुलेले) जेलाई प्रमाण मानेर स्वीकार गर्दछ, तमाम दुनियाँ नै उसैको पछी-पछी लाग्ये हुन्छ (नकल गर्दछ).

न मे पार्थाऽस्ति कर्तव्यं त्रिषु लोकेषु किञ्चन;
नाऽनवाप्तमवाप्तव्यं वर्त एव च कर्मणि. (२२)

गर्नुपर्ने कुनै मैले छैन कर्म त्रिलोकमा;
प्राप्तव्य नै छँदैछैन तै-पनी छू म कर्ममा.

हे पार्थ ! विचार गर कि, त्रिभुवनमा नै न त मेरो केही कर्तव्य बाँकी रहेको छ, न त कुनै न पाइयेको चीज पाउनलाई बाँकी छ, तै पनी म कर्म (लौकिक काम) गरी रहेकैछु.

यदि ह्यहं न वर्तेयं जातु कर्मण्यतन्द्रितः;
मम वर्त्माऽनुवर्तन्ते मनुष्याः पार्थ ! सर्वशः. (२३)

---

(१) ज्ञानी-कार ठुलो मानिसले. (४) गर्नलाई योग्य.
(२) दुनियाँ. (५) तिनै लोकमा.
(३) आस्तिक. (६) पाउनुपर्ने चीज.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सतर्क भै कर्म गर्न छोडें मैले भने सब;
मेरै बाटो लिई कर्म छोड्नेछन् अरु मानव.

किन भने, यदि म आलस्य लिेयर या चनाखो भयेर कर्म न गरूँ त हे पार्थ ! सारा लोक मेरै अनुगामी भयेर कर्म गर्न छोड्नेछन्.

उत्सीदेयुरिमे लोका न कुर्यां कर्म चेदहम्;
संकरस्य च कर्ता स्यामुपहन्यामिमाः प्रजाः. (२४)

नाशिन्छ जगतै मैले कर्म छोडीदियें भने;
बन्छु संकरकर्ता मै, मै प्रजाबर्ग नाशबे.

यसरी मैले कर्म गरिन भने ई सबै लोक नाशिनाको संभावना हुन्छ. यसो गरेमा म वर्णसंकर बनाउने र प्रजाहरुलाई नाश गर्ने (संहारा) पनी हुन जानेछु.

अज्ञानीमा सदाचार-शिक्षा-

सक्ताः कर्मण्यविद्वांसो यथा कुर्वन्ति भारत !
कुर्याद्विद्वांस्तथाऽसक्तश्चिकीर्षुर्लोकसंग्रहम्. (२५)

जस्तो आँसक्त अज्ञानी गर्छन् कर्महरू सबै;
लोकका-निंतिमा ज्ञानी गरोस् उस्तै असङ्ग भै.

---

(१) चनाखो.
(२) वर्णसंकर बनाउने,
(३) तमाम दुनियाँ.
(४) फलको चाहेना गर्ने.
(५) लोक-व्यवहारका कर्म.
(६) लोक-शिक्षाका खातिर.
(७) निष्कामना लियेर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हे अर्जुन ! लोकसंग्रह गर्नाको इच्छाराख्ने ज्ञानी पुरुषले आसक्ति छोडेर तेस्तै चालचलन गर्नुपर्दछ, जस्तो कि, व्यावहारिक कर्ममा आसक्त भयेका अज्ञानीहरुको चालचलन हुन्छ.

न बुद्धिभेदं जनयेदज्ञानां कर्मसङ्गिनाम्;
जोषयेत्सर्वकर्माणि विद्वान्युक्तः समाचरन्. (२६)

बुद्धिभेद[1] न देखाओस् कर्मठकन[2] क्यै गरी;
गराउँदै-रहोस् योगी कर्म आफैं पनी गरी.

कर्ममा आसक्त भयेका अज्ञानीहरुको बुद्धिमा ज्ञानी पुरुषले भेदभाव (भ्रम) उत्पन्न न गराओस्, आँफू खूद युक्त अर्थात्—योगयुक्त भयेर सब कर्म गरोस् र लोकहरुबाट पनी खुसी-साथ गराओस्.

मूढ र तत्वज्ञको चालचलन-

प्रकृतेः क्रियमाणानि गुणैः कर्माणि सर्वशः;
अहङ्कारविमूढात्मा कर्ताऽहमिति मन्यते. (२७)

गुण जो छन् प्रकृतिका तिनैले कर्म चल्दछ;
अहन्ता[3], मूढ[4], जीवात्मा[5] 'कर्ता[6] म' भनि ठान्दछ.

प्रकृतिका सत्व-रज-तमोगुणहरुले सब प्रकारका कर्म भई-रहन्छन्; परन्तु अहङ्कारले मोहित, अज्ञानी, पुरुष ठान्दछ कि, 'म कर्ता हूँ'.

---

(१) बुद्धिमा यो हो कि यो हो ? भन्ने दोधारे.
(२) लौकिक कर्ममा लागेका जनलाई.
(३) अहंकारले ढाकियेको,
(४) अज्ञानी.
(५) जीवधारी.
(६) गर्नेवाला,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तत्वविंत्तु महाबाहो ! गुणकर्मविभागयोः ;
गुणा गुणेषु वर्तन्त इति मत्वा न सज्जते. (२८)

जो 'मदेखी कर्म, गुण भिन्न छन्' भनि जान्दछ;
त्यो 'गुणै गुणमा खेल्छन्' भनी आसक्ति छोड्दछ.

परन्तु, हे महाबाहु, अर्जुन ! 'गुण र कर्म ई दुवै मबाट भिन्न (अलग) छन्' यस्तो तत्व जान्ने, ज्ञानी, पुरुष 'गुणहरुको यो खेल-तमासा आफुसमा भई-रहेको छ' भन्ने ठानी तिन्मा आसक्त हुँदैन.

प्रकृतेर्गुणसंमूढाः सज्जन्ते गुणकर्मसु;
तानकृत्स्नविदो मन्दान्कृत्स्नविन्न विचालयेत्. (२९)

गुंण-संमूढ अल्पज्ञ फँस्दछन् गुणँ-कर्ममा;
विंज्ञले मूर्ख तिन्लाई न चँलाउनु लोकमा.

प्रकृतिका गुणले बहकियेका जनहरु गुण र कर्महरुमा नै आसक्त रहन्छन्; इनी असर्वज्ञ र मन्द जनहरुलाई सर्वज्ञ पुरुषले कर्मत्यागबाट कुनै अनुचित मार्गमा लगायेर न डगाई-देओस.

ईश्वरार्पण-बुद्धिले कर्म-

मयि सर्वाणि कर्माणि संन्यस्याऽध्यात्मचेतसा;
निराशीर्निर्ममो भूत्वा युध्यस्व विगतज्वरः. (३०)

---

(१) सत्वादि गुण.
(२) प्रकृति-गुणले बहोस.
(३) लागी पर्छन्.
(४) फल चाहने कर्ममा.
(५) सब कुरा जान्ने मानिसले.
(६) विचलित नगराउनु.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अध्यात्म-बुद्धिले[1] पार्थ ! अर्पी[2] कर्म सबै ममा;
फलेच्छा, ममता[3] छोडी बेफिक्री लड युद्धमा.

यस निमित्त हे अर्जुन ! ममा नै अध्यात्मबुद्धिले सब कर्महरूलाई संन्यास अर्थात्-अर्पण गरेर, और फलको आशा र ममतालाई छोडेर, तिमी निश्चिन्त भई युद्ध नै गर.

पूर्वोक्त कर्म गर्ने र नगर्नेका फल-

ये मे मतमिदं नित्यमनुतिष्ठन्ति मानवाः ;
श्रद्धावन्तोऽनसूयन्तो मुच्यन्ते तेऽपि कर्मभिः. (३१)

श्रद्धालु[4] भै न ली ईर्ष्या[5], यो मेरो मत धारण;
जो गर्छन् तिनका पार्थ ! छुट्दछन् कर्म-बन्धन[6].

जो श्रद्धावान् पुरुष दोष न खोजेर मेरो यस मतको अनुसार चलन-वर्तन गर्दछन्, ती पनी कर्मबाट अर्थात्-कर्मबन्धनबाट मुक्त हुन्छन्.

ये त्वेतदभ्यसूयन्तो नाऽनुतिष्ठन्ति मे मतम् ;
सर्वज्ञानविमूढांस्तान्विद्धि नष्टानचेतसः. (३२)

ईर्ष्याले मत यो मेरो गर्दैनन् जुन धारण;
बेहोसी, मूर्ख, ती सारा नाशिन्छन् जान अर्जुन!

---

(१) परमात्मामा रहेको समताबुद्धिले.
(२) अर्पण गरी.
(३) मेरो हो भन्ने बुद्धि.
(४) श्रद्धा राख्ने.
(५) द्वेष.
(६) पुण्यपापरूपी बन्धन.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परन्तु, जो दोषदृष्टिले शंकाहरु गरेर, मेरो यस मतको अनुसार चल्दैनन् , ती सब ज्ञान-विमूढ अर्थात्—पक्के-मूर्ख अविवेकीहरुलाई नाशिये भनी ठान.

प्रकृति-स्वभाव नै जबर्दस्ती छ-

सदृशं चेष्टते स्वस्याः प्रकृतेर्ज्ञानवानपि;
प्रकृतिं यान्ति भूतानि निग्रहः किं करिष्यति. (३३)

चल्छन् ज्ञानी पनी पार्थ ! आफ्कै प्रकृति-माफिक;[१]
प्राणि-प्रकृतिमै[२] प्राणी[३], के गर्ला निग्रहादिक ?[४]

ज्ञानी पुरुष पनी आफ्नू प्रकृतिको अनुसार नै चल्दछ, सबै प्राणी आफ्नाआफ्ना प्रकृतिको अनुसारै चल्दछन् भने, त्यहाँ निग्रह अर्थात्—जबदस्ती-बाट के हुन सक्ला ?

इन्द्रियस्येन्द्रियस्याऽर्थे रागद्वेषौ व्यवस्थितौ;
तयोर्न वशमागच्छेत्तौ ह्यस्य परिपन्थिनौ. (३४)

चक्षुरादि इन्द्रिय र तिन्का रूपादि विषयहरुमा प्रेम र द्वेष ई व्यवस्थित अर्थात्—स्वभावैले रहने हुन्छन्. प्रेम र निन्दाको वशमा पर्न हुँदैन, किन भने, मानिसका ती मुख्य शत्रु हुन.

छन् अर्थमा[५] इन्द्रियका राग-द्वेष[६] खडा भनी;
नपरोस् वशमा तिन्को आत्माका शत्रु हुन् तिनी.

(१) स्वभाव अनुसार.
(२) प्राणीको स्वभावमा.
(३) सब जीवधारी.
(४) जबर्दस्ती रोकावट.
(५) विषयमा.
(६) तारीफ र निन्दा.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अरू भन्दा स्वधर्म नै श्रेष्ठ छ-

श्रेयान् स्वधर्मो विगुणः परधर्मात्स्वनुष्ठितात् ;
स्वधर्मे निधनं श्रेयः परधर्मो भयावहः. (३५)

राम्रो अरू धर्म भन्दा, दोषी[1] श्रेष्ठ छ आफ्नू ;
मर्नू स्वधर्ममै श्रेय, अर्कोमा[2] डर राखनू.

पराईका धर्मको आचरण सहजै (सुख-पूर्वक) गर्न सकिन्छ भने पनी, त्यो भन्दा आफ्नू धर्म अर्थात्–चातुर्वर्ण्य-विहित कर्म नै ज्यादा श्रेयस्कर छ, चाहे त्यो विगुण अर्थात्–दोषयुक्त पो, किन न होस् ? स्वधर्मको अनुसार चल्दामा मरिन्छ भने पनी उसा कल्याण छ; परन्तु परधर्म भयङ्कर हुन्छ.

पापमा लगाउने को हो ?

अर्जुन उवाच-

अथ केन प्रयुक्तोऽयं पापं चरति पूरुषः ;
अनिच्छन्नपि वार्ष्णेय ! बलादिव नियोजितः. (३६)

कृष्ण ! कस्को प्रेरणाले[3] पाप गर्दछ पूरुष ?
जबर्दस्ती लगाये झैं गरी, भै भित्र नाँखुस[4].

अर्जुनले सोधे–हे वृष्णिकुलमा उत्पन्न भयेका श्रीकृष्ण ! अब यो बताउनुहोस् कि, मनुष्य आफ्नू इच्छा न रहेमा पनी कस्का प्रेरणाले जबर्दस्ती घोक्रयायेर लगाइयेको जस्तो भयेर पापकर्म गर्दछ. ?

---

(१) निर्दोष.
(२) विधर्मना.
(३) कर लगाईले.
(४) विराजी.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ज्ञानढाक्ने कामनाका दृष्टान्त ।

ऐना मयलले, आगो धूवाँले, गर्भ सालले;
ढाकिन्छ जसरी तेस्तै यो ढाकेको छ तेसले. ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पापप्रवृत्तिको कारण-

भगवानुवाच-

काम एष क्रोध एष रजोगुणसमुद्भवः ;
महाशनो महापाप्मा विद्ध्येनमिह वैरिणम्. (३७)

[1]काम यै हो, [2]क्रोध यै हो, यो [3]रजोगुण-जन्य छ;
यो [4]संहारी महापापी ज्ञानको शत्रु बन्द्छ.

भगवान्‌ले बताउनुभयो—यस विषयमा यो संझ कि, रजोगुणबाट उत्पन्न भयेको, जत्ति पाये पनी तृप्त न हुने, महापापी, यो काम वा क्रोध नै जबर्दस्त मुख्य शत्रु हो.

धूमेनाऽऽव्रियते वह्निर्यथाऽऽदर्शो मलेन च;
यथोल्वेनाऽऽवृतो गर्भस्तथा तेनेदमावृतम्. (३८)

ऐना मयलले, आगो धूवाँले, गर्भ सालले;
ढाकिन्छ जसरी तेस्तै यो ढाकेको छ तेसले.

जसरी धूवाँले आगो, धूलोले ऐना, सालले गर्भ ढाकियेर रहन्छ, तेस्तै तेस्ले (कामले) यो (ज्ञान) ढाकियेको छ.

आवृतं ज्ञानमेतेन ज्ञानिनो नित्यवैरिणा;
कामरूपेण कौन्तेय ! दुष्पूरेणाऽनलेन च. (३९)

---

(१) आसक्ति.
(२) रीस.
(३) रजोगुणबाट उत्पन्न.
(४) स्वाहा पारी दिने.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ज्ञानीको सर्वदा[1] वैरी, अग्निरूप, सुदुर्भर[2];
कामले ज्ञानको रूप छोपेकोछ सबै[3] तिर.

हे कुन्तीपुत्र अर्जुन! ज्ञानीको यो कामरूपी नित्य-वैरी कहिल्यै पनी तृप्त न हुने आगो नै हो. यस्ले साराको ज्ञानलाई छोपी राखेकोछ.

इन्द्रियाणि मनो बुद्धिरस्याऽधिष्ठानमुच्यते;
एतैर्विमोहयत्येष ज्ञानमावृत्य देहिनम्. (४०)

कामका घर हुन् पार्थ! मन, बुद्धि र इन्द्रिय;
इनैले ज्ञान छोपी यो मोह गर्दछ निश्चय.

इन्द्रिय, मन र बुद्धि ई तीनलाई यस्को अधिष्ठान अर्थात्—घर हो भनेर बताउँछन्. इनैको आश्रयले ज्ञानलाई ढाकेर तेस्ले मनुष्यलाई मोहमा फसाउँदछ.

इन्द्रियहरु रोकी काममालाई मार्नू-

तस्मात्त्वमिन्द्रियाण्यादौ नियम्य भरतर्षभ!
पाप्मानं प्रजहि ह्येनं ज्ञानविज्ञाननाशनम्. (४१)

तसर्थ पहिले पार्थ! रोकी सकल[3] इन्द्रिय;
ज्ञान—विज्ञानको वैरी, यो पापीको गर क्षय[4].

(१) सँध कालमा. (३) सारा.
(२) कहिल्यै नअघाउने. (४) नाश.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हे भरतकुलमा श्रेष्ठ, अर्जुन ! यस कारण पहिले इन्द्रियहरुलाई संयमन (रोकावट) गरेर, ज्ञान (अध्यात्मज्ञान) र विज्ञान (परमात्मविषयक विशेष ज्ञान) लाई नाश गर्ने यस काम, पापीलाई "प्रजहि" मार अथवा "प्रजहिहि" त्याग गर.

इन्द्रियका श्रेष्ठताको क्रम-

इन्द्रियाणि पराण्याहुरिन्द्रियेभ्यः परं मनः;
मनसस्तु परा बुद्धिर्यो बुद्धेः परतस्तु सः. (४२)

पर इन्द्रिय छन् भन्छन् ती भन्दा मन हो पर;
त्यो भन्दा पर हो बुद्धि, त्यो भन्दा ब्रह्म झन् पर.

भन्दछन् कि, स्थूल बाह्य-पदार्थहरूको ठेगानाबाट ती पदार्थलाई जान्ने इन्द्रियहरु पर (टाढा) छन्, इन्द्रियहरु भन्दा पर मन छ, मन भन्दा पनी पर निश्चयात्मक बुद्धि छ, और जो बुद्धि भन्दा पनी पर छ, त्यो आत्मा (ब्रह्म) हो.

आत्मज्ञान द्वारा इन्द्रियको रोकावट-

एवं बुद्धेः परं बुद्ध्वा संस्तभ्याऽऽत्मानमात्मना;
जहि शत्रुं महाबाहो ! कामरूपं दुरासदम्. (४३)

---

(१) यहाँ श्रीशंकराचार्य आदि सब आचार्यको यही मत छ, एक रामानुजाचार्य मात्र प्रकरणले " सः" को 'काम' अर्थ गर्दछन्.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बुद्धि भन्दा परै, ब्रह्म जानी, रोकी स्वयं मन;
कामरूपी[1], दुरासाध्य[2], वैरीको गर छेदन[3].

हे महाबाहु, अर्जुन ! यस प्रकार सँग जो बुद्धि भन्दा पनी पर छ, तेस ब्रह्मलाई पहिचानेर, आँफुले अन्तः करणलाई रोकी (स्थिर गरी) बलियो, हटाई न सक्नू, कामरूपी, शत्रुलाई तिमी नाश गर. (१६२)

इति श्रीमद्भगवद्गीतायाः 'कर्मयोगः'

तृतीयोऽध्यायः (३)

इति नेपाली कोमलगीता 'कर्मयोग' तृतीय(३)

(१) आसक्तिरूपी. (२) हटाउन मुश्किल.
(३) काट्नू.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

धर्मरक्षक भगवान्‌को अवतार ।



यदा यदा हि धर्मस्य ग्लानिर्भवति भारत । अ. ॥४॥
अभ्युत्थानमधर्मस्य तदाऽऽत्मानं सृजाम्यहम् ॥७॥

जहिले धर्मको ग्लानि पापको वृद्धि देख्दछु;
तेसै बखतमा पार्थ अवतार म गर्दछू ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ॐ

श्रीमद्भगवद्गीता.

कोमलगीता

ज्ञान-कर्म-संन्यास-योग (४)

कर्मयोगको परंपरा-

भगवानुवाच-

इमं विवस्वते योगं प्रोक्तवानहमव्ययम्;
विवस्वान्मनवे प्राह मनुरिक्ष्वाकवेऽब्रवीत्. (१)

अधी[1] अव्यय[2] यो योग[3] मैले श्रीसूर्यमा कहें;
सूर्यले मनुमा[4] तेस्तै, उन्ले[5] इक्ष्वाकुमा[6] कहे.

भगवान्ले भन्नुभयो—त्रिकालमा नै अबाधित र नित्य यो कर्मयोग-मार्ग मैले सृष्टिको आदिमा सूर्यलाई बतायेको थियें, उन्ले आफ्ना छोरा मनुलाई र मनुले पनी आफ्ना छोरा राजा इक्ष्वाकुलाई यस योगको उपदेश (शिक्षा) गरेका थिये.

(१) सृष्टिको आरंभमा.
(२) कहिल्यै न नाशिने.
(३) कर्मयोग.
(४) आदिराज मनुमा.
(५) मनुले.
(६) रामचन्द्रका पूर्वपूरुखामा.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एवं परंपराप्राप्तमिमं राजर्षयो विदुः ;
स कालेनेह महता योगो नष्टः परन्तप ! (२)

परंपराले यो योग, जाने राजर्षिले[1] अनी;
त्यो योग अहिले धेरै कालले नाशियो पनी.

हे परन्तप ! यस्तै परंपराले प्राप्त भयेको यो कर्मयोगलाई निमि आदि राजर्षिले पनी जानेका थिये; परन्तु धेरै काल भयेकोले यस लोकमा त्यही योग नष्ट भयो अर्थात्—लुप्तप्राय भई-सक्यो.

स एवाऽयं मया तेऽद्य योगः प्रोक्तः पुरातनः ;
भक्तोऽसि मे सखा चेति रहस्यं ह्येतदुत्तमम्. (३)

तिमी भक्त सखा[2] जानी उही योग पुरातन[3];
बतायें अहिले मैले यो रहस्य छ उत्तम.

सब रहस्यमा उत्तम रहस्य संझेर, उही पुरानु योग अर्थात्—कर्मयोग मार्ग यस बखत तिम्रो अगाडी वर्णन गरेको छु; तिमी मेरा भक्त र सँगी हुनाले यस्तो गोप्य कुरा तिमीलाई बतायेको हूँ.

ईश्वरको आफ्नै मायाले जन्म-

अर्जुन उवाच-

अपरं भवतो जन्म परं जन्म विवस्वतः ;
कथमेद्विजानीयां त्वमादौ प्रोक्तवानिति. (४)

---

(१) निमि जनक आदि राजर्षिले.
(२) सँगी-दोस्त.
(३) पुरानु.
(४) खितीमित्ती कसैले न जानिने.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वरै[1] हजूरको जन्न सूर्यको जन्म त्यो पर[2];
भन्नुभो पहिले भन्ने जानौं कसरि आखिर ?

अर्जुनले सोधे– हजूरको जन्म हाल यहाँ भयेको छ, और सूर्यको जन्म यस भन्दा धेरै पहिले भई-सकेको छ, अब यस्तो दशामा तपाईंले यो योग पहिले सूर्यलाई बताउनुभयो भन्ने कुरा म कसरी जानौं ? (पत्याऊँ ?)

भगवानुवाच-

बहूनि मे व्यतीतानि जन्मानि तव चाऽर्जुन !
तान्यहं वेद सर्वाणि न त्वं वेत्थ परन्तप ! (५)

मेरा तिम्रा जन्म धेरै, बितेका छन् परन्तप[3] !
जानेको छू सबै मैले, जानिन्नन् तिमिले सब.

भगवान्‌ले भन्नुभयो–हे परन्तप, अर्जुन ! मेरा र तिम्रा अनेक जन्म भई-सकेका छन्, म ती सब जान्दछू, और तिमी ती जन्म जान्दैनौ. यत्ति तिम्रो र मेरो फरक छ.

अजोऽपि सन्नव्ययात्मा भूतानामीश्वरोऽपि सन् ;
प्रकृतिं स्वामधिष्ठाय संभवाम्यात्ममायया. (६)

अनाशी[4] छू, अजन्मा[5] छू, सर्वेश्वर[6] पनी म छू;
रही आफ्नी प्रकृतिमा[7] मायाले[8] जन्म धर्दछू.

---

(१) हाले द्वापर युगमा.
(२) अघी कहिले हो कहिले हो.
(३) शत्रुलाई ताप दिलाउने वीर.
(४) कहिल्यै न नाशिने.
(५) कहिल्यै न जन्मने.
(६) सबको स्वामी.
(७) स्वभावमा.
(८) इच्छा कल्पनाले.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

म सब प्राणीहरुको स्वामी र जन्म-रहित छु; यद्यपि मेरो आत्मस्वरूपमा कहिल्यै पनी व्यय अर्थात्—विकार हुँदैन, तथापि आफ्नै प्रकृतिमा अधिष्ठित भयेर म आफ्नै मायाले जन्म लिंदै-गर्दछु.

यदा यदा हि धर्मस्य ग्लानिर्भवति भारत !
अभ्युत्थानमधर्मस्य तदाऽऽत्मानं सृजाम्यहम्. (७)

जहिले धर्मको ग्[1]लानि, पापको वृद्धि[2] देख्दछू;
तेसै-बखतमा पार्थ ! अवतार[3] म गर्दछू.

हे भारत ! जहिले-जहिले धर्मको ग्लानि हुन्छ और अधर्मको प्रबलता फैलिन्छ, त्यौं-त्यौ बखतमा म खुद आँफैले जन्म अर्थात्—अवतार लिने-गर्दछु.

परित्राणाय साधूनां विनाशाय च दुष्कृताम्;
धर्मसंस्थापनार्थाय संभवामि युगे युगे. (८)

हरेक युगमा[4] साधु-रक्षा[5], दुष्ट-विनाशन[6];
धर्मको स्थापना[7] गर्न, हुन्छू उत्पन्न[8] अर्जुन !

साधुहरुको रक्षाका निमित्त, दुष्टहरुलाई नाश गर्नाको निमित्त र युग-युगमा अर्थात्—हरेक युगमा धर्मस्थापन गर्नाको निमित्त पनी म जन्म (अवतार) लिने-गर्छु.

---

(१) घटती.
(२) बढती.
(३) यसैं जन्म.
(४) सत्य-त्रेता-द्वापर-कलि ई ४ युगमा.
(५) सज्जनहरुको रक्षा.
(६) दुष्टहरुको नाश.
(७) बचावट.
(८) प्रादुर्भाव.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तत्व जान्नाले ईश्वर-प्राप्ति-

जन्म कर्म च मे दिव्यमेवं यो वेत्ति तत्वतः ;
त्यक्त्वा देहं पुनर्जन्म नैति मामेति सोऽर्जुन ! (९)

दि[1]व्य मेरो जन्म कर्म, त[2]त्वले जुन जान्दछ;
मरे पछी जन्मदैन, मैमा त्यो मिल्न आउँछ.

हे अर्जुन ! यस प्रकारका मेरा दिव्य जन्म र दिव्य कर्मको तत्वलाई जो जान्दछ, त्यो पुरुष शरीर त्यागे पछी फेरी जन्म न लिई, म-सित नै आयेर मिल्दछ.

वीतरागभयक्रोधा मन्मया मामुपाश्रिताः ;
बहवो ज्ञानतपसा पूता मद्भावमागताः. (१०)

छोडी रा[3]ग-भय-क्रोध, मैमा आ[4]श्रित, मन्[5]मय;
धेरै, ज्ञा[6]न-तपः-शुद्ध, भयेका छन् ममा लँ[7]य.

प्रीति, भय र क्रोधबाट छुटकारा पायेका, मत्परायण र मेरै आश्रयमा आयेका, अनेक पुरुष यस्तै ज्ञानरूप तपस्याले शुद्ध भयेर मेरै स्वरूपमा आई मिली सकेका छन्.

अरू रीतले देवताको उपासना-

ये यथा मां प्रपद्यन्ते तांस्तथैव भजाम्यहम् ;
मम वर्त्माऽनुवर्तन्ते मनुष्याः पार्थ ! सर्वशः. (११)

---

(१) अलौकिक.
(२) ठीक तवरले.
(३) प्रेम-डर-रीस.
(४) आश्रय गर्ने.
(५) म बाहेक अरू नचिताउने.
(६) ज्ञान र तपस्याले पवित्र.
(७) लीन (मिलेका).

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जो जस्तो भाव ली आउन् तिन्मा तेस्तै म बन्दछू;
सबैं मानिसले पार्थ ! अनुगम्य सदा म छू.

हे पार्थ ! जुन पुरुषहरु मलाई जस्तो प्रकारले भज्दछन्, तिनलाई म उस्तै प्रकारका फल दिन्छु, तेसो हुनाले जता-ततैबाट पनी मनुष्य मेरै मार्गको पछि-पछि आई पुग्दछ.

काङ्क्षन्तः कर्मणां सिद्धिं यजन्त इह देवताः;
क्षिप्रं हि मानुषे लोके सिद्धिर्भवति कर्मजा. (१२)

कर्मको सिद्धिका निंति गर्दछन् देवं-पूजन;
मिल्छ यो लोकमा चाँडै त्यै कर्मफल अर्जुन !

कर्मबन्धनका नाश–निमित्तको कर्म होइन कि केवल कर्मफलको इच्छा-गर्नेहरु कर्मको फल चाहेर देवताहरुको पूजा गर्दछन्. यो ठीक छ, किन भने-मनुष्यलोकमा कर्मको फल बहुतै चाँडो पाइन्छ.

तत्व जान्नाले कर्मबन्धनको नाश-

चातुर्वर्ण्यं मया सृष्टं गुणकर्मविभागशः;
तस्य कर्तारमपि मां विद्ध्यकर्तारमव्ययम्. (१३)

चार-वर्ण रचें मैले गुण-कर्म-विभागले;
कर्ता छू त पनी तेस्को अकर्ता छू म तत्वले.

---

(१) भक्ति-अभिप्राय.
(२) अनुसरण गरिन्ने.
(३) सधैं.
(४) देवताको पूजा,
(५) गुण र कर्म अलग-अलग गरेर.
(६) सृष्टिकर्ता.
(७) वनाउने भयेर पनी आसक्ति न लिने.
(८) वास्तविक.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मैले गुण र कर्मको विभाग गरेर ब्राह्मण, क्षत्रिय, वैश्य, शूद्र ई ४ वर्ण रची व्यवस्था गरेको छु, यो तिमीले याद राख कि, तेस्को कर्ता पनी मै हूँ, और अकर्ता अर्थात्–तेस्लाई न बनाउने अव्यय पनी मै हूँ.

न मां कर्माणि लिम्पन्ति न मे कर्मफले स्पृहा;
इति मां योऽभिजानाति कर्मभिर्न स बध्यते. (१४)

न कर्मफल चाहन्छू, न ममा कर्म लाग्दछन्;
जान्ला मलाइ जो यस्तो तेस्का कर्मादि छुट्दछन्.

मलाई कर्मको लेप अर्थात्–बन्धन हुँदैन; किन भने, कर्मका फलमा मेरो इच्छा छैन. जो मलाई यस प्रकारको जान्दछ, तेस्लाई कर्मको बन्धन (जन्म-मरणादि) हुँदैन.

एवं ज्ञात्वा कृतं कर्म पूर्वैरपि मुमुक्षुभिः;
कुरु कर्मैव तस्मात्त्वं पूर्वैः पूर्वतरं कृतम्. (१५)

यस्तै संझी गरे कर्म, पहिलेका मुमुक्षुले;
तसर्थ गर त्यै कर्म गरे जो पैरपूर्वले.

यो कुरा जानेर पहिले–पहिलेका मुमुक्षु अर्थात्–मुक्ति चाहना गर्नेहरुले पनी कर्म गरेका थिये. यस निमित्त, पूर्वपूरुषाहरुले गरियेका अतिप्राचीन कर्म नै तिमी पनी गर.

---

(१) लिप्त हुन्छन्.
(२) कर्मबन्धनहरू.
(३) मुक्ति चाहनेहरुले.
(४) पूर्व-पूरुषा.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कर्म, अकर्म र विकर्मको भेद-

किं कर्म किमकर्मेति कवयोऽप्यत्र मोहिताः ;
तत्ते कर्म प्रवक्ष्यामि यज्ज्ञात्वा मोक्ष्यसेऽशुभात्. (१६)

***हुन्छन् कवि[1] पनी मुग्ध[2] कर्मा[3]-ऽकर्म-विवेकमा;**
त्यै कर्म भन्छू जो जानी पर्दैनौ पाप[4]-गर्तमा.

यस विषयमा ठुला-ठुला विद्वान्हरुलाई पनी भ्रम हुन्छ कि, कुन कर्म हो ? और कुन अकर्म हो ? यसैले तेस्तो कर्म तिमीलाई बताउँछू कि, जस्लाई जानी-लिनाले तिमी पापबाट मुक्त हुनेछौ.

कर्मणो ह्यपि बोद्धव्यं बोद्धव्यं च विकर्मणः ;
अकर्मणश्च बोद्धव्यं गहना कर्मणो गतिः. (१७)

रूप[5] के कर्म[6]को ? फेरी विकर्म[7] र अकर्म[8]को ?
जान्नुपर्दछ यो तत्व अगंछ[9] गति[10] कर्मको.

कर्मको गति गहन (जटिल) छ, यसो हुनाले 'कर्म के हो ? विकर्म अर्थात्–विपरीत कर्म (पापकर्म) के हो ? अकर्म अर्थात्–कर्म न गर्नू के हो ?' यो सब राम्ररी बुझ्नुपर्दछ.

---

(१) विद्वान्हरु.
(२) अलमल्ल.
(३) कर्म र अकर्म छुट्याउनामा.
(४) पापको खाडलमा.
(५) स्वरूप.
(६) शास्त्रविहित कर्मको.
(७) शास्त्रनिषिद्ध पापकर्म.
(८) कर्म न हुनूको.
(९) बुझ्न नसकिनेछ.
(१०) चाल.

* पाठान्तर { कर्माऽकर्म न जानेर विद्वानै पनि मुग्ध छन्; त्यै कर्म भन्छु जो जान्दा तिम्रा पापादि छुट्दछन्. }

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कर्मण्यकर्म यः पश्येदकर्मणि च कर्म यः;
स बुद्धिमान्मनुष्येषु स युक्तः कृत्स्नकर्मकृत्. (१८)

अकर्म कर्ममा जस्ले देख्छ कर्म अकर्ममा;
त्यही हो बुद्धिमान् योगी[१], त्यै कर्ता सर्वकर्ममा.

कर्ताका भावको अनुसार कर्ममा अकर्म र अकर्ममा कर्म पनी जस्लाई देखा पर्दछ; त्यो पुरुष सब मनुष्यमा ज्ञानी र त्यही युक्त अर्थात्–योगयुक्त और संपूर्ण कर्म गर्ने पनी ठहर्दछ. (अर्थात्–कर्म गरी रहे पनी आसक्ति न लिई गर्नेहुनाले कर्ममा 'अकर्म' र कर्म न गरी रहे पनी इन्द्रियहरुबाट स्वभावैले एक-एक कर्म भई-रहेकाले 'कर्म' देखने अर्थात्–'म केही गर्दिन' संझेर आसक्ति छोडी कर्म गर्ने पुरुष ज्ञानी, योगी र सबै कर्म गर्ने ठहर्दछ त पनी भाव बढिया हुनाले कर्मका बन्धन पाउँदैन.)

यस्य सर्वे समारंभाः कामसंकल्पवर्जिताः;
ज्ञानाग्निदग्धकर्माणं तमाहुः पण्डितं बुधाः. (१९)

जो कर्मको सुरू गर्छ काम-संकल्प-वर्जित[२];
ज्ञानले[३] कर्म पोलेको त्यही हो योग्य पंण्डित[४].

जस्का समारंभ अर्थात्–उद्योगहरु फलको इच्छाबाट रहित छन् र जस्का कर्म ज्ञानरूपी अग्निले भस्म भयेका छन्. तेस्तो पुरुषलाई नै ज्ञानी पुरुषहरु 'पण्डित' भनेर बताउँदछन्.

---

(१) कर्मयोगी.
(२) फलको चाहनाले रहित.
(३) ज्ञानरूपी अग्निले.
(४) सत् र असत् छुट्याउन सक्ने बुद्धि भयेको ज्ञानी.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यक्त्वा कर्मफलासंगं नित्यतृप्तो निराश्रयः ;
कर्मण्यभिप्रवृत्तोऽपि नैव किञ्चित्करोति सः. (२०)

छोडी [1]कर्मफला-सक्ति, जो छ [2]तृप्त, नि[3]राश्रय;
त्यो गरोस् ता पनी कर्म केही गर्दैन निश्चय.

कर्मफलको आसक्ति छोडेर जो सधैं तृप्त र निराश्रय छ अर्थात् जो पुरुष, कर्मफलका साधनको आश्रय गर्ने यस्तो बुद्धि राखदैन कि, 'फलानू कार्यको सिद्धिका निमित्त फलानू काम गर्दछु' तव भन्नुपर्दछ कि, तेस्ले कर्म गर्न लागी-रहेको भये पनी केही पनी गरेको ठहर्दैन.

निराशीर्यतचित्तात्मा त्यक्तसर्वपरिग्रहः ;
शारीरं केवलं कर्म कुर्वन्नाप्नोति किल्बिषम्. (२१)

चित्त बाँधी, फलासक्ति न ली, छोडी परि[4]ग्रह;
देहले [5]कर्म गर्दैमा पापको हुन्न [6]निग्रह.

फलको कामना (वासना) छोड्ने, चित्तलाई संयमन गर्ने र सारा संगलाई त्याग गर्ने यस्तो पुरुष, शारीर अर्थात्–शरीर या कर्मेन्द्रियहरुबाट कर्म गर्दैमा पापभागी हुँदैन.

यदृच्छालाभसन्तुष्टो द्वन्द्वातीतो विमत्सरः ;
समः सिद्धावसिद्धौ च कृत्वाऽपि न निबध्यते. (२२)

---

(१) कर्मफलको कामना.
(२) परिपूर्ण.
(३) यो मतलबले यो कर्म गर्छु भन्ने बुद्धि न लिने.
(४) सङ्ग.
(५) कर्मेन्द्रियहरुले गरिने कर्म.
(६) सजाय.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जो जे-मिले पनी खूस्छ, द्वन्द्व[1]-मात्सर्य-शून्य छ;
असिद्धि-सिद्धि-सम[2] छ, कर्मले त्यो अबद्ध[3] छ,

संयोग वशले जो कुछ आई-पर्दछ त्यसमा सन्तोष लिने, ठण्डा-गरम, सुख-दुःख आदि द्वन्द्वहरुलाई सहने, रीस न लिने और कर्मको सिद्धि र असिद्धिमा सम भाव राख्ने, पुरुष कर्म गरेर पनी तिन्का बन्धनबाट (पापपुण्यबाट) बाधिने हुँदैन.

गतसंगस्य मुक्तस्य ज्ञानावस्थितचेतसः;
यज्ञायाऽऽचरतः कर्म समग्रं प्रविलीयते. (२३)

जो मुक्त[4], सङ्ग[5] छोडेर, ज्ञानमा स्थिरचित्त[6] छ;
त्यो यज्ञकर्म गर्नेको सबै कर्म बिलाउँछ.

राग-द्वेषले रहित, साम्यबुद्धिरूप ज्ञानमा स्थिरचित्त र केवल यज्ञके निमित्त मात्र कर्म गर्ने, पुरुषका सारा कर्महरु (कर्मबन्धन) बिलायेर जान्छन् अर्थात्–बन्धन हुँदैन.

धेरै यज्ञ र ज्ञानयोगको श्रेष्ठता-

ब्रह्माऽर्पणं ब्रह्म हविर्ब्रह्माग्नौ ब्रह्मणा हुतम्;
ब्रह्मैव तेन गन्तव्यं ब्रह्मकर्मसमाधिना. (२४)

---

(१) सुखदुःखका जोडी र रीस न भयेको.
(२) बराबर.
(३) बन्धनले रहित.
(४) साम्य बुद्धि भयेको पुरुष.
(५) आसक्ति.
(६) एकाग्रचित्त.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अर्पनू, होमिने, अग्नि[1], होम्ने[2] ई ब्रह्म हुन् भनी;
'सर्व ब्रह्म' लिई बुद्धि, ब्रह्मैमा मिल्दछन् मुनि.

अर्पण अर्थात्-हवन गर्न क्रिया 'ब्रह्म' हो, हवि अर्थात्-होमिने द्रव्य 'ब्रह्म' हो, 'ब्रह्म' रूप अग्निमा 'ब्रह्म' ले नै हवन गरियेको छ, यस प्रकार सँग जस्का बुद्धिमा सर्व कर्महरु 'ब्रह्ममय' छन्, तेस्लाई 'ब्रह्म' नै मिल्छ.

दैवमेवाऽपरे यज्ञं योगिनः पर्युपासते,
ब्रह्माग्नावपरे यज्ञं यज्ञेनैवोपजुह्वति. (२५)

देवोद्देश्य गरी कोही, योगी ता यज्ञ गर्दछन्;
ब्रह्माग्निमा[3] पनी कोही, यज्ञैले[4] यज्ञ[5] गर्दछन्.

कोही कोही कर्मयोगीहरु ब्रह्मबुद्धिको सट्टामा देवता इत्यादिको उद्देश्यले यज्ञ गर्दछन्, कोही योगी पूर्वोक्त प्रकारले यज्ञादि सब कर्म, यज्ञरूप उपायको द्वारा ब्रह्मरूप अग्निमा हवन गरी-दिन्छन्.

श्रोत्रादीनिन्द्रियाण्यन्ये संयमाग्निषु जुह्वति;
शब्दादीन्विषयानन्य इन्द्रियाग्निषु जुह्वति. (२६)

कोही संयम-आगोमा[6] सारा इन्द्रिय होम्दछन्;
कोही इन्द्रिय-आगोमा सारा विषय होम्दछन्.

और कोही योगी श्रोत्रादि अर्थात्-कान, आँखा इत्यादि इन्द्रियहरुलाई संयमरूप अग्निमा होम गर्दछन् (रोक्दछन्) अरु कोही योगी इन्द्रियरूप

(१) आगो.
(२) होमगर्ने.
(३) ब्रह्मरूपी आगोमा.
(४) यज्ञरुपी भगवान्का शरीरस्वरूप सारा जगत्का पदार्थले.
(५) पूजन.
(६) रोकनूरूपी आगोमा.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अग्निमा इन्द्रियका शब्द आदि विषयलाई होमदछन् अर्थात्–केही कुराको पनी चाहना गर्दैनन्.

> सर्वाणीन्द्रियकर्माणि प्राणकर्माणि चाऽपरे;
> आत्मसंयमयोगाग्नौ जुह्वति ज्ञानदीपिते. (२७)

कोही इन्द्रियका[1] कर्म, प्राणकर्म पनी सदा;
होम्दछन् ज्ञान-सन्दीप्त[2], आत्मसंयम-अग्निमा[3].

अरु कुनै योगीहरु ध्येय-विषय द्वारा (ज्ञान द्वारा) प्रज्वलित, अध्यात्मरूप, योगाग्निमा ज्ञानेन्द्रियहरुका र प्राणवायुका कर्महरु (व्यापारहरुलाई) हवन गर्दछन्.

> द्रव्ययज्ञास्तपोयज्ञा योगयज्ञास्तथाऽपरे;
> स्वाध्यायज्ञानयज्ञाश्च यतयः संशितव्रताः. (२८)

धनले र तपस्याले, योगले, ज्ञानले अरू;
कोही स्वाध्यायले यज्ञ, गर्दछन् ती व्रतीहरू[4].

अरु कुनै व्रतधारी, संयमी, पुरुषहरु कोही द्रव्यदान यज्ञ, कोही कृच्छ्र चान्द्रायण आदि तपस्यारूप यज्ञ, कोही चित्तवृत्ति निवारण द्वारा समाधिरूप यज्ञ, कोही नित्यकर्मानुष्ठानरूप पठन-पाठन यज्ञ, कोही ज्ञानरूप यज्ञ इत्यादि कैयूँ यज्ञहरु गर्दछन्.

> अपाने जुह्वति प्राणं प्राणेऽपानं तथाऽपरे;
> प्राणापानगती रुद्ध्वा प्राणायामपरायणाः. (२९)

---

(१) व्यापार.
(२) ज्ञानले बलेको.
(३) मन रोक्नूरूप योगाग्निमा.
(४) परमात्माको व्रत लिने.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्राणा-ऽपान-गती रोकी, प्राणायामी[1] स्वदेहमा[2];
अपान[3] प्राणमा होम्छन्, तेस्तै प्राण[4] अपानमा.

कुनै प्रयत्नशील, तीक्ष्णव्रतधारी, प्राणायामी, योगिहरु अपानवायुमा प्राणवायुको हवन गरेर 'पूरक' तेस्तै प्राणमा अपानवायुको हवन गरेर 'रेचक' र प्राण और अपान ई दुवैको गति (आवागमन) रोकेर 'कुंभक' नामका प्राणायाम गर्दछन्.

अपरे नियताहाराः प्राणान्प्राणेषु जुह्वति;
सर्वेऽप्येते यज्ञविदो यज्ञक्षपितकल्मषाः. (३०)

होम्छन् अरू मिताहारी[5], प्राणमा प्राण अर्जुन !
यज्ञ जान्ने यज्ञले नै, पाप नाश्ने सवै जन.

अरू कुनै योगीहरू आहारलाई नियमित गरेर अन्तःकरणवृत्तिमा प्राणेन्द्रियहरुको आहुति दिन्छन्; ई सवै यज्ञवेत्ता ज्ञानी हुनै यज्ञका द्वारा पापको नाश गर्दै-

यज्ञशिष्टामृतभुजो यान्ति ब्रह्म सनातनम्;
नाऽयं लोकोऽस्त्ययज्ञस्य कुतोऽन्यः कुरुसत्तम ! (३१)

यज्ञ-शेष-सुधा[6] खाई, पुग्छन् ब्रह्म सनातन[7];
तेस्का छैनन् दुवै लोक[8], यज्ञ गर्दैन जो जन.

(१) प्राणायाम गर्ने.
(२) आफ्नू शरीरमा.
(३) भित्री श्वास.
(४) वाहिरी श्वास.
(५) परिमाण सँग खाने.
(६) यज्ञशेषरूप अमृत.
(७) पहिलेदेखी नै भई रहेको नित्य.
(८) यो र अर्को.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

'यज्ञशेष-रूप अमृत' खायेर, सनातन ब्रह्ममा प्राप्त हुन्छन्. हे कुरुश्रेष्ठ, अर्जुन ! यज्ञहीन (यज्ञ न गर्ने) व्यक्तिका निमित्त यो अल्पसुख भयेको मनुष्यलोकमा पनी सफलता प्राप्त हुँदैन भने, फेरी तेस्का निमित्त परलोकमा सुख कसरी मिल्न सक्ला ?

एवं बहुविधा यज्ञा वितता ब्रह्मणो मुखे;
कर्मजान्विद्धि तान्सर्वानेवं ज्ञात्वा विमोक्ष्यसे. (३२)

यस्ता यज्ञहरू धेरै, वेदमा छन् सवै खुला;
ती, कर्मैबाट निस्कन्छन्, यो जानी मुक्ति पाउला

यस्ता नानाप्रकारका यज्ञको वर्णन साक्षात् ब्रह्माका मुखबाट नै गरिसेको छ. यो विचार राख कि, ई सवै यज्ञ कर्मबाट नै सिद्ध हुन्छन्. यो ज्ञान भये पछी तिमी मुक्त हुनेछौ.

श्रेयान्द्रव्यमयाद्यज्ञाज्ज्ञानयज्ञः परन्तप !
सर्वं कर्माऽखिलं पार्थ ! ज्ञाने परिसमाप्यते. (३३)

द्रव्ययज्ञ-हरू भन्दा, श्रेष्ठ ता ज्ञानयज्ञ छ;
सवै किसिमको कर्म, ज्ञानमा नै समाप्त छ.

हे परन्तप, पार्थ ! द्रव्यमय दैव आदि यज्ञ भन्दा ज्ञानमय यज्ञ नै श्रेष्ठ छ, किन भने, सव प्रकारका फलसहित यावत् कर्महरुको पर्यवसान (समाप्ति) ज्ञानमा नै हुन्छ.

---

(१) धनबाट गरिने यज्ञादि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ज्ञान सिक्नू र पापपुण्यको नाश-

तद्विद्धि प्रणिपातेन परिप्रश्नेन सेवया;
उपदेक्ष्यन्ति ते ज्ञानं ज्ञानिनस्तत्वदर्शिनः. (३४)

तिमीले सिक त्यो ज्ञान, सेवा[1]-प्रश्न[2]-प्रणाम[3]ले;
ज्ञानोपदेश गर्नेछन्, ती ज्ञानी तत्वदर्शि[4]ले.

यो मनमा राख कि, तिमी तत्वदर्शी, ज्ञानीहरुको नगींच जाऊ र प्रणाम-प्रश्न-सेवा गरेर ज्ञान सिक, तिनी तिम्रो भक्तिले प्रसन्न भयेर तिमीलाई ज्ञानको उपदेश गर्नेछन्.

यज्ज्ञात्वा न पुनर्मोहमेवं यास्यसि पाण्डव !
येन भूतान्यशेषेण द्रक्ष्यस्यात्मन्यथो मयि. (३५)

जो जान्नाले तिमी यस्तै, पर्दैनौ फेरि मोहमा;
संपूर्ण आँफुमा देख्छौ, देख्नेछौ अथवा ममा.

हे पाण्डव ! जुन ज्ञान पायेर फेरी तिमीलाई यस्तो मोह हुनेछैन. और जुन ज्ञानको योगले सारा प्राणीलाई आँफुबाट अभिन्न देखेर तेस पछीं सबैलाई ममा पनी देख्नेछौ

अपि चेदसि पापेभ्यः सर्वेभ्यः पापकृत्तमः;
सर्वं ज्ञानप्लवेनैव वृजिनं संतरिष्यसि. (३६)

---

(१) चाकरी.
(२) सोधनीइ.
(३) नमस्कार (पाउपर्नू).
(४) वास्तविक तत्व देखने पुरुष.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पापी भन्दा पनी बढ्ता, छौ भने पनि आखिर;
ज्ञानरूपी डुँगाले[1] नै, तरौला पाप-सागर[2].

सब पापी भन्दा यदि ज्यादा नै अधिक, पापकर्म गर्ने पापी छौ भने पनी त्यो ज्ञानरूपी डुँगाको सहाराले नै तिमी पापसागरको पार जानेछौ.

यथैधांसि समिद्धोऽग्निर्भस्मसात्कुरुतेऽर्जुन !
ज्ञानाग्निः सर्वकर्माणि भस्मसात्कुरुते तथा. (३७)

बलेका अग्निले जस्तो काठ सारा डढाउँछ;
ज्ञानाग्निले[3] पनी तेस्तै सारा कर्म[4] जलाउँछ.

हे अर्जुन ! बलेका अग्निले काठहरुलाई जसरी भस्म गर्दछ; तेस्तै यो ज्ञानरूप अग्निले पनी सब कर्मलाई अर्थात्--पाप-पुण्यरूप बन्धनहरुलाई जलाईदिन्छ

ज्ञान-प्राप्तिका उपाय-

न हि ज्ञानेन सदृशं पवित्रमिह विद्यते;
तत्स्वयं योगसंसिद्धः कालेनाऽऽत्मनि विन्दति. (३८)

ज्ञान जस्तो कुनै छैन पवित्र यस लोकमा;
त्यो ता संयमले[5] योगी[6] आफैं पाउँछ आँफुमा.

---

(१) नाउ जाहाजले.
(२) पापरूपी महासागर.
(३) ज्ञानरूपी अग्निले.
(४) कर्मबन्धन.
(५) टाइमले.
(६) निष्काम कर्म गरी सिद्ध भयेको पुरुष.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस संसारमा ज्ञानले समान पवित्र वस्तु अरु कुनै छैन. मोक्षको इच्छा राख्ने योगीलाई कर्मयोग सिद्ध भये पछी मौकाले आपसे आप त्यो आत्मज्ञान प्राप्त हुन आउँदछ.

श्रद्धावान् लभते ज्ञानं मत्परः संयतेन्द्रियः ;
ज्ञानं लब्ध्वा परां शान्तिमचिरेणाऽधिगच्छति. (३९)

मैमा तत्पर,[1] श्रद्धालु, [2]संयमी ज्ञान पाउँछ;
ज्ञान पाये पछी चाँडै ठुलो शान्ति उदाउँछ.

जो श्रद्धावान् पुरुष इन्द्रियहरुलाई वशमा राखेर गुरुजनका आज्ञाको पालन र सेवा गरी त्यही ज्ञानको पछी लाग्दछ, तेस्ले ज्ञान पायेर चाँडै नै शान्ति पाउँछ अर्थात्–मुक्ति पाउँछ.

अज्ञश्चाऽश्रद्दधानश्च संशयात्मा विनश्यति;
नाऽयं लोकोऽस्ति न परो न सुखं संशयात्मनः. (४०)

[3]श्रद्धा-विहीन, अज्ञानी, [4]संशयीको विनाश छ;
न तेस्को छ दुवै लोक, न तेस्को सुख खास छ.

परन्तु, ज्ञान र श्रद्धा न भयेको शंकाधारी पुरुष नष्ट हुन्छ. सन्देह मान्ने व्यक्तिको यो लोक वा परलोक कहीं असल हुँदैन. तेस्लाई सुख पनी मिल्दैन.

---

(१) एकाग्रता लियेको. (३) श्रद्धा न भयेको.
(२) इन्द्रियहरुलाई वश गर्ने. (४) हो वा होइन भनी मनमा सन्देह लिने.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दुवै योगको आश्रयबाट युद्धोपदेश-

योगसंन्यस्तकर्माणं ज्ञानसंछिन्नसंशयम्;
आत्मवन्तं न कर्माणि निवध्नन्ति धनञ्जय ! (४१)

योगले कर्म[1] नाशेको, ज्ञानले नेष्ट[2]-संशय;
आत्मज्ञलाई[3] ती कर्म बन्ध छैनन् धनञ्जय[4] !

हे धनञ्जय ! जस्ले कर्मयोगको आश्रय गरेर ईश्वरमा कर्महरु समर्पण गरेको छ, और ज्ञानले जस्का सव सन्देह मेटियेका छन्, तेस्तो आत्मज्ञानी पुरुषलाई कर्मका पाप-पुण्यरूप बन्धनले बाँध्न सक्दैनन्.

तस्माद्ज्ञानसंभूतं हृत्स्थं ज्ञानाशिनाऽऽत्मनः;
छित्त्वैनं संशयं योगमातिष्ठोत्तिष्ठ भारत ! (४२)

तेस्मात्[5] अज्ञानले जन्य[6] सन्देह मनको सव;
ज्ञान-तर्वारले[7] काटी योग[8] ली उठ पाण्डव !

हे भारत ! यस निमित्त आफ्नू हृदयमा रहेको र अज्ञानबाट उत्पन्न भयेको यो सन्देहलाई ज्ञानरूप तर्वारले काटेर कर्मयोगको आश्रय गर. अनी युद्धका निमित्त खडा होऊ अर्थात्—तैयार होऊ.

---

(१) कर्मबन्धन.
(२) मनको मैलापन नाशेको.
(३) आत्म ज्ञानीलाई.
(४) उत्तरकुरुवाट धन जिती ल्याउने.
(५) तेसकारण.
(६) उत्पन्न भयेको.
(७) ज्ञानरूपी तरवारले.
(८) निष्काम कर्मयोग,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

इति श्रीमद्भगवद्गीतायां 'ज्ञान-कर्म-संन्यासयोग:'
चतुर्थोऽध्याय: (४)

इति नेपाली कोमलगीता
'ज्ञानकर्मसंन्यासयोग'
चतुर्थ. (४)

❀ चतुर्थाध्याय. ❀
समाप्त.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मुरलीमोहन



गर्नुपर्ने कुनै मेरो छैन कर्म त्रिलोकमा :
प्राप्तव्य नै छँदैछैन तै पनी छु म कर्ममा । (गीता ३ । २२)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ॐ

श्रीमद्भगवद्गीता.

कोमलगीता.

ज्ञान-संन्यास-योग (५)

संन्यास भन्दा कर्मयोग श्रेष्ठ-

अर्जुन उवाच-

संन्यासं कर्मणां कृष्ण ! पुनर्योगं च शंससि;
यच्छ्रेय एतयोरेकं तन्मे ब्रूहि सुनिश्चितम्. (१)

संन्यास[1], कर्म[2] दोटैको गर्नुभो यो प्रशंसन[3];
इन्मा एकै भलो जो छ त्यो आज्ञा होस् जनार्दन!

अर्जुनले सोधे—हेकृष्ण ! कहिले संन्यास र कहिले कर्मयोग अर्थात्-कर्म गरी-रहनाको मार्गलाई नै उत्तम बताउनुहुन्छ, अब मलाई निश्चय गरेर एकै मार्गको उपदेश गर्नुहोस्, जो ई दुईमा मेरा निमित्त ज्यादा नै श्रेयस्कर (कल्याण गर्ने) हुन्छ.

---

(१) ज्ञानयोग. (२) कर्मयोग. (३) तारीफ.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भगवानुवाच-

संन्यासः कर्मयोगश्च निःश्रेयसकरावुभौ;
तयोस्तु कर्मसंन्यासात्कर्मयोगो विशिष्यते. (२)

कर्मयोग र संन्यास दुवै छन् मुक्ति-दायक;[1]
तर संन्यास[2] भन्दा त कर्मयोगै छ लायक.

भगवान्ले भन्नुभयो- कर्मसंन्यास र कर्मयोग ई दुवै मार्ग मोक्ष प्राप्त गराउने हुन्; तर मोक्ष तर्फको दृष्टिले दुवैको योग्यता समान भयेमा पनी ई दुईमा कर्मसंन्यास भन्दा कर्मयोगको योग्यता विशेष छ.

तत्वबाट दुवै योगको एकत्व-

ज्ञेयः स नित्यसंन्यासी यो न द्वेष्टि न कांक्षति;
निर्द्वन्द्वो हि महाबाहो ! सुखं बन्धात्प्रमुच्यते. (३)

संन्यासी[3] हो उही जस्मा न ता द्वेष[4] न चाह छ;
त्यो द्वन्द्व-हीन,[5] योगीको सहजै बन्ध छुट्दछ.

हे महाबाहु ! जो केहीको पनी द्वेष र केहीको प्रेम पनी गर्दैन, तेस पुरुषलाई कर्म गरी रहे पनी नित्यसंन्यासी संझनुपर्दछ. किनभने, जो सुख-दुःख आदि द्वन्द्वधर्मबाट छुटेको होस् ता, त्यो सहजै सित कर्मका सब बन्धनबाट मुक्त भयेको हुन्छ.

---

(१) मुक्ति दिने.
(२) केही पनी कर्म न गरी हात-पयर बाँधेर चूपचाप रहनूरूप संन्यास.
(३) कर्म गेर पनी खास संन्यासी.
(४) निन्दा.
(५) रीसराग नभयेको.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सांख्ययोगौ पृथग्बालाः प्रवदन्ति न पण्डिताः;
एकमप्यास्थितः सम्यगुभयोर्विन्दते फलम्. (४)

सांख्य[1], योग पृथक् भन्ने अज्ञ[2] हुन्, विज्ञ[3] होइनन्;
जाने राम्रो गरी यौटा दोटैको फल पाउँछन्.

मूर्खहरु भन्दछन् कि सांख्य (कर्मसंन्यास) र योग (कर्मयोग) भिन्न-भिन्न हुन्; परन्तु, पण्डितहरु यस्तो भन्दैनन्. कुनै पनी एक मार्गको राम्ररी आचरण गर्नाले दुवैको फल पाइन्छ.

यत्सांख्यैः प्राप्यते स्थानं तद्योगैरपि गम्यते;
एकं सांख्यं च योगं च यः पश्यति स पश्यति. (५)

सांख्यले पाइने स्थान[4] योगले पनि मिल्दछ;
सांख्य, योग दुवै एकै जो देख्छ उहि देख्दछ.

जुन मोक्षस्थानमा सांख्यमत लिनेहरु पुग्दछन्, त्यहीं कर्मयोगी पनी पुग्दछन्, यस निमित्त, ई दुवै मार्ग (सांख्य र योग) एकै हुन्; जस्ले यस्तो जान्यो तेसैले वास्तविक तत्व पहिचान्यो.

संन्यासस्तु महाबाहो ! दुःखमाप्तुमयोगतः;
योगयुक्तो मुनिर्ब्रह्म न चिरेणाऽधिगच्छति. (६)

---

(१) कर्मसंन्यास.
(२) केटाकेटीको बुद्धि भयेक मूढ.
(३) विशेष जान्ने पण्डित.
(४) ब्रह्मपद.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कर्मयोग विना पार्थ ! हुन्छ संन्यास दुष्कर[1];
योगयुक्त[2], मुनि, ज्ञानी ब्रह्म पाउँछ सत्वर[3].

हे महाबाहू ! योग अर्थात्—कर्म न गरी संन्यासलाई प्राप्त गर्न मुस्किल पर्दछ. जो मुनि कर्मयुक्त भयो, तेस्लाई ब्रह्मको प्राप्ति हुनामा विलंव लाग्दैन.

इन्द्रिय कर्म गर्छन्, योगी छुट्ट छ-

योगयुक्तो विशुद्धात्मा विजितात्मा जितेन्द्रियः;
सर्वभूतात्मभूतात्मा कुर्वन्नपि न लिप्यते. (७)

मन, इन्द्रिय जो जित्छ, आत्मैमा सब देख्दछ;
त्यो शुद्ध कर्मयोगी ता कर्म गर्दा अलिप्त[4] छ.

जो कर्मयोगले युक्त भयेको छ, जस्को अन्तः-करण शुद्ध छ, जस्ले आफ्ना मन र इन्द्रियलाई जिती लियेको छ र सब प्राणीको आत्मा नै जस्को आत्मा भयेको छ, त्यो योगी, सब कर्म गरोस् त पनी, कर्मका पुण्य-पापबाट अलिप्त (फरक) रहन्छ.

नैव किञ्चित्करोमीति युक्तो मन्येत तत्ववित्;
पश्यञ्छृण्वन्स्पृशञ्जिघ्रन्नश्नन्गच्छन्स्वपञ्छ्वसन्. (८)

देखी, सुनी, सुँगी, छोई, खाई, सास-लिई, अनी;
हिंडी, बोली, लिई, छाडी, चिंली, हेरी, सुती पनी.

---

(१) मुस्किल.
(२) निष्काम कर्मयोगी.
(३) चाँडो.
(४) बन्धन-रहित.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रलपन्विसृजन्गृह्णन्नुन्मिषन्निमिषन्नपि;
इन्द्रियाणीन्द्रियार्थेषु वर्तन्त इति धारयन्. (९)

आफ्ना काम सबै गर्छन् ई इन्द्रिय भनीकन;
संझेर तत्त्ववित्[1], योगी[2] ठानोस् 'केही म गर्दिन'.

योगयुक्त, तत्ववेत्ता, पुरुषले संझनुपर्दछ कि, 'म केही पनी गर्दिन' और हेर्नू, सुन्नू, छुनू, सुङ्नू, खानू, हिंड्नू, सुत्नू, सास फेर्नू, बोल्नू, छोड्नू, पक्रनू, आँखाका पलक खोल्नू र बन्द-गर्नू इत्यादिमा पनी यस्तो बुद्धि राखेर व्यवहार गरोस् कि, केवल इन्द्रियहरु आफ्ना-आफ्ना विषयहरुमा चलीरहेका छन्.

ब्रह्मण्याधाय कर्माणि सङ्गं त्यक्त्वा करोति यः;
लिप्यते न स पापेन पद्मपत्रमिवाऽम्भसा. (१०)

ब्रह्ममा कर्म अर्पेर, फल छोडी, गरी सधैं;
लिपिन्न पापले योगी, जलले पद्मपत्र[3] झैं.

जुन योगी, ब्रह्ममा अर्पण गरेर आसक्ति-रहित कर्म गर्दछ, तेस्लाई तेस्तै गरी पाप टाँसिन सक्दैन, जस्तो कि, कमलका पातमा पानी टाँसिदैन.

कायेन मनसा बुद्ध्या केवलैरिन्द्रियैरपि;
योगिनः कर्म कुर्वन्ति सङ्गं त्यक्त्वाऽऽत्मशुद्धये. (११)

देहेन्द्रिय-मनो-बुद्धि[4] सबले कर्म केवल;
शुद्धि-खातिरमा योगी गर्छन् छोडी सबै फल.

---

(१) तत्व जान्ने.
(२) कर्मयोगी.
(३) कमलको पात.
(४) शरीर-इन्द्रिय-मन-बुद्धि.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस कारण, कर्मयोगी 'म गर्ने हूँ' भन्ने यस्तो अहंकारी बुद्धि न लिईकन खाली शरीरले, मनले, बुद्धिले र इन्द्रियहरुले पनी आसक्ति (कामना) छोडेर आत्मशुद्धिका निमित्त कर्म गरी-रहन्छन्.

युक्तः कर्मफलं त्यक्त्वा शान्तिमाप्नोति नैष्ठिकीम्;
अयुक्तः कामकारेण फले सक्तो निबध्यते. (१२)

योगी छोडी कर्मफल, ब्रह्मको शान्ति पाउँछ;
फलेच्छा ली, गरी कर्म, कुयोगी बन्ध पाउँछ.

जो योगयुक्त भयेको छ, त्यो योगी कर्मका फल छोडेर अन्तःकरणमा पूर्ण-शान्ति पाउँदछ, जो योग युक्त छैन, त्यो कामनाले फलको विषयमा आसक्ति लियेर कर्म गर्दछ र पुण्यपापबाट बाँधिने हुन्छ.

सर्वकर्माणि मनसा संन्यस्याऽऽस्ते सुखं वशी;
नवद्वारे पुरे देही नैव कुर्वन्न कारयन्. (१३)

मनले कर्म छोडेको, वशी, देही रमाउँछ;
नउ-ढोके सहरमा न गर्छ, न गराउँछ.

सब कर्महरुलाई प्रत्यक्षै बाहिरी तवरबाट होइन कि, मनले मात्र संन्यास (ईश्वरमा समर्पण) गरेर, जितेन्द्रिय, देहवान्, पुरुष नौ-ढोका भयेको यो शरीररूपी सहरमा न केही गर्दछ, न त केही गराउँदछ र आनन्दपूर्वक वसी-रहन्छ.

---

(१) वशने र इन्द्रियदमन गर्ने. (२) जीवात्मा.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कर्ता प्रकृति हो, आत्मा होइन-

न कर्तृत्वं न कर्माणि लोकस्य सृजति प्रभुः;
न कर्मफलसंयोगं स्वभावस्तु प्रवर्तते. (१४)

लोकको कर्तृता[1], कर्म, फलसंयोग[2] वस्तुतः[3];
आत्माले सृष्टि गर्दैन स्वभावैले छ यो स्वतः[4]·

आत्मा या परमेश्वरले जनहरुका कर्तृत्वलाई, तिन्का कर्मलाई र तिनीहरुमा प्राप्त हुने कर्मफलका संयोगलाई पनी निर्माण (रचना) गर्दैन, स्वभाव अर्थात्–प्रकृतिले नै सब कुछ गराउँद्छ.

नाऽऽदत्ते कस्यचित्पापं न चैव सुकृतं विभुः;
अज्ञानेनाऽऽवृतं ज्ञानं तेन मुह्यन्ति जन्तवः· (१५)

कसैको धर्म वा पाप आत्माले लिन्न अर्जुन !
छोपी अज्ञानले ज्ञान मोहमा छन् सबै जन.

सर्वव्यापी, परमात्माले कसैको पाप वा पुण्य पनी लिंदैन· ज्ञानको माथी अज्ञानको पर्दा परी-रहेको हुनाले (अर्थात्–मायाले) सब प्राणीहरु केवल मोहमा लुट्पुटियेका छन्.

अज्ञान हटे पछी पुनर्जन्म हुन्न-

ज्ञानेन तु तदज्ञानं येषां नाशितमात्मनः;
तेषामादित्यवज्ज्ञानं प्रकाशयति तत्परम्. (१६)

---

(१) कर्ता पना.
(२) कर्मफल जुटाउनु.
(३) वास्तविक·
(४) आफैं–आप प्रकट.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जस्को नाशिन्छ अज्ञान आत्माका ज्ञानले सब;
सूर्य झैं तिनको ज्ञान उज्यालो गर्छ त्यो पद[1].

परन्तु, ज्ञानले जस्को यो अज्ञान नष्ट भयेको छ, तिन्का निमित्त तिनैको ज्ञानले परमार्थ तत्वलाई सूर्यकै-समान प्रकाशित गरी-दिन्छ.

तद्बुद्धयस्तदात्मानस्तन्निष्ठास्तत्परायणाः;
गच्छन्त्यपुनरावृत्तिं ज्ञाननिर्धूतकल्मषाः· (१७)

जो तेही तत्वमा बुद्धि, मन, निष्ठादि[2] राख्दछन्;
ज्ञानले पाप फालेका ती ज्ञानी मुक्ति पाउँछन्.

तेस परमार्थ तत्वमा जस्को बुद्धि रँगियेकोछ; उहीं जस्को अन्तःकरण रमायेको छ र जो तन्निष्ठ, तेस्तै तत्परायण भयेका छन्, तिन्का पापहरु ज्ञानले सब धोइन्छन् र तिनीहरु फेरी जन्म लिंदैनन्.

समदर्शीका बुद्धिको वर्णन-

विद्याविनयसंपन्ने ब्राह्मणे गवि हस्तिनि;
शुनि चैव श्वपाके च पण्डिताः समदर्शिनः· (१८)

गाई, हात्ती र चाण्डाल, कुत्ता, सर्वज्ञ[3] बाहुन;
ज्ञानीका दृष्टिमा[4] एकै ठहर्छन् बुझ अर्जुन !

---

(१) मोक्षपदवी.
(२) स्थिति-इत्यादि.
(३) सब जान्ने ज्ञानी.
(४) नजरमा.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

समदर्शी पुरुष



गाई, हात्ती र चाण्डाल, कुत्ता, सर्वज्ञ बाहुन ;
ज्ञानीका दृष्टिमा एकै ठहर्छन् बुझ अर्जुन ! (गीता ५ । १८)

गीताप्रेस

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पण्डित अर्थात्–ज्ञानीहरुको दृष्टि, विद्या र नम्रता इत्यादि गुणले युक्त भयेको ब्राह्मण, गाई, हात्ती, कुकुर र चाण्डाल ई सबैका विषयमा समानै (एकनासै) रहन्छ.

इहैव तैर्जितः सर्गो येषां साम्ये स्थितं मनः ;
निर्दोषं हि समं ब्रह्म तस्माद्ब्रह्मणि ते स्थिताः. (१९)

यहीं तिन्ले जिते सृष्टि[1] मन जो सम्म राख्दछन्;
सम्मै[2] छ ब्रह्म निर्दोषी, तस्मात्[3] ती ब्रह्मनिष्ठ[4] छन्.

यसै गरी जस्को मन साम्यावस्थामा स्थिर भयेकोछ, तिनी यहींको यहीं नै अर्थात्–मरणको प्रतीक्षा न गरेर, मृत्युलोकलाई जित्छन्. किनभने, ब्रह्म निर्दोषी र सम छ, यस कारण ई साम्यबुद्धि भयेका पुरुष सधैं ब्रह्ममा रहेर यसैलोकमा ब्रह्मभूत (ब्रह्मरूप) हुन्छन्.

न प्रहृष्येत्प्रियं प्राप्य नोद्विजेत्प्राप्य चाऽप्रियम् ;
स्थिरबुद्धिरसंमूढो ब्रह्मविद्ब्रह्मणि स्थितः. (२०)

जो प्रिया-ऽप्रिय पायेमा न खूसी, न त दिक्क भो;
स्थिरबुद्धि[5] विवेकी त्यो ब्रह्मवित्[6] ब्रह्ममा रह्यो.

जो प्रिय अर्थात्–इष्ट वस्तु पाउँदा प्रसन्न पनी हुँदैन र अनिष्ट आई-पर्दा खिन्न पनी हुँदैन. यसरी जस्को बुद्धि स्थिर भयेर मोहमा फसेको छैन, त्यही ब्रह्मवेत्तालाई ब्रह्ममा रहेको भनी संज्ञा.

(१) संसार.
(२) सबैमा समान.
(३) तेस कारण.
(४) ब्रह्ममा रहेका.
(५) स्थितप्रज्ञ.
(६) ब्रह्मतत्त्व जान्ने.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बाह्यस्पर्शेष्वसक्तात्मा विन्दत्यात्मनि यत्सुखम्;
स ब्रह्मयोगयुक्तात्मा सुखमक्षयमश्नुते. (२१)

बहिर्विषय-निर्लोभी[1] जो आत्मसुख[2] पाउँछ;
त्यै ब्रह्मयुक्त योगीमा अक्षय्य[3] सुख[4] आउँछ.

बाह्य पदार्थहरुको इन्द्रियहरु सँग हुने संयोगमा अर्थात्—विषयोपभोगमा जस्को मन आसक्त छैन, तेस्लाई नै आत्मसुख मिल्दछ र त्यो ब्रह्मयुक्त पुरुष अक्षय सुखको अनुभव गर्दछ.

ये हि संस्पर्शजा भोगा दुःखयोनय एव ते;
आद्यन्तवन्तः कौन्तेय ! न तेषु रमते बुधः. (२२)

बहिर्विषयका भोग दुःखकारण छन् ठुला;
आउने, नाशिने इन्मा कुन विद्वान् रमाउला ?

हे कौन्तेय ! बाहिरी पदार्थहरुका संयोगबाट नै उत्पन्न हुने, सारा सुख दुःखादि भोगको आदि र अन्त्य छ अर्थात्—आउना साथ नाशिन्छन्, यसैले तिनीहरु दुःखका नै कारण हुन्; तिनीहरुमा पण्डितहरु रमाउँदैनन् (तेस्तोमा आसक्ति लिंदैनन्).

शक्नोतीहैव यः सोढुं प्राक्शरीरविमोक्षणात्;
कामक्रोधोद्भवं वेगं स युक्तः स सुखी नरः. (२३)

---

(१) विषयोपभोगमा लोभ नभयेको. (३) कहिल्यै न नाशिने.
(२) भित्री आनन्द. (४) मोक्ष.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जो काम-क्रोधको वेग यो शरीर छँदा तक;
सहन्छ[1], लोकमा त्यै हो योगी[2] र सुख-साधक[3].

शरीर छुट्नू भन्दा पहिले अर्थात्--मरण-पर्यन्त काम-क्रोधबाट उत्पन्न हुने वेगलाई यस लोकमा नै सहनूसा इन्द्रिय-संयमन द्वारा जो समर्थ हुन्छ, त्यही पुरुष युक्त (कर्मयोग-युक्त) र त्यही सच्चा सुखी हो.

कर्म गरे पनी कर्मयोगी मुक्त छ-

योऽन्तःसुखोऽन्तरारामस्तथाऽन्तर्ज्योतिरेव यः ;
स योगी ब्रह्मनिर्वाणं ब्रह्मभूतोऽधिगच्छति. (२४)

[4]भित्रै सुखी, खुसी जो छ, जो भित्री-ज्योति पाउँछ;
त्यै ब्रह्मभूत[5] ब्रह्मज्ञ[6], योगी[7] निर्वाण[8] पाउँछ.

यस प्रकार बाह्य सुखको अपेक्षा न गरेर, जो अन्तः करणमा नै सुखी होला, जो आपसे आप आराम पाउँन लाग्ला, यस्तै जस्लाई भित्री-ज्योति मिल्ला, त्यो कर्मयोगी ब्रह्मरूप हुन्छ, फेरी तेस्लाई नै ब्रह्मनिर्वाण अर्थात्--ब्रह्ममा लीन-हुनूरूप मोक्ष प्राप्त हुन्छ.

लभन्ते ब्रह्मनिर्वाणमृषयः क्षीणकल्मषाः ;
छिन्नद्वैधा यतात्मानः सर्वभूतहिते रताः. (२५)

---

(१) इन्द्रियहरु रोकेर सहन समर्थ हुन्छ.
(२) कर्मयोगी.
(३) सुख सिद्ध गर्ने.
(४) अन्तःकरणमा नै.
(५) ब्रह्मस्वरूप.
(६) ब्रह्मज्ञानी.
(७) निष्काम कर्मयोगी.
(८) ब्रह्ममा लीन हुने मोक्ष.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

द्वंन्द्व[1] छोडी, यतात्मा[2] भै, सबैको हित चाहने;
निष्पाप[3] ऋषि हुन् खास ब्रह्मनिर्वाण पाउँने.

जुन ऋषिहरुको द्वन्द्वबुद्धि छुटेको छ अर्थात्—जस्ले यो तत्व जानेका छन् कि सब ठाउँमा परमेश्वर एकनास हुनुहुन्छ, जस्का पाप नष्ट भयेका छन् र जो आत्मसंयबाट सब प्राणीको हित गर्नामा रत भयेका छन्, तिनीलाई यो ब्रह्मनिर्वाणरूप मोक्ष मिल्दछ.

कामक्रोधवियुक्तानां यतीनां यतचेतसाम्;
अभितो ब्रह्मनिर्वाणं वर्तते विदितात्मनाम्. (२६)

काम-क्रोधादिले शून्य आत्मज्ञ[4], मन रोकने;
मुनिको ब्रह्मनिर्वाण पासैमा हुन्छ आउँने.

काम-क्रोधले रहित, आत्मसंयम गर्ने, आत्मज्ञानले युक्त भयेका, यति (मुनि) हरुले नगीचमा नै राखियेको जस्तो भयेर बसीबसी ब्रह्मनिर्वाण मोक्ष पुगिने हुन्छ.

स्पर्शान्कृत्वा बहिर्बाह्यांश्चक्षुश्चैवान्तरे भ्रुवोः;
प्राणापानौ समौ कृत्वा नासाऽभ्यन्तरचारिणौ. (२७)

बाहिरै बाहिरी-स्पर्श[5], चक्षु भ्रूमध्यमा[6] गरी;
मिलाई नासिका[7] भित्रै प्राणा-ऽपान[8] बराबरी;

---

(१) स्थिर बुद्धि.
(२) मन रोकावट गर्ने.
(३) पाप न भयेका.
(४) आत्मज्ञानी.
(५) इन्द्रियका सुखदुःख दिलाउने संयोग.
(६) आँखीभौंको बीचमा.
(७) नाक.
(८) भित्र र बाहिरको प्राण वायु.

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यतेन्द्रियमनोबुद्धिर्मुनिर्मोक्षपरायणः;
विगतेच्छाभयक्रोधो यः सदा मुक्त एव सः. (२८)

दशेन्द्रिय-मनो-बुद्धि बाँधेको, मुक्तितत्पर[1];
काम-क्रोधादिले[2] हीन, जो हो, त्यो मुक्त हो नर[3].

इन्द्रियहरुका सुख-दुःखदायक संयोगबाट अलग भयेर, दुवै आँखीभौंको बीचमा दृष्टि जमायेर, नाकबाट बहने प्राण र अपानलाई सम गरेर, जस्ले इन्द्रिय, मन, र बुद्धिहरुलाई संयम (कायम) राखेको छ; तेस्तै जस्का डर इच्छा-क्रोध सव छुटेका छन्, त्यो मोक्षपरायण मुनि सदा-सर्वदा मुक्त नै हो.

ईश्वरलाई नै सव संझनाको फल-

भोक्तारं यज्ञतपसां सर्वलोकमहेश्वरम्;
सुहृदं सर्वभूतानां ज्ञात्वा मां शान्तिमृच्छति. (२९)

तपस्या, यज्ञको भोक्ता[4], यावत्कै मित्र, ईश्वर[5];
मलाई संझने योगी पाउला शान्ति सुस्थिर[6].

जो मलाई नै यज्ञहरु र तपस्याहरुको भोग गर्ने, स्वर्गादि सवै लोकको अधिपति, यस्तै सव प्राणीहरुको सुहृत् (भलो चाहने मित्र) पनी संझन्छ, तेस पुरुषले नै शान्ति पाउँछ. (२३३)

---

(१) मुक्तिना लागी परेको.
(२) कामना-रीस-डर.
(३) मनुष्य.
(४) भोग गर्ने.
(५) स्वामी.
(६) कहिल्यै न बिग्रने.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

इति श्रीमद्भगवद्गीताया 'ज्ञानसंन्यासयोगः'
पञ्चमोऽध्यायः (५)

इति नेपाली कोसलगीता
'ज्ञानसंन्यासयोग'
पञ्चम. (५)

❀ पञ्चमाध्याय. ❀
समाप्त.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ॐ

श्रीमद्भगवद्गीता.

कोमलगीता.

ध्यानयोग (६)

फलाशा छोडी कर्म गर्नै नै संन्यासी हो-

भगवानुवाच-

अनाश्रितः कर्मफलं कार्यं कर्म करोति यः;
स संन्यासी च योगी च न निरग्निर्न चाऽक्रियः. (१)

फल[1] छोडी, स्वकर्तव्य[2] गर्नै, 'संन्यस्त'[3] 'युक्त'[4] हो;
हुन्न योगी र संन्यासी अग्नि-कर्तव्य[5] छोड्छ जो[6].

भगवान्‌ले भन्नुभयो—कर्मफलको आश्रय न गरेर अर्थात्‌—मनमा फलाशालाई टिक्न न दियेर, जो शास्त्र अनुसार आफ्नू विहित कर्तव्य कर्म गर्दछ, त्यही संन्यासी र त्यही योगी हो. अग्निहोत्रादि वा अरू केही कर्म न गरी चूपचाँप वसी-रहने पुरुष पनी सच्चा संन्यासी र योगी ठहर्दैन.

---

(१) कामना.
(२) आफ्नू कर्तव्य कर्म.
(३) संन्यासी.
(४) योगी.
(५) अग्निहोत्रादि र स्वकर्तव्य कर्म.
(६) जुन पुरुष.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यं संन्यासमिति प्राहुर्योगं तं विद्धि पाण्डव !
न ह्यसंन्यस्तसंकल्पो योगी भवति कश्चन. (२)

जस्लाइ भन्छन् संन्यास 'योग' हो तेहि अर्जुन !
विना संकल्पको[1] त्याग योगी हुन्न कुनै जन.

हे पाण्डव ! जस्लाई संन्यास भन्दछन्, त्यसैलाई कर्मयोग संझ. किनं भने, संकल्प अर्थात्—काम्यबुद्धिरूप फलाशालाई संन्यास (ईश्वरार्पण) नं गरी कोही पनी कर्मयोगी हुन सक्दैन.

शम र कर्मको कार्य-कारणभाव-

आरुरुक्षोर्मुनेर्योगं कर्म कारणमुच्यते;
योगारूढस्य तस्यैव शमः कारणमुच्यते. (३)

[2]योगेच्छु मुनिको निंती कर्म हो शम-कारण;
योग-सिद्ध भई तेस्को शम हो कर्म-कारण[3].

कर्मयोगमा आरूढ हुन इच्छा राख्ने मुनिका निमित्त, कर्मलाई शमको कारण अर्थात्—साधन (सहाय) बताइयेको छ, और तेही पुरुष योगारूढ अर्थात्—पूर्ण-योगी भई सकेमा तेस्का निमित्त शम (शान्ति) चाहीं कर्मको साधन हुन्छ, भनेर बताइयेको छ.

---

(१) फलेच्छाको. (२) योग लिन इच्छा गर्ने.
(३) पाठान्तर जस्तै—
योगेच्छु मुनिले योग लिंदा कर्म छ कारणं;
योग पाये पछीं तेस्को शम हो मुक्ति-कारणं.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सदा हि नेन्द्रियार्थेषु न कर्मस्वनुषज्जते;
सर्वसंकल्पसंन्यासी योगारूढस्तदोच्यते. (४)

आसक्ति छोडला जस्ले इन्द्रियार्थ[1] र कर्ममा[2];
सारा संकल्पले[3] हीनें[4] त्यो चढ्यो पूर्णयोगमा.

किन भने, जब त्यो पुरुष इन्द्रियका शब्द-स्पर्श आदि विषयहरुमा र कर्महरुमा अनुषक्त (आसक्ति भयेको) हुँदैन, तेस्तै सब संकल्प अर्थात्-काम्यबुद्धिरूप फलाशाको (प्रत्यक्ष कर्मको होइन) संन्यास गर्दछ, तब तेस्लाई योगारूढ (योगमा चढीसकेको) भन्दछन्.

योगसिद्धिमा आफ्नू स्वतन्त्रता-

उद्धरेदात्मनाऽऽत्मानं नाऽऽत्मानमवसादयेत्;
आत्मैव ह्यात्मनो बन्धुरात्मैव रिपुरात्मनः. (५)

गर्नू उद्धार आफैंले आँफुलाई न गाडनू;
आफैं हो आफनू मित्र, आफैं हो शत्रु आफनू.

मनुष्य आफ्नू उद्धार आफैंले गरोस्. आफैंले आँफुलाई कहिल्यै गीर्न न देओस्. किन भने, हरेक मनुष्य आफैं आफ्नू बन्धु अर्थात्-सहायक-मित्र अथवा आफैं आफ्नू शुत्रु पनी हुन्छ.

बन्धुरात्माऽऽत्मनस्तस्य येनाऽऽत्मैवाऽऽत्मना जितः;
अनात्मनस्तु शत्रुत्वे वर्तेताऽऽत्मैव शत्रुवत्. (६)

---

(१) इन्द्रियहरुका विषय.
(२) कर्मफलमा.
(३) कामनाके.
(४) रहित भयेको.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यो आफ्नै बन्धु[1] हो आफैं जो आफ्नै मन जित्तछ;
जो आँफुलाई जान्दैन त्यो आफ्नै शत्रु-तुल्य छ.

जो खूद आफैं आफ्नू मन (अन्तःकरण) लाई जित्छ (वशमा राख्दछ) त्यो खूद आफैं आफ्नू मित्र समान छ, जस्ले मनलाई आफ्नू अधीनमा राख्न सकेको छैन, त्यो खूद आफैं आँफु सँग नै शत्रु-समान वैरभाव गर्दछ.

समबुद्धिको श्रेष्ठता-

जितात्मनः प्रशान्तस्य परमात्मा समाहितः;
शीतोष्ण-सुखदुःखेषु तथा मानापमानयोः· (७)

शीतोष्ण-दुःखसुखमा तेस्तै मानाऽपमानमा;
प्रशान्त[2], विजितात्माको[3] फूर्छ ब्रह्म[4] समाधिमा.

जस्ले शीत-उष्ण, सुख-दुःख र मान-अपमानमा समेत एकनास शान्ति लियेको छ र आफ्नू अन्तःकरणलाई पनी अधीनमा राखेको छ, तेस्ता योगीको समाधिमा परब्रह्मको स्फुरण (झल्का) अवश्यमैव पर्दछ.

ज्ञानविज्ञानतृप्तात्मा कूटस्थो विजितेन्द्रियः;
युक्त इत्युच्यते योगी समलोष्टाश्मकाञ्चनः· (८)

---

(१) मित्र. (३) मन जितेको.
(२) शान्ति लिने. (४) परमात्मा.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ज्ञान-विज्ञानले तृप्त[1], कूटस्थ[2], नियतेन्द्रिय[3];
शिला-स्वर्ण[4] समै देख्ने, हो योगी युक्त[5] चिन्मय[6].

जस्को आत्मा (अन्तःकरण) ज्ञान र विज्ञान (विविध ज्ञान) ले तृप्त भयेको होस्, जो आफ्ना इन्द्रियहरूलाई जितेको होस्, जो मूलप्रकृतिमा पुगेर माटो सुन र पत्थरमा भेदभाव न देख्ने होस्, त्यही कर्मयोगी पुरुषलाई 'युक्त' अर्थात्—सिद्धावस्थामा पुगेको भनी बताउँछन्.

सुहृन्मित्रार्युदासीनमध्यस्थद्वेष्यबन्धुषु;
साधुष्वपि च पापेषु समबुद्धिर्विशिष्यते. (९)

मित्र-वैरी-उँदासीन-मध्यस्थ-द्वेष्य[9]-बन्धुमा;
पापी र साधुमा तुल्य[10] देख्ने हो श्रेष्ठ लोकमा.

सुहृत्, मित्र, शत्रु, उदासीन, मध्यस्थ, द्वेष्य, बान्धव, साधु र दुष्टहरुको विषयमा पनी ज़स्को बुद्धि सम भयेको छ (बराबर ठान्दछ) त्यही पुरुष विशेष योग्यताको ठहर्दछ.

योगसाधन कसरी गर्नू!

योगी युञ्जीत सततमात्मानं रहसि स्थितः;
एकाकी यतचित्तात्मा निराशीरपरिग्रहः (१०)

---

(१) परिपूर्ण.
(२) मूल प्रकृतिमा पुगेको.
(३) इन्द्रियविजयी.
(४) ढुंगो र सुन.
(५) योगमा चढेको.
(६) चिद्ब्रह्मस्वरूप.
(७) भलो बुरो केहि न चाहने.
(८) भलो चाहने.
(९) निन्दा गर्न योग्य.
(१०) समान.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आशा संग्रह छोडेर, राखी चित्त अधीनमा;
एकान्तमा बसी योगी गरोस् अभ्यास योगमा.

योगीले एकान्तमा एकलै बसेर चित्त र अन्तःकरणलाई संयम गरोस्, कुनै पनी काम्यवासनाहरुलाई न राखेर, परिग्रह अर्थात् नाशवान्लाई छोडी, निरन्तर आफ्नू योगाभ्यासमा लागी-परोस्.

शुचौ देशे प्रतिष्ठाप्य स्थिरमासनमात्मनः;
नाऽत्युच्छ्रितं नाऽतिनीचं चैलाजिनकुशोत्तरम्. (११)

न त अग्लो, न ता होचो, चलँ-चर्म-कुशोत्तर;
पवित्र-स्थानमा राखी आफ्नू आसन सुस्थिरै.

योगाभ्यासी पुरुषले पवित्र स्थानमा आफ्नू स्थिर आसन राखोस्, जो कि न त ज्यादा ऊचो होस् न त नीचो. तेसमा पहिले कुश, तेस माथी मृगछाला र तेस माथी वस्त्र (तन्ना) बिछ्याओस्.

तत्रैकाग्रं मनः कृत्वा यतचित्तेन्द्रियक्रियः;
उपविश्याऽऽसने युञ्ज्याद्योगमात्मविशुद्धये. (१२)

चित्त-इन्द्रियका वृत्ति रोकी, उस्मा बसीकन;
आत्म-शुध्यर्थमा योग गरोस् एकाग्र ली मन.

---

(१) नाश हुने पदार्थ.
(२) कुश माथी मृगचर्म र तेसमाथी कपडा भयेको.
(३) शुद्ध ठाउँमा.
(४) मजबुत.
(५) व्यापार.
(६) आसनमा.
(७) अन्तःकरण शुद्धि निमित्तमा.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कोमलगीता

योगसाधनको स्थिति ।



योगी युंजीत सततमात्मानं रहसि स्थितः । अ. ॥८॥
एकाकी यतचित्तात्मा निराशीरपरिग्रहः ॥१०॥

आशा संग्रह छोडेर, राखी चित्त अधीनमा:
एकान्तमा भसी योगी गरोस् अभ्यास योगमा·

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यहीं चित्त र इन्द्रियहरुका व्यापार (चेष्टा) हरुलाई रोकेर, अनी मनलाई पनी एकाग्र गरी, आत्मशुद्धिका निमित्त आसन माथी बसेर, योगाभ्यास गरोस.

समं कायशिरोग्रीवं धारयन्नचलं स्थिरः;
संप्रेक्ष्य नासिकाग्रं स्वं दिशश्चाऽनवलोकयन्. (१३).

सम-निश्चल राखैर देह घाँटी तथा शिर;
दिशा न हेरी, नासाग्र[1] हेर्दै, भैकन सुस्थिर.

प्रशान्तात्मा विगतभीर्ब्रह्मचारिव्रते स्थितः;
मनः संयम्य मच्चित्तो युक्त आसीत मत्परः. (१४)

शान्त भै, डर छोडेर, रहँदै ब्रह्मचर्यमा[2];
मन रोकेर, मच्चित्त[3] युक्त[4] होस् सर्वदा ममा.

पीठ्यूँ, शिर र गर्दनलाई सम गरेर अर्थात्-सीधा एकै रेखामा सोझो राखेर, स्थिर हुँदै, यताउती न हेर्दै, आफ्ना नाकको टुप्पोमा दृष्टि जमायेर, निर्भय भई, शान्त अन्तःकारणले ब्रह्मचर्य व्रत पालन गर्दै, तेस्तै मनलाई रोक्दै ममा नै चित्त लगाई, मत्परायण हुँदै (म बाहेक अरुको संझना न गर्दै) 'युक्त' होस.

युञ्जन्नेवं सदाऽऽत्मानं योगी नियतमानसः;
शान्तिं निर्वाणपरमां मत्संस्थामधिगच्छति. (१५)

---

(१) नाकको टुप्पो.
(२) हृदयदेखी नै ब्रह्मचर्य व्रत मा,
(३) ईश्वरमा मन दियेको,
(४) योग लियेको.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDE

यो आत्मलयको[1] योग गर्ने जो यतचित्त[2] छ;
त्यो, मैमा रहने मुक्ति-दायिनी[3] शान्ति पाउँछ.

यस प्रकार, सधैं आफ्नू योगाभ्यास गरीरहनाले मन वशमा भयेको कर्मयोगीलाई मैमा रहने र आखीरमा निर्वाणपद अर्थात्–मेरै स्वरूपमा लीन गराउने शान्ति हुन आउँदछ.

नाऽत्यश्नतस्तु योगोऽस्ति न चैकान्तमनश्नतः;
न चाऽतिस्वप्नशीलस्य जाग्रतो नैव चाऽर्जुन ! (१६)

न 'योग[4]' खन्चुवाको छ, न निराहार[5]को छ त्यो;
न त त्यो छ सुताहाको, जाग्रामीको न ता छ त्यो.

हे अर्जुन ! अति धेरै खाने, अथवा कत्ति पनी न खाने र ज्यादा नै सुते, या सदा जागरण गरीरहने यस्ता पुरुषलाई यो 'योग' (कर्मयोग) कदापि सिद्ध हुँदैन.

युक्ताहारविहारस्य युक्तचेष्टस्य कर्मसु;
युक्तस्वप्नावबोधस्य योगो भवति दुःखहा. (१७)

जस्ले विहार[6]-आहार-कर्म[7]-स्वप्न[8]-प्रबोधन[9];
ठीक राख्यो, उसैको छ योग त्यो दुःखनाशन[10].

---

(१) परमात्मामा लीन हुनाका निमित्तको.
(२) जितेन्द्रिय.
(३) मुक्ति दिलाउने.
(४) कर्मयोग.
(५) केही न खानेको.
(६) घूमफिर गर्नू.
(७) काम सुरु गर्नाको व्यापार.
(८) सुत्नू.
(९) बिउँझनू.
(१०) दुःख नाश गर्ने.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जस्को आहार र विहार नियमित छ, कर्महरुको आचरण पनी ठीक-ठीक छ र सुत्नू-उठ्नू कालमा परिमित हुन्छ, तेसैलाई यो योग दुःख हरण गर्ने अर्थात्–सुख दिने हुन्छ.

आत्यन्तिक सुखको वर्णन-

यदा विनियतं चित्तमात्मन्येवाऽवतिष्ठते;
निस्पृहः सर्वकामेभ्यो 'युक्त' इत्युच्यते तदा. (१८)

सभाँलियेको त्यो चित्त आत्मामा जव बस्दछ;
कामना केहि गर्दैन, अनी 'योगी' ठहर्दछ.

जव रोकियेको मन, आत्मामा नै स्थिर रहन्छ र कुनै पनी उपभोगको इच्छा रहँदैन, तव भन्दछन् कि, त्यो पुरुष 'युक्त' भयो.

यथा दीपो निवातस्थो नेङ्गते सोपमा स्मृता;
योगिनो यतचित्तस्य युञ्जतो योगमात्मनः (१९)

निंवातस्थानको दीप जस्तो हुन्छ सदा स्थिर;
यतचित्त[2], लयाभ्यासी[3] हुन्छ यस्तै यतीश्वर[4].

जस्तो हावा न लाग्ने ठाऊँमा राखियेका वत्तीको ज्योति, निश्चलं (न डग्ने) हुन्छ, त्यही उपमा चित्तलाई रोकेर योगाभ्यास गर्ने योगीलाई पनी दिइन्छ.

---

(१) हवा न लागने ठाऊँको.
(२) मन रोकि.
(३) लय योगको अभ्यास गर्ने.
(४) मुनीश्वर.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यत्रोपरमते चित्तं निरुद्धं योगसेवया;
यत्र चैवाऽऽत्मनाऽऽत्मानं पश्यन्नात्मनि तुष्यति. (२०)

योगां-ऽवरुद्ध यो चित्त जहाँ विश्राम[२] पाउँछ;
आफैंमा आँफु देखेर जहाँ आफैं रमाउँछ.

योगानुष्ठानले रोकियेको चित्त, जुन ठाऊँमा रमाउँछ और जहाँ खूद आत्मालाई देखेर आपसे आप सन्तुष्ट पनी रहन्छ.

सुखमात्यन्तिकं यत्तद्बुद्धिग्राह्यमतीन्द्रियम्;
वेत्ति यत्र न चैवाऽयं स्थितश्चलति तत्वतः. (२१)

जहाँ [३]आत्यन्तिक-सुख, बुद्धिग्राह्य[४] अतीन्द्रिय;
प्राप्त हुन्छ, जहाँ योगी हुन्छ निश्चल [६]तन्मय.

जहाँ खाली बुद्धिले मात्र थाहा पाइने र इन्द्रियहरुको गति न पुग्ने, अत्यन्त-सुखको उसलाई अनुभव हुन्छ र जहाँ त्यो योगी एकबार स्थिर भयो भने, परमार्थ तत्वबाट कहिल्यै डग्दैन.

यं लब्ध्वा चाऽपरं लाभं मन्यते नाऽधिकं ततः;
यस्मिन्स्थितो न दुःखेन गुरुणाऽपि विचाल्यते. (२२)

जो पाये पछि ठान्देन बढी लाभ अरू कुनै;
जहाँ पुग्दा कडा दुःख सकदैनन् डगाउनै.

---

(१) योगले रोकिएको.
(२) शान्ति.
(३) कहिल्यै न नःशिने आत्मसुख.
(४) साम्यबुद्धिले पाइन सकिने.
(५) अरु इन्द्रियको गति न पुग्ने.
(६) तदाकार (लैस्वरूप).

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जुन स्थितिलाई पाउनाले त्यो भन्दा अर्को ठुलो लाभ कुनै जँच्दैन र जहाँ स्थिर रहनाले कुनै पनी ठुलो दुःखले तेस योगीलाई उसबाट डगाउन पनी सक्दैन.

तं विद्यादुःखसंयोग-वियोगं योगसंज्ञितम् ;
स निश्चयेन योक्तव्यो योगोऽनिर्विण्णचेतसा. (२३)

त्यै जानोस् दुं[1]ःख-संयोग-विनाशी, 'योग' नामक;
गर्नैपर्दछ त्यो पक्का गराई चित्त उ[2]त्सुक.

तेसैलाई दुःखको संवन्ध नाश गर्ने अर्थात्–दुःखको स्पर्शबाट अलग रहेको 'योग' नामको स्थिति बताउँछन्. और यस योगको आचरण मनलाई हड्बडाउन न दिई निश्चयले गर्नुपर्दछ.

मनलाई कसरी रोक्नू ?

संकल्पप्रभवान्कामांस्त्यक्त्वा सर्वानशेषतः ;
मनसैवेन्द्रियग्रामं विनियम्य समन्ततः. (२४)

सं[3]कल्प-जन्य, संपूर्ण, का[4]मना छोडि सर्व[5]तः ;
मनले इ[6]न्द्रिय-ग्राम रोकेर अनि भारत !

संकल्पबाट उत्पन्न हुने सब कामना अर्थात्–विषयवासनालाई निःशेष (बाँकी न राखी) त्याग गरेर मनले नै सारा इन्द्रियलाई विषयदेखी जता-ततैबाट रोकावट गरी.

---

(१) दुःख-संवन्ध नाश गर्नै.
(२) उत्कण्ठित.
(३) मनोव्यापारबाट उत्पन्न.
(४) विषय-वासना.
(५) जतातत्तैबाट.
(६) इन्द्रियहरूको समुदाय.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शनैःशनैरुपरमेद् बुध्या धृतिगृहीतया;
आत्मसंस्थं मनःकृत्वा न किञ्चिदपि चिन्तयत्. (२५)

धीरे धीरे धैर्यवती बुद्धिले शान्त भैदिनू;
आत्मलीन गरी चित्त फेरी केही न संझनू.

धैर्ययुक्त बुद्धिले विस्तार-विस्तार शान्त हुँदै जाओस् र मनलाई आत्मामा स्थिर गरेर अरु कुनै विचार मनमा आउनै न देओस्.

यतो यतो निश्चरति मनश्चञ्चलमस्थिरम्;
ततस्ततो नियम्यैतदात्मन्येव वशं नयेत्. (२६)

जता-जता यो निस्कन्छ मन चञ्चल अस्थिर;
ल्याई उता-उताबाट आत्मैमा त्यो गरोस् स्थिर.

यस रीतले चित्तलाई एकाग्र गर्दै, चञ्चल र अस्थिर मन जहाँ-जहाँ बाहीर जान्छँ, वहाँ-वहाँबाट रोकेर तेस्लाई आत्माको नै स्वाधीन गराओस्.

योगी नै ब्रह्मरूप छ-

प्रशान्तमनसं ह्येनं योगिनं सुखमुत्तमम्;
उपैति शान्तरजसं ब्रह्मभूतमकल्मषम्. (२७)

शान्तचित्त, रंजःशून्य, निष्पाप, ब्रह्म-तन्मय;
यस्तो यो कर्मयोगीमा सुख आउँछ अक्षय.

---

(१) धैर्ययुक्त.
(२) आत्मामा लय.
(३) एकमा स्थिर न भयेको.
(४) शान्त मन भयेको.
(५) रजोगुणविरहित.
(६) ब्रह्म जस्तै भयेको.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यसो गर्नाले शान्तचित्त, रजोगुणले रहित, निष्पाप र ब्रह्मभूत[1] यस योगीलाई उत्तम सुख (अक्षय सुख) प्राप्त हुन्छ.

युञ्जन्नेवं सदाऽऽत्मानं योगी विगतकल्मषः;
सुखेन ब्रह्मसंस्पर्शमत्यन्तं सुखमश्नुते. (२८)

यस्तो आत्मलयाभ्यासी योगी निष्पाप बन्दछ;
सहजै ब्रह्म-संबन्धी अत्यन्तसुख भोग्दछ.

यस प्रकार सँग निरन्तर आफ्नू योगाभ्यास गर्ने कर्मयोगीले पापबाट छुटेर, ब्रह्म-संयोगले पाइने अत्यन्त-सुखको आनन्द अर्थात्—ब्रह्मानन्द उपभोग गर्दछ. (पाउँदछ)

योगीको आत्मौपम्य-बुद्धि-

सर्वभूतस्थमात्मानं सर्वभूतानि चाऽऽत्मनि;
ईक्षते योगयुक्तात्मा सर्वत्र समदर्शनः. (२९)

आफैं भित्र सबै प्राणी, आफैं प्राणीहरूमहाँ;
देख्दछन् योगले युक्त समदर्शी[2] जहाँ-तहाँ.

यसरी जस्को आत्मा 'योगयुक्त' भयेको छ, तेस्को दृष्टि समभावमा प्राप्त हुन्छ र तेस्लाई सर्वत्र यस्तो भान हुन लाग्दछ कि, 'म सब प्राणीमा छु और ई सब प्राणी ममा छन्.'

यो मां पश्यति सर्वत्र सर्वं च मयि पश्यति;
तस्याऽहं न प्रणश्यामि स च मे न प्रणश्यति. (३०)

---

(१) ब्रह्ममा रहेको. (२) समान देख्ने पुरुष.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सवैमा जो मलाई र ममा नै सव देख्दछ;
न छू म दूरमा तेस्को, मेरो त्यो न त दूर छ.

जस्ले परमेश्वर, परमात्मा, मलाई सव ठाउँमा र सवैलाई ममा रहेको देख्दछ, न त तेसबाट म कहिल्यै बिछोड हुन्छू; न त त्यो पुरुष मबाट बिछोड हुन सक्दछ.

सर्वभूतस्थितं यो मां भजत्येकत्वमास्थितः ;
सर्वथा वर्तमानोऽपि स योगी मयि वर्तते. (३१)

सर्वव्यापी[2] मलाई जो एकैत्व[3] लिइ भज्दछ;
जे गरोस् ता पनी मैमा त्यो योगी नित्य लीन छ.

जो एकत्वबुद्धि अर्थात्–सर्वभूतात्मैक्यबुद्धिलाई मनमा राखेर, सव प्राणीमा रहने म परमेश्वरलाई भज्दछ, त्यो कर्मयोगी जे जस्तो बर्ताव गरोस् त पनी ममा नै रहेको हुन्छ.

आत्मौपम्येन सर्वत्र समं पश्यति योऽर्जुन !
सुखं वा यदि वा दुःखं स योगी परमो मतः. (३२)

आफनै तुलना द्वारा सुख-दुःखादि लोकको;
समानै सवमा देख्ने, योगी हो उच्चकोटिको.

हे अर्जुन ! सुख होस् या दुःख, 'मलाई जस्तै अरुलाई पनी हुन्छ', जो यस्तो आत्मौपम्य दृष्टिले सर्वत्र देख्न लाग्दछ, तव त्यो कर्मयोगी सव भन्दा श्रेष्ठ भनेर मानिन्छ.

---

(१) टाढामा.
(२) सवलाई ढाकेर रहेको.
(३) एकाग्र.
(४) मुख्य दर्जाको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अभ्यास र वैराग्यले मन रोक्नुपर्छ-

अर्जुन उवाच-

योऽयं योगस्त्वया प्रोक्तः साम्येन मधुसूदन !
एतस्याऽहं न पश्यामि चंचलत्वात्स्थितिं स्थिराम्. (३३)

जो यस्तो समता-योग[1] आज्ञा भो मधुसूदन !
चित्त-चाञ्चल्यले तेस्को स्थिरता म त देख्दिन.

अर्जुनले बिन्ती गरे—हे मधुसूदन ! साम्यबुद्धिले प्राप्त हुने जो यो कर्मयोग, हजूरबाट आज्ञा भयो, त्यो मनको चंचलताले गर्दा स्थिर रहन सक्ला भने जस्तो म त ठहराउँदिन.

चंचलं हि मनः कृष्ण ! प्रमाथि बलवद्दृढम् ;
तस्याऽहं निग्रहं मन्ये वायोरिव सुदुष्करम्. (३४)

जबर्दस्त, बली[2], चित्त[3] साह्रै चञ्चल ठान्दछू;
बन्ध[4] यस्को हवाको झैं कृष्ण ! मुस्किल मान्दछू.

किन भने, हे कृष्ण ! यो मन चंचल, हठी, बलवान् र दृढ छ. हवाकै समान अर्थात्—हावाको कुम्लो बाँध्नू जस्तै यस्लाई रोक्नू म त अत्यन्त मुस्किल ठहराउँदछू.

---

(१) समबुद्धिले पाइने योग.
(२) बलीयो.
(३) मन.
(४) रोकावट.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भगवानुवाच-

असंशयं महाबाहो ! मनो दुर्निग्रहं चलम्;
अभ्यासेन तु कौन्तेय ! वैराग्येण च गृह्यते. (३५)

कसै नरोकी-सक्नूछ चञ्चले मन निश्चय;
वैराग्या-ऽभ्यासले[1] किन्[2]तु यो रोकिन्छ धनञ्जय !

भगवान्‌ले आज्ञा गर्नुभयो–हे महाबाहु, अर्जुन ! यस कुरामा सन्देह छैन कि, यो मन चंचल छ. और तेस्लाई निग्रह गर्नू (रोक्नू) कठिन छ, परन्तु, हे कौन्तेय ! अभ्यास र वैराग्यले त्यो वश गर्न सकिन्छ.

असंयतात्मना योगो दुष्प्राप इति मे मतिः;
वश्यात्मना तु यतता शक्योऽवाप्तुमुपायतः. (३६)

जस्ले यो मन रोक्दैन, तेस्को दु[3]र्लभ योग छ;
य[4]त्न गर्ने, व[5]शी, योगी यु[6]क्तिले लिन सक्दछ.

म त ठान्दछु कि, जस्को अन्तःकरण वशमा छैन, तेस्लाई यो साम्यबुद्धिरूप योग प्राप्त हुनू मुस्किलै छ, तर, अन्तःकरणलाई, कबजामा राखेर बराबर प्रयत्न गर्दै रहेमा पुरुषले उपाय द्वारा यो योग पाउन संभव छ.

---

(१) वैराग्य र प्रावित्रप्रझे.
(२) तर.
(३) पाउन मुस्किल.
(४) कोसिस.
(५) इन्द्रियनिग्रही.
(६) उपाय (युक्ति) ले.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

योगभ्रष्टको धेरै जन्ममा सिद्धि-

अर्जुन उवाच-

अयतिः श्रद्धयोपेतो योगाच्चलितमानसः;
अप्राप्य योगसंसिद्धिं कां गतिं कृष्ण ! गच्छति. (३७)

श्रद्धालु, अँधुरो[1] योगी योगबाट छुट्यो भने;
योग-सिद्धि विना कृष्ण ! तेस्ले के गति पाउने ?

अर्जुनले सोधे—हे कृष्ण ! श्रद्धा भने छ, परन्तु प्रकृति-स्वभावले पूरा मेहनत र रोकावट हुन न सक्नाले जस्को मन साम्यबुद्धिरूप कर्मयोगबाट चूक्क गयो, त्यो पुरुष योगसिद्धि न पाये पछी कुन गतिमा पुग्न जान्छ ? (तेस्को के गति हुन्छ ?)

कच्चिन्नोभयविभ्रष्टश्छिन्नाभ्रमिव नश्यति,
अप्रतिष्ठो महाबाहो ! विमूढो ब्रह्मणः पथि. (३८)

मोहले भूलँदा ब्रह्म-प्राप्ति-मार्ग छुटीकन;
मेघ[2] झैं उभय-भ्रष्ट[3] नाशिन्छ कि ? जनार्दन !

हे महाबाहु कृष्ण ! त्यो पुरुष मोहग्रस्त भयेर, ब्रह्मप्राप्तिको मार्गमा स्थिर रहन नसक्नाले दुवै तर्फबाट भ्रष्ट भई, छिन्न-भिन्न बादलको समान बीचमा नै नाश त हुन जाँदैन की ?

---

(१) पूर्ण हुन न पायेको. (३) ठुलोमा मिलनको इच्छाले आफ्नू स्थान छोडे पछी, न उसलाई भेटाउँछ, न पहिलो आफ्नू स्थान पाउँछ तेस्तो.
(२) बादल.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एतन्मे संशयं कृष्ण ! छेत्तुमर्हस्यशेषतः;
त्वदन्यः संशयस्याऽस्य छेत्ता न ह्युपपद्यते. (३९)

यो मेरो सव सन्देह हर्नुहोस् मधुसूदन !
विना हजूर यो शंका कस्ले सक्छ हटाउन ?

हे कृष्ण ! मेरो यस सन्देहलाई तपाईंले नै निर्मूल गरेर हटाई दिनु पर्दछ किन भने, तपाई बाहेक यो सन्देह मेटी दिने आर्को कोही पुरुष यो लोकमा पाइँदैन.

भगवानुवाच-

पार्थ ! नैवेह नाऽमुत्र विनाशस्तस्य विद्यते;
न हि कल्ल्याणकृन्कश्चिद्दुर्गतिं तात ! गच्छति. (४०)

दुव लोक विषे तेस्को छँदैछैन कुनै क्षंति[1];
शुभ[2] गर्ने कुन व्यक्ति[3] पार्थ ! पाउन्न दुर्गति[4].

भगवान्‌ले भन्नुभयो—हे पार्थ ! के यस लोकमा, के परलोकमा ? यस्ता पुरुषको कहिल्यै पनी विनाश छँदै-छैन किन भने, हे बाबु ! कल्ल्याण-कारक कर्म गर्ने कुनै पुरुषको पनी दुर्गति हुन सक्दैन.

प्राप्य पुण्यकृतां लोकानुषित्वा शाश्वतीःसमाः;
शुचीनां श्रीमतां गेहे योगभ्रष्टोऽभिजायते. (४१)

---

(१) नुक्सान-नाश.
(२) भलाई.
(३) पदार्थ (जन).
(४) अगति.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

[1] पुण्यात्माका लोकमा गै धेरै वर्ष रहन्छ र;
त्यो [2] योगभ्रष्ट जन्मन्छ पवित्र धनिका घर.

धर्मात्मा पुरुषहरुले पाउने स्वर्गादि लोक पाई, त्यहाँ धेरै वर्ष सम्म रहेर, फेरी त्यो कर्मयोगबाट भ्रष्ट भयेको पुरुष, पवित्र श्रीमान्‌हरुका घरमा जन्म लिन जान्छ.

अथवा योगिनामेव कुले भवति धीमताम्;
एतद्धि दुर्लभतरं लोके जन्म यदीदृशम्. (४२)

यद्वा सुयोग्य योगीका कुलमा हुन्छ [3] संभव;
यस्तो यो लोकमा जन्म पाउनू नै छ दुर्लभ.

अथवा बुद्धिमान् कर्मयोगीहरुकै कुलमा जन्म पाउँदछ. यस किसिमको जन्म, यस लोकमा पाउनू बडो दुर्लभ छ.

तत्र तं बुद्धिसंयोगं लभते पौर्वदेहिकम्;
यतते च ततो भूयः संसिद्धौ कुरुनन्दन ! (४३)

त्यहाँ अघिल्ला जुनिको [4] बुद्धि-संस्कार पाउँछ;
फेरी पनी त्यसैले त्यो सिद्धिमा चित्त लाउँछ.

हे कुरुनन्दन ! यस प्रकार सँग प्राप्त भयेका जन्ममा तेस्ले पूर्वजन्मको बुद्धिसंस्कार पाउँछ र त्यो उस भन्दा बढी योगसिद्धि पाउनाको प्रयत्न (मेहनत) पनी गर्दछ.

---

(१) धर्मात्माहरुका.
(२) योगबाट च्युत भयेको.
(३) जन्म.
(४) बुद्धिको वासना.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पूर्वाभ्यासेन तेनैव ह्रियते ह्यवशोऽपि सः ;
जिज्ञासुरपि योगस्य शब्दब्रह्माऽतिवर्तते. (४४)

त्यै पूर्वा-ऽभ्यासले[1] उस्मा[2] जबर्दस्ती लगिन्छ त्यो;
छ भने योग-जिज्ञासु[3] शब्दब्रह्म[4] सबै जित्यो.

आफ्नू पूर्वजन्मको अभ्यासले नै तेस्को इच्छा न रहेमा पनी, त्यो पूर्णसिद्धि तर्फ नै तानिन्छ. जस्लाई कर्मयोगको जान्न मात्र इच्छा रहोस, त्यो पनी शब्दब्रह्म (वेदका कर्महरु) भन्दा ज्यादै पर पुग्दछ.

प्रयत्नाद्यतमानस्तु योगी संशुद्धकिल्बिषः;
अनेकजन्मसंसिद्धस्ततो याति परां गतिम्. (४५)

यत्नका[5] साथ उद्योग गर्दै निष्पाप[6] भैकन;
भई क्यै-जन्मले सिद्ध[7] लिन्छ त्यो गति पावन[8].

यसरी कोसीस-साथ उद्योग गर्दा-गर्दै पापबाट शुद्ध भई, कर्मयोगी पुरुष धेरै जन्म पछी सिद्धि पायेर, आखीरमा उत्तम-गति अर्थात्—मोक्ष पाउँछ.

सब भन्दा कर्मयोगी श्रेष्ठ छ-

तपस्विभ्योऽधिको योगी ज्ञानिभ्योऽपि मतोऽधिकः;
कर्मिभ्यश्चाऽधिको योगी तस्माद्योगी भवाऽर्जुन ! (४६)

---

(१) पूर्व जन्मको अभ्यासले. (५) मेहनतका.
(२) पूर्णसिद्धिमा. (६) निर्मल.
(३) योग जान्न मात्र इच्छा भयेको. (७) योग-सिद्ध.
(४) वेदका सात्विकादिधर्म. (८) पवित्र-गति (मुक्ति).

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तपस्वी[1] र तथा ज्ञानी[2] कर्मी[3] भन्दा ठुलो भनी;
योगी[4] मानिन्छ, यै निंती बन योगी तिमी पनी.

हे अर्जुन ! तपस्वीहरु, ज्ञानीहरु र कर्मकाण्डीहरु भन्दा योगी नै श्रेष्ठ मानियेको छ. यस निमित्त तिमी योगी अर्थात्–कर्मयोगी नै बन (होऊ).

योगिनामपि सर्वेषां मद्गतेनाऽन्तरात्मना;
श्रद्धावान्भजते यो मां स मे युक्ततमो मतः. (४७)

योगीमा पनि त्यै योगी साँहै युक्त ठहर्दछ;
जो अन्तरात्मा मैमा दी श्रद्धाले भक्ति गर्दछ.

सब कर्मयोगीहरुमा पनी म उसैलाई सर्वोत्तम युक्त अर्थात्–उत्तम कर्मयोगी संझन्छू, जो ममा अन्तःकरण राखेर, श्रद्धापूर्वक मेरो नै भजन गर्दछ. (२८०)

इति श्रीमद्भगवद्गीतायां 'ध्यानयोगः'

षष्ठोऽध्यायः (६)

इति नेपाली कोमलगीता 'ध्यानयोग' षष्ठ (६)

(१) जंगलमा घूम्दै शरीरलाई क्लेश दिई हठयोग आदि गर्ने.
(२) सांख्ययोगानुसार संन्यास लिई केही कर्म न गर्ने.
(३) कर्मकाण्डानुसार फलको इच्छा लिई काम गर्ने.
(४) कर्मफलको इच्छा न राखी कर्म गर्ने.
(५) मित्री मन.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

❀ षष्ठाध्याय. ❀

समास.



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ॐ

श्रीमद्भगवद्गीता.

कोमलगीता.

ज्ञान-विज्ञान-योग (७)

ज्ञान-विज्ञान जान्नाको आवश्यक-

भगवानुवाच-

मय्यासक्तमनाः पार्थ ! योगं युञ्जन्मदाश्रयः ;
असंशयं समग्रं मां यथा ज्ञास्यसि तच्छृणु. (१)

मैमा [1]आसक्ति-आधार गर्दै, [2]योग लिईकन;
[3]मैलाई जसरी [4]पूर्ण जानौला त्यो सबै सुन.

भगवान्‌ले आज्ञा गर्नुभयो–हे पार्थ ! ममा चित्त लगायेर और मेरो नै आश्रय गरी, कर्मयोगको आचरण गर्दा तिमीलाई जुन प्रकारले या जुन विधिले मेरो सन्देह-रहित ज्ञान पूर्णतः हुन्छ, त्यो सब सुन.

ज्ञानं तेऽहं सविज्ञानमिदं वक्ष्याम्यशेषतः ;
यज्ज्ञात्वा नेह भूयोऽन्यज्ज्ञातव्यमवशिष्यते. (२)

---

(१) भक्ति.
(२) कर्मयोग.
(३) ईश्वरलाई.
(४) सन्देह-रहित ज्ञानपूर्ण स्वरूप.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तिमीलाई सविज्ञान-ज्ञान[1] भन्छु सबै सुन;
जुन जाने पछी जान्न बाँकी क्यै हुन्न अर्जुन !

विज्ञानले सहित यो पूर्ण ज्ञान, म तिमीलाई बताउँछु, जुन जानी-लिनाले यस लोकमा त्यो भन्दा बढी, जान्नाको निमित्त बाँकी रहेको अरु केही कुरा पनी हुँदैन.

मनुष्याणां सहस्रेषु कश्चिद्यतति सिद्धये;
यततामपि सिद्धानां कश्चिन्मां वेत्ति तत्वतः. (३)

हजारौं जनमा कोही सिद्धिको[2] यत्न[3] गर्दछ;
हजारौं सिद्धमा यौटा साँचै मकन जान्दछ.

हजारौं मनुष्यमा कोही एकात नै सिद्धि पाउँनामा यत्न गर्दछ, और यत्न गर्ने (लागी पर्ने) अनेक सिद्ध पुरुषका मध्यमा पनी एकातलाई नै मेरो सच्चा ज्ञान हुन्छ.

आत्माका दुई प्रकृतिबाट संसार-

भूमिरापोऽनलो वायुः खं मनो बुद्धिरेव च;
अहंकार इतीयं मे भिन्ना प्रकृतिरष्टधा. (४)

पृथ्वी, पानी, हवा, अग्नि, आकाश, मन, बुद्धि र;
अहन्ता[4], यो आठ थरी मेरो प्रकृति हो जड.

---

(१) व्यष्टि–समष्टिरूप ज्ञान. (भिन्नत्व र एकत्वको ज्ञान) (३) कोसीस.
(२) योग सिद्धिको. (४) अहङ्कार.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भक्तका श्रेणी ।



मनुष्याणां सहस्रेषु कश्चिद्यतति सिद्धये । अ. ॥७॥
यततामपि सिद्धानां कश्चिन्मां वेत्ति तत्त्वतः ॥३॥

हजारौं जनमा कोही सिद्धिको यत्न गर्दछः
हजारौं सिद्धमा यौटा सांचै मकन जान्दछ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पृथ्वी, जल, अग्नि, वायु, आकाश ई पाँच सूक्ष्मभूत र मन, बुद्धि, अहंकार ई तीन समेत जम्मा आठ किसिममा मेरो प्रकृति बाँडिएको छ.

अपरेयमितस्त्वन्यां प्रकृतिं विद्धि मे पराम्;
जीवभूतां महाबाहो ! ययेदं धार्यते जगत्. (५)

'अपरा'[१] यो प्रकृति हो, मेरी जीव[२]-स्वरूपिणी;
'परा'[३] प्रकृति अर्की छ, थाम्दछे जो जगत् पनी.

यो 'अपरा' अर्थात्-कमती दर्जाकी प्रकृति हो. हे महाबाहु, अर्जुन ! तिमी संझ कि, यो भन्दा बाहेक जगत्लाई धारण गर्ने, 'परा' अर्थात्-उच्चश्रेणीकी, जीवरूपिणी, मेरी अर्की प्रकृति पनी छ.

एतद्योनीनि भूतानि सर्वाणीत्युपधारय;
अहं कृत्स्नस्य जगतः प्रभवः प्रलयस्तथा. (६)

सारा प्राणी इनैबाट छन् उत्पन्न धनञ्जय !
[४]उत्पत्ति-प्रलय-स्थान याँवत्को[५] छु म अव्यय[६].

यो ख्याल राख कि, इनै दुई प्रकृतिबाट सब प्राणी उत्पन्न हुन्छन्. सारा जगत्को प्रभाव अर्थात्-मूल उत्पत्ति स्थान र प्रलय अर्थात्-अन्त्य पनी मै हूँ.

मत्तः परतरं नाऽन्यत्किञ्चिदस्ति धनञ्जय !
मयि सर्वमिदं प्रोतं सूत्रे मणिगणा इव. (७)

---

(१) जडस्वरूपिणी.
(२) प्राणस्वरूप लिने.
(३) ज्ञानस्वरूपिणी.
(४) जन्मस्थान र लयस्थान.
(५) सबैको.
(६) अविनाशी.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अरू केही छँदैछैन म भन्दा पर पाण्डव !
धागोमा मणि झैं मैमा उनियेकोछ यो सव.

हे धनञ्जय ! म भन्दा पर (श्रेष्ठ) अरु केही छैन. जस्तो एक धागोमा सारा मणि उनिन्छन्, तेस्तै यो सव चराचर जगत् म यौटामा नै गाँथियेको छ.

आत्माबाट हुने सात्विकादि भाव-

रसोऽहमप्सु कौन्तेय ! प्रभाऽस्मि शशिसूर्ययोः ;
प्रणवः सर्ववेदेषु शब्दः खे पौरुषं नृषु. (८)

रस हूँ जलमा, कान्ति चन्द्र-सूर्य-विषे म हूँ;
ॐ वेदमा, ख[1]मा शब्द, न[2]रमा पु[3]रुषार्थ हूँ.

हे कौन्तेय ! जलमा रस मै हूँ, चन्द्र-सूर्यको प्रभा मै हूँ, सव वेदमा प्रणव अर्थात्-ॐकार मै हूँ, आकाशमा शब्द मै हूँ, र सव पुरुषको पौरुषत्व (पौरख) पनी मै हूँ.

पुण्यो गन्धः पृथिव्यां च तेजश्चाऽस्मि विभावसौ;
जीवनं सर्वभूतेषु तपश्चाऽस्मि तपस्विषु. (९)

पुं[4]ण्य-गन्ध म पृथ्वीमा, अग्निमा तेज नै म हूँ;
प्राणीमा जीवनै मै हूँ, तपस्वीमा तपै म हूँ.

---

(१) आकाशमा. (३) पौरख.
(२) मानिसमा. (४) सुवासना.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पृथ्वीमा पुण्यगन्ध अर्थात् सुगन्ध मै हूँ, अग्निको तेज मै हूँ, सब प्राणीको जीवनशक्ति र तपस्वीको तप पनी मै हूँ.

बीजं मां सर्वभूतानां विद्धि पार्थ ! सनातनम्;
बुद्धिर्बुद्धिमतामस्मि तेजस्तेजस्विनामहम्. (१०)

संपूर्ण भूत[1]को जान मै सनातन बीज[2] हूँ;
बुद्धिमान्‌को म हूँ बुद्धि, तेजस्वीको म तेज हूँ.

हे पार्थ ! मलाई सब प्राणीको सनातन बीज संझ. बुद्धिमान्‌हरुको बुद्धि र तेजस्वीहरुको तेज पनी मलाई नै जान.

बलं बलवतामस्मि कामरागविवर्जितम्;
धर्माविरुद्धो भूतेषु कामोऽस्मि भरतर्षभ ! (११)

बलवान्‌को बलै मै छू काम-राग-विवर्जित[3];
धर्म-पूर्वकको काम[4] प्राणीको मै छु भारत !

कामवासना र राग अर्थात्—विषयासक्ति ई दुईलाई छोडेर, बलवान्‌हरुको बल पनी मै हूँ, हे भरतश्रेष्ठ ! प्राणीहरुमा धर्मको विरुद्ध न जाने कामदेव पनी मै हूँ.

ये चैव सात्विका भावा राजसास्तामसाश्च ये;
मत्त एवेति ताम्विद्धि न त्वहं तेषु ते मयि. (१२)

---

(१) प्राणीको.
(२) आविष्कारण.
(३) कामवासना र विषयप्रेमले रहित.
(४) कामदेव.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDP

मैबाट सब निस्कन्छन् सात्विकादि पदार्थ ती;
म तिन्मा कहिल्यै छैन, ममा छ तिनको स्थिति.

यो पनी संझ कि; जो कुछ सात्विक, राजस वा तामस-भाव अर्थात्-पदार्थहरु छन्, ती मबाटै भयेका हुन्; परन्तु, ती ममा छन्, म तिन्मा छैन.

आत्माकै शरणले मायाबाट छुट्कारा-

त्रिभिर्गुणमयैर्भावैरेभिः सर्वमिदं जगत्;
मोहितं नाऽभिजानाति मामेभ्यः परमव्ययम्. (१३)

त्रिगुणी भावले मोह परेको लोक अर्जुन !
बुझदैन गुणातीत मेरो अव्ययताकन.

सत्व, रज, तम ई त्रिगुणी-भाव (पदार्थ) ले मोहित भयेर, सारा लोक, ई भन्दा पर रहेको अर्थात्-निर्गुण म अव्यय (अविनाशी) परमेश्वरलाई जान्न सक्दैन.

दैवी ह्येषा गुणमयी मम माया दुरत्यया;
मामेव ये प्रपद्यन्ते मायामेतां तरन्ति ते. (१४)

दैवी गुणमयी मेरी यो माया छ दुरत्यय;
मेरै शरण जो पर्छन् माया तर्छन् ति निश्चय.

---

(१) सात्विक-राजस-तामस.
(२) बीज.
(३) रहन्.
(४) पदार्थले.
(५) दुनियाँ
(६) गुणभन्दा पर रहेको.
(७) अविनाशिनालाई.
(८) दिव्य.
(९) गुणस्वरूप.
(१०) दुर्लङ्घ्य.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मेरी यो गुणात्मक र दिव्य मायाबाट पार हुनलाई मुस्किल छ. यस कारण, यो मायालाई तिनै पुरुषले पार गरेर जान्छन्, जो मेरो नै शरणमा आउँदछन्.

न मां दुष्कृतिनो मूढाः प्रपद्यन्ते नराधमाः ;
माययाऽपहृतज्ञाना आसुरं भावमाश्रिताः. (१५)

मायाले ज्ञान नाशेका, पापी, मूर्ख, नराधम;
मेरो शरण पर्दैनन् भाव[२] ली दैत्यके-सम.

मायाले जस्को ज्ञान नाश गरी-दियेको छ, यस्ता मूढ र दुष्कर्मी नराधमहरु आसुरी (राक्षसी) बुद्धिको अवलम्बन गरेर मेरो शरणमा आउँदैनन्.

चार भक्तमा ज्ञानी श्रेष्ठ छ-

चतुर्विधा भजन्ते मां जनाः सुकृतिनोऽर्जुन !
आर्तो जिज्ञासुरर्थार्थी ज्ञानी च भरतर्षभ ! (१६)

रोगी, जिज्ञासु[३], अर्थार्थी[४], ज्ञानी हेपार्थ! जौन छन्;
ई चार थरि पुण्यात्मा मेरो भजन गर्दछन्.

हे भरतश्रेष्ठ, अर्जुन ! (१) रोगले पीडित, (२) ज्ञानप्राप्तिको इच्छा गर्ने, (३) द्रव्य आदि काम्यवासनालाई मनमा राख्ने, (४) परमेश्वरको ज्ञान पायेर फेरी केही प्राप्त गर्नु पर्ने छैन ता पनी निष्कामबुद्धिले भक्ति गर्ने ई ४ प्रकारका पुण्यवान्हरु मेरो भक्ति गरी रहन्छन्.

---

(१) मानिसमा अधम.
(२) अभिप्राय.
(३) ज्ञान चाहने.
(४) धन चाहने.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

तेषां ज्ञानी नित्ययुक्त एकभक्तिर्विशिष्यते;
प्रियो हि ज्ञानिनोऽत्यर्थमहं स च मम प्रियः. (१७)

अनन्यभक्त[1], युक्तात्मा[2], ज्ञानी तिन्मा विशिष्ट[3] छ;
तेस्को म हद्द प्यारो छू, मेरो त्यो प्रिय हद्द छ.

ई चारका मध्यमा अनन्यभाव (म बाहेक अरु केही चिन्तन न गर्नू) ले मेरो भक्ति गर्ने र निष्काम बुद्धिले रहने ज्ञानीको योग्यता विशेष छ. किन भने, ज्ञानीको म अत्यन्तै प्यारो छू, मेरो ज्ञानी पनी अत्यन्तै प्यारो छ.

उदाराः सर्व एवैते ज्ञानी त्वात्मैव मे मतम्;
आस्थितः स हि युक्तात्मा मामेवाऽनुत्तमां गतिम्. (१८)

भलै हुन् सव ई किन्तु ज्ञानी मेरै स्वरूप हो;
सर्वोच्च[4]-गति मैमा त्यो युक्तात्मा भै सदा रह्यो.

ई सवै भक्त उदार अर्थात्—असलै हुन्, परन्तु मेरो मत छ कि, इनमा ज्ञानी ता मेरो आत्मा नै हो: किनभने, सव भन्दा उत्तमोत्तम, गतिस्वरूप, मलाई नै तेस्ले ठहरायेको हुन्छ.

बहूनां जन्मनामन्ते ज्ञानवान्मां प्रपद्यते;
वासुदेवः सर्वमिति स महात्मा सुदुर्लभः. (१९)

धेरै जन्म पछी सारा वासुदेव[5]-स्वरूप छ;
जानी, पुग्छ ममा योगी, त्यो महात्मा[6] छ दुर्लभ.

---

(१) ईश्वर बाहेक अरु केही मनमा नसंझने.
(२) निष्कामभक्ति गर्ने.
(३) उच्चश्रेणीको,
(४) सव भन्दा उत्तम गतिस्वरूप.
(५) परमेश्वर-स्वरूप नै रहेछ.
(६) मन वश गरी आत्मा पहिचान्ने,

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अनेकौं जन्म भये पछी अनुभव हुनाले 'जो कुछ छ, त्यो सब वासुदेव (परमेश्वरको स्वरूप) हो' भन्ने जानी, ज्ञानवान्‌ले मलाई पहिचान्दछ, यस्तो महात्मा हुनू अत्यन्त दुर्लभ छ.

सब फल आत्मा नै दिन्छ -

कामैस्तैस्तैर्हृतज्ञानाः प्रपद्यन्तेऽन्यदेवताः ;
तं तं नियममास्थाय प्रकृत्या नियताःस्वया. (२०)

आफ्ना प्रकृतिले बद्ध[1], कामनाले हताशय[2];
मूर्ख, लाखौं नियम ली गर्छन् अन्य-सुराश्रय[3].

आफ्नू-आफ्नू प्रकृतिको नियमानुसार भिन्न-भिन्न स्वर्गादि फलका कामवासनाले पागल जस्ता भयेका मानिसहरू, अलग-अलग उपासनाका नियम पालन गर्दै, अरु-अरु देवताको सेवा गर्दछन्.

यो यो यां यां तनुं भक्तः श्रद्धयाऽर्चितुमिच्छति;
तस्य तस्याऽचलां श्रद्धां तामेव विदधाम्यहम्. (२१)

श्रद्धाले भक्त जो जस्तो मूर्ती[4] चाहन्छ पूजन;
तेस्को निश्चल[5] त्यै श्रद्धा पुऱ्याई-दिन्छु,अर्जुन!

जुन भक्त, जुन-जुनरूपको अर्थात्-मूर्तिको श्रद्धाले उपासना (पूजा) गर्न चाहन्छ, तेस्को त्यही श्रद्धालाई म स्थिर गराई-दिन्छु.

(१) बाँधियेका,
(२) फलेच्छारूप वासनाले.
(३) मग विग्रेका.
(४) अरु देवताको सेवा.
(५) स्वरूप.
(६) अटल.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स तया श्रद्धया युक्तस्तस्याऽऽराधनमीहते;
लभते च ततः कामान्मयैव विहितान्हि तान्. (२२)

त्यही श्रद्धा लिई जस्ले तेस्को पूजन गर्दछ;
त्यो तेसँबाट[1] मैले नै दियेका फल पाउँछ;

अनी त्यही श्रद्धाले युक्त भयेर, त्यो पुरुष उही मूर्तिको आराधना गर्न लाग्दछ र तेस्लाई मैले नै कल्पना गरियेका कामफल अर्थात्-इच्छामाफिक-का फल प्राप्त हुन्छन्.

अन्तवत्तु फलं तेषां तद्भवत्यल्पमेधसाम्;
देवान्देवयजो यान्ति मद्भक्ता यान्ति मामपि. (२३)

ती अल्पबुद्धिको[2] हुन्छ नाशिने त्यो फलादिक[3];
देवैमा देवका भक्त मिल्छन् मद्भक्त[4] मै सँग.

परन्तु, ई अल्पबुद्धिहरुले पाइने फलहरु नाशवान् छन् अर्थात्—मोक्ष-सरहका हुँदैनन्. किनभने, देवतालाई भज्नेहरु उनैकहाँ (स्वर्ग-लोकमा) जान्छन्, और मेरा भक्त मै-कहाँ (मोक्षमा) आई-पुग्छन्.

माया हटेमा आत्मस्वरूप जानिन्छ-

अव्यक्तं व्यक्तिमापन्नं मन्यन्ते मामबुद्धयः;
परं भावमजानन्तो ममाऽव्ययमनुत्तमम्. (२४)

---

(१) कागबाटे.

(२) फल चिताउने बुद्धि भयेकाको.

(३) मोक्षरूप फल.

(४) निष्काम कर्म गर्ने मेरो भक्त.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मेरो [1]अव्यक्त सर्वोच्च न जानी [2]भाव अव्यय;
मलाई [3]व्यक्त हो भन्ने ठान्छन् मन्द [4]दुराशय.

अल्पबुद्धि अर्थात्—मूर्खहरु मेरो श्रेष्ठ, उत्तमोत्तम र कहिल्यै न नाशिने भाव (रूप) लाई न जानेर, म अव्यक्तलाई व्यक्त भयेको भन्ने ठान्दछन्.

नाऽहं प्रकाशः सर्वस्य योगमायासमावृतः;
मूढोऽयं नाऽभिजानाति लोको मामजमव्ययम्. (२५)

ढाकिंदा [5]योगमायाले सबैले [6]दृश्य छैन म;
बुझ्दैन अज, [7]नित्यात्मा, ममा [8]दुर्बुद्धिको [9]गम.

म आफ्नू योगरूप मायाले ढाकियेर रहन्छ, अतः सबलाई झट्टै आफ्नू स्वरूपले देखिने हुन्न. 'म अज (न जन्मने) र अव्यय अर्थात्—कहिल्यै न नाशिने हूँ,' यस्तो मूर्खहरु जान्दैनन्.

वेदाऽहं समतीतानि वर्तमानानि चाऽर्जुन !
भविष्याणि च भूतानि मां तु वेद न कश्चन. (२६)

प्राणीहरु भयेका र भैरहेका, हुने पनी;
जान्दछु म, मलाई ता छैन जान्ने कुनै पनी.

---

(१) सितीमिती जान्न न सकिने.
(२) रूप.
(३) सहजै पाउन सकिने.
(४) निर्बुद्धा.
(५) योगशक्तिले.
(६) देखिने.
(७) न जन्मने.
(८) अविनाशी स्वरूप.
(९) कम बुद्धि भयेकाको.
(१०) विचार.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हे अर्जुन! भूत, वर्तमान, भविष्य (भई सकेको, भई रहेको, पछी हुने) सब प्राणीलाई म जान्दछु, परन्तु मलाई कोही पनी जान्दैन.

इच्छाद्वेषसमुत्थेन द्वन्द्वमोहेन भारत !
सर्वभूतानि संमोहं सर्गे यान्ति परन्तप ! (२७)

द्वन्द्वमोह [२]उठेकोछ [३]कामना- द्वेषले गरी ;
त्यसैले सृष्टिमा प्राणी रह्लिंदा-छन् सबै-थरी .

किनभने, हे शत्रुलाई ताप दिलाउने, भरतवंशी वीर ! इन्द्रियहरुका इच्छा र द्वेषबाट उब्जने, सुख-दुःख आदि द्वन्द्वका मोहले यस सृष्टिमा सारा प्राणीहरु, भ्रममा फसेका छन्.

येषां त्वन्तगतं पापं जनानां पुण्यकर्मणाम् :
ते द्वन्द्वमोहनिर्मुक्ता भजन्ते मां दृढव्रताः. (२८)

नाशियो जुन [४]धर्मात्मा जनको [५]पाप-संहति ;
द्वन्द्वमोह छुटेका ती ममा हुन्छन् [६]दृढव्रती.

परन्तु, जुन पुण्यात्माहरुका पापको नाश भयेको छ, तिनी सुख-दुःख आदि द्वन्द्वका मोहबाट छुटेर, दृढ भई मेरो भक्ति गर्दछन्.

ब्रह्म जान्नाले अन्त्यमा ज्ञान-सिद्धि-

जरामरणमोक्षाय मामाश्रित्य यतन्ति ये,
ते ब्रह्म तद्विदुः कृत्स्नमध्यात्मं कर्म चाऽखिलम्. (२९)

---

(१) कामाकामको भ्रम.
(२) उत्पन्न भयेको छ.
(३) कामक्रोधले.
(४) शुभकर्म गर्ने.
(५) पापको समुदाय.
(६) दृढव्रत गर्नेहरु.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जो [1]जरा-मृत्यु-नासार्थ [2]मद्व्रती [3]यत्न गर्दछन् ;
तिन्ले त्यो 'ब्रह्म' वा 'कर्म' 'अध्यात्म'सब जान्दछन्.

यस प्रकार सँग, जो मेरो आश्रय गरेर, जरामरण अर्थात्—पुनर्जन्मको चक्करबाट छुट्नाको प्रयत्न गर्दछन्, तिन्ले त्यो 'ब्रह्म' 'अध्यात्म' र 'कर्म' पनी जान्दछन्.

साधिभूताधिदैवं मां साधियज्ञं च ये बिदुः ;
प्रयाणकालेऽपि च मां ते विदुर्युक्तचेतसः. (३०)

मै 'साधिभूत,' मै 'साधि-यज्ञ;' मै 'साधिदैवत;'
जान्ने [4]सुयोगी संझन्छन् मलाई [5]अन्त्यमा [6]स्वतः·

अनी 'अधिभूत,' 'अधिदैव' र 'अधियज्ञ' ले सहित मलाई जो जान्दछन्, ती युक्तचित्त योगीले मरण कालमा पनी मलाई नै संझन्छन्. (३१०)

इति श्रीमगद्भवद्गीताया 'ज्ञानविज्ञान-योगः'

सप्तमोऽध्यायः (७)

इति कोमलगीता 'ज्ञानविज्ञान-योग'

सप्तम (७)

(१) बुढ्याईं र मृत्युको नाश निंती.
(२) मेरो भक्तिलिमेहरु.
(६) कोसिस.
(४) परमात्मामा दृढ-चित्त भै सकेकाहरु.
(५) मर्ने वेलामा.
(६) आपसे आप.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सप्तमाध्याय.

समाप्त.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ॐकार-स्मरणको फल ।

ओमित्येकाक्षरं ब्रह्म व्याहरन्मामनुस्मरन् । अ. ॥८॥
यः प्रयाति त्यजन्देहं स याति परमां गतिम् ॥१३॥

ॐ यो एकाक्षरी ब्रह्म जप्दै संझेर मैकन:
जो देह छोड्छ, त्यो पुग्छ कैवल्यगति अर्जुन !

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ॐ

श्रीमद्भगवद्गीता.

कोमलगीता.

अक्षरब्रह्मयोग (८)

'ब्रह्म' आदि प्रश्नको उत्तर-

अर्जुन उवाच-

किं तद्ब्रह्म किमध्यात्मं किं कर्म पुरुषोत्तम !
अधिभूतं च किं प्रोक्तमधिदैवं किमुच्यते. (१)

कुन हो 'ब्रह्म ?' 'अध्यात्म' कुन हो ? 'कर्म' हो कुन ?
'अधिभूत' अनी तेस्तै 'अधिदैव' पनी कुन ?

अर्जुनले सोधे—हे पुरुषोत्तम ! त्यो ब्रह्म भनेको के हो ? अध्यात्म के हो ? कर्मको माने के हो ? अधिभूत केलाई भन्नुपर्दछ ? और अधिदैवत कस्लाई भन्दछन्. ?

अधियज्ञः कथं कोऽत्र देहेऽस्मिन्मधुसूदन !
प्रयाणकाले च कथं ज्ञेयोऽसि नियतात्मभिः. (२)

'अधियज्ञ' छ को ? कृष्ण ! देहमा बस्छ के गरी ?
अन्त्यमा चित्त रोक्केले जानिने प्रभु के गरी ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हे मधुसूदन ! अधियज्ञ कस्तो छ ? यस देहमा रहने अधिदेह कुन हो? अन्त्यकालमा इन्द्रिय-निग्रह गर्ने पुरुषहरुले तपाईंलाई कसरी पहिचान गर्दछन् ?

भगवानुवाच-

अक्षरं ब्रह्म परमं स्वभावोऽध्यात्ममुच्यते:
भूतभावोद्भवकरो विसर्गः कर्मसंज्ञितः. (३)

अक्षय्य[1] तत्व नै 'ब्रह्म' हो, 'अध्यात्म'[2] स्वभाव हो;
भूत-प्रपञ्च-विस्तारी[3] विसर्गै[4] मुख्य 'कर्म' हो.

भगवान्‌ले भन्नुभयो—सव भन्दा श्रेष्ठ, अक्षर अर्थात्–कहिल्यै न नाशिने तत्व 'ब्रह्म' हो; प्रत्येक वस्तुको मूलभाव (स्वभाव) 'अध्यात्म' भनिन्छ, अक्षर ब्रह्मबाट भूत-मात्रा आदि चराचर पदार्थलाई उत्पत्ति गर्ने, सृष्टि-व्यापारलाई 'कर्म' भनेर बताउँछन्.

अधिभूतं क्षरो भावो पुरुषश्चाऽधिदैवतम् ;
अधियज्ञोऽहमेवाऽत्र देहे देहभृतां वर. (४)

'अधिभूत' विनाशी[5] हो 'अधिदैवत' पूरुष[6];
'अधियज्ञ'[7] पनी मै हूँ[8] यो देह-बिच भारत !

उत्पन्न भयेका सव प्राणीको नाम-रूपात्मक, नाशवान्, स्थिति 'अधिभूत' हो. और यस पदार्थमा जो पुरुष अर्थात्–सचेनत अधिष्ठाता छ,

---

(१) अविनाशी.
(२) मूलप्रकृति.
(३) चराचर फैलाउने.
(४) सृष्टिव्यापार.
(५) नाश हुने जति.
(६) प्राणपुरुष.
(७) यज्ञको स्वामी.
(८) अधिदेह छु.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यही 'अधिदैवत' हो. जस्लाई 'अधियज्ञ' अर्थात्–सब यज्ञको अधिपति भन्दछन्, त्यो मै हूँ. हे देहधारीमा श्रेष्ठ, अर्जुन ! यस देहमा रहने अधिदेह पनी मै हूँ.

अन्त्यकालमा जे संझ्यो उही हुन्छ-

अन्तकाले च मामेव स्मरन्मुक्त्वा कलेवरम्,
यः प्रयाति स मद्भावं याति नाऽस्त्यत्र संशयः. (५)

जस्ले संझेर मैलाई अन्त्यमा[1] देह छोड्दछ;
सन्देह छैन, त्यो मैमा मुक्त[2] भै मिल्न आउँछ.

अन्त्यकालमा अर्थात्–मरणकालमा जस्ले मेरो स्मरण गर्दै, देह त्याग्दछ, त्यो पुरुष मेरै स्वरूपमा नै आयेर मिल्दछ. यसमा सन्देह छैन.

यं यं वाऽपि स्मरन्भावं त्यजत्यन्ते कलेवरम्;
तं तमेवैति कौन्तेय ! सदा तद्भावभावितः. (६)

प्राणी जो भाव[3] संझेर अन्त्यमा देह छोड्दछ;
त्यै भाववश[4] भै फेरी त्यैत्यैमा मिल्न पुग्दछ.

अथवा, हे कौन्तेय ! सधैं अर्थात्–जन्मभर तेसैमा रँगियेको हुँदा मनुष्य जुन भावको (पदार्थको) स्मरण गर्दै, अन्त्यकालमा शरीर त्याग्दछ, त्यो त्यही भावमा मिल्न जान्छ.

---

(१) मरण-समयमा.
(२) जन्ममरणबाट छुटेको
(३) पदार्थ (चीज).
(४) अभिप्रायको अधीन,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तस्मात्सर्वेषु कालेषु मामनुस्मर युद्ध्य च;
मय्यर्पितमनोबुद्धिर्मामेवैष्यस्यसंशयम्. (७)

तसर्थ संझी मैलाई सदा, युद्ध पनी गर;
मन-बुद्धि ममा अर्पे[1] मैमा मिल्छौ सरासर.

यस निमित्त, सर्वदा मलाई नै संझदै रहू र युद्ध पनी गर. ममा मन र बुद्धि अर्पण गर्नाले युद्ध गरे पनी तिमी अवश्यमेव ममा नै आयेर मिल्नेछौ.

अभ्यासयोगयुक्तेन चेतसाऽनन्यगामिना;
परमं पुरुषं दिव्यं याति पार्थाऽनुचिन्तयन्. (८)

अभ्यास-युक्त, एकाग्र, चित्तले दिव्य-पूरुष;
संझदा-संझदै पुग्छ उसैमा भक्त पूरुष.

हे पार्थ ! चित्तलाई अर्का तर्फ जान न दियेर, अभ्यासको सहायताले उस्लाई स्थिर गर्दै, दिव्य परम-पुरुषको ध्यान गरी-रहनाले मानिस, उही दिव्य परमात्म-पुरुषमा गयेर मिल्दछ.

ॐकाररूप ब्रह्मको स्मरण-

कविं पुराणमनुशासितार-
मणोरणीयांसमनुस्मरेद्यः;
सर्वस्य धातारमचिन्त्यरूप-
मादित्यवर्णं तमसः परस्तात्. (९)

(१) अर्पण गरे.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कवि[1], स्वयं शाशक[2], हद्द सानू,
अचिन्त्य[3], धाता[4], सबको पुरानू;
परै रहेको तम[5]देखि खास,
श्रीसूर्य झैं पूर्णतर[6]-प्रकाश.

सर्वज्ञ, पुरातन, शिक्षक, परमाणु भन्दा पनी सानु, सबको पालक, या आधार अथवा कर्ता, अचिन्त्यरूप र अज्ञानरूपी अन्धकारदेखी पर रहेको, सूर्यसमान देदीप्यमान, (यस्तो परब्रह्म छ)

प्रयाणकाले मनसाऽचलेन
भक्त्या युक्तो योगबलेन चैव;
भ्रुवोर्मध्ये प्राणमावेश्य सम्यक्
स तं परं पुरुषमुपैति दिव्यम्. (१०)

जो भक्त यस्तो विभु[7]लाइ अन्त्यमा
लगाउँदै निश्चलचित्त योगमा;
भ्रू[8]-मध्यमा प्राण पुऱ्याइ संझला
त्यो, दिव्य त्यै ब्रह्म अवश्य पाउला.

जुन मनुष्य, अन्त्यकालमा इन्द्रिय-निग्रहरूप योगको सामर्थ्यले युक्त भेयर, मनलाई स्थिर गरी, दुवै आँखीभौंको बीचमा प्राणलाई ठीक किसीम्सँग राखेर, त्यही पुरुष (ब्रह्म) लाई स्मरण गर्दछ, त्यो मानिस त्यही दिव्य, परमपुरुषमा मिल्दछ.

(१) सब ज्ञानले युक्त.
(२) शिक्षा गर्ने.
(३) मनले पनी चिन्तन गर्न न सकिने.
(४) कर्ता र पालक.
(५) अज्ञानबाट.
(६) पूर्ण प्रकाश भेयको.
(७) व्यापक परमात्मालाई.
(८) दुई आँखीभौंको माझमा.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यदक्षरं वेदविदो वदन्ति
विशन्ति यद्यतयो वीतरागाः;
यदिच्छन्तो ब्रह्मचर्यं चरन्ति
तत्ते पदं संग्रहेण प्रवक्ष्ये. (११)

वेदंज्ञले[1] अक्षर[2] जो भनिन्छ
जस्मा विरागी मुनिले पुगिन्छ;
जो चाहँदा गर्दछन् ब्रह्मचर्य
भन्छू केही पंद[3] त्यै वीरवर्य !

वेद जान्नेहरु जस्लाई अक्षर (न नाशिने) भन्दछन्, वैराग्य युक्त यति (मुनि) हरु जस्मा प्रवेश गर्दछन् र जस्मा पुग्नाको इच्छाले ब्रह्मचर्य व्रतको आचरण गर्दछन्, त्यो पद अर्थात्–ॐकारब्रह्म तिमीलाई संक्षेपले वर्णन गर्दछु.

सर्वद्वाराणि संयम्य मनो हृदि निरुध्य च;
मूर्ध्न्याधायाऽऽत्मनः प्राणमास्थितो योगधारणाम्. (१२)

सबै द्वार[4] गरी बन्द, रोकी हृदयमा मन;
प्राण[5] मस्तकमा[6] राखी, योगको गरि धारण.

ॐ इत्येकाक्षरं ब्रह्म व्याहरन्मामनुस्मरन्;
यः प्रयाति त्यजन्देहं स याति परमां गतिम्. (१३)

---

(१) वेद जान्नेहरुले.
(२) सदा एक स्वरूपले रहने.
(३) ॐकार ब्रह्मपद.
(४) शरीरका नौ छिद्र.
(५) भित्री बाहिरी श्वास.
(६) ब्रह्मरन्ध्रमा.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ॐ यो एकाक्षरी ब्रह्म जप्दै, संझेर मैकन;
जो देह छोड्छ, त्यो पुग्छ कैवल्य-गति अर्जुन !

सब इन्द्रियरूपी द्वारहरुलाई बन्द गरी, मनलाई हृदयमा रोकेर, मस्तकमा प्राण लगी समाधि योगमा रहेर अनी ॐकारको जप र मेरो स्मरण गर्दै जो मनुष्य देह छोडेर जान्छ, तेस्लाई उत्तम-गति (तेही ब्रह्ममा मिलनूरूप मुक्ति) मिल्दछ.

ब्रह्माका लोक तक अनित्य गति-

अनन्यचेताः सततं यो मां स्मरति नित्यशः ;
तस्याऽहं सुलभः पार्थ ! नित्ययुक्तस्य योगिनः. (१४)

एकाग्र भइ जो मेरो सधैं गर्दछ चिन्तन;
त्यो[1] नित्य[2]-युक्त, योगीको सुलभै[3] छू म, अर्जुन !

हे पार्थ ! अनन्य-भावले जो सदा-सर्वदा मेरो नित्य स्मरण गर्दछ; तेस नित्य-युक्त कर्मयोगीलाई ममा पुग्नू सहजै हुन सक्दछ.

मामुपेत्य पुनर्जन्म दुःखालयमशाश्वतम् ;
नाऽऽप्नुवन्ति महात्मानः संसिद्धिं परमां गताः· (१५)

ममा पुगी ठुलो सिद्धि पायेका जुन धीरैं[4] छन्;
अनित्य, दुःखको स्थान, पुनर्जन्म ति छोड्दछन्.

---

(१) मोक्षपदमा.　　(३) सहजै पाइन सकिने.
(२) अविनाशी तत्वमा मन दृढ गरी कर्म गर्ने.　　(४) ज्ञानीहरू.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ममा मिले पछी परम-सिद्धि पायेका महात्माहरु पुनर्जन्म पाउँदैनन्,
जो दुःखहरुको मुख्य घर र अनित्य पनी छ.

आब्रह्मभुवनाल्लोकाः पुनरावर्तिनोऽर्जुन !
मामुपेत्य तु कौन्तेय ! पुनर्जन्म न विद्यते. (१६)

छन् ब्रह्मलोक-पर्यन्त फर्कनै-परने सब ;
ममा पुगे पछी हुन्छ पुनर्जन्म असंभव.

हे अर्जुन ! ब्रह्मलोक लगायत स्वर्गलोक आदि जती लोक छन्, त्यहाँ-बाट कहिले न कहिले यस लोकमा फर्कैर आउँनु-पर्दछ, परन्तु, हे कौन्तेय ! ममा मिल्न गयेमा पुनर्जन्म हुँदै-हुँदैन.

ब्रह्माका दिनमा सृष्टि, रातमा लय-

सहस्रयुगपर्यन्तमहर्यद्ब्रह्मणो विदुः;
रात्रिं युगसहस्रान्तां तेऽहोरात्रविदो जनाः. (१७)

हाम्रा हजार युगका ब्रह्माका दिन[2]-रात छन् ;
भन्नी जो जान्दछन् विद्वान् ती अहोरात्र[1] जान्दछन्.

अहोरात्रलाई तत्वपूर्वक जान्नेहरु भन्दछन् कि, सत्य, त्रेता, द्वापर, कलि ई ४ युगको एक महायुग हुन्छ. यस्तै हजार महायुगको काल ब्रह्माजीको एक दिन र यत्तिकै कालले उन्को एक रात्री पनी हुन्छ.

---

(१) एक अहोरात्रं. (२) दिन र रात.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अव्यक्ताद्व्यक्तय: सर्वा: प्रभवन्त्यहरागमे;
रात्र्यागमे प्रलीयन्ते तत्रैवाऽव्यक्तसंज्ञके. (१८)

अव्यक्तबाट ई व्यक्ति दिनमा जन्म पाउँछन्;
तेही अव्यक्तमा फेरी रातमा ती बिलाउँछन्.

ब्रह्माजीका दिनको आरंभमा अव्यक्तबाट (प्रकृतिबाट) सब व्यक्त पदार्थ निर्मित (सृष्टि) हुन्छन् र रात्री भयेमा त्यही पूर्वोक्त अव्यक्तमा लीन (प्रलय) हुन्छन्.

भूतग्राम: स एवाऽयं भूत्वा भूत्वा प्रलीयते;
रात्र्यागमेऽवश: पार्थ! प्रभवत्यहरागमे. (१९)

प्राणि-प्रपंच यो तेही निस्की-निस्की सगौरव;
नाशिन्छ राति लाचार, देखिन्छ दिनमा सब.

हे पार्थ! भूत (प्राणी) को यही समुदाय यसरी बारंबार उत्पन्न हुँदै रहन्छ, अर्थात्—इच्छा होस् या न होस्, रात हुना-साथ लीन (प्रलय) हुन्छ र दिन हुना-साथ फेरी जन्म (सृष्टि) हुन्छ.

भक्तिले अव्यक्त तत्वको ज्ञान-

परस्तस्मात्तु भावोऽन्योऽव्यक्तोऽव्यक्तात्सनातन:;
य: स सर्वेषु भूतेषु नश्यत्सु न विनश्यति. (२०)

---

(१) जान्न न सकिने प्रकृतिबाट.
(२) देखिने चीज जाति.
(३) ब्रह्माको दिनमा.
(४) ब्रह्माको रातमा.
(५) लीन हुन्छन्.
(६) प्राणीको सृष्टि.
(७) प्रकृतिको वश.
(८) प्रकट हुन्छ.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अव्यक्त भन्दा पर जो [1]पदार्थ छ सनातन;
त्यो नाशिन्न, सबै प्रणी नाशिंदा पनि अर्जुन !

परन्तु, यो माथी बताइयेको अव्यक्त भन्दा पर रहेको, आर्को सनातन 'अव्यक्त' पदार्थ छ, जो कि, सारा चराचर नै नाशियेमा पनी नष्ट हुँदैन.

अव्यक्तोऽक्षर इत्युक्तस्तमाहुः परमां गतिम्;
यं प्राप्य न निवर्तन्ते तद्धाम परमं मम. (२१)

अव्यक्त जो [2]अक्षर हो, जो परंगति-नाम हो;
जहाँ पुगी फर्कंदैनन् त्यो मेरो उच्च [3]धाम हो.

जुन अव्यक्तलाई 'अक्षर' पनी भन्दछन्, जो परम-गति पनी कहिन्छ र जस्लाई प्राप्त गरे पछी जन्म लिनलाई फेरी फर्केर आउनु-पर्दैन, त्यही मेरो परम स्थान हो.

पुरुषः स परः पार्थ ! भक्त्या लभ्यस्त्वनन्यया;
यस्याऽन्तःस्थानि भूतानि येन सर्वमिदं ततम्." (२२)

त्यो [4]परात्मा त एकाग्र भक्तिले मात्र मिल्दछ;
जो-भित्र सारा प्राणी छन् जस्ले यो सव व्याप्त छ.

हे पार्थ ! जो भित्र सारा भूतहरु छन्, जस्ले यो सारालाई फैलायेको या व्याप्त गरी राखेकोछ, त्यो पर-पुरुष (परब्रह्म) अनन्य-भक्ति अर्थात् एकाग्रभक्तिले मात्र पाउँन सकिन्छ.

(१) प्रकृति भन्दा पर रहेको अविनाशी परमात्मा. (३) स्थान.
(२) कहिल्यै न नाशिने. (४) सब भन्दा पर रहेको ब्रह्म.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शुक्ल र कृष्ण मार्ग-

यत्र काले त्वनावृत्तिमावृत्तिं चैव योगिनः;
प्रयाता यान्ति तं कालं वक्ष्यामि भरतर्षभ. (२३)

त्यो काल भन्छू अहीले जस्मा योगीहरू मरी;
यहाँ जन्मन आउँन्नन् अथवा आउँछन् झरी.

हे भरतश्रेष्ठ ! अब म तिमीलाई त्यो काल बताउँछु कि, जुन कालमा कर्मयोगीहरु मरे भने, यस लोकमा जन्म लिन फर्केर आउँदैनन् र जुन कालमा मरण हुँदा जन्म लिन फर्केर आउँदछन्.

अग्निर्ज्योतिरहः शुक्लः षण्मासा उत्तरायणम्;
तत्र प्रयाता गच्छन्ति ब्रह्म ब्रह्मविदो जनाः (२४)

आगो, ज्वाला[1], शुक्ल[2], दिन, छ-मैन्हा, उत्तरायण[3];
इन्मा गयेका ब्रह्मज्ञ[4] पुग्छन् ब्रह्म, सनातन[5].

अग्नि, ज्योति अर्थात्–ज्वाला, दिन, शुक्ल-पक्ष र उत्तरायणका छ-महिनामा गयेका (मरेका) ब्रह्मवेत्ताहरु ब्रह्ममा पुग्दछन् र फर्केर आउँदैनन्.

धूमो रात्रिस्तथा कृष्णः षण्मासा दक्षिणायनम्;
तत्र चान्द्रमसं ज्योतिर्योगी प्राप्य निवर्तते. (२५)

धूवाँ, रात्री, कृष्ण-पक्ष, छ-मैन्हा, दक्षिणायन[6];
इन्मा गई चन्द्र-लोक पुगी आउँछ जन्मन.

---

(१) प्रकाश.
(२) शुक्लपक्ष.
(३) माघ आदि छ महिना:
(४) ब्रह्मज्ञानी.
(५) अविनाशी.
(६) श्रावण आदि छ महिना.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

धूमियेको आगो, रात्री, कृष्णपक्ष, र दक्षिणायनका छ-महिनामा गयेको (मरेको) कर्मयोगी चन्द्रका तेजमा अर्थात्-लोकमा पुगेर पुण्यको अंश सकिये पछी फर्केर यहाँ जन्म लिन आउँदछ.

शुक्लकृष्णे गती ह्येते जगतः शाश्वते मते;
एकया यात्यनावृत्तिमन्ययाऽऽवर्तते पुनः (२६)

शुक्ल,[1] कृष्ण[2] दुवै मार्ग जगत्का छन् सनातन;[3]
यौटा फर्कन पर्दैन, आर्कोले पर्छ फर्कन.

यस प्रकारले जगत्का शुक्ल र कृष्ण अर्थात्–प्रकाशमय र अन्धकारमय दुई नित्यगति या स्थिर मार्ग छन्. एक बाटोबाट जानाले फर्कनु-पर्दैन, आर्को बाटोबाट जानाले फर्कनु-पर्दछ.

दुई मार्गको तत्व जानी कर्म गर्नू.

नैते सृती पार्थ ! जानन् योगी मुह्यति कश्चन;
तस्मात्सर्वेषु कालेषु योगयुक्तो भवाऽर्जुन ! (२७)

ई दुई गति जानेको योगी फस्दैन मोहमा;
तस्मात् तिमी पनी योगी होऊ लौ सब कालमा.

हे पार्थ ! इनै दुई मार्गलाई तत्वपूर्वक जान्ने कुनै पनी कर्मयोगी मोहमा फस्दैन, अत एव, हे अर्जुन ! तिमी सदा-सर्वदा कर्मयोग-युक्त होऊ.

---

(१) देवयान वा अर्चिरादि मार्ग–यसमा मरेको देह अग्निमा जलाउनाले अग्निदेवबाट नै ती पूर्वोक्त नाम भयेका मार्गको सुरु हुन्छ र योगी फेरी जन्म लिन आउँदैन.
(२) पितृयाण वा धूम्र आदि मार्ग--यसमा मरेकाको देह पूर्वोक्त नाम हुँदै चन्द्रलोक तक पुगेर पुण्य सिद्धिये पछी तेसले फर्केर जन्म लिन आउँनु पर्दछ.
(३) न भई न छोड्ने.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वेदेषु यज्ञेषु तपस्सु चैव
दानेषु यत्पुण्यफलं प्रदिष्टम्;
अत्येति तत्सर्वमिदं विदित्वा
योगी परं स्थानमुपैति चाऽऽद्यम्. (२८)

जाने पछी यो[1], तप-यज्ञ-दान-
वेदादिमा जो छ फल-प्रधान[2];
सोझै गरी लंघन त्यो तमाम,
बूह्मज्ञले[3] पाउँछ आदि-धाम[4].

यो कहियेको तत्वलाई जानी-लिनाले वेद, यज्ञ, तपस्या र दानहरूमा जो पुण्य-फल बयान गरियेको छ, कर्मयोगीले ती सबलाई नाघेर ती भन्दा परको आद्य-स्थान (मुक्ति) लाई प्राप्त गर्दछ. (३३८)

इति श्रीमद्भगवद्गीतायाः 'अक्षरब्रह्मयोगः'

अष्टमोऽध्यायः (८)

इति कोमलगीता 'अक्षरब्रह्मयोग'

अष्टम (८)

---

(१) पहिले कहियेको तत्व.
(२) मुख्य फल.
(३) बूह्मवेत्ता कर्मयोगीले.
(४) पहिला स्थान (मुक्ति.)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

❀ अष्टमाध्याय ❀

समाप्त.



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भगवान्‌को शरणले सबको उद्धार



मेरो आश्रय गर्नाले पापयोनि अनेकन; स्त्री, वैश्य, शूद्र संपूर्ण पाउँछन् गति अर्जुन !
धर्मात्मा विप्र, राजर्षि भक्तको के कुरा छ र ! दुःखी अनित्य चोलामा मेरो सेवा सधैं गर ।

गीताप्रेस

(गीता ९ । ३२-३३)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ॐ

श्रीमद्भगवद्गीता.

कोमलगीता.

राजविद्या-राजगुह्ययोग. (९)

ज्ञान-विज्ञान-भक्ति-मार्ग राजमार्ग हो-

भगवानुवाच-

इदं तु ते गुह्यतमं प्रवक्ष्याम्यनसूयवे;
ज्ञानं विज्ञानसहितं यज्ज्ञात्वा मोक्ष्यसेऽशुभात्. (१)

विज्ञान-युक्त यो ज्ञान भन्छु जो अतिगुह्य[1] छ;
दोषदर्शी[2] न भै जान, यस्ले पाप छुटाउँछ.

भगवान्‌ले भन्नु-भयो—अब तिमी दोषदर्शी भयेका छैनौ, यस निमित्त गुप्त भन्दा पनी गुप्त, विज्ञानले सहित, ज्ञान तिमीलाई बताउँछु, जो जान्नाले पाप (मोह) बाट मुक्त हुनेछौ.

राजविद्या राजगुह्यं पवित्रमिदमुत्तमम्;
प्रत्यक्षावगमं धर्म्यं सुसुखं कर्तुमव्ययम्. (२)

---

(१) ज्यादा नै रहस्य. (२) दोषदृष्टिले न हेर्न.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

[1]विद्या र गुह्यको राजा यो श्रेष्ठ र पवित्र छ;
[2]प्रत्यक्ष [3]सुख-बोधादि दिने अक्षय्य धर्म छ.

यो ज्ञान, संपूर्ण गुह्यहरुमा राजा (श्रेष्ठ) छ, यो राजविद्या अर्थात्— सब विद्यामा श्रेष्ठ, पवित्र र प्रत्यक्ष बोध गराउने यस्तो छ, यस्को आचरण सुखकारक, कहिल्यै न नाशिने र धर्मयुक्त छ.

अश्रद्दधानाः पुरुषा धर्मस्याऽस्य परन्तप !
अप्राप्य मां निवर्तन्ते मृत्युसंसारवर्त्मनि. (३)

हे पार्थ ! जसले श्रद्धा राख्दैनन् यस धर्ममा;
ममा ती न पुगी झर्छन् [4]मृत्यु-संसार-मार्गमा.

हे परन्तप ! यस्मा श्रद्धा न राख्ने पुरुषहरुले मलाई पाउँन सक्दैनन्, तिनीहरु मर्नुपर्ने यस संसारका मार्गमा फर्कर आउँदछन् अर्थात्—तिनीलाई मोक्ष मिल्दैन.

आत्माको योग-सामर्थ्य-

मया ततमिदं सर्वं जगदव्यक्तमूर्तिना;
मत्स्थानि सर्वभूतानि न चाऽहं तेष्ववस्थितः. (४)

अव्यक्तरूपी मैले नै यो जगत् [5]परिपूर्ण छ;
ममा छन् ई सबै प्राणी, म तिन्मा छैन [6]संस्थित.

(१) जान्न लायेक कुरा.
(२) तत्कालैमा.
(३) सुख र ज्ञान.
(४) मृत्यु हुने यो संसारी मार्गमा.
(५) ढाकियेको.
(६) रहेको.

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF
Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मैले आफ्नू अव्यक्तस्वरूपले यो समग्र जगत्लाई व्याप्त गरेको छु. ममा सव प्राणीहरु छन्. परन्तु, म तिनीहरुमा रहेको छैन.

न च मत्स्थानि भूतानि पश्य मे योगमैश्वरम्;
भूतभृन्न च भूतस्थो ममाऽऽत्मा भूतभावनः. (५)

छैनन् प्राणी ममा पार्थ ! हेर यो योग ऐश्वर[1];
पैदा मै गर्छु, मै धर्छु, म छैन तिनमा तर.

सव प्राणीहरु ममा रहेका पनी छैनन् ! हेर, ईश्वरको यो कस्तो चमत्कार या योगसामर्थ्य छ ? प्राणीलाई उत्पन्न गर्ने भयेको, मेरो आत्मा तिनीलाई पालन-धारण गरेर पनी फेरी तिनैमा रहेको छैन !

यथाऽऽकाशस्थितो नित्यं वायुः सर्वत्रगो महान्;
तथा सर्वाणि भूतानि मत्स्थानीत्युपधारय. (६)

सर्वत्र[2] घूमने वायु जस्तो आकाश-भित्र छ;
तेस्तै प्राणीहरू सारा ममा छन् बुझ्नुपर्दछ.

सर्वत्र घूमने, यो महान्, वायु जस्तै सधैं आकाशमा नै रहेको हुन्छ, तेस्तै ई सव भूत-प्राणी ममा रहेका छन्, यस्तो तिमीले संझना राख.

मायाबाटै सृष्टि-स्थिति-लय-

सर्वभूतानि कौन्तेय ! प्रकृतिं यान्ति मामिकाम्;
कल्पक्षये, पुनस्तानि कल्पादौ विसृजाम्यहम्. (७)

(१) यस्तो रहेछ भनी ठेगान गर्न नसकिने ईश्वरीय. (२) जतातते.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मेरै प्रकृतिमा प्राणी छिप्छन् प्रलयकालमा[1];
मै फेरी सिर्जना तिन्को गर्छु कल्पादिकालमा[2].

हे कौन्तेय ! कल्पको अन्त्यमा (प्रलयकालमा) सब भूत (प्राणिसमुदाय) मेरै प्रकृतिमा आयेर लीन हुन्छन्. और कल्पको आरंभमा अर्थात् ब्रह्माका दिनको आरंभमा मैले नै फेरी तिनलाई उत्पन्न गर्दछु.

प्रकृतिं स्वामवष्टभ्य विसृजामि पुनः पुनः;
भूतग्राममिमं कृत्स्नमवशं प्रकृतेर्वशात्. (८)

मेरी प्रकृतिको वश्य[3], यो, संपूर्ण, चराचर;
उसैलाई लिई साथ सृष्टि गर्छु बराबर.

म आफ्नू प्रकृतिलाई हात लियेर, आफ्ना आफ्ना कर्महरुले बाँधियेका प्राणीको यो समग्र समुदायलाई बराबर निर्माण गर्दछु. जो कि, त्यही प्रकृतिको कब्जामा रहेको हुनाले पराधीन छ.

न च मां तानि कर्माणि निबध्नन्ति धनञ्जय !
उदासीनवदासीनमसक्तं तेषु कर्मसु. (९)

उदासीन[4] सरी बस्छु, तिन्मा आसक्ति गर्दिन;
त्यसैले कर्म ती पार्थ ! हुन्नन् मकन बन्धन.

परन्तु, हे धनञ्जय ! यो सृष्टि रचना गर्नू काममा मेरो आसक्ति छैन. म उदासीन (भये न भयेमा समान) यस्तो भई-रहेको छु. यसै कारण ती कर्महरु मलाई बन्धन गर्ने हुँदैनन्.

---

(१) ब्रह्माको रात्रिमा. (३) अधीन भयेको.
(२) ब्रह्माको दिन भयेमा. (४) समभाव राख्ने.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मयाऽध्यक्षेण प्रकृतिः सूयते सचराचरम्;
हेतुनाऽनेन कौन्तेय ! जगद्विपरिवर्तते. (१०)

गर्छु प्रकृतिले सृष्टि मै[1] अध्यक्ष लिईकन;
यसैले यो जगत्को छ सदा[2] संहार-सिर्जन.

म अध्यक्ष अर्थात्–मालीक भयेर प्रकृतिबाट सारा चराचरको सृष्टिलाई उत्पन्न गराउँछु. यसैले, हे कौन्तेय ! यो जगत्को बन्नू र भत्कनू बराबर नै भई-रहेको छ.

ईश्वरनिन्दा गर्ने आसुरी-प्रकृतिका-

अवजानन्ति मां मूढा मानुषीं तनुमाश्रितम्;
परं भावमजानन्तो मम भूतमहेश्वरम्. (११)

[3]महेश-भाव यो मेरो सर्वोच्च नबुझीकन;
मानिसै हो भनी मूर्ख गर्दछन्[4] अपहेलन.

मूढहरु मेरो परम (उत्तम) स्वरूपलाई पहिचान्दैनन्, जो कि, सब प्राणीको महान् ईश्वर छ. तिनी मलाई मनुष्यको शरीर धारण गर्ने अर्थात्–मनुष्य संझेर मेरो अपहेलन गर्दछन्.

मोघाशा मोघकर्माणो मोघज्ञाना विचेतसः ;
राक्षसीमासुरीं चैव प्रकृतिं मोहिनीं सृताः. (१२)

---

(१) ठूलो मालिक.
(२) नाश र उत्पत्ति.
(३) महेश्वरपना.
(४) हेलाँ.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ती मूढ जनका आशा, ज्ञान, कर्म फजूल छन्;
मोह[1] गर्ने, राक्षसी र आसुरी-भाव धार्दछन्.

तिन्को आशा व्यर्थ छ, कर्म फजूल छ, ज्ञान निरर्थक छ, और चित्त पनी भ्रष्ट छ, जो मोहात्मक राक्षसी र आसुरी स्वभावको सदा आश्रय गरी रहन्छन्.

ज्ञान-यज्ञले भज्ने दैवी प्रकृतिका-

महात्मानस्तु मां पार्थ ! दैवीं प्रकृतिमाश्रिताः;
भजन्त्यनन्यमनसो ज्ञात्वा भूतादिमव्ययम्. (१३)

दैवी[3] प्रकृतिका धीर महात्माहरु मैकन;
आद्य[4], अव्यय[5] संझेर भज्छन् एकत्व[6] लोकन.

परन्तु, हे पार्थ ! दैवी प्रकृतिको आश्रय गर्ने, महात्माहरु कहिल्यै पनी न नाशिने, सब प्राणीको आदिस्थान मलाई नै पहिचानेर एकत्व भावले मेरै भजन गर्दछन्.

सततं कीर्तयन्तो मां यतन्तश्च दृढव्रताः;
नमस्यन्तश्च मां भक्त्या नित्ययुक्ता उपासते. (१४)

भक्ति-साथ सदा गर्दै यत्न, वन्दन, कीर्तन;
दृढव्रती सबै योगी मेरै गर्छन् उपासन[10].

---

(१) अज्ञान.
(२) दैत्वको पन.
(३) सत्वगुणी.
(४) सब भन्दा पहिलो.
(५) नाश न हुने.
(६) एकाग्रभाव.
(७) पाउन कोसीस.
(८) नमस्कार.
(९) भजन.
(१०) सेवा.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अरु यत्नवान् कर्मयोगीहरु दृढव्रत लिई, योगयुक्त भयेर, सधैं मेरो कीर्तन र नमस्कार गर्दै, भक्तिपूर्वक मेरै उपासना गरी-रहन्छन्.

ज्ञानयज्ञेन चाऽप्यन्ये यजन्तो मामुपासते;
एकत्वेन पृथक्त्वेन बहुधा विश्वतोमुखम्. (१५)

विश्वतोमुख[1], मैलाई द्वैत[2]-अद्वैत[3]-भावले;
गर्छन् सेवा कुनै योगी अनेकौं ज्ञान-यज्ञले.

यस्तै—अरू कुनै पुरुषहरु एकत्व अर्थात्—अभेद-भावले र पृथक्त्व अर्थात्—भेदभावले अथवा अनेक प्रकारका ज्ञानयज्ञले पूजा गरेर, सर्वतोमुख (जहाँ तहीं रहेको) मेरो नै उपासना गर्दछन्.

ईश्वर सर्वत्र छ-

अहं क्रतुरहं यज्ञः स्वधाऽहमहमौषधम्;
मन्त्रोऽहमहमेवाऽऽज्यमहमग्निरहं हुतम्. (१६)

म हूँ क्रतु, म हूँ यज्ञ, स्वधा हूँ, औषधी म हूँ;
म हूँ मन्त्र, म हूँ आज्य, म हूँ अग्नि, म होम[4] हूँ.

क्रतु (श्रौतयज्ञ) म हूँ, यज्ञ (स्मार्तयज्ञ) म हूँ, स्वधा अर्थात्—श्राद्धमा पितृहरुलाई अर्पण गरिने अन्न म हूँ, औषध अर्थात्—वनस्पतिबाट यज्ञका निमित्त उत्पन्न भयेको अन्न म हूँ, यज्ञमा हवन गर्दा पढिने मन्त्र म हूँ, घिऊ, अग्नि र अग्निमा चढाईयेको आहुति पनि म हूँ.

---

(१) जतातते मुख भयेको.
(२) भिन्न भिन्न छ भन्ने बुद्धिले.
(३) एक मात्र छ भन्ने बुद्धिले.
(४) हवनक्रिया.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पिताऽहमस्य जगतो माता धाता पितामहः ;
वेद्यं पवित्रमोङ्कार ऋक्साम यजुरेव च. (१७)

यो लोकको पिता, माता, बाज्ये, धाता म हूँ सब;
पवित्र, वेद्य[1], ओङ्कार, ऋक्, यजुस्, साम, मै सब.

यस जगत्को पिता, माता, धाता (आधार), पितामह (बाज्ये) म हूँ, जो केही पवित्र र जो केही जान्न योग्य छ त्यो र ॐकार, ऋग्वेद, सामवेद र यजुर्वेद पनी मै हूँ.

गतिर्भर्त्ता प्रभुः साक्षी निवासः शरणं सुहृत् ;
प्रभवः प्रलयस्थानं निधानं बीजमव्ययम्. (१८)

साक्षी, भर्ता, गति, स्वामी, रक्षिता[2], मित्र, वास हूँ ;
मै सृष्टि नाशको स्थान, कारणी नित्य[3] बीज हूँ.

सबको गति, सबको पोषक, प्रभु, साक्षी, वासस्थान, शरण, सँगी, उत्पत्ति, प्रलय, पालन गर्ने, कारण र कहिल्यै न नाशिने, बीजस्वरूप पनी मै हूँ.

तपाम्यहमहं वर्षं निगृह्णाम्युत्सृजामि च;
अमृतं चैव मृत्युश्च सदसच्चाऽहमर्जुन ! (१९)

मै तपाउँछु. मै वर्षा रोक्छु, मै वृष्टि गर्दछु;
मै छु अमृत[4], मै मृत्यु, सत्[5], असत्[6], यो सबै मछु.

---

(१) जान्न लायक.
(२) शरण लिने.
(३) कहिल्यै न नाशिने.
(४) अमृतरूप (नमर्ने)
(५) सधैं भई रहने.
(६) कहिल्यै न हुने.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हे अर्जुन ! मै गर्मी दिन्छु, मै पानीलाई रोक्दछु र बर्षाउँछु, अमृत अथवा मृत्यु पनी मै छु, अनी सत् (न नाशिने) र असत् (नाशिने) पनी केवल मै छु.

यज्ञका स्वर्गादि-फल अनित्य छन्-

त्रैविद्या मां सोमपाः पूतपापा
　　यज्ञैरिष्ट्वा स्वर्गतिं प्रार्थयन्ते;
ते पुण्यमासाद्य सुरेन्द्रलोक-
　　मश्नन्ति दिव्यान् दिवि देवभोगान्. (२०)

वेद[1]-ज्ञाता, सोम[2] पी, पाप फाली
　　मेरै गर्दै यज्ञ स्वर्गैषणा[3] ली;
जान्छन् पुण्य[4]-प्राप्य त्यो स्वर्ग पाई,
　　भोग्छन् नाना देवका भोगलाई.

जो त्रैविद्य अर्थात्—ऋक्-यजु-साम ई तीनै वेदका कर्म गर्ने र सोमलता पान गर्ने अर्थात्—सोमयाजी, पापले रहित, पुरुषहरु यज्ञ द्वारा मेरो पूजा गरेर स्वर्गलोक-प्राप्तिको इच्छा गर्दछन्, ती सबैले इन्द्रको पुण्य-लोकमा (स्वर्गमा) पुगेर देवताका अनेक, दिव्य, भोगहरु उपभोग गर्दछन्.

ते तं भुक्त्वा स्वर्गलोकं विशालं
　　क्षीणे पुण्ये मर्त्यलोकं विशन्ति;
एवं त्रयीधर्ममनुप्रपन्ना
　　गतागतं कामकामा लभन्ते. (२१)

(१) वेद जान्नेहरु,
(२) सोमलता.
(३) स्वर्गको इच्छा.
(४) पुण्यले पाइने.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भोगी ठूलो पुण्यको स्वर्गलोक,[१]
झर्छन् पुण्यक्षीण[२] भै मर्त्यलोक;
यस्तै जानू आउनू नित्य हुन्छन्,
कामेच्छा[३] ली जो त्रयी-धर्म[४] गर्छन्.

अनी त्यो विशाल स्वर्गलोकको उपभोग गरेर, पुण्य सकिये पछी तिनी फेरी जन्म लिनलाई मृत्युलोकमा (मनुष्यलोकमा) आउँदछन्. यस तरहले त्रयीधर्म अर्थात्—वेदत्रयका यज्ञ-याग आदि श्रौतधर्मको पालन गर्नेहरु र फलेच्छा अर्थात्—काम्य उपभोगको इच्छा गरी कर्म गर्नेहरुलाई स्वर्गमा जानू र यहाँ आउँनू बराबर परी-रहन्छ

भक्तिबाट सब हुन्छ-

अनन्याश्चिन्तयन्तो मां ये जनाः पर्युपासते।
तेषां नित्याभियुक्तानां योगक्षेमं वहाम्यहम्. (२२)

एकत्व-साथ[५] जो मेरो गर्छन् भजन-चिन्तन;
दिन्छू ती कर्मयोगीमा मै योग-[६]क्षेम-[७]साधन.[८]

जो, अरु कसैको आश्रय न गर्ने, जनहरु मेरै चिन्तन गरी मलाई भज्दछन्, ती नित्ययोगयुक्त पुरुषलाई योगक्षेम (सांसारिक नित्य निर्वाह) पनी म गराई-दिन्छु.

---

(१) इन्द्रलोक.
(२) पुण्य सकिनू.
(३) फलको चाहना.
(४) वेदका धर्म
(५) एकाग्रता सँग.
(६) न पायेको कुरा जुराउनू.
(७) पाइयेका चीजको रक्षा.
(८) सामग्री.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भावनानुसार देवता र फल-

येऽप्यन्यदेवताभक्ता यजन्ते श्रद्धयाऽन्विताः;
तेऽपि मामेव कौन्तेय ! यजन्त्यविधिपूर्वकम्. (२३)

जो अरू देवमा भक्ति श्रद्धा राखेर भज्दछन्;
ती पनी विधि छोडेर मेरै पूजन गर्दछन्.

हे कौन्तेय ! श्रद्धायुक्त भयेर, अरु देवताहरुको भक्त बनी, जो मानिस पूजन गर्दछन्, ती पनी विधिपूर्वक न होस् सही, एक किसिमले मेरो नै पूजा गर्दछन्,

अहं हि सर्वयज्ञानां भोक्ता च प्रभुरेव च;
न तु मामभिजानन्ति तत्वेनाऽतश्च्यवन्ति ते. (२४)

संपूर्ण यज्ञको भोक्ता, मै स्वामी पनि, अर्जुन !
न जानीकन यो मेरो तत्व, गीर्छन् तिनी जन.

किन भने, सब यज्ञको भोक्ता र मालीक पनी मै हूँ. किन्तु, तिनीहरु मलाई तत्व-पूर्वक जान्दैनन्, यसै उसले ती पतन भई-जान्छन्.

यान्ति देवव्रता देवान्पितॄन्यान्ति पितृव्रताः;
भूतानि यान्ति भूतेज्या यान्ति मद्याजिनोऽपि माम्. (२५)

देव[2]-पूजक देवैमा, पितृमा पितृ-पूजक;
भूत-पूजक भूतैमा, जान्छन् मैमा म-पूजक.

(१) फल चाहना गरी कर्म गर्ने. (२) देवता मान्ने.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देवताहरुको व्रत गर्नेहरु उनैका साथ (स्वर्गलोकमा), पितृहरुको व्रत गर्नेहरु पितृका साथ (पितृलोकमा), भिन्न-भिन्न भूतहरुलाई पूज्नेहरु भूतहरुकै साथ (भूतलोकमा), र मेरो पूजा गर्नेहरु मेरै साथ वैकुण्ठमा) आउँदछन्.

भक्तिले जे अर्प्यो,उस्मा ईश्वर खूस-

पत्रं पुष्पं फलं तोयं यो मे भक्त्या प्रयच्छति;
तदहं भक्त्युपहृतमश्नामि प्रयतात्मनः. (२६)

भक्तिमान्ले[1] पत्र[2], पुष्प[3], फल, पानी समर्पण;
जे गर्छ भक्तिको भेट लिन्छू त्यो सब्ब अर्जुन !

जो भक्त मलाई भक्तिले केही पात, फुल, फल अथवा यथाशक्ति अलीकति पानी मात्र समर्पण गर्दछ भने पनी, तेस नियत-चित्त पुरुषका भक्तिको भेटलाई म खुसी-साथ ग्रहण गर्दछु.

सब कर्म ईश्वरार्पण गर्नू-

यत्करोषि यदश्नासि यज्जुहोषि ददासि यत्;
यत्तपस्यसि कौन्तेय ! तत्कुरुष्व मदर्पणम्. (२७)

तिमी जे गर्दछौ, खान्छौ, दिन्छौ वा होम गर्दछौ;
मैमा त्यो अर्प[4] संपूर्ण पार्थ ! जो तप गर्दछौ.

---

(१) भक्तियुक्त पुरुषले. (३) फुल.
(२) पात. (४) अर्पण गर.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भक्तिस्वीकारक भगवान् ।



भक्तिमान्ले पत्र-पुष्प-फल-पानी समर्पण:
जो गर्छ भक्तिको भेट लिन्छू त्यो सब अर्जुन !

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हे कौन्तेय ! तिमी जो कुछ गर्दछौ, जो खान्छौ, जो होम गर्दछौ, जो दान गर्दछौ अनी जो तप गर्दछौ, त्यो सब मलाई नै अर्पण गर्ने-गर.

शुभाशुभफलैरेवं मोक्ष्यसे कर्मबन्धनैः ;
संन्यासयोगयुक्तात्मा विमुक्तो मामुपैष्यसि. (२८)

शुभा-ऽशुभ दिने कर्म-बन्धबाट यसो-गरी;
उम्की, भै योग-युक्तात्मा मैमा मिल्छौ सरासरी.

यसरी बर्तनाले कर्म गरेर पनी कर्महरुका शुभ-अशुभ फलरूप बन्धन-हरुबाट तिमी अलग रहनेछौ र कर्मफलहरुको संन्यास गर्ने यो योगले युक्तात्मा अर्थात्–शुद्ध अन्तःकरण भयेको बनेर मुक्त भई ममा नै मिल्नेछौ.

भक्त जती सबैको एकै गति-

समोऽहं सर्वभूतेषु न मे द्वेष्योऽस्ति न प्रियः ;
ये भजन्ति तु मां भक्त्या मयि ते तेषु चाऽप्यहम्. (२९)

प्रिया-ऽप्रिय कुनै छैनन् समान सबमा म छू;
तर भक्तहरू मेरा ममा छन्, तिनमा म छू.

म सबैमा एकनास छु. न मलाई कुनै द्वेष्य (अप्रिय) छ, न कोही प्रिय छ. तर, भक्तिले जो मेरो भजन गर्दछन्, ती ममा छन्. और म पनी तिनैमा छु.

अपि चेत्सुदुराचारो भजते मामनन्यभाक्;
साधुरेव स मन्तव्यः सम्यग्व्यवसितो हि सः. (३०)

(१) संन्यासले शुद्ध अन्तःकरण भयेको.   (२) प्यारो अप्यारो.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दुरात्मा पनि एकत्व लिई मद्भक्त भो भने;
साधु हो, व्यवसायै छ तेस्को पार लगाउने.

ज्यादा नै दुराचारी पो किन न होस्, यदि त्यो मलाई अनन्यभावले भजन गर्दछ भने, तस्लाई ठुलो साधु (महात्मा) नै संझनु-पर्दछ. किन भने, अब तेस्को बुद्धिको ठेगान असल कुरामा लागी-रहेछ.

क्षिप्रं भवति धर्मात्मा शश्वच्छान्तिं निगच्छति;
कौन्तेय ! प्रतिजानीहि न मे भक्तः प्रणश्यति. (३१)

चाँडै त्यो हुन्छ धर्मात्मा, सर्वदा शान्ति पाउँछ;
पार्थ ! यो संझना राख भक्तको के विनाश छ?

त्यो चाँडो नै धर्मात्मा हुन-जान्छ र नित्य शान्ति पनी पाउँदछ. हे कौन्तेय ! तिमीले यो कुरा मनमा बहुतै दृढ गरी राख कि, मेरो भक्त कहिल्यै पनी नाशिंदैन.

मां हि पार्थ ! व्यपाश्रित्य येऽपि स्युः पापयोनयः;
स्त्रियो वैश्यास्तथा शूद्रास्तेऽपि यान्ति परां गतिम्. (३२)

मेरो आश्रय गर्नाले पापयोनि अनेकन;
स्त्री, वैश्य, शूद्र संपूर्ण पाउँछन् गति अर्जुन !

किनभने, हे पार्थ ! मेरो आश्रय (शरण) गर्नाले स्त्रीहरु, वैश्यहरु, शूद्रहरु र अन्त्यज आदि जो पापयोनि (नीचयोनि) छन्, ती पनी परमगति पाउँदछन्.

(१) पहिले दुराचरण गर्ने पुरुष.
(२) मेरो भक्त.
(३) बढिया कुरामा लागी परेको बुद्धि नै.
(४) धर्मात्मा मर्ने भयकै.
(५) अन्त्यजाति.
(६) परमगति (मुक्ति)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

किं पुनर्ब्राह्मणाः पुण्या भक्ता राजर्षयस्तथा;
अनित्यमसुखं लोकमिमं प्राप्य भजस्व माम्. (३३)

धर्मात्मा विप्र[1], राजर्षि[2] भक्तको के कुरा छ र ?
दुःखी अनित्य-चोलामा मेरो सेवा सधैं गर.

अब पुण्यात्मा ब्राह्मणहरुको, मेरा भक्त राजर्षि क्षत्रियहरुको ता कुरा नै के भन्नु-पर्ला ? तिमी यो अनित्य र दुःखकारक मृत्युलोकमा छौ, यस कारण मेरो भजन सदा-सर्वदा गरी-रहू.

ईश्वरार्पण कर्मयोगको उपदेश-

मन्मना भव मद्भक्तो मद्याजी मां नमस्कुरु,
मामेवैष्यसि युक्त्वैवमात्मानं मत्परायणः (३४)

ममा मन, ममा भक्ति, मेरै यज्ञ र वन्दन[3];
गर, यै योगले मिल्छौ मैमा तन्मय[4] भैकन.

ममा मन लगाऊ, मेरो भक्त बन, मेरो पूजन गर, मलाई नै नमस्कार गर, यस प्रकारले मत्परायण हुँदै योगको अभ्यास गर्नाले मलाई (ईश्वरलाई) नै प्राप्त गर्नेछौ. (पाउनेछौ) (३७३)

इति श्रीमद्भगवद्गीतायाः 'राजविद्या-राजगुह्ययोगः'
नवमोऽध्यायः (९)

इति कोमलगीता 'राजविद्या-राजगुह्ययोग'
नवम (९)

---

(१) ब्राह्मण.
(२) राजर्षि (क्षत्रिय)
(३) नमस्कार.
(४) त्यही स्वरूप.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

❀ नवमाध्याय ❀

समास.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रामस्वरूपी भगवान्

'राम हूँ शस्त्रधारीमा' वेगवान्मा म वायु हूँ ;
म हूँ मकर माछामा. नदीमा जाह्नवी म हूँ । (गीता १०।३१)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ॐ

श्रीमद्भगवद्गीता

कोमलगीता

विभूति-योग (१०)

देवता ऋषि सबको आदि ब्रह्म हो-

भगवानुवाच-

भूय एव महाबाहो ! शृणु मे परमं वचः ;
यत्तेऽहं प्रीयमाणाय वक्ष्यामि हितकाम्यया. (१)

मेरा वचनले तुष्ट[1] तिमीलाई म अर्जुन !
हित-खातिरमा भन्छु फेरी श्रेष्ठ[2] कुराकन.

भगवान्‌ले भन्नु-भयो—हे महाबाहू ! मेरो भाषणबाट सन्तुष्ट हुने तिमीलाई, तिम्रै हितका निमित्त म फेरी एक असल कुरा भन्दछु, त्यो सुन.

न मे विदुः सुरगणाः प्रभवं न महर्षयः ;
अहमादिर्हि देवानां महर्षीणां च सर्वशः (२)

---

(१) खुसी भयेका. (२) बहुतै उंदा.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उत्पत्ति जान्दछन् मेरो न महर्षि[1], न देवता;
देवता-ऋषि साराको मै छु आदि[2] जगत्पिता.

देवताहरु र महर्षिहरु पनी मेरो उत्पत्ति जान्दैनन्. किन भने, देवता र महर्षिहरुको सब प्रकारबाट मै आदिकारण छु.

यो मामजमनादिं च वेत्ति लोकमहेश्वरम् ;
असंमूढः स मर्त्येषु सर्वपापैः प्रमुच्यते. (३)

अनादि[3], अज[4], लोकेश[5] मलाई जुन जान्दछ;
त्यै ज्ञानी नरमा सारा पापदेखी विमुक्त[6] छ.

'मै पृथ्वी आदि लोकको ठुलो ईश्वर हूँ और मेरो जन्म र तेस्तै आदि पनी कोही छैन' भनेर जो जान्दछ, मानिसमा श्रेष्ठ त्यही ज्ञानी पुरुष मोहले रहित भयेर सब पापबाट मुक्त हुन्छ.

बुद्धि आदि र प्रजा ईश्वरबाटै हुन्छन्-

बुद्धिर्ज्ञानमसंमोहः क्षमा सत्यं दमः शमः ;
सुखं दुःखं भवो भावो भयं चाऽभयमेव च. (४)

बुद्धि, ज्ञान, असंमोह[7], सुख, सत्य, क्षमा[8], दम[9];
दुःख, सृष्टि तथा नाश[10], भया-ऽभय[11], तपस्, शम[12].

(१) ज्ञानवान् ठुला-ठुला ऋषिहरु.
(२) पहिला कारण.
(३) जो भन्दा पहिले कोही छैन यस्तो.
(४) न जन्मने.
(५) लोकको मालीक.
(६) छुटकारा पायेको.
(७) वेहोस न हुनू.
(८) सहनशीलता.
(९) इन्द्रियदमन.
(१०) प्रलय.
(११) डर र नीडर.
(१२) शान्ति.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अहिंसा, समता, तुष्टिस्तपो दानं यशोऽयशः;
भवन्ति भावा भूतानां मत्त एव पृथग्विधाः. (५)

अकीर्ति, कीर्ति, समता, तुष्टि[1], दान, अहिंसन[2];
प्राणीका ई पृथक्[3] भाव[4] हुन्छन् मैबाट अर्जुन !

बुद्धि, ज्ञान, असंमोह, क्षमा, सत्य, दम, शम, सुख, दुःख, भव (उत्पत्ति), अभाव (नाश) भय, अभय, अहिंसा, समता, तुष्टि (सन्तोष), तप, दान, यश, अयश इत्यादि अनेक प्रकारका सारा प्राणीका भाव (शरीरका र बुद्धिका अवस्था) मबाट नै उत्पन्न हुन्छन्.

महर्षयः सप्त पूर्वे चत्वारो मनवस्तथा;
मद्भावा मानसा जाता येषां लोक इमाः प्रजा (६)

महर्षि सात, पैहेका चार[6], चौध मनूहरू;
जन्मे मेरा मनैबाट जस्का छन् ई प्रजाहरू.

सात महर्षि, ती भन्दा पहिलेका चार र अरु चौध मनुहरु मेरै मनबाट उत्पन्न गरियेका भाव हुन्, जसबाट लोकमा यो सारा प्रजा-वर्ग उत्पन्न भयेको छ.

भक्तमा योग-सिद्धि-

एतां विभूतिं योगं च मम यो वेत्ति तत्वतः;
सोऽविकंपेन योगेन युज्यते नाऽत्र संशयः. (७)

---

(१) खुसियाली.
(२) विघात न गर्नू.
(३) भिन्नभिन्न.
(४) अवस्था.
(५) मरीचि, अंगिरा, अत्रि, पुलस्त्य, पुलह, क्रतु, वशिष्ठ.
(६) वासुदेव, संकर्षण, प्रद्युम्न, अनिरुद्ध.
(७) स्वायंभुव आदि सात र सावर्णि आदि सात.
(८) जगत्का चराचर सब.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विभूति, योग[२] ई मेरा जस्ले जान्दछ तत्वले;
संबद्ध हुन्छ त्यै योगी पक्का निश्चल-योगले.

जस्ले, मेरो यो विभूति-विस्तार र योग अर्थात्–विस्तार गरने शक्ति या सामर्थ्यको तत्वलाई जान्दछ, तेस पुरुषमा अवश्यमेव स्थिर कर्मयोग प्राप्त हुन्छ. यसमा सन्देह छैन.

अहं सर्वस्य प्रभवो मत्तः सर्वं प्रवर्तते;
इति मत्वा भजन्ते मां बुधा भावसमन्विताः. (८)

मै जन्मस्थान साराको, सारा मैबाट चल्दछन्;
यो संझी बुद्धिमान् व्यक्ति भक्तिका[३]-साथ भज्दछन्.

मै सबको उत्पत्ति-स्थान र मबाट नै सब वस्तुको प्रवृत्ति हुन्छ, यस्तो जानेर ज्ञानी पुरुषहरु भावयुक्त अर्थात्–भक्तियुक्त भयेर मलाई नै भजन गर्दछन्.

मच्चित्ता मद्गतप्राणा बोधयन्तः परस्परम्;
कथयन्ति च मां नित्यं तुष्यन्ति च रमन्ति च. (९)

दिलो-ज्यान दिई मैमा परस्पर[४] बुझाउँदै;
खाली मेरै कुरा गर्दै, खुसी-हुन्छन् रमाउँदै.

ती भक्त ममा मन लगायेर, दिलोज्यान दिई परस्परमा बोध गराउँदै, मेरै कथा कहँदै, तेसैमा सन्तुष्ट भयेर, सर्वदा रमाई-रहन्छन्.

---

(१) फैलावट.
(२) योग सामर्थ्य.
(३) भावनाले युक्त भयेर.
(४) आफसमा.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तेषां सततयुक्तानां भजतां प्रीतिपूर्वकम्;
ददामि बुद्धियोगं तं येन मामुपयान्ति ते. (१०)

प्रीतिका-साथ भजने, तिन्लाई भक्त हुन् भनी;
बुद्धियोग[1] म त्यो दिन्छु जस्ले पुग्छन् ममा तिनी.

यस प्रकारले सदैव योगयुक्त भयेर जो मलाई प्रीतिपूर्वक भज्दछन्, तिनीलाई म यस्तो साम्यबुद्धिको योग दिन्छु कि, जस्को सहायताले तिनी मलाई पाउन सक्दछन्.

तेषामेवाऽनुकम्पार्थमहमज्ञानजं तमः;
नाशयाम्यात्मभावस्थो ज्ञानदीपेन भास्वता. (११)

दयाले तिनके भित्री[2]-आत्मामा बास गर्दछु;
उज्यालो ज्ञाने[3]-बत्तीले अज्ञान-तम[4] हर्दछु.

तिनीहरुको उपर अनुग्रह गर्नाका निमित्तमा नै म तिनका अन्तः-करणमा बसेर, उज्यालो ज्ञानरूप बत्तीले तिन्का अज्ञान-मूलक अन्धकारको नाश गरि-दिन्छु.

अर्जुनको विभूति, योगमा प्रश्न-

अर्जुन उवाच-

परं ब्रह्म परं धाम पवित्रं परमं भवान्;
पुरुषं शाश्वतं दिव्यमादिदेवमजं विभुम्. (१२)

(१) समताबुद्धिरूप योग.
(२) अन्तःकरणमा.
(३) ज्ञानरूपी बत्तीले.
(४) अज्ञानरूपी अन्धकार.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परं ब्रह्म, परं [1]धाम, पवित्र, [2]परम, प्रभु;
[3]अजा,ऽऽदि[4]देव, पुरुष, दिव्य, नि[5]त्य तथा वि[6]भु.

आहुस्त्वामृषयः सर्वे देवर्षिर्नारदस्तथा;
असितो देवलो व्यासः स्वयं चैव ब्रवीषि मे. (१३)

प्रभुलाई सबै भन्छन् व्यास-देवल-नारद;
असितादि पनी कृष्ण ! आज्ञा भो प्रभुले-तक.

अर्जुनले बिन्ती गरे—हजूर नै परं ब्रह्म, श्रेष्ठ स्थान र परम पवित्र वस्तु हुनुहुन्छ. सब ऋषिहरु तेस्तै देवर्षि नारद, असित, देवल र व्यास पनी तपाईंलाई दिव्य, आश्वत-पुरुष, आदि-देव, अजन्मा र सर्वव्यापी भनी बताउँथे, अहिले खुद आफैं पनी मलाई तेही सब आज्ञा गर्नुहुन्छ.

सर्वमेतदृतं मन्ये यन्मां वदसि केशव !
न हि ते भगवन् ! व्यक्तिं विदुर्देवा न दानवाः. (१४)

जो भन्नुभो, सबै साँचो ठान्दछु म त केशव !
जान्दैनन् प्रभुको व्यँक्ति न त देव, न दानव.

हे केशव ! हजूरबाट मलाई जो आज्ञा भयो, त्यो सब मैले साँचो ठहऱ्यायेको छु. हे भगवन् ! हजूरको व्यक्ति अर्थात्–मूलतत्व देवताहरु र दानवहरुलाई पनी विदित छैन.

---

(१) स्थान.
(२) श्रेष्ठ.
(३) अजन्मा.
(४) सब भन्दा पहिलेका देवता.
(५) अविनाशी.
(६) सबमा व्यापक.
(७) उत्पत्ति.
(८) दैत्य.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्वयमेवाऽऽत्मनाऽऽत्मानं वेत्थ त्वं पुरुषोत्तम !
भूतभावन, भूतेश, देवदेव, जगत्पते ! (१५)

भूतभावन[1], भूतेश[2], लोकेश[3], पुरुषोत्तम[4] !
आँफुलाई स्वयं[5] आँफैं जान्नुहुन्छ सुरोत्तम[6] !

सब भूत-प्राणीलाई उत्पन्न गर्ने, हे भूतेश ! हे देवदेव, हे जगत्पते, हे पुरुषोत्तम ! खुद हजूर नै आँफुले आँफुलाई जान्नुहुन्छ.

वक्तुमर्हस्यशेषेण दिव्या ह्यात्मविभूतयः ;
याभिर्विभूतिभिर्लोकानिमांस्त्वं व्याप्य तिष्ठसि. (१६)

आज्ञा होस् लौ ममा आफ्ना विभूतिकन केशव !
ढाकेर रहनूहुन्छ जस्ले यो जगतै सब.

यस कारण हजूरका जो दिव्य विभूतिहरु छन्, जुनले ई सारा लोकलाई व्याप्त गरेर रहनुभयेको छ, ती विभूतिहरुलाई हजूरले नै मेरा उपर कृपा गरेर बताई बक्सियोस.

कथं विद्यामहं योगिंस्त्वां सदा परिचिन्तयन् ;
केषु केषु च भावेषु चिन्त्योऽसि भगवन् ! मया. (१७)

हे योगेश[7] ! सदा मैले संझी जानौं कसो गरी ?
पदार्थ[8] कौनमा भज्नू हजूरकन हे हरी !

(१) जगत्का सृष्टिकर्ता.
(२) चराचरका स्वामी.
(३) लोकका मालिक.
(४) पुरुषमा श्रेष्ठ.
(५) खुद
(६) देवताका पनी देवता.
(७) हे योगका स्वामी.
(८) चीज.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हे योगिन् ! मलाई यो आज्ञा गर्नुहोस् कि, सर्वदा हजूरको चिन्तन गरेर, हजूरलाई कसरी पहिचानूँ ? हे भगवन् ! मैले कुन कुन पदार्थमा हजूरको चिन्तन गरूँ ?

विस्तरेणाऽऽत्मनो योगं विभूतिं च जनार्दन !
भूयः कथय तृप्तिर्हि शृण्वतो नास्ति मेऽमृतम्. (१८)

फेरी विस्तारले योग विभूति सब आफना;
आज्ञा होस् त्यो सुधा-वाणी तृप्ति छैन कसै ममा.

हे जनार्दन ! आफ्नू विभूति र योग मलाई फेरी विस्तार सँग वर्णन गर्नुहोस. किन भने, अमृत-तुल्य हजूरको भाषण जति सुने पनी मलाई तृप्ति कत्ति हुँदैन.

कृष्णबाट मुख्य मुख्य विभूति-वर्णन-

भगवानुवाच-

हन्त ते कथयिष्यामि दिव्या ह्यात्मविभूतयः;
प्राधान्यतः कुरुश्रेष्ठ ! नाऽस्त्यन्तो विस्तरस्य मे. (१९)

हुन्छ, क्यै भन्दछू मुख्य आफ्ना दिव्य विभूति म;
मेरा विस्तारको अन्त्य छैन, यो मनमा गम.

भगवान्‌ले आज्ञा गर्नुभयो—हुन्छ लौ, अब हे कुरुश्रेष्ठ ! मेरा दिव्य विभूतिहरुका मध्यमा तिमीलाई मुख्य-मुख्य मात्र केही बताउँछु. मेरा विभूतिका फैलावटको अन्त्य छँदै-छैन अर्थात्—बताई सकिंदैन.

---

(१) अमृत जस्तो बोली. (२) टुँगो.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भगवान्‌का विभूतिस्वरूप ।

आदित्यानामहं विष्णुर्ज्योतिषां रविरंशुमान् । अ. ॥१०॥
मरीचिर्मरुतामस्मि नक्षत्राणामहं शशी ॥२१॥

आदित्यमा म हुं विष्णु, तेजिलोमा म सूर्य हुं;
मरीचि हुं मरुतमा, चन्द्र नक्षत्रमा म हुं ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अहमात्मा गुडाकेश ! सर्वभूताशयस्थितः ;
अहमादिश्च मध्यं च भूतानामन्त एव च. (२०)

[1]अन्तर्यामी म हूँ आत्मा सबैको [2]हृदय-स्थित;
मै आदि, मध्य प्राणीको अन्त्य मै जान भारत !

हे गुडाकेश ! सब प्राणीका अन्तःकरणमा रहने आत्मा म हूँ, अनी सब प्राणीको आदि, मध्य र अन्त्य पनी मै हूँ.

आदित्यानामहं विष्णुर्ज्योतिषां रविरंशुमान् ;
मरीचिर्मरुतामस्मि नक्षत्राणामहं शशी. (२१)

आदित्यमा म हूँ विष्णु, तेजिलोमा म सूर्य हूँ;
मरीचि हूँ मरुतमा, चन्द्र [3]नक्षत्रमा म हूँ.

बाह्र आदित्यका मध्यमा विष्णु म हूँ, तेजिलाहरुमा किरणले शोभमान भयेको सूर्य म हूँ, उनन्चास मरुत्मा मरीचि र नक्षत्रहरुमा चन्द्रमा म हूँ.

वेदानां सामवेदोऽस्मि देवानामस्मि वासवः ;
इन्द्रियाणां मनश्चाऽस्मि भूतानामस्मि चेतना. (२२)

वेदमा हूँ सामवेद, देवतामा म इन्द्र हूँ;
मन इन्द्रियमा मै हूँ, प्राणीमा [4]चेतना म हूँ.

म वेदहरुमा सामवेद हूँ, देवताहरुमा इन्द्र हूँ, इन्द्रियहरुमा मन हूँ, अनी प्राणीहरुमा चेतना अर्थात्–प्राणको चलन-शक्ति म हूँ.

(१) ज्ञानदृष्टिके जानिने.
(२) अन्तःकरणमा रहेको.
(३) नक्षत्रगणमा.
(४) जीवनशक्ति;

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रुद्राणां शंकरश्चाऽस्मि वित्तेशो यक्षरक्षसाम् ;
वसूनां पावकश्चाऽस्मि मेरुः शिखरिणामहम्. (२३)

रुद्रमा शंकर म हूँ, यक्षादी[1]मा कुवेर हूँ;
वसुमा पावक म हूँ, मेरु पर्वतमा म हूँ.

एकादश रुद्रमा शङ्कर म हूँ, यक्ष र राक्षसहरुमा कुवेर हूँ, अष्टवसुमा पावक (अग्नि) म हूँ, अनी सात पर्वतमा सुमेरु म हूँ.

पुरोधसां च मुख्यं मां विद्धि पार्थ ! बृहस्पतिम् ;
सेनानीनामहं स्कन्दः सरसामस्मि सागरः. (२४)

पुरोहितमहाँ मुख्य बृहस्पति पनी म हूँ;
हूँ सेना[2]पतिमा स्कन्द, तलाऊमा समुद्र हूँ.

हे पार्थ ! पुरोहितहरुमा मुख्य बृहस्पति पनी मलाई संझ, म सेनापतिहरुमा स्कन्द (स्वामि-कार्तिक) र जलाशयहरुमा समुद्र हूँ.

महर्षीणां भृगुरहं गिरामस्म्येकमक्षरम् ;
यज्ञानां जपयज्ञोऽस्मि स्थावराणां हिमालयः. (२५)

महर्षिमा भृगु म हूँ, वा[3]णीमा ॐ पनी म हूँ;
यज्ञमा हूँ जाप-यज्ञ, स्थिर[4]मा म हिमाल हूँ.

महर्षिहरुमा म भृगु हूँ, बोलीमा एकाक्षर अर्थात्–ॐकार म हूँ, यज्ञहरुमा जप-यज्ञ म हूँ, स्थावर अर्थात्–स्थिर पदार्थहरुमा हिमालय म हूँ.

---

(१) यक्ष र राक्षसमा.
(२) फौजी कम्पाण्डरहरुका मध्यमा.
(३) बोलीमा.
(४) न डग्नेहरुमा.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भगवान्‌का विभूति



रुद्रमा शंकर म हुँ, यक्षादीमा कुवेर हुँ; वसुमा पावक म हुँ, मेरु पर्वतमा म हुँ;
पुरोहितमहाँ मुख्य बृहस्पति पनी म हुँ; हुँ सेनापतिमा स्कन्द तलाऊमा समुद्र हुँ।
(गीता १० । २३-२४)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अश्वत्थः सर्ववृक्षाणां देवर्षीणां च नारदः ;
गन्धर्वाणां चित्ररथः सिद्धानां कपिलो मुनिः. (२६)

देवर्षिमा नारद हूँ, वृक्षमा पिप्पलै म हूँ;
गन्धर्वमा चित्ररथ, सिद्धमा कपिलै म हूँ.

सारा वृक्षमा अश्वत्थ (पिप्पल) म हूँ, देवर्षिहरुमा नारद म हूँ, गन्धर्वहरुमा चित्ररथ र सिद्धहरुमा कपिल मुनि पनी म हूँ.

उच्चैःश्रवसमश्वानां विद्धि माममृतोद्भवम् ;
ऐरावतं गजेन्द्राणां नराणां च नराधिपम्. (२७)

घोडामा [1]अमृतोत्पन्न जान उच्चैःश्रवा म हूँ;
हूँ ऐरावत हात्तीमा, राजा मानिसमा म हूँ.

घोडाहरुमा अमृत मन्थन गर्दा निस्केको उच्चैःश्रवा मलाई नै जान. श्रेष्ठ हात्तीहरुमा ऐरावत र मानिसहरुमा राजा पनी म हूँ.

आयुधानामहं वज्रं धेनूनामस्मि कामधुक् ;
प्रजनश्चाऽस्मि कन्दर्पः सर्पाणामस्मि वासुकिः. (२८)

हूँ हतीयारमा वज्र, गाईमा कामधेनु हूँ;
उत्पत्ति गर्ने हूँ [2]काम, सर्पमा वासुकी म हूँ.

म हतीयारहरुमा वज्र हूँ, गाईहरुमा कामधेनु र प्रजा उत्पन्न गर्ने कामदेव हूँ, सर्पहरुमा वासुकि म हूँ.

---

(१) अमृतको निमित्त समुद्र मन्थन गर्दा जन्मेको.　　(२) कामदेव.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अनन्तश्चाऽस्मि नागानां वरुणो यादसामहम्;
पितॄणामर्यमा चाऽस्मि यमः संयमतामहम्. (२९)

शेष हूँ नागमा, यादो-गणमा वरुणै म हूँ;
पितृमा अर्यमा मै हूँ, हुकुमीमा यमै म हूँ,

नागहरुमा अनन्त (शेष) म हूँ, जलचल प्राणीहरुमा वरुण र पितृहरुमा अर्यमा म हूँ, हुकुम गर्नेहरुमा यमराज म हूँ.

प्रह्लादश्चाऽस्मि दैत्यानां कालः कलयतामहम्;
मृगाणां च मृगेन्द्रोऽहं वैनतेयश्च पक्षिणाम्. (३०)

प्रह्लाद दैत्यमा मै हूँ, काल ग्रासकमा म हूँ;
मृगेन्द्र मृगमा मै हूँ, पक्षीमा गरुडै म हूँ.

म दैत्यहरुमा प्रह्लाद हूँ, म ग्रस्नेहरुमा काल हूँ, पशुहरुमा मृगेन्द्र (सिंह) हूँ, पक्षीहरुमा गरुड पनी म हूँ.

पवनः पवतामस्मि रामः शस्त्रभृतामहम्;
झषाणां मकरश्चाऽस्मि स्रोतसामस्मि जाह्नवी. (३१)

राम हूँ शस्त्रधारीमा, वेगवान्मा म वायु हूँ;
म हूँ मकर माछामा, नदीमा जाह्नवी म हूँ.

(१) जलमा रहने प्राणीहरुमा.
(२) गफ्फा हाल्नेहरुमा.
(३) सिंह.
(४) सब जनावरहरुमा.
(५) ग्राह.
(६) भागीरथी.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

म वेगवान्मा वायु हूँ, शस्त्रधारीमा म राम हूँ, माछाहरुमा ग्राह र नदीहरुमा जाह्नवी (भागीरथी गङ्गा) म हूँ.

सर्गाणामादिरन्तश्च मध्यं चैवाऽहमर्जुन !
अध्यात्मविद्या विद्यानां वादः प्रवदतामहम्. (३२)

आदि मध्य तथा अन्त्य यो सारा सृष्टिमा म हूँ;
अध्यात्मविद्या[1] विद्यामा[2], वादीमा[3] वाद नै म हूँ.

हे अर्जुन ! चराचर सृष्टिको आदि, अन्त्य र मध्य पनी मै हूँ, विद्याहरुमा अध्यात्मविद्या अर्थात्–दर्शनशास्त्र र झगडा गर्नेहरुको बाङ्ने कुरा म हूँ.

अक्षराणामकारोऽस्मि द्वन्द्वः सामासिकस्य च;
अहमेवाऽक्षयः कालो धाताऽहं विश्वतोमुखः (३३)

समासमा म हूँ द्वन्द्व, वर्णमा[4] म अकार हूँ:
चतुर्मुखी म हूँ ब्रह्मा, मै त्यो अक्षय काल हूँ.

म अक्षरहरुमा अकार र समासहरुमा उभय-पदप्रधान द्वन्द्व हूँ, निमेष मुहूर्त आदि न नाशिने काल र सर्वतोमुख अर्थात्–चारौं-तर्फ मुख भयेको ब्रह्मा पनी मै हूँ.

मृत्युः सर्वहरश्चाऽहमुद्भवश्च भविष्यताम्;
कीर्तिः श्रीर्वाक् च नारीणां स्मृतिर्मेधा धृतिः क्षमा. (३४)

(१) आत्मविवेचन गर्ने वेदान्तशास्त्र.
(२) जान्न सोग्य कुरामा.
(३) झगडा गर्नेमा,
(४) अक्षरमा.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुनेको जन्मने स्थान, सर्वहर्ता म मृत्यु हूँ;
स्त्रीमा श्री-कीर्ति-वाक्-मेधा-धृति-स्मृति-क्षमा म हूँ;

सबलाई नाश गर्ने मृत्यु (प्राण हरण गर्ने शक्ति) र पहिले जन्मलिनेहरुको उत्पत्तिस्थान म हूँ, स्त्रीहरुमा कीर्ति, श्री, वाणी, स्मृति, मेधा, धृति, क्षमा पनी म हूँ.

बृहत्साम तथा साम्नां गायत्री छन्दसामहम्;
मासानां मार्गशीर्षोऽहमृतूनां कुसुमाकरः (३५)

सामसा हूँ बृहत्साम, गायत्री छन्दमा हूँ;
वसन्त हूँ म ऋतुमा, मैह्नामा मार्गशीर्ष हूँ.

साम अर्थात्—गाउन योग्य स्तोत्रहरुमा बृहत्साम र छन्दहरुमा गायत्री छन्द म हूँ, म महिनाहरुमा मार्गशीर्ष र ऋतुहरुमा वसन्त हूँ.

द्यूतं छलयतामस्मि तेजस्तेजस्विनामहम्;
जयोऽस्मि व्यवसायोऽस्मि सत्वं सत्ववतामहम्. (३६)

कपटीमा म जूवा हूँ, तेजस्वीमा म तेज हूँ;
जय हूँ, निश्चय म हूँ, सत्त्ववान्को म सत्व हूँ.

म छलीहरुमा जूवा हूँ, तेजस्वीहरुको तेज, विजयशाली पुरुषहरुको जितबाजी, निश्चयी पुरुषहरुको निश्चय र सत्ववान्हरुको सत्व अर्थात् शक्ति पनी म हूँ.

---

(१) सबैलाई हर्ने.
(२) वैदिक स्तोत्रमा.
(३) सामवेदको स्तोत्र.
(४) सत्त्वगुणी पुरुषको.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वृष्णीनां वासुदेवोऽस्मि पाण्डवानां धनञ्जयः;
मुनीनामप्यहं व्यासः कवीनामुशना कविः. (३७)

हूँ अर्जुनै पाण्डवमा, वृष्णिमा[1] वासुदेव[2] हूँ;
मुनिमा व्यासजी मै हूँ, कविमा <u>उशना</u> म हूँ.

यादवहरुमा वासुदेव (कृष्ण) पाण्डवहरुमा धनञ्जय (अर्जुन), मुनिहरुमा वेदव्यास र कविहरुमा शुक्राचार्य पनी म हूँ.

दण्डो दमयतामस्मि नीतिरस्मि जिगीषताम्;
मौनं चैवाऽस्मि गुह्यानां ज्ञानं ज्ञानवतामहम्. (३८)

दण्ड हूँ वश-गर्नेमा, जयैषी[3]-बिच नीति[4] हूँ;
हूँ गुप्त[5]हरुमा मौन[6], ज्ञान ज्ञानी-विषे म हूँ.

म दमन गर्नेहरुको दण्ड, जीतबाजी इच्छा गर्नेहरुको नीति र गुप्त कुराहरुमा मौन (चूप लाग्नू) पनी म हूँ. ज्ञानीहरुको ज्ञान पनी म हूँ.

यच्चाऽपि सर्वभूतानां बीजं तदहमर्जुन !
नतदस्ति विना यत्स्यान्मया भूतं चराचरम्. (३९)

जो यावत् भूतको बीँज[7] होला त्यो मै छु, अर्जुन !
[8]चरा-ऽचर विना मैले बनेको छैन यो गुन.

---

(१) यदुवंशमा.
(२) श्रीकृष्ण.
(३) जित्न चाहनेमा.
(४) न्याय.
(५) गुप्त उपाय (जुक्ति).
(६) चूपचाप.
(७) उत्पन्न गर्ने शक्ति.
(८) हिंड्ने र न हिंड्ने.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस्तै गरी हे अर्जुन! सारा भूत (प्राणी) को जो कुछ बीज छ, त्यो मै हूँ. यस्तो कुनै चरा-ऽचर भूत (पदार्थ) छैन, जो कि, मैले छोडियेको (म-बेगरको) होस्.

नाऽन्तोऽस्ति मम दिव्यानां विभूतिनां परन्तप !
एष तूद्देशतः प्रोक्तो विभूतेर्विस्तरो मया. (४०)

अन्त्य छैन कुनै पार्थ! मेरा दिव्य विभूतिको;
कहें संक्षेपले मात्र यो विस्तार विभूतिको.

हे परन्तप! मेरा दिव्य विभूतिहरुको अन्त पर्यवसान छैन. विभूतिहरुको यो विस्तार (वर्णन) मैले केवल दिग्दर्शनका निमित्त मात्र गरेको हूँ.

सबैमा मेरो एक एक अंश छ-

यद्यद्विभूतिमत्सत्वं श्रीमदूर्जितमेव वा;
तत्तदेवाऽवगच्छ त्वं मम तेजोंऽशसंभवम्. (४१)

जो जो बल-विभूति-श्री-युक्त देखिन्छ अर्जुन!
त्यो[२] मेरै तेजको अंश पायेको हो भनी गुन.

जुन चीज ऐश्वर्य[१] युक्त, शोभायुक्त र प्रभावले युक्त छ, तेस्लाई मेरा तेजको अंशबाट उत्पन्न भयेको हो भनी तिमी जान.

अथवा बहुनैतेन किं ज्ञानेन तवाऽर्जुन !
विष्टभ्याऽहमिदं कृत्स्नमेकांशेन स्थितो जगत्. (४२)

(१) बल-ऐश्वर्य-शोभा-युक्त भयेको, (२) त्यो त्यो चीज.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भगवान्को विराट स्वरूप ।



अनेक आँखा-मुख-पेट-हस्त देख्छू अनन्ताकृति छन् दुरुस्त:
न अन्त्य देखिन्छ न आदि माझ हजुरको हे जगदीश ! आज. (११।१६)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अथवा यो धेर जानी तिम्रो के छ प्रयोजन ?
एकांशले[२] जगत् ढाकी रहेकोछु म, अर्जुन !

अथवा, हे अर्जुन ! तिमीलाई यो धेर जानेर के गर्नुछ ? संक्षेपमा बताई-दिन्छु कि, म आफ्नू एक-एक अंशले सारा जगत्लाई नै व्याप्त गरेर (ढाकेर) रहेको छु. (४१४)

इति श्रीमद्भगवद्गीतायाः "विभूतियोगः
दशमोऽध्यायः (१०)

इति कोमलगीता विभूतियोग"
दशम (१०)

(१) काम. (२) एक एक अंशले.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

❀ दशमाध्याय ❀

समाप्त.



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ॐ

श्रीमद्भगवद्गीता.

कोमलगीता.

विश्वरूपदर्शन-योग (११)

विभूति देख्न अर्जुनको इच्छा-

अर्जुन उवाच-

मदनुग्रहाय परमं गुह्यमध्यात्मसंज्ञितम्;
यत्त्वयोक्तं वचस्तेन मोहोऽयं विगतो मम. (१)

म-माथी करुणा राखी गुह्य अध्यात्म-नाम यो;
जो आज्ञा गर्नुभो तेस्ले मेरो मोह सबै गयो.

अर्जुनले बिन्ती चढाये—मेरा उपर अनुग्रह गररे हजूरले जो यो अध्यात्म-नायक, परम, गुप्त (गुह्य) ज्ञान आज्ञा गर्नुभयो, तेसबाट मेरो मोह पनी हटेको छ.

भवाप्ययौ हि भूतानां श्रुतौ विस्तरशो मया;
त्वत्तः कमलपत्राक्ष! माहात्म्यमपि चाऽव्ययम्. (२)

(१) प्रत्येकमा आदर रहेको. (२) ज्ञान.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्राणीका नाश, उत्पत्ति मैले विस्तारले सुने;
जो हो अक्षय्य माहात्म्य प्रभुको त्यो पनी सुने.

यस्तै, हे कमलपत्राक्ष ! प्राणीहरुको उत्पत्ति, प्रलय र हजूरको अक्षय्य माहात्म्य पनी, मैले हजूर-बाट विस्तार पूर्वक सुनी-लिँएँ.

एवमेतद्यथाऽऽत्थ त्वमात्मानं परमेश्वर!
द्रष्टुमिच्छामि ते रूपमैश्वरं पुरुषोत्तम ! (३)

आँफुलाई भन्नुभयो जस्तो त्यै ठीक ठान्दछू;
त्यो ईशरूप प्रभुको हेर्न इच्छा म गर्दछू.

अब, हे परमेश्वर ! हजूरले आँफुलाई जस्तो वर्णन गर्नुभयेको छ, हे पुरुषोत्तम ! म हजूरका तेस प्रकारको ईश्वरीय स्वरूपलाई प्रत्यक्षै हेर्न (यहीं अगाडी नै देख्न) चाहन्छु.

मन्यसे यदि तच्छक्यं मया द्रष्टुमिति प्रभो !
योगेश्वर ! ततो मे त्वं दर्शयात्मानमव्ययम्. (४)

सकिने हो भने मैले रूप त्यो हेर्न निश्चय;
देखाउनूहोस् योगेश ! त्यो आफ्नू रूप अव्यय.

हे योगेश्वर प्रभू ! यदि हजूर तेस प्रकारको रूप मैले हेर्न योग्य छ भन्ने सँझनुहुन्छ भनें, हजूरले आफ्नू अव्यय (कहिल्यै न नाशिने) त्यो स्वरूप अर्थात्-विश्वरूप मलाई देखाउनु-होस.

---

(१) कहिल्यै न नाशिने.
(२) पहिले बताइयेका विभूतिहरले युक्त भयेको,
(३) हे योगका ईश्वर !
(४) संसारमय-स्वरूप.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विश्वरूप हेर्न कृष्णबाट दिव्यदृष्टि-दान-

भगवानुवाच-

पश्य मे पार्थ ! रूपाणि शतशोऽथ सहस्रशः ;
नानाविधानि दिव्यानि नानावर्णाकृतीनि च. (५)

अनेक-वर्ण-आकार-युक्त. दिव्य, थरी-थरी;
लाखौं हजारौं ती मेरा रूप हेर अघी-सरी.

भगवान्ले भन्नुभयो—अर्जुन ! मेरा अनेक प्रकारका, नाना रङ्गका र आकारका, इनी शयकडौं अथवा हजारौं दिव्य स्वरूपलाई तिमी हेर.

पश्याऽऽदित्यान्वसून्रुद्रानश्विनौ मरुतस्तथा;
बहून्यदृष्टपूर्वाणि पश्याऽऽश्चर्याणि भारत ! (६)

[1]आदित्य, [2]वसु ती [3]रुद्र, ती [4]मरुत्, [5]अश्विनीसुत;
हेर पैहे्ले न देखेका धेरैं आश्चर्य [6]भारत !

हे भारत ! बाह्र आदित्य, आठ वसु, एघार रुद्र, दुई अश्विनीकुमार र उनन्चास मरुद्गणलाई हेर. अनी ई अनौठा आश्चर्य कुसतह पनी हेर कि, जो पहिले कहिल्यै पनी तिमीले देखेका हुँदा-होइनौं.

इहैकस्थं जगत्कृत्स्नं पश्याऽद्य सचराचरम्;
मम देहे गुडाकेश ! यच्चाऽन्यद्द्रष्टुमिच्छसि. (७)

---

(१) द्वादशादित्य.
(२) अष्टवसु.
(३) एकादशरुद्र.
(४) उनन्चास मरुत्.
(५) अश्विनीका पुत्र.
(६) भरतवंशी अर्जुन !

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चराचर जगत् हेर यै मेरा एक-रूपमा;
अरू जो हेर्न चाहन्छौ हेर मेरै स्वरूपमा.

हे गुडाकेश! आज यहीं एकत्रित भयेको सब चराचर जगत् हेर, अथवा अरू जो कुछ तिमीलाई हेर्नाको अभिलाषा छ, त्यो पनी मेरो यस शरीरमा नै देख्न सक्दछौ.

न तु मां शक्यसे द्रष्टुमनेनैव स्वचक्षुषा;
दिव्यं ददामि ते चक्षुः पश्य मे योगमैश्वरम्. (८)

मलाई हेर्न सक्तैनौ गरी यै दृष्टिको[१] भर;
म दिव्य-दृष्टि[२] नै दिन्छू, हेर यो योग[३] ऐश्वर[४].

परन्तु, तिमी आफ्ना इनै आँखाले मलाई देख्न सक्तैनौ. यसै-उसले तिमीलाई दिव्यदृष्टि दिन्छु. यसैको सहायताले मेरो यो ईश्वरीय-योग अर्थात्-योगसामर्थ्य (विश्वरूप) लाई हेर.

सञ्जयकृत विश्वरूप-वर्णन-

सञ्जय उवाच-

एवमुक्त्वा ततो राजन्! महायोगेश्वरो हरिः;
दर्शयामास पार्थाय परमं रूपमैश्वरम्. (९)

यस्तो भनी महायोगी कृष्णले दिव्य, ऐश्वर;
देखाउँनुभयो रूप[५] पार्थलाई नरेश्वर[६]!

---

(१) चर्मचक्षुको,
(२) ज्ञानदृष्टि.
(३) सामर्थ्य,
(४) ईश्वरमा रहेको.
(५) विश्वरूप.
(६) हे महाराज!

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सञ्जयले बिन्ती गरें—हेराजन्, धृतराष्ट्र ! यती भनेर योगहरूका ईश्वर हरि (श्रीकृष्ण) ले अर्जुनलाई आफ्नू श्रेष्ठ, ईश्वरीयरूप अर्थात्—विश्वरूप देखाउनु-भयो.

अनेकवक्त्रनयनमनेकाद्भुतदर्शनम्;
अनेकदिव्याभरणं दिव्यानेकोद्यतायुधम्. (१०)

नाना-नेत्रा-ऽऽस्यले युक्त, हेर्दा अत्यन्त अद्भुत;
पैहेको गहना दिव्य, नाना-शस्त्रा-ऽस्त्र-संयुत.

तेस विश्वरूपका अनेक मुख र आँखा थिये, अरू उस्मा अनेक अद्भुत दृश्यहरू देखिन्थे, नाना प्रकारका दिव्य अलङ्कार पहिरियेका थिये, अनी धेरै किसिमका दिव्य हतीयारहरु पनी सुसज्जित थिये.

दिव्यमाल्यांबरधरं दिव्यगन्धानुलेपनम्;
सर्वाश्चर्यमयं देवमनन्तं विश्वतोमुखम्. (११)

दिव्य-माला-वस्त्रधारी, दिव्य-चन्दन-लेपित;
अनन्त, आश्चर्यमय, दीप्तिमान्, सर्वतोमुख.

त्यो विश्वरूपको अनन्त, सर्वतोमुख र सब आश्चर्य चीजले भरियेको शरीरमा अलौकिक सुवासना आउँदथ्यो र दिव्य पुष्प, वस्त्रहरुले शोभमान (खूव शोभा पायेको) पनी थियो.

दिवि सूर्यसहस्रस्य भवेद्युगपदुत्थिता;
यदि भाः सदृशी सा स्याद्भासस्तस्य महात्मनः (१२)

(१) अनेक आँखा र मुखले.
(२) अनौठा.
(३) धेरै हातहतीयार उठायेको.
(४) अन्त्य न पाई सकिने.
(५) बहुतै तेजिलो.
(६) जतातर्तै मुख भयेको.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हजारौं सूर्यको कान्ति भये एकत्र[1] उत्थित[2];
हुँदो हो ती महात्माका तेजले तुल्य[3] निश्चित[4].

यदि आकाशमा हजारौं सूर्यको तेज एक साथै रहेको हुँदो हो ता, तेस बखत ती महात्माका तेजको (कान्तिको) केहीं समानता आउँदो हो.

तत्रैकस्थं जगत्कृत्स्नं प्रविभक्तमनेकधा;
अपश्यद्देवदेवस्य शरीरे पाण्डवस्तदा. (१३)

नाना-थरी[5] जगत् सारा त्यहाँ त्यै एक ठाउँमा;
देखे अर्जुनले कृष्ण-भगवान्का शरीरमा.

अनी, देवाधिदेव कृष्णका यस शरीरमा नाना प्रकारलें (भिन्न-भिन्न किसिम-सँग) बाँडियेको, यो सारा, जगत्लाई अर्जुनले एकै ठाउँमा (विश्वरूपमा) देखे.

ततः स विस्मयाविष्टो हृष्टरोमा धनञ्जयः;
प्रणम्य शिरसा देवं कृताञ्जलिरभाषत. (१४)

अनी रोमाञ्चका-साथ[6] मानीं अत्यन्त विस्मय[7];
नमस्कार गरी, हात जोडी, बोले धनञ्जय[8].

(१) एकै ठाउँमा.
(२) उदायेको.
(३) बराबरी.
(४) अवश्य.
(५) बेग्ला-बेग्लै स्वरूप भयेको.
(६) काँढा उभादैं.
(७) आश्चर्य.
(८) अर्जुन.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तेस पछी, आश्चर्यमा परेका (अकमक भयेका) ती अर्जुनको शरीरमा रोमाञ्च भयो र शिर नुघाई नमस्कार गर्दै, हात जोडेर, उनी परमेश्वर सँग बिन्ती गर्नलागे.

भयभीत अर्जुनको विश्वरूपस्तुति-

अर्जुन उवाच-

पश्यामि देवांस्तव देव ! देहे
सर्वांस्तथा भूतविशेषसंघान् ;
ब्रह्माणमीशं कमलासनस्थ-
मृषींश्च सर्वानुरगांश्च दिव्यान्. (१५)

हेजूरमा ईश्वर ! देवता ती,
देख्छु तथा लाखन जीव-जाति;
ब्रह्मा, भवानीश, रमेश, सारा;
ती दिव्य सर्पादि, ऋषी घनेरा.

अर्जुन स्तुति गर्नलागे—हे देव ! तपाईको यो शरीरमा सब देवता र नाना प्रकारका प्राणीको समुदायलाई, तेस्तै ब्रह्माजी, शिव, कमलापति-विष्णु-लाई, अनी ऋषिहरु र वासुकि आदि सर्पहरूलाई पनी मैले देखी-रहेको छु.

---

(१) हजूरको विश्वरूपी शरीरमा.
(२) प्राणीका जात.
(३) महादेव.
(४) लक्ष्मीपति विष्णु.
(५) वासुकि आदि सर्पगण.
(६) मरीचि आदि.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अनेकबाहूदरवक्त्रनेत्रं
पश्यामि त्वां सर्वतोऽनन्तरूपम् ;
नाऽन्तं न मध्यं न पुनस्तवाऽऽदिं
पश्यामि विश्वेश्वर ! विश्वरूप ! (१६)

अनेक आँखा-मुख-पेट-हस्त[1],
देख्छु अनन्ताकृति[2] छन् दुरुस्त;
न अन्त्य देखिन्छ न आदि, माझ,
हजूरको[3] हे जगदीश[4] ! आज.

हे विश्वेर ! कडोरौं हात, कडोरौं पेट, कडोरौं मुख र कडोरौं नजर भयेका अनन्तरूपी तपाईंलाई नै म चारौं तर्फ देख्दछु. परन्तु, हे विश्वरूप ! तपाईंको न त आदि, न मध्य, न त अन्त्य केही पनी म देख्नै सक्दिन.

किरीटिनं गदिनं चक्रिणं च
तेजोराशिं सर्वतो दीप्तिमन्तम् ;
पश्यामि त्वां दुर्निरीक्ष्यं समन्ताद्
दीप्तानलार्कद्युतिमप्रमेयम्. (१७)

किरीटवान्[5], ती गदा-चक्र-धारी[6],
तेजोराशी[7], दीप्त[8] सर्वत्र भारी;
बल्दो आगो-सूर्यले तुल्य, नाथ,
चौतर्फी नै देखिने कष्ट-साथ.

---

(१) हात.
(२) अनन्त आकार.
(३) विश्वरूपको.
(४) हे संसारका मालिक !
(५) किरीट पैन्हेको.
(६) गदा-चक्रहरु लिमे.
(७) तेजको पुञ्ज.
(८) प्रकाशमान.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

किरीट, गदा, चक्र धारण गर्ने, चारौं तर्फ प्रभा फैलाउँने, तेजको पुञ्ज, झल्मलाउँदो अग्नि र सूर्यकै समान देदीप्यमान, आँखाले हेर्नैं न सकिने र अपरंपार तपाईं नै मेरो जता-तै त देखा पर्नुहुन्छ.

त्वमक्षरं परमं वेदितव्यं
　　त्वमस्य विश्वस्य परं निधानम्;
त्वमव्ययः शाश्वतधर्मगोप्ता
　　सनातनस्त्वं पुरुषो मतो मे. (१८)

हजूर नै [1]अक्षर, वेद्य[2] खास,
　　हजूर सर्वोच्च, [3]जगन्निवास;
हजूर नै [4]शाश्वत-धर्म-धारी,
　　[5]सनातनी-पुरुष, निर्विकारी[6].

तपाईं नै आखीरीको जान्न योग्य अक्षर अर्थात्—ब्रह्म, तपाईं नै यस संसारको अन्तिम आधार, तपाईं नै न नाशिने र सनातन धर्मको रक्षक हुनुहुन्छ. म ता तपाईंलाई नै सनातन पुरुष ठहऱ्याउँदछु.

अनादिमध्यान्तमनन्तवीर्य-
　　मनन्तबाहुं शशिसूर्यनेत्रम्;
पश्यामि त्वां दीप्तहुताशवक्त्रं
　　स्वतेजसा विश्वमिदं तपन्तम्. (१९)

---

(१) अविनाशी ब्रह्म.
(२) जान्न लायक.
(३) जगत्को वासस्थान.
(४) सनातनधर्मरक्षक.
(५) आदिपुरुष.
(६) कहिल्यै विकार नहुने.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

न आदि देखिन्छ, न मध्य, अन्त,
[1]अनन्त त्यो [2]वीर्य, भुजा अनन्त;
[3]रवीन्दु-नेत्र, [4]ज्वलदग्नि-वक्त्र,
[5]जगत्प्रतापी, प्रभु देख्छु [6]उग्र.

जस्को आदि-मध्य-अन्त्य केही छैन, जस्का बेगिन्ती हातहरु छन्, चन्द्र र सूर्य जस्का नजर छन्, जस्को मुख दन्दन बलेको आगो जस्तो छ, यस्तो अनन्तशक्तिमान् तपाईं नै आफ्ना तेजले यो संपूर्ण जगत्लाई धपधप बलाउन लाग्नुभयेको छ. म तपाईंलाई यस्तो देख्छु.

द्यावापृथिव्यो रिदमन्तरं हि
व्याप्तं त्वयैकेन दिशश्च सर्वाः;
दृष्ट्वाऽद्भुतं रूपमुग्रं तवेदं
लोकत्रयं प्रव्यथितं महात्मन् ! (२०)

छन् ढाकियेका प्रभुबाट खास,
दशै दिशा, भू-गगना-ऽवकाश;
यस्तो महा-अद्भुत, घोर, रूप,
देखी, तिनै-लोक छ मूढ-रूप.

किन भने, आकाश र पृथिवीका बीचको यो सब अन्तर र सारा दिशा-विदिशाहरु यौटै तपाईंले व्याप्त गरी ढाकियेका छन्, हे महात्मा !

---

(१) बेगिन्ती (कडोरनै)
(२) शक्ति.
(३) सूर्य चन्द्र नै नेत्र भयेका.
(४) बलेको आगो नै मुख भयेका,
(५) शोकै धपक्क पार्ने.
(६) भयंकर.
(७) पृथ्वी र आकाशको अन्तर.
(८) बेहोस (बिचेत)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तपाईंको यो अद्भुत र उग्र डर लागदो रूपलाई देखेर तिनै-लोक डरले व्याकुल र बेहोस भई-रहेको छ.

अमी हि त्वां सुरसंघा विशन्ति
　केचिद्भीताः प्राञ्जलयो गृणन्ति;
स्वस्तीत्युक्त्वा महर्षि-सिद्धसंघाः
　स्तुवन्ति त्वां स्तुतिभिः पुष्कलाभिः. (२१)

पस्छन् प्रभूमा इनि देव कोही,
　जप्छन् डरी हात जोडेर कोही;
स्वस्ती[1] भनी सिद्ध महर्षि[2] धेर,
　गर्छन् स्तुति स्तोत्रहरू जपेर.

अहो ! देवताहरुका समूह तपाईंमा प्रवेश गरी-रहेका छन्, अरु कुनै ता डरले हात जोडेर प्रार्थना गरी-रहेछन्, तेस्तै स्वस्ति स्वस्ति भन्दै महर्षि र सिद्धहरुको समाज अनेक प्रकारका स्तोत्रले तपाईंको नै स्तुति गरी-रहेको छ.

रुद्रादित्या वसवो ये च साध्या
　विश्वेऽश्विनौ मरुतश्चोष्मपाश्च;
गन्धर्वयक्षासुरसिद्धसंघा
　वीक्षन्ते त्वां विस्मिताश्चैव सर्वे. (२२)

---

(१) भलाई होस, भलाई होस !　　(२) ठुलाठुला ऋषिहरु.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आदित्य,[1] रुद्रा,[2]-ऽश्विन,[3] साध्य-वर्ग,[4]
 मरुत्,[5] विश्वे,[6] वसु,[7] पित्राादि[8] सर्व;
गन्धर्व,[9] यक्षा,-ऽसुर, सिद्ध-सङ्घ,[10]
 हेर्छन् सदा भित्र भयेर दङ्ग.

रुद्रगण, आदित्यगण, वसु, साध्यगण, विश्वेदेव, अश्विनीकुमार, मरुद्गण, पितृगण, गन्धर्व, यक्ष, राक्षस, सिद्ध इत्यादि फौजका फौज आश्चर्य भयेर तपाईं तिरै हेरी-रहेका छन्.

रूपं महत्ते बहुवक्त्रनेत्रं
 महाबाहो ! बहुबाहूरुपादम्;
बहूदरं बहुदंष्ट्राकरालं
 दृष्ट्वा लोकाः प्रव्यथितास्तथाऽहम्. (२३)

ठूलो अनेकोदर,[11] तिग्म-नेत्र,[12]
 अनेक-जङ्घा-भुज-पाल-वक्त्र;[13]
आकार दंष्ट्रा[14]-विकराल नाथ!
 हेरी, म छु व्याकुल लोक-साथ.

---

(१) द्वादश आदित्य.
(२) एकादश रुद्र.
(३) दुई अश्विनीकुमार.
(४) साध्यगण.
(५) उनञ्चास वायु.
(६) विश्वदेव.
(७) अष्टवसु.
(८) पितृहरु.
(९) किन्नर र दैत्यहरु.
(१०) सिद्धगणका समूह.
(११) धेरै पेटहरु भयेको.
(१२) ज्वाजल्य आँखा भयेको.
(१३) धेरै जाँघ-हात-पाउ-मुख भयेको.
(१४) दाह्राहरुले बडो भयंकर.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हे महाबाहू ! तपाईंको यो महान् (ज्यादै ठूलो) अनेक मुख-आँखा-जाँघ-पाऊ-पेटहरु भयेको र कडोरौं दाहा आयेको हुनाले ज्यादै डर लाग्दो, यो रूप देखेर सबै लोकलाई र मलाई पनी डर पैदा भई-रहेको छ.

नभः स्पृशं दीप्तमनेकवर्णं
व्यात्ताननं दीप्तविशालनेत्रम्;
दृष्ट्वा हि त्वां प्रव्यथितान्तरात्मा
धृतिं न विन्दामि शमं च विष्णो ! (२४)

आकाश छूने, मुख आँ-गरेको,
बल्दा ठुला नेत्रहरू धरेको;
हजूर, देखेर अनेक-रङ्ग,[1]
बिचेत छू, भो धृति-शान्ति-भङ्ग.[2]

आकाशलाई छुने, झकाझक परेको, नाना रङ्ग बिरङ्गको, मुख बाई-रहेको र धपधप बल्ने नेत्रले युक्त भयेको, तपाईंलाई देखेर अन्तरात्मा धब्डायेको छ. यसैले, हे विष्णू ! अहिले मलाई शान्ति र धैर्य केही छैन.

दंष्ट्राकरालानि च ते मुखानि
दृष्ट्वैव कालानलसन्निभानि;
दिशो न जाने न लभे च शर्म
प्रसीद देवेश ! जगन्निवास ! (२५)

(१) बहुरूपी. (२) धैर्य र शान्तिको नाश.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देखेर दाह्राहरुले कराल[१]-
कल्पा-ऽग्नि जस्ता मुख ती विशाल[२];
दिशा पनी जान्दिन, शान्ति हुन्न,
भै-बक्सनूहोस् भगवन् ! प्रसन्न.

दाह्राले बिकराल र प्रलयकालका अग्निले समान, इनी, तपाईंका मुख-हरुलाई देख्ना-साथ मलाई दिग्विदिशाहरुको ज्ञान हुँदैन र समाधान पनी हुँदैन. हे जगन्निवास, देवाधिदेव ! प्रसन्न हुनुहोस्.

अमी च त्वां धृतराष्ट्रस्य पुत्राः
सर्वे सहैवाऽवनिपालसंघैः
भीष्मो द्रोणः सूतपुत्रस्तथाऽसौ
सहाऽस्मदीयैरपि योधमुख्यैः. (२६)

इनी सारा कुरुभूपाल-पुत्र[३],
तेस्तै राजा गैह्र, त्यो सूत-पुत्र[४];
भीष्म, द्रोणाचार्य, ह्राम्रा प्रधान[५],
योद्धा-साथै[६] हत्पतायेर जान.

अहो गजब ! राजाहरुका फौजले सहित धृतराष्ट्रका दुर्योधनादि सब छोरा, भीष्म पितामह, द्रोणाचार्य, कर्ण उस तर्फका इनी र हामीतर्फ का पनी मुख्य-मुख्य सब योद्धाहरु साथसाथै.

---

(१) भयंकर प्रलयकालको आगो.
(२) ठूला.
(३) कुरुराज धृतराष्ट्रका छोराहरु.
(४) कर्ण.
(५) मुख्य.
(६) कडाकाहरुका साथ-साथै.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वक्त्राणि ते त्वरमाणा विशन्ति
दंष्ट्राकरालानि भयानकानि;
केचिद्विलग्ना दशनान्तरेषु
सन्दृश्यन्ते चूर्णितैरुत्तमाङ्गैः. (२७)

पस्छन् सबै[1] प्रभुका ती कराल-[2]
दंष्ट्रा-धारी मुखमा भै हवाल[3];
अड्केका छन् दाँतका-बीच कोही,
देखिन्छन् ती छिन्न-मस्तिष्क[4] कोही.

ई सब लडाका हजूरका भयङ्कर दाह्राले युक्त भयेका इनै धेर मुखमा धडाधड पसीरहेका छन्. अनी कुनै ता ती दाह्राका छिद्रमा अड्कियेर यस्ता देखियेका छन् कि, जस्का टाउका चकनाचूर भयेका छन्.

यथा नदीनां बहवोऽम्बुवेगाः
समुद्रमेवाऽभिमुखा द्रवन्ति;
तथा तवाऽमी नरलोकवीरा
विशन्ति वक्त्राण्यभिविज्वलन्ति. (२८)

जस्तो नदीका जलका प्रवाह
दगुर्दछन् सिन्धु-तिरै[5] अथाह[6];
तेस्तै इनी वीरहरू[7] अशेष[8],
गर्छन् ति बल्दा मुखमा प्रवेश.

(१) दुवै तर्फका योधाहरु.
(२) भयंकर दाह्राले युक्तभयेको.
(३) विवश.
(४) टाउको फुटेका.
(५) समुद्र तर्फ.
(६) ज्यादै.
(७) लोकका शूरवीरहरू.
(८) संपूर्ण.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तपाईंका इनी जोर-सँग धपधप बलेका मुखमा मनुष्यलोकका लडाका बहादुरहरु तेसै गरी तँछाड-मछाड-सित पसी-रहेका छन्, जस्तो कि, नदीका ठूला-ठुला प्रवाहहरु समुद्र तर्फ नै प्रवेश गर्नलाई धमाधम दौडन्छन्.

यथा प्रदीप्तं ज्वलनं पतङ्गा
विशन्ति नाशाय समृद्धवेगाः;
तथैव नाशाय विशन्ति लोका-
स्तवाऽपि वक्त्राणि समृद्धवेगाः. (२९)

जस्तै प्रदीप्ता-ऽनलमा पतङ्ग[1][2]
पस्छन् विनाशोन्मुख[3] वेग-सङ्ग;
तेस्तै सबै लोक विनाश-निंती
पस्छन् प्रभूका मुखमा स्वयं[4] तीं.

पुतलीहरु मर्नाका निमित्त बडो जोर सँग उँडेर गई, बल्दा अग्निमा जसरी पर्दछन्, तेस्तै हजूरका पनी ती अनेक मुखमा ई लोक मर्नाके निमित्त वेगपूर्वक दौडँदै धमाधम पसी-रहेका छन्.

लेलिह्यसे ग्रसमानः समन्ता-
ल्लोकान्समग्रान्वदनैर्ज्वलद्भिः;
तेजोभिरापूर्य जगत्समग्रं
भासस्तवोग्राः प्रतपन्ति विष्णो! (३०)

---

(१) बलेको आगोमा. (३) मर्न तत्पर भयेर.
(२) पुतलीहरु. (४) खुद आफैं.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ई लोक लप्काउनुहुन्छ खास,
हालेर बल्दा मुख-भित्र गास;
धपक्क ढाकीकन लोक[1]-जाल,
बल्छन् प्रभा[2] ती प्रभुका कराल.

हे विष्णू ! चारै-तिरबाट सब प्राणीलाई आफ्ना प्रज्वलित मुखमा हालेर, खराबर जिभ्राले स्वाद लिंइ-रहनुभयेको छ. अनी तपाईंका उग्र प्रभाहरु तेजले सारा जगत्‌लाई जतातती ढाकेर झल्झलाई-रहेछन्.

आख्याहि मे को भवानुग्ररूपो
नमोऽस्तु ते देववर ! प्रसीद;
विज्ञातुमिच्छामि भवन्तमाद्यं
न हि प्रजानामि तव प्रवृत्तिम्. (३१)

यस्तो उग्र[3] प्रभु को ? बोलनूहोस्,
पर्छु पाऊमा म खूसी हुनूहोस्;
गर्छु आद्य[4] प्रभुको जान्न चाह,
के चेष्टा यो प्रभुको ? छैन थाह.

मलाई आज्ञा होस् कि, यो उग्ररूप धारण गर्ने तपाई को हुनुहुन्छ ? हे देवदेवश्रेष्ठ ? तपाईंलाई नमस्कार गर्दछु. प्रसन्न हुनुहोस्. म जान्न-चाहन्छु कि, तपाई आदि-पुरुष कुन हुनुहुन्छ ? किन भने, म तपाईंको यहाँ प्रवृत्ति हुनामा कारण बिलकुल जान्दिन.

---

(१) स्वर्गादि सारा लोक.
(२) तेज.
(३) भयंकर स्वरूप लिने.
(४) सब भन्दा पहिलो.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मैले मारें, तिमी निमित्त मात्र होऊ-

भगवानुवाच-

कालोऽस्मि लोकक्षयकृत्प्रवृद्धो
लोकान्समाहर्तुमिह प्रवृत्तः ;
ऋतेऽपि त्वां न भविष्यन्ति सर्वे
येऽवस्थिताः प्रत्यनीकेषु योधाः. (३२)

काले[1] म हूँ लोक[2]विनाश-कारी,
छू लोक[3]नाशार्थ यहाँ तयारी;
कुनै रहन्नन् न भये पनी तिमी,
जो सैन्[4]यमा छन् बलिया पराक्रमी.

विश्वरूप भगवान्‌ले आज्ञा गर्नुभयो—म लोकहरुलाई नाश गर्ने बढेको 'काल' हूँ, यहाँ लोकहरूलाई संहार गर्नाको निमित्त प्रादुर्भाव भयेको छु. तिमी न होऊ त पनी अर्थात्—तिमी केही न गर ता पनी, सेनाहरुमा खडा भयेका ई सब योद्धा कुनै रहनेछैनन् अर्थात्—सबै मारिनेछन्.

तस्मात्त्वमुत्तिष्ठ यशो लभस्व
जित्वा शत्रून्भुङ्क्ष्व राज्यं समृद्धम् ;
मयैवैते निहताः पूर्वमेव
निमित्तमात्रं भव सव्यसाचिन् ! (३३)

---

(१) मृत्युको देवता-
(२) लोकसंहारी.
(३) जगत् नाश गर्नेलाई.
(४) फौजमा.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सब गर्ने म हूं, तिमी निमित्त बन ।

तस्मात्त्वमुत्तिष्ठ यशो लभस्व जित्वा शत्रून्भुंक्ष्व राज्यं समृद्धम् । अ. ॥११॥
मयैवैते निहताः पूर्वमेव निमित्तमात्रं भव सव्यसाचिन् ॥३३॥

तसर्थ चाँडो उठ, कीर्ति पाऊ, वैरी जिती राज्य ठुलो चलाऊ;
मारी रहेंछू पहिले इ मैले, निमित्त मात्रै बन पार्थ ! औहे ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तसर्थ चाँडो उठ, कीर्ति पाऊ,
वैरी जिती, राज्य ठुलो चलाऊ;
मारी-रहेंछु पहिल्यै इ मैले,
निमित्त-मात्र बन पार्थ ! अैहे.

यस कारण तिमी उठ, नाम कमाऊ, शत्रुहरुलाई जिती धनधान्य-पूर्ण राज्यको उपभोग गर. मैले तिम्रा ती शत्रुलाई पहिले नै मारी-सकेको छु. यस निमित्त, अब हे सव्यसाची (निसाना नचूक्ने बहादुर अर्जुन) तिमी केवल निमित्त-मात्र हुनलाई अगाडी सर.

द्रोणं च भीष्मं च जयद्रथं च
कर्णं तथाऽन्यानपि योधवीरान्;
मया हतांस्त्वं जहि मा व्यथिष्ठा
युद्धयस्व जेतासि रणे सपत्नान्. (३४)

श्रीभीष्मजी, द्रोण र कर्ण-वीर,
जयद्रथादी सब शूर-वीर;
मरी सके, फिक्रि न मान, मार,
लडे जितौला रिपु जोरदार.

मैले द्रोणाचार्य, भीष्म, जयद्रथ, कर्ण र अरु तेस्तै धेरै शूर-वीर लडाकाहरुलाई पनी अघी नै मारी-सकेको छु. तिनीहरुलाई तिमी मार, न घबडाऊ, युद्ध गर. तिमी लडाईंमा शत्रुहरुलाई जितेछौ.

---

(१) आँखीले देख्दा गार्नामा कारण जस्तो मात्र.
(२) बहादुर.
(३) शत्रु.
(४) कहियो.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

फेरी अर्जुनको स्तुति र प्रार्थना-

सञ्जय उवाच-

एतच्छ्रुत्वा वचनं केशवस्य
कृताञ्जलिर्वेपमानः किरीटी;
नमस्कृत्वा भूय एवाऽऽह कृष्ण
सगद्गदं भीतभीतः प्रणम्य. (३५)

यस्तो सुनी कृष्णको दिव्य बात,
काँपेका ती पार्थ जोडेर हात;
फेरी लागे भन्न पाउ परेर,
[1]सगद्गद-स्वरले क्यै डरेर.

सञ्जयले बिन्ती गरे—महाराज ! केशव भगवान्‌को यस्तो बोली सुनेर, अर्जुन अत्यन्त भयभीत भये. गलो रोकियेर, थर्थरी काँप्दै, हात जोडेर नमस्कार गर्दै, तिनी श्रीकृष्ण सँग नम्र भई फेरी बिन्ती गर्नलागे.

अर्जुन उवाच-

स्थाने हृषीकेश ! तव प्रकीर्त्या
जगत्प्रहृष्यत्यनुरज्यते च;
रक्षांसि भीतानि दिशो द्रवन्ति
सर्वे नमस्यन्ति च सिद्धसंघाः. (३६)

---

(१) डरले झुट्टमा भक्कानु परी स्पष्ट न भयेको बोलीले.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हजूरको कीर्तन गर्छ नाथ !
जगत् खुसी भै[1] अनुरक्ति-साथ;
पुग्छन् डरी राक्षस दिग्दिगन्त,[2]
प्रणाम गर्छन् सब साधु-सन्त.

अर्जुनले विन्ती गरे—हे हृषीकेश ! सब जगत् हजूरको गुण-कीर्तनले प्रसन्न (खुसी) छ, र उसमा अनुरक्त रहेको छ; राक्षसहरु तपाईंलाई देखेर डराई, दशदिशामा भाग्न लागेका छन्, सिद्ध पुरुषहरुका समाज तपाईंलाई नै नमस्कार गर्न लागेका छन्.

कस्माच्च ते न नमेरन्महात्मन् !
गरीयसे ब्रह्मणोऽप्यादिकर्त्रे;
अनन्त, देवेश, जगन्निवास !
त्वमक्षरं सदसत्तत्परं यत्. (३७)

ब्रह्माजीको प्रभु कर्ता[3] महात्मन् !
यहाँलाई कसरी ती न मानुन् ?
असत्[4], सत्[5] वा परको अक्षरात्मा,[6]
देवाधीश,[7] प्रभु, लोकान्तरात्मा.[8]

हे महात्मा ! तपाईं ब्रह्माजीका पनी आदिकारण र उ-भन्दा पनी श्रेष्ठ हुनुहुन्छ. तपाईंलाई ती सबैले नमस्कार किन न गरुन् ? हे अनन्त ! देवेश !

(१) प्रेमपूर्वक.
(२) दिग्दिशाका छेऊ.
(३) बनाउने.
(४) नाशवान्.
(५) अविनाशी.
(६) कहिल्यै न नाशिने चिद्घनरूप.
(७) देवताका अधीश्वर.
(८) लोकका अन्तःकरणरूप.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हे जगन्निवास ! सत् र असत् तपाईं नै हुनुहुन्छ. अनी ई दुवै भन्दा पर रहेको जो अक्षर छ, त्यो पनी तपाईं नै हुनुहुन्छ.

त्वमादिदेवः पुरुषः पुराण-
स्त्वमस्य विश्वस्य परं निधानम्;
वेत्तासि वेद्यं च परं च धाम
त्वया ततं विश्वमनन्तरूप ! (३८)

हजूर नै पूरुषमा पुराण,
हजूर देवादि[1], जगन्निधान[2];
हजूर वेत्ता[3], फिर वेद्य[4], धाम[5],
हजूरले व्याप्त[6] छ यो तमाम.

हे अनन्तरूप ! तपाईं नै आदिदेव, पुरातन पुरुष, यस जगत्को परम आधार, जान्ने र जान्न योग्य वस्तु, तेस्तै श्रेष्ठ स्थान हुनुहुन्छ. अनी तपाईंले नै यस जगत्लाई विस्तार या व्याप्त गर्नुभयेको छ.

वायुर्यमोऽग्निर्वरुणः शशांकः
प्रजापतिस्त्वं प्रपितामहश्च;
नमो नमस्तेऽस्तु सहस्रकृत्वः
पुनश्च भूयोऽपि नमो नमस्ते. (३९)

---

(१) देवताका आदि.
(२) जगत्का कारण.
(३) जान्ने.
(४) जान्न लायक.
(५) स्थान.
(६) ढाकियेको.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जलेश[१], वायू, यम, अग्नि, चन्द्र,
ब्रह्मा, वैराज्यू[२] सबका हजूर;
प्रभो ! नमस्कार हजार-फेर,
फेरी नमस्कार छ धेर-धेर.

वायु, यमराज, अग्नि, वरुण, चन्द्र, ब्रह्मा र सबको पूर्वपुरुषा पनी तपाईं नै हुनुहुन्छ. तपाईंलाई हजारौं पटक नमस्कार छ. फेरी त्यो भन्दा पनी धेरै धेरै नमस्कार छ.

नमः पुरस्तादथ पृष्ठतस्ते
नमोऽस्तु ते सर्वत एव सर्व !
अनन्तवीर्यामितविक्रमस्त्वं
सर्वं समाप्नोषि ततोऽसि सर्वः. (४०)

प्रभो ! अगाडी र अनी पछिल्तिर,
प्रणाम चौर-तिर गर्दछु फिर;
अनन्त छन् शक्ति, अनन्त वीर्य[३],
ढाक्दा सबै लोक कहन्छ 'सर्व'[४].

हे सर्वात्मक ! तपाईंलाई अघिल्तिरबाट र पछिल्तिरबाट पनी नमस्कार छ, फेरी जतातैबाट पनी नमस्कार छ, तपाईंको शक्ति अनन्त छ, तपाईंको पराक्रम अतुल छ. सबलाई व्याप्त गरेर रहनुभयेको हुनाले 'सर्व' भनिने पनी तपाईं नै हुनुहुन्छ.

---

(१) वरुण.
(२) प्रपितामह.
(३) पराक्रम.
(४) सर्व स्वरूप.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सखेति मत्वा प्रसभं यदुक्तं
हे कृष्ण ! हे यादव ! हे सखेति;
अजानता महिमानं तवेदं
मया प्रमादात्प्रणयेन वाऽपि. (४१)

मैले गरें जो अघि साथि ठानी,
हजूरको यो महिमा न जानीं;
प्रमाद[2] वा प्रेम[3] हुँदा, सखा[4] ! र
हे कृष्ण[5] ! हे यादव[6] ! यो पुकार.

तपाईंको यस महिमा (माहात्म्य) लाई न जानी, केवल साथी सँझेर, प्यारले अथवा भूलले हे कृष्ण ! ए यादव ! ओ सँगी ! इत्यादि जो कुछ मैले भनेको छु त्यो र.

यच्चाऽवहासार्थमसत्कृतोऽसि
विहारशय्यासनभोजनेषु;
एकोऽथवाऽप्यच्युत ! तत्समक्षं
तत्क्षामये त्वामहमप्रमेयम्. (४२)

विहार-शय्या-सन-भोज[7] गर्दा,
एकान्त वा सर्व-समक्ष[8] पर्दा;
हेलाँ गरें जो परिहास[9]लाई,
माफी मिलोस् अच्युत[10] ! त्यो मलाई.

(१) महत्त्वपना.
(२) बेहोस.
(३) प्यार.
(४) ए सँगी !
(५) ए काले !
(६) ए यदुवंशी !
(७) घुम्नू–सुत्नू–बस्नू–खानूपिनू.
(८) सबैको सामने.
(९) ठट्टाका लागी.
(१०) केही कुरामा पनी न चूक्ने ईश्वर !

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हे अच्युत ! आहार- विहारमा, सुत्दा-वस्दामा, एकलै भयेको वेलामा अथवा धेरैका सामनेमा पनी मैले हस्सी दिल्लगीमा तपाईंको अपमान गरेको हूँला, त्यो सब अहिले म तपाईं सँग माफ माग्दछु.

पिताऽसि लोकस्य चराचरस्य
त्वमस्य पूज्यश्च गुरुर्गरीयान्;
न त्वत्समोऽस्त्यभ्यधिकः कुतोऽन्यो
लोकत्रयेऽप्यप्रतिमप्रभाव:. (४३)

संसारको पूज्य पिता हजूर,
सर्वोच्च आचार्य पनी हजूर;
बढ्ता कहाँ को ? प्रभुतुल्य सम्म
देखिन्न, सामर्थ्य अहो अगम्य !

यस चराचर जगत्को पिता तपाईं नै हुनुहुन्छ, तपाईं पूज्य र गुरुका पनी गुरु हुनुहुन्छ, तिनै-लोक भरीमा तपाईं-बराबरको अर्को कोही छैन भने, फेरी हे अतुप्रभाव ! तपाईं भन्दा बढ्ता को कहाँबाट हुन सक्ला ?

तस्मात्प्रणम्य प्रणिधाय कायं
प्रसादये त्वामहमीशमीड्यम्;
पितेव पुत्रस्य सखेव सख्युः
प्रियः प्रियायाऽर्हसि देव ! सोढुम्. (४४)

---

(१) पूजा गर्न योग्य.
(२) गुरु.
(३) हजूर बराबरीको.
(४) गम पाउन न सकिने,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पस्तेर साँहे, शिर यो झुकाई,
मनाउँछू स्तुत्य[1] हजूरलाई;
सखा[2] सँगीको, सुतको[3] पिता झैं,
कसूर- मेरो[4] सहि बक्सियोस् है !

तपाईं स्तुति गर्न योग्य र सामर्थ्यवान् पनी हुनुहुन्छ, यसै-उस्ले म शरीरै निहुरायेर नमस्कार गर्दै हजूरमा प्रार्थना गर्दछु कि, प्रसन्न भई-बक्सियोस्, जसरी पिताले आफ्नू छोराको र सँगीले आफ्नू सँगीको अपराध क्षमा गर्दछ, तेस्तै गरी, हे देव ! प्रेम गर्ने हजूरले आफ्नू प्रेमपात्र मेरा उपर पनी सब अपराध (कसूर) क्षमा गरी बक्सनुपर्दछ.

अदृष्टपूर्वं हृषितोऽस्मि दृष्ट्वा
भयेन च प्रव्यथितं मनो मे;
तदेव मे दर्शय देव ! रूपं
प्रसीद देवेश ! जगन्निवास ! (४५)

खुसी भयें देखि अदृष्टरूप[5],
झस्क्यो डराई तर चित्त[6] खूप;
देखाउँनूहोस् उँहि रूप खास,
प्रसन्न भै नाथ ! जगन्निवास !

---

(१) स्तुति गर्न योग्य.
(२) सँगी.
(३) छोराको
(४) प्रेमीको.
(५) नदेखियेको स्वरूप.
(६) मन.
(७) पहिलेको.
(८) मालीक.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भगवान् विष्णुरूपमा

स्वयं गदा-चक्रहरू लियेको, किरीटले उज्ज्वल भै-रहेको ;
उही परं-सुन्दर, चार-बाहु, स्वरूपको दर्शन गर्न पाऊँ । (गीता ११ । ४६)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कहिल्यै पनी न देखियेको रूप देखेर, मलाई हर्ष भयेको छ, परन्तु डरले मेरो मन आत्तियेको पनी छ. हे जगन्निवास, देवाधिदेव ! प्रसन्न हुनुहोस् र हे देव ! आफ्नू उही पहिलेको स्वरूप देखाउँनुहोस्.

किरीटिनं गदिनं चक्रहस्त-
मिच्छामि त्वां द्रष्टुमहं तथैव;
तेनैव रूपेण चतुर्भुजेन
सहस्रबाहो ! भव विश्वमूर्ते ! (४६)

स्वयं गदा-चक्रहरू लियेको,
किरीटले उज्ज्वल भै-रहेको;
उही पर[1]-सुन्दर, चारबाहु[2]-
स्वरूपको दर्शन गर्न पाऊँ.

म पहिलेको जस्तै किरीट पैहेको, बाहुमा चक्र र गदा लियेको, हजूर-लाई दर्शन गर्न चाहन्छु. यस कारण, हे सहस्रबाहू, विश्वमूर्ती ! तेही चतुर्भुज रूपले प्रकट हुनुहोस्.

भक्तिले मात्र विश्वरूप देखिन्छ-

भगवानुवाच-

मया प्रसन्नेन तवाऽर्जुनेदं
रूपं परं दर्शितमात्मयोगात्;
तेजोमयं विश्वमनन्तमाद्यं
यन्मे त्वदन्येन न दृष्टपूर्वम्. (४७)

(१) अत्यन्तै राम्रो. (२) चतुर्बाहुस्वरूपको.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रसन्न भै योग[1] लिई अनूप[2],
अनन्त, तेजोमय[3], विश्वरूप;
देखाइयो आदिम[4]-रूप मैले,
न देखियेको अघि यो कसैले.

भगवान्ले आज्ञा गर्नुभयो—हे अर्जुन ! तिमी माथी प्रसन्न भएर, यो तेजोमय, अनन्त, आद्य र श्रेष्ठ विश्वरूप आफ्नू अलौकिक योगसाम्यर्थ्यबाट मैले तिमीलाई देखायेको हूँ. यो रूप तिमी बाहेक अरू कसैले पनी पहिले देखेको थियेन.

न वेदयज्ञाध्ययनैर्न दानै-
र्न च क्रियाभिर्न तपोभिरुग्रैः ;
एवंरूपः शक्य अहं नृलोके
द्रष्टुं त्वदन्येन कुरुप्रवीर ! (४८)

ती वेद-यज्ञ-स्तुति-दान-पाठ-
क्रिया[5]-तपस्याहरु गैह्रबाट;
यस्तो म देख्नै अरुले सकिन्न,
तिमी विना पार्थ ! न होउ खिन्न[6].

हे कुरुवीरहरुमा श्रेष्ठ, अर्जुन ! मनुष्यलोकमा यस किसीमको स्वरूप (विश्वरूप) कसैले वेदपाठ, यज्ञहरु, स्वाध्याय, दान, कर्म अथवा ठुला-

(१) ईश्वरीय शक्ति.
(२) अनौठा.
(३) तेजतेजले युक्त.
(४) पहिलो स्वरूप.
(५) कर्म.
(६) दिक्दार.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ठुला उग्र-तपस्या इत्यादि गरेर पनी देख्न शक्दैन, जुन रूपलाई तिमीले अहिले देखेका छौ.

मा ते व्यथा मा च विमूढभावो
दृष्ट्वा रूपं घोरमीदृङ् ममेदम्;
व्यपेतभीः प्रीतमनाः पुनस्त्वं
तदेव मे रूपमिदं प्रपश्य. (४९)

नहोउ सन्तप्त[1] विमूढ[2] जस्तो,
देखेर यो घोर-सरूप यस्तो;
निर्धक्क[3] निःशंक[4] खुसी-भयेर,
यो शान्त मेरो उहि रूप हेर.

मेरो यस्तो घोर (भयंकर) रूपलाई देखेर आफ्ना चित्तमा व्यथा (दुःख-दिग्दारी) प्रवेश गर्न न देऊ र यसरी मूढो-जस्तो न होऊ. डर हटायेर, खुसी मनले युक्त भई, मेरो उही पहिलेको स्वरूपलाई तिमी हेर.

सञ्जय उवाच-

इत्यर्जुनं वासुदेवस्तथोक्त्वा
स्वकं रूपं दर्शयामास भूयः;
आश्वासयामास च भीतमेनं
भूत्वा पुनः सौम्यवपुर्महात्मा. (५०)

(१) सन्ताप लियेको.
(२) बेहोस
(३) न दहकसाई.
(४) शंका नमानी.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस्तो भनी पार्थमा फेरि खास,
गर्नूभयो आत्मरूप-प्रकाश;[1]
ती भीत,[2] कुन्तीसुतलाइ भूप !
फुल्याउँनूभो लिइ सौम्य-रूप.[3]

सञ्जयले बिन्ती गरे—महाराज ! यती भनेर भगवान् वासुदेवले अर्जुनलाई फेरी आफ्नू पहिलेको स्वरूप देखाउँनुभयो र अनी सौम्य (शान्त) रूप धारण गरेर, महात्मा ईश्वरले डरायेका अर्जुनलाई धैर्य पनी दिलाउनुभयो.

अर्जुन उवाच-

दृष्ट्वेदं मानुषं रूपं तव सौम्यं जनार्दन !
इदानीमस्मि संवृत्तः सचेताः प्रकृतिं गतः. (५१)

मनुष्यरूप प्रभुको देखी यो सौम्य माधव !
म झल्याँस्स-भई ज्यूतें, आयें प्रकृतिमा[4] अब.

अर्जुनले बिन्ती गरे—हे जनार्दन ! तपाईंको यो राम्रो र मनुष्यदेह धारण गर्ने रूपलाई देखेर, अब मन ठेगानमा आयो. अहिले म पहिलेको जस्तै सावधान भयेको छु.

देवता पनी विश्वरूप देख्न चाहन्छन्-

भगवानुवाच-

सुदुर्दर्शमिदं रूपं दृष्टवानसि यन्मम;
देवा अप्यस्य रूपस्य नित्यं दर्शनकांक्षिणः. (५२)

(१) आफ्नू स्वरूपको प्रकट.
(२) डरायेका.
(३) शान्तियुक्त राम्रो स्वरूप.
(४) स्वभावमा.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

न देखीसक्नु जो मेरो देख्यौ यो रूप अर्जुन !
देवता पनि चाहन्छन् यसैको नित्य दर्शन.

भगवान्‌बाट आज्ञा गर्नुभयो—मेरो जुन रूपलाई तिमीले देख्यौ, यस्को दर्शन पाउनू बहुतै कठिन छ. देवता पनी यो रूप देख्नलाई सर्वदा इच्छा (चाहना) गरी रहन्छन्.

नाऽहं वेदैर्न तपसा न दानेन न चेज्यया;
शक्य एवंविधो द्रष्टुं दृष्टवानसि मां यथा; (५३)

न वेद-तपले, दान-यज्ञले न त रूप यो;
मेरो देखिन्छ, हेपार्थ ! तिमीले जुन देखियो.

जस्तो तिमीले विश्वरूपी मलाई देख्यौ, तेसरी वेदहरुले, तपस्याले, दानले अथवा यज्ञले पनी कोही मलाई देख्न सक्दैन.

भक्त्या त्वनन्यया शक्य अहमेवंविधोऽर्जुन !
ज्ञातुं द्रष्टुं च तत्वेन प्रवेष्टुं च परन्तप ! (५४)

यस्तो म देख्न वा जान्न, ईयत्ता-साथ पाउँन;
अनन्य-भक्तिले मात्र सकिन्छू, बुझ अर्जुन !

हे परन्तप, अर्जुन ! केवल एकत्वभक्तिले मात्र यस प्रकार मेरो ज्ञान हुनू, मलाई देख्नू र ममा तत्वले प्रवेश गर्नू पनी संभव हुन सक्दछ.

---

(१) विश्वरूप.
(२) सधैं.
(३) तत्वपूर्वक.
(४) अन्य चित्त नादिइयेको एकाग्रभक्तिले.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सबको सार अन्तिम उपदेश-

मत्कर्मकृन्मत्परमो मद्भक्तः सङ्गवर्जितः ;
निर्वैरः सर्वभूतेषु यः स मामेति पाण्डव ! (५५)

[१]सङ्ग छोडेर, जो भक्त मै-संझी कर्म गर्दछ;
सबमा जो छ [२]निर्वैर, त्यो मैमा पार्थ ! मिल्दछ.

हे पाण्डव ! जो यस्तो बुद्धिले कर्म गर्दछ कि, सब कर्म मेरा अर्थात्-ईश्वरका हुन्, फेरी जो मत्परायण र आसक्तिले रहित छ, अनी जो सब प्राणीमा वैरभाव राख्दैन, त्यो मेरो भक्त ममा नै मिल्न आउँदछ. (४६९)

इति श्रीमद्भगवद्गीतायाः 'विश्वरूप-दर्शनयोगः'

एकादशोऽध्यायः (११)

इति कोमलगीता 'विश्वरूप-दर्शनयोग'

एकादश (११)

---

(१) फलमा आसक्ति (कालचा). (२) वैरभाव न राख्ने.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भगवान्का भक्त ।

समः शत्रौ च मित्रे च तथा मानापमानयोः । अ. ॥१२॥
शीतोष्णसुखदुःखेषु समः संगविवर्जितः ॥१८॥

शत्रुमा मित्रमा तुल्य, शीतोष्ण-सुख-दुःखमा;
निन्दा र स्तुतिमा तुल्य, तुल्यै मानापमानमा ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ॐ

श्रीमद्भगवद्गीता.

कोमलगीता.

भक्तियोग (१२)

व्यक्त, अव्यक्त कुनको उपासना श्रेष्ठ ?-

अर्जुन उवाच-

एवं सततयुक्ता ये भक्तास्त्वां पर्युपासते;
ये चाऽप्यक्षरमव्यक्तं तेषां के योगवित्तमाः. (१)

प्रभुका[1] भक्त[2] यस्ता र अव्यक्त[3]-ब्रह्म-साधक;
ती योगी दुइमा कृष्ण ! कुन हुन् श्रेष्ठ साधक[4] ?

अर्जुनले सोधे—यस प्रकार सँग सधैं युक्त अर्थात्–योगयुक्त भयेर, जो भक्त तपाईंको (साकारको) उपासना गर्दछन् र जो अव्यक्त (निराकार ब्रह्म) को उपासना गर्दछन्, तिन्मा उत्तम कर्मयोगवेत्ता कुन हुन् ?

---

(१) सगुण ब्रह्मका
(२) उपासना गर्ने
(३) निर्गुण ब्रह्मका उपासक.
(४) योग सिद्ध गर्ने.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दुईमा व्यक्तोपासना सुलभ छ-

भगवानुवाच-

मय्यावेश्य मनो ये मां नित्ययुक्ता उपासते;
श्रद्धया परयोपेतास्ते मे युक्ततमा मताः. (२)

जो ममा मन राखेर, श्रद्धा लीकन भज्दछन्;
ती युक्त-चित्त[१] योगी[२] नै योग जान्ने ठहर्दछन्.

भगवान्‌ले आज्ञा गर्नुभयो—ममा मन लगायेर, सदा युक्तचित्त भई, ठुलो श्रद्धा सँग जो मेरो उपासना गर्दछन्, ती मेरा मतमा सब भन्दा उत्तम युक्त अर्थात्–योगी ठहर्दछन्.

ये त्वक्षरमनिर्देश्यमव्यक्तं पर्युपासते;
सर्वत्रगमचिन्त्यं च कूटस्थमचलं ध्रुवम्. (३)

जो अप्रत्यक्ष[३], अव्यक्त, सर्वव्यापी, निरञ्जन[४];
मूल, निश्चल[५], नित्य, भज्छन् अक्षर[६] अर्जुन !

सन्नियम्येन्द्रियग्रामं सर्वत्र समबुद्धयः;
ते प्राप्नुवन्ति मामेव सर्वभूतहिते रताः. (४)

ती सर्वेन्द्रिय[७] रोकेर बुद्धि ली सबमा सभा[८];
साराको हितमा लाग्ने, आईपुग्छन् सबै ममा.

---

(१) निष्काम कर्मले ठीक चित्त भयेका.
(२) कर्मयोगी.
(३) न देखिने.
(४) इन्द्रियको गति पुग्न न सक्ने.
(५) स्थिर.
(६) अक्षर ब्रह्म.
(७) सारा इन्द्रिय.
(८) बराबरी.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परन्तु, जो पुरुष, अनिर्देश अर्थात्–प्रत्यक्ष न देखिने, अव्यक्त, सर्वव्यापी, अचिन्त्य र कूटस्थ अर्थात्–सबको मूलस्वरूप, अचल र नित्य अक्षरको अर्थात्–ब्रह्मको उपासना सब इन्द्रियलाई रोकेर, सर्वत्र समबुद्धि राख्दै, गर्दछन् ; ती सब प्राणीका हितमा तत्पर रहनेहरु पनी मलाईनै पाउँदछन्.

क्लेशोऽधिकतरस्तेषामव्यक्तासक्तचेतसाम् ;
अव्यक्ता हि गतिर्दुःखं देहवद्भिरवाप्यते. (५)

[1]अव्यक्त भज्ने योगीमा बहुतै दुःख पर्दछ;
[2]अव्यक्त-मार्ग [3]देहीको [4]कष्ट-साध्य ठहर्दछ.

तेस्तै हो त पनी, तिन्को चित्त अव्यक्तमा आसक्त रहेको हुनाले, कष्ट ज्यादै पर्दछ, किनभने, व्यक्तदेहधारी मनुष्यहरुलाई अव्यक्तोपासनाको मार्ग कष्ट सँग मात्र सिद्ध हुन सक्दछ.

ये तु सर्वाणि कर्माणि मयि संन्यस्य मत्पराः ;
अनन्येनैव योगेन मां ध्यायन्त उपासते. (६)

जस्ले सारा कर्मलाई, गरी मैमा समर्पण;
[5]अनन्य-योगले मेरो गर्छन् ध्यान-[6]उपासन.

तेषामहं समुद्धर्ता मृत्युसंसारसागरात्;
भवामि न चिरात्पार्थ ! मय्यावेशितचेतसाम्. (७)

---

(१) निर्गुणब्रह्म.
(२) थाहा न भयेको बाटो.
(३) व्यक्तदेह लिनेको.
(४) दुःखले पार गर्न सकिने.
(५) अन्यत्र न गयेको एकाग्र मनले.
(६) सेवा.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विलम्ब न गरी मृत्यु-संसारोदधिबाट म;[1]
ती म-भन्नेहरूलाई उतार्दछु संसंभ्रम.[2]

परन्तु, जो ममा सब कर्मको संन्यास अर्थात्—समर्पण गरेर, मत्परायण हुँदै, अनन्ययोगले (एकत्व भक्तिले) मेरो ध्यान गरी, मलाई भज्दछन्, हे पार्थ ! ममा चित्त लगाउने तिनीहरुलाई म यो मृत्युमय संसाररूपी महासागरबाट विलम्ब न गरी उद्धार गर्दछु.

मय्येव मन आधत्स्व मयि बुद्धिं निवेशय;
निवसिष्यसि मय्येव अत ऊर्ध्वं न संशयः; (८)

मन राख ममा, मैमा बुद्धि राख, धनञ्जय !
अनी पछि तिमी मैमा बस्नेछौ, छैन संशय.[3]

यस कारण, ममा नै मन लगाऊ. ममा नै बुद्धि स्थिर गरी राख. यसो गर्‍यौ भने, तिमी अवश्यमेव ममा नै वास गर्नेछौ.

अभ्यासादिमा कर्मफलत्याग श्रेष्ठ-

अथ चित्तं समाधातुं न शक्नोषि मयि स्थिरम्;
अभ्यासयोगेन ततो मामिच्छाऽऽप्तुं धनञ्जय ! (९)

सक्तैनौ यदि यो चित्त स्थिर गर्न ममा भने;
अभ्यास-योगले[4] पार्थ ! इच्छा राख म-पाउने.

(१) जन्म-मरणले युक्त भयेको संसाररूपी ठुलो समुद्रबाट. (३) सन्देह.
(२) हड्बडाउँदै. (४) लगातार कोसिसले.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अब यसरी ममा एकाग्रताले चित्तलाई स्थिर गर्न सकियेन भने, हे धनञ्जय ! अभ्यासको सहायताले अर्थात्–वारंबार कोसिस गरेर मलाई पाउँनाको आशा राख.

अभ्यासेऽप्यसमर्थोऽसि मत्कर्मपरमो भव;
मदर्थमपि कर्माणि कुर्वन्सिद्धिमवाप्स्यसि. (१०)

अभ्यास गर्न न सके, म-मिल्ने-कर्म नै गर;
मेरा निंती गरी कर्म, पाउला सिद्धि सत्वर.

यदि तिमी अभ्यास गर्नलाई पनी समर्थ छैनौ भने, मलाई प्राप्त गर्न शास्त्रमा बताइयेका ज्ञान-ध्यान-भजन-पूजा-पाठ इत्यादि कर्म गर. मेरा निमित्त ई कर्म गर्नाले पनी तिमी सिद्धि पाउँनेछौ.

अथैतदप्यशक्तोऽसि कर्तुं मद्योगमाश्रितः;
सर्वकर्मफलत्यागं ततः कुरु यतात्मवान्. (११)

यो पनी न सके गर्न, मेरा योग लिईकन;
सारा कर्मफल-त्याग गर निष्काम भैकन.

परन्तु, यस्तो गर्न पनी तिमी असमर्थ छौ भने, उद्योग (मदर्पणपूर्वक-योग) अर्थात्–कर्मयोगको आश्रय गरेर, यतात्मा बनेर, अर्थात्-क्रमशः चित्तलाई रोक्दै, आखिरमा सब कर्मका फललाई त्याग गरी-देऊ.

श्रेयो हि ज्ञानमभ्यासाज्ज्ञानाद्ध्यानं विशिष्यते;
ध्यानात्कर्मफलत्यागस्त्यागाच्छान्तिरनन्तरम्. (१२)

---

(१) चाँडो. (२) कामनारहित.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अभ्यास, ज्ञान र ध्यान, फलको त्याग येतिमा;
उत्तरोत्तर[1] छन् श्रेष्ठ, त्यागैले पुग्छ शान्तिमा.

किन भने, अभ्यास भन्दा ज्ञान श्रेष्ठ छ; ज्ञान भन्दा ध्यानको योग्यता अधिक छ; ध्यानको अपेक्षा कर्मफलको त्याग उत्तम छ. यही कर्मफलको त्यागबाट तुरुन्त नै शान्ति प्राप्त हुन्छ.

भक्तका स्थिति र भगवान्का प्यारा-

अद्वेष्टा सर्वभूतानां मैत्रः करुण एव च;
निर्ममो निरहंकारः समदुःखसुखः क्षमी. (१३)

कसैमा द्वेष[2] न लिने, दयावान्[3], मित्र, निर्मम[4];
क्षमावान्[5], निरहंकार[6], सुख-दुःखादिमा सम[7].

जो कसैलाई द्वेष पनी गर्दैन, जो सबै सित मित्रताको भावले वर्ताव गर्दछ, जो ममत्वबुद्धि र अहङ्कारले रहित छ, र जो सुख दुःखमा समान र सहनशील छ.

सन्तुष्टः सततं योगी यतात्मा दृढनिश्चयः;
मय्यर्पितमनोबुद्धिर्यो मे भक्तः स मे प्रियः. (१४)

सन्तोषी, नित्य-युक्तात्मा[8], संयमी[9], दृढ-निश्चय[10];
मन-बुद्धि ममा राख्ने, भक्त मेरो छ त्यो प्रिय.

(१) पछिल्लो पछिल्लो.
(२) डाह.
(३) दयालु.
(४) ममता न भयेको.
(५) सहने,
(६) अहंकारले रहित.
(७) बराबर.
(८) कर्मयोग गर्ने.
(९) इन्द्रिय रोक्ने.
(१०) एकमा पक्का निश्चय गर्ने,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जो सदा सन्तुष्ट छ, जो इन्द्रिय निग्रह गर्ने र दृढनिश्चयी बनेको छ; जस्ले आफ्नू बुद्धि र मन ममा अर्पण गरेको छ, तेस्तो कर्मयोगी भक्त मलाई प्यारा लाग्दछ.

यस्मान्नोद्विजते लोको लोकान्नोद्विजते च यः ;
हर्षामर्षभयोद्वेगैर्मुक्तो यः स च मे प्रियः. (१५)

झिजिन्न लोके[1] जस्बाट, लोकदेखी झिजिन्न जो;
भय-हर्षादिले[2] शून्य[3], त्यो मेरो प्रिय भक्त हो.

जस्बाट न त लोकहरुलाई क्लेश हुन्छ; र जो न त लोकहरुबाट क्लेश पाउँदछ, अनी यस्तै जो हर्ष-भय क्रोध र दिग्दारीले रहित भयेको छ, त्यही पुरुष मेरो प्यारो छ.

अनपेक्षः शुचिर्दक्ष उदासीनो गतव्यथः ;
सर्वारंभपरित्यागी यो मद्भक्तः स मे प्रियः. (१६)

मेरो त्यही भक्त मलाई प्यारो छ कि, जो निरपेक्ष अर्थात्–केही चाँहदैन, पवित्र र दक्ष छ अर्थात्–कुनै काम पनी आलस्य छोडेर गर्दछ, जो फलको विषयमा उदासीन छ, जस्लाई कुनै पनी विकारले डगाउँन सक्दैन; र जस्ले काम्यफलका सब आरंभ अर्थात्-उद्योगलाई छोडी-दियेको छ;

अविकारी[4], उदासीन[5], पवित्र, निरपेक्षक[6];
दक्ष[7], कर्मफलत्यागी[8], भक्त हुन्छ बडो प्रिय.

(१) दुनियाँ.
(२) डर-हर्ष-रीस-खेदले.
(३) रहित भयेको.
(४) सुख दुःखमा मन न बिग्रने.
(५) कर्मफलको धारना न राख्ने.
(६) काम्यफल छोड्ने.
(७) चतुर.
(८) कर्मफल त्याग गर्ने.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यो न हृष्यति न द्वेष्टि न शोचति न कांक्षति;
शुभाशुभपरित्यागी भक्तिमान्यः स मे प्रियः. (१७)

जो न खुस छ, न द्वेष-शोक-इच्छादि गर्दछ;
शुभा-ऽशुभफल-त्यागी, भक्त प्यारो ठहर्दछ.

जो न केही पाई खुस हुन्छ, न केहीको द्वेष गर्दछ, जो न शोक गर्दछ, न त केही कुराको इच्छा राख्दछ, जस्ले कर्मका शुभ र अशुभ सब छोडियेका छन्, त्यो भक्तिमान् पुरुष मलाई प्रिय हुन्छ.

समः शत्रौ च मित्रे च तथा मानापमानयोः;
शीतोष्णसुखदुःखेषु समः सङ्गविवर्जितः. (१८)

शत्रुमा मित्रमा तुल्य शीतोष्ण-सुखदुःखमा;
निन्दा र स्तुतिमा तुल्य, तुल्यै मानापमानमा;

तुल्यनिन्दास्तुतिर्मौनी सन्तुष्टो येनकेनचित्;
अनिकेतः स्थिरमतिर्भक्तिमान्मे प्रियो नरः. (१९)

जो छ आसक्तिले शून्य, सन्तोषी, मितभाषण;
स्थिरचित्त, गृह-त्यागी, होप्यारो भक्त त्यो जन.

जस्लाई शत्रु र मित्र, मान र अपमान, सर्दी र गर्मी, सुख र दुःख, एकैनास लाग्दछन् र जस्लाई केहीमा पनी आसक्ति रहेको छैन, अनी जस्लाई निन्दा र तारीफ समानै ठहर्दछन्, जो परिमित बोल्दछ, जो जेसुकै परी

(१) परिमित बोल्ने. (२) कर्मफलरूपी घर छोड्ने.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भक्तोद्धारक भगवान्

विलम्ब न गरी मृत्यु-संसारोदधिबाट म ;
ती म-भक्तहरूलाई उतार्दछु ससंभ्रम । (गीता १२।७)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आयेमा पनी उसैमा सन्तुष्ट हुन्छ, एवं जस्को चित्त स्थिर छ, जस्को कर्मफलाशारूप अभिलाषा केहीमा पनी रहेको छैन, उही भक्तिमान् पुरुष मलाई प्रिय लाग्दछ.

यो धर्ममा श्रद्धावान् अति प्यारो छ-

ये तु धर्म्यामृतमिदं यथोक्तं पर्युपासते;
श्रद्दधाना मत्परमा भक्तास्तेऽतीव मे प्रियाः. (२०)

यो[1] धर्मामृतको[2] जस्ले गर्छन् नित्यै समाश्रय[3];
श्रद्धालु[4], ती परं-भक्त हुन् मेरा बहुतै प्रिय.

माथी बताइयेको यो अमृत-तुल्य धर्मलाई जुन पुरुष मत्परायण (मैमा तन्मय) हुँदै श्रद्धापूर्वक आचरण गर्दछन्, ती भक्त मेरा अत्यन्तै प्यारा हुन्छन्. (४८९)

इति श्रीमद्भगवद्गीतायाः 'भक्तियोगः'

द्वादशोऽध्यायः (१२)

इति कोमलगीता 'भक्तियोग'

द्वादश (१२)

---

(१) पहिले कहियेको.
(२) धर्म रूप अमृतको.
(३) सेवा.
(४) श्रद्धा राख्ने.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

❀ द्वादशमाध्याय ❀

समाप्त.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भगवान् सूर्यरूपमा

जस्तो यौटै सूर्य गर्छन् सारा लोक प्रकाशित ;
तेस्तै क्षेत्रज्ञले यावत् क्षेत्र गर्छ प्रकाशित । (गीता १३ । ३३)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ॐ

श्रीमद्भगवद्गीता.

कोमलगीता.

क्षेत्र-क्षेत्रज्ञ-विचार-योग (१३)

क्षेत्र-क्षेत्रज्ञ-व्याख्या र तिन्को ज्ञान-

अर्जुन उवाच-

प्रकृतिं पुरुषं चैव क्षेत्रं क्षेत्रज्ञमेव च;
एतद्वेदितुमिच्छामि ज्ञानं ज्ञेयं च केशव ! (क्षेपक)

कृष्ण ! 'क्षेत्र' र 'क्षेत्रज्ञ' ? तेस्तै 'प्रकृति' 'पूरुष' ?
अनी त्यो 'ज्ञान' र 'ज्ञेय' ? जान्न चाहन्छु यो सब.

अर्जुनले सोधे—हे केशव ! मलाई प्रकृति, पुरुष, क्षेत्र, क्षेत्रज्ञ, ज्ञान र ज्ञेय यती जान्नाको इच्छा छ. वर्णन गर्नुहोस. (क्षेपकार्थ)

भगवानुवाच-

इदं शरीरं कौन्तेय ! क्षेत्रमित्यभिधीयते;
एतद्यो वेत्ति तं प्राहुः क्षेत्रज्ञ इति तद्विदः. (१)

---

(१) यो श्लोक गीताको पाठ होइन. धेरै आचार्यहरुले क्षेपक मानेकाछन्.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यही शरीर कौन्तेय ! 'क्षेत्र' यो नाम पाउँछ;
यस्लाई राम्ररी जान्ने 'क्षेत्रज्ञ' कहलाउँछ.

भगवान्ले वर्णन गर्नुभयो—हे कौन्तेय ! यही शरीरलाई 'क्षेत्र' भन्दछन्. यस शरीरको तत्वलाई जो जान्दछ, तेस्लाई शरीरशास्त्र को तत्व जान्नेहरु 'क्षेत्रज्ञ' भनेर बताउँछन्.

क्षेत्रज्ञं चाऽपि मां विद्धि सर्वक्षेत्रेषु भारत !
क्षेत्रक्षेत्रज्ञयोर्ज्ञानं यत्तज्ज्ञानं मतं मम. (२)

सारा क्षेत्रहरू-मध्ये म हूँ 'क्षेत्रज्ञ' भारत !
क्षेत्र-क्षेत्रज्ञको ज्ञान, हो मेरै ज्ञान [२]निश्चित.

हे भारत ! सब क्षेत्रहरुमा क्षेत्रज्ञ पनी मलाई नै संझ. क्षेत्र र क्षेत्रज्ञको जो ज्ञान छ, त्यही ज्ञान मेरो अर्थात् परमेश्वरको हो भनी ज्ञानीहरुले मानियेको छ.

यस्को वेद, ब्रह्मसूत्रबाट विचार-

तत्क्षेत्रं यच्च यादृक्च यद्विकारि यतश्च यत् ;
स च यो यत्प्रभावश्च तत्समासेन मे शृणु. (३)

क्षेत्र के हो? उ [३]कस्तो छ? जोदेखी जो विकारि छ;
तेस्तै क्षेत्रज्ञ कस्तो छ ? भन्छू संक्षेपले सब.

---

(१) आत्मा.　　(३) के सामर्थ्यको.
(२) पक्का.　　(४) छोट्करी गरेर.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

क्षेत्र के हो ? त्यो कुन प्रकारको छ ? तेस्का कुन कुन विकार छन् ? तेस्मा पनी केबाट के हुन्छ ? तेस्तै क्षेत्रज्ञ कुन हो ? तेस्को प्रभाव के छ ? यो सब म संक्षेपले वर्णन गर्दछु, सुन.

ऋषिभिर्बहुधा गीतं छन्दोभिर्विविधैः पृथक्;
ब्रह्मसूत्रपदैश्चैव हेतुमद्भिर्विनिश्चितैः. (४)

यो गाये धेर ऋषिले, वेद्ले, [1]ब्रह्मसूत्रले;
पृथक् पृथक् दिई हे[2]तु, पूर्ण [3]निश्चित-रूपले.

वेदहरुले र ब्रह्मसूत्रका पदहरुले पनी यो विषय गाइयेको छ, जस्लाई धेरै ऋषिहरुले पनी नाना-प्रकार सँग अनेक छन्दमा पृथक् पृथक् गरेर कार्यकारणरूप हेतु देखाई पूर्णरूपले निश्चित गरियेको छ.

क्षेत्रस्वरूपको लक्षण-

महाभूतान्यहंकारो बुद्धिरव्यक्तमेव च;
इन्द्रियाणि दशैकं च पञ्च चेन्द्रियगोचराः. (५)

पाँच-[4]भूत, अहंकार, [5]बुद्धि, [6]प्रकृति, आठ र;
एघार इँन्द्रियहरु, पाँच इन्द्रिय-गो[7]चर.

इच्छा द्वेषः सुखं दुःखं संघातश्चेतना धृतिः;
एतत्क्षेत्रं समासेन सविकारमुदाहृतम्. (६)

---

(१) वेदान्तसूत्रले.
(२) कारण.
(३) सिद्धान्तस्वरूपले.
(४) पृथिवी आदि.
(५) महत्तत्व.
(६) अव्यक्त.
(६) मन आदि.
(७) इन्द्रियका विषय (रूप आदि)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

द्वेष, इच्छा, दुःख, सुख, धैर्य, संघात[1], चेतन[2];
सविकार[3] यही क्षेत्र[4] कहियेको छ अर्जुन !

महाभूत (अर्थात्-पृथिवी, जल, तेज, वायु, आकाश ई पाँच स्थूलभूत) अहंकार, बुद्धि, अव्यक्त (प्रकृति), दश सूक्ष्म इन्द्रिय (अर्थात्-चक्षु, श्रोत्र, घ्राण, रसना, त्वक्, वाक्, पाणि, पाद, पायु, उपस्थ); एक मन, पाँच ज्ञानेन्द्रियका पाँच सूक्ष्म विषय (अर्थात्-रूप, शब्द, गन्ध, रस, स्पर्श); इच्छा, द्वेष, सुख, दुःख, संघात (स्थूल देहको पिण्ड), चेतना (प्राण आदिको व्यक्त व्यापार), धृति (धैर्य) यो ३१ तत्वको समुदायलालाई सविकार 'क्षेत्र' भन्दछन्.

ज्ञानको लक्षण र त्यो भिन्न अज्ञान-

अमानित्वमदंभित्वमहिंसा क्षान्तिरार्जवम्;
आचार्योपासनं शौचं स्थैर्यमात्मविनिग्रहः. (७)

क्षमा[5], अहिंसा[6], ऋजुता[7], मान-दंभादि-हीनता[8];
मनोनिग्रह[9], र स्थैर्य[10], गुरुसेवा[11], पवित्रता[12].

अभिमानले रहित हुनू, छल न हुनू, परपीडा न गर्नू, सहनू, सोझो हुनू, गुरुसेवा गर्नू, पवित्र हुनू, स्थिर रहनू, मनलाई रोक्नू.

---

(१) स्थूल-देहपिण्ड.
(२) प्राणचलनव्यापार.
(३) विकारले सहित.
(४) शरीर.
(५) सहनशीलता.
(६) बिगार न गर्नू.
(७) सीधापना.
(८) अभिमान र छलकपट नलिनू.
(९) मन वश गर्नू.
(१०) न हड्बडाउनू.
(११) मान्यजनको संमान.
(१२) भित्रबाहिरको सफाई.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

इन्द्रियार्थेषु वैराग्यमनहंकार एव च;
जन्ममृत्युजराव्याधिदुःखदोषानुदर्शनम्. (८)

विरागिनू विषयमा, अहंकार हटाउँनू;
जन्म-मृत्यु-जरा-व्याधि-दुःख-दोषादि देखनू.

इन्द्रियका विषयहरुमा विरक्त हुनू, अहंकार न हुनू, जन्म-मरण-बुढ्याई-रोग-दुःखहरुलाई आफ्नू पछीं-पछीं लागेका दोष हुन् भनी संझनू;

असक्तिरनभिष्वङ्गः पुत्रदारगृहादिषु;
नित्यं च समचित्तत्वमिष्टानिष्टोपपत्तिषु. (९)

नलुट्पुटिनु पुत्र-स्त्री-गृहमा, सङ्ग छोडनू;
इष्टा-ऽनिष्ट-विषे नित्य समानै मन राखनू.

कर्ममा आसक्ति न लिनू, वाल-बच्चा, स्त्री, घरगृहस्थीं इत्यादिमा लंपट नै हुनू, इष्ट र अनिष्ट कुरा आइ-परेमा पनी चित्तवृत्ति समानै राख्नू.

मयि चाऽनन्ययोगेन भक्तिरव्यभिचारिणी;
विविक्तदेशसेवित्वमरतिर्जनसंसदि. (१०)

जमातमा नरहनू, सदा एकान्त सेवनू;
एँकत्व-योगले मैमा भक्ति निश्चल राखनू.

---

(१) वैराग्य लिनू.
(२) अहंकारीपना.
(३) बुढ्यांई.
(४) विगार गर्ने (शत्रुइत्यादि)
(५) भलो र कुभलोमा.
(६) एकान्त स्थान.
(७) ईश्वरमा एकाग्रतायुक्त यागले.
(८) अट्टरु (टढ).

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अनी ममा अनन्यभावले अटल भक्ति राख्नू, एकान्त स्थानमा रहनू, साधारण जनहरुको जमातलाई प्रसन्न न गर्नू, अर्थात्-त्यहाँ न बस्नू.

अध्यात्मज्ञाननित्यत्वं तत्वज्ञानार्थदर्शनम् ;
एतज्ज्ञानमिति प्रोक्तमज्ञानं यदतोऽन्यथा. (११)

अध्यात्म-विद्या[1] हो नित्य ठान्नू, तत्वार्थ[2] संझनू;
यै मात्र 'ज्ञान' हो भन्छन्, अरू[3] अज्ञान बूझनू.

अध्यात्मज्ञानलाई नित्य संझनू र तत्वज्ञानका सिद्धान्तहरुको परिशीलन अर्थात्—मनन गर्नू, यो बीश (२०) लाई 'ज्ञान' भन्दछन्. यो बाहेक जो कुछ छ, त्यो सब 'अज्ञान' हो भनेर बताउँदछन्.

ज्ञेयका स्वरूपको लक्षण-

ज्ञेयं यत्तत्प्रवक्ष्यामि यज्ज्ञात्वाऽमृतमश्नुते;
अनादिमत्परं ब्रह्म न सत्तन्नाऽसदुच्यते. (१२)

पार्थ ! 'ज्ञेय' पनी भन्छु जो जान्दा मोक्ष मिल्दछ;
त्यो अनादि[4], पर-ब्रह्म, 'सत्-असत्' बाट दूर छ.

अब म तिमीलाई त्यो 'ज्ञेय' बताउँछु कि, जस्लाई जानी-लिनाले 'अमृत' अर्थात्—मोक्ष पाइन्छ. त्यो सब भन्दा परको अनादि ब्रह्म हो. न तेस्लाई 'सत्' भन्दछन्, न त 'असत्' भन्दछन्.

---

(१) आत्मविषयको ज्ञान. (३) ज्ञान बाहेकका.
(२) सिद्धान्त सत्व बारंबार विचार्नू. (४) जस्को पहिले कोही छैन त्यो.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सर्वतः पाणिपादं तत्सर्वतोऽक्षिशिरोमुखम्.
सर्वतः श्रुतिमल्लोके सर्वमावृत्य तिष्ठति. (१३)

त्यो हात-पाऊ-आँखा र मुख-कान तथा शिर;
सबै तर्फ भयेको छ, ढाकेको छ सबै तिर.

तेस (ब्रह्म) का जतातते हात-पाऊ छन्. चारौं- तर्फ आँखा, शिर र मुखहरु छन्, सबै तिर कानहरु फैलियेका छन्. त्यो नै यस लोकमा सबलाई व्याप्त गरी बसेको छ.

सर्वेन्द्रियगुणाभासं सर्वेन्द्रियविवर्जितम्;
असक्तं सर्वभृच्चैव निर्गुणं गुणभोक्तृ च. (१४)

जस्मा छ गुणको झल्का, तर इन्द्रिय-शून्य[1] छ;
फरकै छ जगत् धर्छ[2], निर्गुणी[3] गुण भोग्दछ.

तेस्मा (ब्रह्ममा) सब इन्द्रियका गुणहरुको आभास छ परन्तु, तेस्को कुनै पनी (विषयोपभोगी) इन्द्रिय छैन. त्यो सबैदेखी अलग भयेर पनी सबलाई धारण गर्दछ र निर्गुण भयेर पनी गुणहरुको उपभोग गर्दछ.

बहिरन्तश्च भूतानामचरं चरमेव च;
सूक्ष्मत्वात्तदविज्ञेयं दूरस्थं चाऽन्तिके च तत्. (१५)

त्यै चराचर[4] हो, तेही प्राणीको भित्र-बाहिर;
मिहीं हुँदा त्यो जानिन्न, त्यै नगीच त्यही पर.

---

(१) इन्द्रियहरुले रहित.　(३) सत्व-रज-तम ई तीन गुण न भयेको छ त पनी.
(२) धारण पालन गर्छ.　(४) हिंड्ने न हिंड्ने.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

त्यो (ब्रह्म) सब प्राणीहरुको भित्र र बाहिर पनी छ. अचर छ और चर पनी छ. ज्यादा नै सूक्ष्म हुनाले त्यो जानिदैन. अनी त्यो टाढा रहीकन नगीचमा पनी छ.

अविभक्तं च भूतेषु विभक्तमिव च स्थितम्;
भूतभर्तृ च यज्ज्ञेयं ग्रसिष्णु प्रभविष्णु च. (१६)

[1]अखण्डित पनी बस्छ प्राणीमा भिन्न-भिन्न झैं;
त्यै ज्ञेय[2] सृष्टिकर्ता छ, [3]हर्ता [4]भर्ता छ त्यै सधैं.

त्यौ (ब्रह्म) वास्तविक अखण्डित भयेर पनी सब प्राणीमा मात्रौं भिन्न-भिन्न रहेको जस्तो भई बसेको छ. और सब प्राणीलाई पाल्ने, संहार गर्ने र उत्पन्न गर्ने पनी उस्लाई नै संझनुपर्दछ.

ज्योतिषामपि तज्ज्योतिस्तमसः परमुच्यते;
ज्ञानं ज्ञेयं ज्ञानगम्यं हृदि सर्वस्य धिष्ठितम्. (१७)

ज्योतिको पनी त्यो ज्योति [5]तमदेखी परै [6]स्थित;
त्यै [7]ज्ञानगम्य, त्यै ज्ञान, ज्ञेय त्यै [8]हृदयस्थित.

उस (ब्रह्म) लाई नै तेजको पनी तेज र अन्धकार (अज्ञान) भन्दा पर रहेको छ भनी बताउँछन्, अनी ज्ञान र जो जान्न योग्य छ तेस्तो ज्ञेय और ज्ञानगम्य अर्थात्-ज्ञानले मात्र जानिने तेही छ, फेरी सबैका हृदयमा पनी तेही बसेको छ.

---

(१) वास्तविक अलग न भयेको.
(२) ब्रह्म.
(३) संहारकर्ता.
(४) पालनकर्ता.
(५) अज्ञानरूपी अन्धकारदेखी.
(६) रहेको.
(७) ज्ञानले मात्र जानिने.
(८) हृदयमा रहेको.

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यो सब जान्नाको फल-

इति क्षेत्रं तथा ज्ञानं ज्ञेयं चोक्तं समासतः;
मद्भक्त एतद्विज्ञाय मद्भावायोपपद्यते. (१८)

यस्तो संक्षेपले 'क्षेत्र', 'ज्ञान' 'ज्ञेय' सबै भनें;
मेरो भक्त यही जानी, हो मैमा मिल्न आउँने.

क्षेत्र, ज्ञान, ज्ञेय (क्षेत्रज्ञ) केलाई भन्दछन्, त्यो सब यस प्रकार संग संक्षेपले बतायें. मेरो भक्तले यो सब ज्ञानेर मेरो स्वरूप पाउँदछ.

प्रकृति र पुरुषको विवेक-

प्रकृतिं पुरुषं चैव विद्ध्यनादी उभावपि;
विकारांश्च गुणांश्चैव विद्धि प्रकृतिसंभवान्. (१९)

पुरुष-प्रकृती[1] दोटै, अनादि[2] भनि भन्दछन्;
विकार[3] वा गुणहरु[4], प्रकृतीबाट बन्दछन्.

प्रकृति र पुरुष ई दुवैलाई 'अनादि' अर्थात्-सब भन्दा पहिलेका हुन् भनेर जान. अनी विकार र गुणहरु जो छन् ती सब, प्रकृतिबाट नै उत्पन्न भयेका हुन् भनी संझना राख.

कार्यकारणकर्तृत्वे हेतुः प्रकृतिरुच्यते;
पुरुषः सुखदुःखानां भोक्तृत्वे हेतुरुच्यते. (२०)

(१) परमात्मा र माया.
(२) सबका आदि.
(३) संसारका यावत् बस्तु.
(४) सत्व-रज तमोगुण.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देहेन्द्रियादि[1] चल्दामा हुन्छे प्रकृति कारण[2];
सुख-दुःखादि भोग्दामा, हुन्छ पूरुष कारण.

कार्य अर्थात्—देहहरु र कारण अर्थात्-इन्द्रियहरुको कर्तृत्व (चलाउनु) का निमित्त प्रकृति नै कारण (कर्ता) बताइन्छ. और कर्ता होइन त पनी सुख-दुःखहरुलाई भोग गर्नाको निमित्त पुरुष अर्थात्—क्षेत्रज्ञ कारण हो भनेर मानियेको छ.

पुरुषः प्रकृतिस्थो हि भुङ्क्ते प्रकृतिजान्गुणान्;
कारणं गुणसंगोऽस्य सदसद्योनिजन्मसु. (२१)

गुण भोग्छ प्रकृतिका प्रकृति-स्थित[3] पूरुष;
सत्-असत्-जन्मको[4] हेतु[5] यस्को त्यै गुण-सङ्ग[6] छ.

किन भने, पुरुष प्रकृतिमा अधिष्ठित भयेर प्रकृतिका गुणहरुको उपभोग गर्दछ र प्रकृतिका गुणहरु सँगको यही संयोग नै तेस पुरुषलाई असल र नअसल योनिहरुमा जन्मनाका निमित्त कारण बन्न आउँदछ.

प्रकृति-पुरुष-ज्ञानले जन्म हुन्न-

उपद्रष्टाऽनुमन्ता च भर्ता भोक्ता महेश्वरः;
परमात्मेति चाऽप्युक्तो देहेऽस्मिन्पुरुषः परः. (२२)

देख्ने, मान्ने[7], बृद्धि-गर्ने[8], भोग्ने यो देहमा सब;
कहिन्छ 'परमात्मा' र 'महेश' 'पर-पूरुष'.

---

(१) शरीर र इन्द्रियहरु.
(२) कर्ता.
(३) प्रकृतिमा अधिष्ठित भयेको.
(४) उचनांच जुनीको.
(५) कारण.
(६) प्रकृतिका गुण सँगको संयोग नै.
(७) हुन्छ, ठीक छ, भनी सल्लाह दिने.
(८) बढाउँने.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रकृतिका गुणहरुको उपद्रष्टा अर्थात्–नगीचै बसेर हेर्ने साछी, अनुमोदन गर्ने (सल्लाह दिने), प्रकृतिका गुणलाई बढाउने र उपभोग गर्नेलाई नै यस देहमा 'पर-पुरुष' 'महेश्वर' र 'परमात्मा' पनी भन्दछन्.

य एवं वेत्ति पुरुषं प्रकृतिं च गुणैः सह;
सर्वथा वर्तमानोऽपि न स भूयोऽभिजायते. (२३)

बुझेर यसरी भिन्न गुण-प्रकृति-पूरुष;
जे गरोस् ता पनी फेरी जन्मदैन उ मानिस.

यस प्रकारले जो, पुरुष (आत्मा) लाई निर्गुण र प्रकृतिलाई नै गुणहरुले सहित जान्दछ, तेस्ले जस्तो सुकै आचरण गरोस् ता पनी तेस्को पुनर्जन्म हुँदैन.

आत्मज्ञानका मार्ग

ध्यानेनाऽऽत्मनि पश्यन्ति केचिदात्मानमात्मना;
अन्ये सांख्येन योगेन कर्मयोगेन चाऽपरे. (२४)

आत्मालाई कुनै देख्छन्, आफैंमा ध्यानयोगले;
सांख्ययोग[1] लिई कोही; कोही ता कर्मयोगले[2].

कोही पुरुष ध्यानयोग गरेर आफ्नै अन्तःकरणमा आत्मालाई खुद देख्दछन्, कोही सांख्ययोगले देख्दछन्; र कुनै कर्मयोगले देख्दछन्.

अन्ये त्वेवमजानन्तः श्रुत्वाऽन्येभ्य उपासते;
तेऽपि चाऽतितरन्त्येव मृत्युं श्रुतिपरायणाः- (२५)

(१) ज्ञानयोग; (२) निष्काम कर्मयोगले.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यो न जान्ने अरूबाट सुनी भजन गर्दछन्;
श्रुति-प्रमाणले भज्ने ती पनी मृत्यु तर्दछन्.

परन्तु, यस्ता प्रकार सँग जस्लाई आफ्नू आत्मामा ज्ञान हुँदैन, तिनीं अरुबाट सुनेर परमेश्वरको भजन गर्दछन्, सुनियेको कुरालाई प्रमाण मानेर बर्ताव गर्ने ई पुरुषहरू पनी मृत्युलाई पार गरेर जान्छन्.

परमेश्वर प्रयत्नले पाइन्छ-

यावत्संजायते किञ्चित्सत्वं स्थावरजङ्गमम्;
क्षेत्रक्षेत्रज्ञसंयोगात्तद्विद्धि भरतर्षभ ! (२६)

चराचर सबै वस्तु जो उब्जन्छ थरी-थरी;
त्यो जान पार्थ ! क्षेत्रज्ञ-क्षेत्र-संयोगले गरी.

हे भरतश्रेष्ठ ! यो राम्ररी संझना राख कि, स्थावर या जंगम कुनै पनी चीजको निर्माण (रचना) क्षेत्र र क्षेत्रज्ञको संयोगबाट नै भयेको हो.

समं सर्वेषु भूतेषु तिष्ठन्तं परमेश्वरम्;
विनश्यत्स्वविनश्यन्तं यः पश्यति स पश्यति. (२७)

सबैमा सम भैं बस्ने, नाशिंदा ती न नाशिने;
परमेश्वर जो देख्छ उही हो तत्व संझने.

सब भूत (प्राणी) मा एकैनास रहने र जो सब भूत नाशियेमा पनी नाश न हुने हो भनी यस्तो परमेश्वरलाई जस्ले देख्यो, त्यही पुरुषले सच्चा तत्व पहिचान्यो.

(१) सुनेको कुरो प्रमाण लियेर. (२) सारा चीज.
(३) क्षेत्रज्ञ र क्षेत्रको संयोग हुनाले. (४) साँचो कुरो.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

समं पश्यन्हि सर्वत्र समवस्थितमीश्वरम्;
न हिनस्त्यात्मनाऽऽत्मानं ततो याति परां गतिम्. (२८)

जस्ले ईश्वर एकै छन् सबमा भनि जान्दछ;
[1]आत्माको [2]घात गर्दैन, त्यो [3]परं-गति पाउँछ.

ईश्वरलाई सर्वत्र बराबरै व्याप्त छन् भन्ने संझेर जो पुरुष आफ्नू आँफैले घात गर्दैन अर्थात्—आपसे आप असल मार्गमा लाग्दछ, यसो गऱ्यो भने, तेस्ले उत्तमगति (मोक्ष) पाउँदछ.

प्रकृति र आत्मा चिह्नी ब्रह्मप्राप्तिं-

प्रकृत्यैव च कर्माणि क्रियमाणानि सर्वशः;
यः पश्यति तथाऽऽत्मानमकर्तारं स पश्यति. (२९)

कर्म सारा प्रकृतिले गरिंदाछन् अनेकन;
आत्मा अकर्ता छ भनी देख्ने हो [4]देख्ने जन.

सब कर्म सबै तरहबाट प्रकृतिले नै गरिने हुन् और आत्मा अकर्ता छ अर्थात्—केही पनी गर्दैन भनेर जस्ले जान्यो तेस्ले खास तत्व पहिचान्यो भनेर संझनुपर्दछ.

यदा भूतपृथग्भावमेकस्थमनुपश्यति;
तत एव च विस्तारं ब्रह्म संपद्यते तदा. (३०)

(१) अन्तरात्माको.
(२) विनाश.
(३) मुक्ति.
(४) तत्व देख्ने.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अनकौं भूत[1] एकैमा, एकैबाट अनेकन;
राम्रै देखे-पछी पार्थ! ब्रह्म[2] मिल्छ निरञ्जन[3].

जब सब प्राणीको भिन्न-भिन्नतालाई एकताबाट र यही एकताबाट (एक ईश्वरबाट) नै सब विस्तार (अलग अलग भयेको) पनी संझन्न लाग्दछ, तेसै बखत ब्रह्म प्राप्त हुन्छ. (पाइन्छ).

क्षेत्र-प्रकाशक आत्मा निर्लेप छ-

अनादित्वान्निर्गुणत्वात्परमात्माऽयमव्ययः;
शरीरस्थोऽपि कौन्तेय! न करोति न लिप्यते. (३१)

अनादि, निर्गुणे[4] हुँदा परात्मा[5] अविनाशि छ;
भये पनी शरीरैमा न गर्दछ, न लिप्त[6] छ.

हे कौन्तेय! अनादि र निर्गुण हुनाले यो अव्यय परमात्मा शरीरमा रहेर पनी केही कुराको हर्ता-कर्ता छैन र तेस्लाई कुनै पनी कर्मको लेप अर्थात्-बन्धन लाग्दैन.

यथा सर्वगतं सौक्ष्म्यादाकाशं नोपलिप्यते;
सर्वत्राऽवस्थितो देहे तथाऽऽत्मा नोपलिप्यते. (३२)

जस्तै व्यापक[7], आकाश, हुँदा सूक्ष्म[8] अलिप्त[9] छ;
सारा देहविषे-व्याप्त[10], आत्मा तेस्तै अलिप्त छ.

---

(१) प्राणीहरु.
(२) परब्रह्म.
(३) इन्द्रियका गतिबाट पर रहेको.
(४) रूपादि रहित.
(५) पर रहेको आत्मा.
(६) कर्म-बन्धन भयेको.
(७) सबै ढाक्ने
(८) मिहीन.
(९) न टाँसिने छ.
(१०) छोपेर रहेको.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जस्तै—आकाश जता-तंतै भराभर छ, परन्तु, सूक्ष्म हुनाले केहीको पनी लेप लाग्दैन अर्थात्—कसैमा टाँसिदैन, तेस्तै—सर्वत्र शरीरमा रहेर पनी आत्मालाई केहीको पनी (कर्मबन्धनादिको) लेप लाग्दैन

यथा प्रकाशयत्येकः कृत्स्नं लोकमिमं रविः ;
क्षेत्रं क्षेत्री तथा कृत्स्नं प्रकाशयति भारत ! (३३)

जस्तो यौटै सूर्य गर्छन् सारा लोक प्रकाशित ;
तेस्तै क्षेत्रज्ञले यावत् क्षेत्र गर्छ प्रकाशित

हे भारत ! जस्तै—एक सूर्यले सबै लोकलाई प्रकाशित गर्दछन्, तेस्तै—क्षेत्रज्ञले (आत्माले) सब क्षेत्रलाई अर्थात्-शरीरहरूलाई प्रकाशित गर्दछ.

क्षेत्र-क्षेत्रज्ञ जान्नाको फल-

क्षेत्रक्षेत्रज्ञयोरेवमन्तरं ज्ञानचक्षुषा ;
भूतप्रकृतिमोक्षं च ये विदुर्यान्ति ते परम् . (३४)

क्षेत्र-क्षेत्रज्ञको भेद, मूल-प्रकृति-मोचन ;
जो ज्ञान-दृष्टिले देख्छन, सक्छन् ती ब्रह्म पाउँन.

यस प्रकार संग ज्ञानचक्षुले अर्थात्—ज्ञानरूपनेत्रले क्षेत्र र क्षेत्रज्ञको भेद-लाई, यस्तै सब भूत-प्राणीका मूल-प्रकृतिको मोक्षलाई पनी जो जान्दछन्, तिन्ले परब्रह्म-लाई प्राप्त गर्दछन्.

(५२३)

(१) छुट्कारा.   (२) ज्ञानरूपी आँखाले.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

इति श्रीमद्भगवद्गीतायाः 'क्षेत्रक्षेत्रज्ञविचारयोगः'

त्रयोदशोऽध्यायः (१३)

इति कोमलगीता 'क्षेत्रक्षेत्रज्ञविचारयोग'

त्रयोदश (१३)

❀ त्रयोदशाध्याय ❀

समाप्त.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परमात्माको स्वरूप कस्तो छ ?

ब्रह्मणो हि प्रतिष्ठाहममृतस्याव्ययस्य च । अ. ॥१४॥
शाश्वतस्य च धर्मस्य सुखस्यैकान्तिकस्य च ॥२७॥

स्थान मैं हूं बुझ्यौ पार्थ ! नित्य, अमृत, ब्रह्मको;
अत्यन्त सुखको मै हूं, मै सनातन-धर्मको ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ॐ

श्रीमद्भगवद्गीता.

कोमलगीता.

गुणत्रय-विभाग-योग (१४)

प्राणिवैचित्र्यको गुणभेद्बाट विचार-

भगवानुवाच-

परं भूयः प्रवक्ष्यामि ज्ञानानां ज्ञानमुत्तमम्.
यज्ज्ञात्वा मुनयः सर्वे परां सिद्धिमितो गताः. (१)

ज्ञानमा उत्तम[1] ज्ञान भन्दछु म अझै पनी;
जो जानेर गये पार्थ! सिद्धि पाई सबै मुनि[2].

भगवान्‌ले आज्ञा गर्नुभयो—अझ पनी फेरी सब ज्ञानहरुमा श्रेष्ठ ज्ञान म बताउँछु, जुन ज्ञान जान्नाले सब मुनि यस लोकबाट परम सिद्धि पायेर गई—सकेका छन्.

इदं ज्ञानमुपाश्रित्य मम साधर्म्यमागताः;
सर्गेऽपि नोपजायन्ते प्रलये न व्यथन्ति च. (२)

---

(१) श्रेष्ठ.　　(२) ज्ञानी ऋषिवृन्द.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यही ज्ञान लिई मेरो तुल्यता पाउँने मुनि;
सृष्टिमा पनि जन्मन्नन्, नाशिन्नन् लयमा पनी.

यस ज्ञानको आश्रय गरेर, म सँग एकै रूप भयेका पुरूषहरु सृष्टिको उत्पत्ति-कालमा पनी जन्मदैनन्, अनी प्रलय कालमा व्यथा पनी पाउँदैनन् अर्थात्—जन्म-मरणबाट एकदम छुट्कारा पाउँदछन्.

साराको पिता आत्मा, आमा प्रकृति-

मम योनिर्महद्ब्रह्म तस्मिन्गर्भं दधाम्यहम्;
संभवः सर्वभूतानां ततो भवति भारत ! (३)

मेरी प्रकृति हो योनि[1], तेस्मा धर्दछु गर्भ म;
तेसैबाट भयेकोछ प्राणीको जन्मने क्रम.

हेभारत ! महद्-ब्रह्म अर्थात्—प्रकृति मेरै योनि हो, म तेस्मा गर्भ-धारण गर्दछु र तेसबाट समग्र भूत अर्थात्-चराचर जगत् उत्पन्न हुन्छन्.

सर्वयोनिषु कौन्तेय ! मूर्तयः संभवन्ति याः;
तासां ब्रह्म महद्योनिरहं बीजप्रदः पिता. (४)

सारा योनि-विषे पार्थ ! उब्जन्छन् व्यक्ति[2] जो सदा;
तिन्की प्रकृति हो आमा, म हूँ बीज दिने पिता.

(१) जन्माउने शक्ति भयेकी.   (२) दृश्य पदार्थ.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हे कौन्तय ! मनुष्य-पशु-पक्षी आदि योनिमा जो मूर्तिहरु जन्मन्छन्, ती सबकी योनि (आमा) प्रकृति हो; और म बीज दिने पिता हूँ.

प्राणीमा सत्व-रज-तमका परिणाम-

सत्वं रजस्तम इति गुणाः प्रकृतिसंभवाः;
निबन्धन्ति महाबाहो ! देहे देहिनमव्ययम्. (५)

प्रकृतीबाट निस्केका सत्वादि[1] गुणले गरी;
नित्य-देही[2] पनी हुन्छ देहमा बद्ध[3] बेसरी.

हे महाबाहू ! प्रकृतिबाट उत्पन्न भयेका सत्व, रज र तम गुणहरुले देहमा रहेको अव्यय अर्थात्—निर्विकार आत्मालाई देहमा बाँधी राख्दछन्.

तत्र सत्वं निर्मलत्वात्प्रकाशकमनामयम्;
सुखसंगेन बध्नाति ज्ञानसंगेन चाऽनघ ! (६)

तिन्मा '[4]सत्व' [5]प्रकाशी र, दोष[6]शून्य, पवित्र छ;
यस्ले ज्ञान-सुख द्वारा देहीको बन्ध गर्दछ.

हे निष्पाप, अर्जुन ! ई तीन गुणका मध्यमा निर्मल हुनाले प्रकाश गराउने र दोष-रहित भयेको पनी सत्वगुण छ, तेस्ले सुख र ज्ञानको साथ-साथै प्राणीलाई बन्धन गर्दछ.

---

(१) सत्व-रज-तम.
(२) नित्य जीवात्मा.
(३) बाँधियेको.
(४) सत्वगुण.
(५) प्रकाश ज्ञान दिने.
(६) दोषको रहित.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रजो रागात्मकं विद्धि तृष्णासङ्गसमुद्भवम्;
तन्निबध्नाति कौन्तेय! कर्मसङ्गेन देहिनम्. (७)

'रजोगुण' बडो रागी[1] तृष्णा-आसक्ति-जन्य[2] छ;
त्यो, कर्मसङ्गले[3] पार्थ! देहीको बन्ध गर्दछ.

रजोगुणको स्वभाव रागात्मक छ, यसबाट तृष्णा र आसक्तिको उत्पत्ति हुन्छ. हे कौन्तेय! तेस्ले प्राणीलाई कर्म गर्नाको प्रवृत्तिरूप सङ्गले बन्धमा (जन्ममरणका चक्रमा) पार्दछ.

तमस्त्वज्ञानजं विद्धि मोहनं सर्वदेहिनाम्;
प्रमादालस्यनिद्राभिस्तन्निबध्नाति भारत! (८)

मोह गर्ने सबैलाई, 'तम' अज्ञान-जन्य[4] छ;
प्रमादा[5]-ऽऽलस्य[6]-निद्राले, देहीको बन्ध गर्दछ.

हे भारत! किन्तु, तमगुण अज्ञानबाट उत्पन्न हुन्छ, यस्ले सब प्राणीलाई मोहमा फसाउँछ. यो प्रमाद-आलस्य-निद्रा द्वारा प्राणीहरुलाई बन्धन गर्दछ. (जकड्याउँदछ).

सत्वं सुखे सञ्जयति रजः कर्मणि भारत!
ज्ञानमावृत्य तु तमः प्रमादे सञ्जयत्युत. (९)

---

(१) प्रेम बढाउँने.
(२) कामनाबाट उत्पन्न हुने.
(३) कर्ममा प्रेमले.
(४) अज्ञानबाट उत्पन्न हुने.
(५) बेहोस.
(६) अलस्याई.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सत्वले सुखमा प्रीति[१], रजले कर्ममा मति[२];
तमले ज्ञान ढाकेर गर्छ बेहोसमा क्षति[३]।

हे भारत ! सत्वगुणले सुखमा र रजोगुणले कर्ममा आसक्ति उत्पन्न गर्दछ. परन्तु तमोगुणले ज्ञानलाई ढाकेर कर्तव्यविमूढ हुनूमा र कर्तव्य बिर्सनूमा पनी मनुष्यको आसक्ति उत्पन्न गर्दछ।

दुईलाई दबाई एक गुणको वृद्धि।

रजस्तमश्चाऽभिभूय सत्वं भवति भारत!
रजःसत्वं तमश्चैव तमःसत्वं रजस्तथा (१०)

रजस्तम जिती 'सत्व' रजस्सत्व जिती 'तम';
तमस्सत्व जिती बढ्छ 'रज' हुन्नन् सबै सम[४]।

रज र तमलाई दबायेर 'सत्व' अधिक हुन्छ, तब तेस्लाई 'सात्विक' भन्नुपर्दछ. यस्तै सत्व र तमलाई दबायेर रज (राजस) को तेस्तै सत्व र रजलाई दबायेर तम (तामस) को पनी वृद्धि हुन्छ

सर्वद्वारेषु देहेऽस्मिन्प्रकाश उपजायते ;
ज्ञानं यदा तदा विद्याद्विवृद्धं सत्वमित्युत. (११)

सारा इन्द्रियमा ज्ञान प्रकाश[५] जब आउँछ;
अनी देहविषे[६] 'सत्व' बढेको जान्नुपर्दछ.

(१) प्रेम.
(२) बुद्धि.
(३) नुक्सान.
(४) बराबर.
(५) पवित्रता.
(६) शरीरमा.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जब यस शरीरका सब द्वारहरुमा अर्थात्–इन्द्रियहरुमा प्रकाश अर्थात्–निर्मल ज्ञान उत्पन्न हुन्छ, तब संझनुपर्दछ कि, सत्वगुण बढेकोछ.

लोभः प्रवृत्तिरारंभः कर्मणामशमः स्पृहा;
रजस्येतानि जायन्ते विवृद्धे भरतर्षभ ! (१२)

कर्म[1]प्रवृत्ति, प्रारंभ[2], अशान्ति फिर अर्जुन !
लोभ, इच्छा पनी हुन्छन् बढेमा त्यो रजोगुण.

हे भरतश्रेष्ठ ! रजोगुण बढ्नाले लोभ, कर्मतिर प्रवृत्ति र तेस्को आरंभ, अतृप्ति अनी इच्छा पनी उत्पन्न हुन्छन्.

अप्रकाशोऽप्रवृत्तिश्च प्रमादो मोह एव च;
तमस्येतानि जायन्ते विवृद्धे कुरुनन्दन ! (१३)

अप्रकाश[3] र आलस्य, बेहोसी, मोह[4] ई सब;
उब्जन्छन् तमको वृद्धि भयेमा बुझ पाण्डव !

हे कुरुनन्दन ! तमोगुणको वृद्धि भयेमा अन्धकार (अज्ञान), केही पनी न गर्नाको इच्छा, प्रमाद अर्थात्–कर्तव्यको विस्मृति र मोह उत्पन्न हुन्छन्.

गुणवृद्धि अनुसार फल र गति-

यदा सत्वे प्रवृद्धे तु प्रलयं याति देहभृत्;
तदोत्तमविदां लोका नमलान्प्रतिपद्यते (१४)

(१) कर्ममा लागी पर्नु.
(२) सुरुगर्नु.
(३) अज्ञान.
(४) कर्तव्यको भूल.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भयेमा सत्वको वृद्धि कोही प्राणी मऱ्यो भने;
ज्ञानीले पाइने लोक त्यो पनी हुन्छ पाउँने.

सत्वगुण बढेको बखतमा यदि मानिस मऱ्यो भने, उत्तम तत्व जान्ने अर्थात्–देवता इत्यादिका निर्मल स्वर्ग आदि लोक तेस्लाई प्राप्त हुन्छन्.

रजसि प्रलयं गत्वा कर्मसंगिषु जायते;
तथा प्रलीनस्तमसि मूढयोनिषु जायते. (१५)

मर्नाले रजमा कर्म[1]-सङ्गीमा जन्म पाउँछ;
तमको मृत्युले मूढ[2]-जुनीमा पर्न आउँछ,

रजोगुणको प्रबलता भयेमा मानिसको मरण भयो भने, जो कर्महरुमा आसक्त छन्, तिनैमा जन्म लिन जान्छ. अनी तमोगुण बढेमा मऱ्यो भने, पशु-पक्षी आदिका मूढयोनिमा उत्पन्न हुन जान्छ.

कर्मणः सुकृतस्याऽऽहुः सात्विकं निर्मलं फलम्;
रजसस्तु फलं दुःखमज्ञानं तमसः फलम्. (१६)

भन्छन् सुकर्म[3]को हुन्छ फल 'सात्विक' निर्मल[4];
रजको फल हो 'दुःख,' 'अज्ञान' तमको फल.

पुण्यकर्मको फल निर्मल र सात्विक हुन्छ, परन्तु, राजस-कर्मको फल दुःख र तामस-कर्मको फल अज्ञान हुन्छ, भनेर बताउँछन्.

---

(१) कर्मासक्तहरुमा.
(२) पशु आदिका योनिमा.
(३) बढिया कर्मको.
(४) बहुतै पवित्र.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सत्वात्सञ्जायते ज्ञानं रजसो लोभ एव च;
प्रमादमोहौ तमसो भवतोऽज्ञानमेव च, (१७)

सत्वले 'ज्ञान' उब्जन्छ, रजले 'लोभ' आउँछ;
'प्रमाद्-मोह-अज्ञान' तमदेखी उदाउँछ.

सत्वबाट ज्ञान र रजोगुणबाट केवल लोभ उत्पन्न हुन्छ. तमोगुणबाट केवल प्रमाद र मोह मात्र उत्पन्न हुने होइनन् कि, उस्माथी झन् अज्ञानको उत्पत्ति पनी हुन्छ.

ऊर्ध्वं गच्छन्ति सत्वस्था मध्ये तिष्ठन्ति राजसाः;
जघन्यगुणवृत्तिस्था अधो गच्छन्ति तामसाः. (१८)

सत्वमार्गी उँभो[1] जान्छन्, राजसी मध्य[2]-लोकमा;
तमोगुणी नीचकर्मा[3] पुग्दछन् नीच[4]-लोकमा.

सात्विक पुरुषहरु माथीका अर्थात्-स्वर्गादि लोकमा जान्छन्, राजसहरु मध्यलोकमा अर्थात्-मनुष्य लोकमा रहन्छन्, नीच-गुण-वृत्तिका तामसहरु अधोगति (झन् झन् नीचो गति) पाउँदछन्.

त्रिगुणातीत भई मोक्षप्राप्ति-

नाऽन्यं गुणेभ्यः कर्तारं यदा द्रष्टाऽनुपश्यति;
गुणेभ्यश्च परं वेत्ति मद्भावं सोऽधिगच्छति. (१९)

---

(१) माथी स्वर्गादिमा.
(२) राजको मनुष्यलोकमा.
(३) नीचो कर्म गर्नेहरु.
(४) अधोगतिमा.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गुण-भिन्न कुनै कर्ता[1] छैन भन्ने बुझी सब;
ती-भन्दा पेरको[2] तत्व देख्ने मिल्दछ मै-सँग.

द्रष्टा अर्थात् उदासीनताको दृष्टिले विचार गर्ने पुरुष जब ठह्र्याउँदछ कि, प्रकृतिका गुण बाहेक दोस्रो अरू कुनै कर्ता रहेनछ, अनी जब तीन गुणदेखी पर रहेको तत्व (ब्रह्म) लाई पनी पहिचान गर्दछ, तब नै त्यो पुरुष मेरो स्वरूपमा मिल्न जान्छ.

गुणानेतानतीत्य त्रीन्देही देहसमुद्भवान्;
जन्ममृत्युजरादुःखैर्विमुक्तोऽमृतमश्नुते. (२०)

जो देही[3] देहका हेतुँ[4] गुणँ[5]-त्रय हटाउँछ;
जन्म-मृत्यु-जरा[6]-दुःख छोडी, त्यो मुक्ति पाउँछ.

देहधारी मनुष्यले देह उत्पन्न गर्नाका कारण स्वरूप, ई तीन गुणलाई अतिक्रमण गरे पछी, जन्म मरण र बुढ्यांईका दुःखहरुबाट छुट्कारा पायेर अमृतको अर्थात्-मोक्षको अनुभव गर्दछ.

त्रिगुणातीतको लक्षण र आचार-

अर्जुन उवाच-

कैर्लिङ्गैस्त्रीन्गुणानेतानतीतो भवति प्रभो !
किमाचारः कथं चैतांस्त्रीन्गुणानतिवर्तते. (२१)

---

(१) प्रकृतिका गुण बाहेक.
(२) ब्रह्म.
(३) शरीर धारण गर्ने.
(४) खडा गराउनामा कारण.
(५) सत्व आदि तीन गुणलाई.
(६) बुढ्यांई.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कुन लक्षणले कृष्ण ! गुणातीत[1] ठहर्दछ ?
तेस्को आचार[2] के हुन्छ ? कसरी गुण तर्दछ ?

अर्जुनले सोधनी गरे—हे प्रभू ! कुन लक्षणहरुले त्यो पुरूष ई तीन गुणको पार पुगेको हो भनेर जानिन्छ ? मलाई बताउनुहोस् कि, तेस त्रिगुणातीतको आचार के हुन्छ ? अनी त्यो ई तीन गुण भन्दा पर कसरी जान्छ ?

भगवानुवाच-

प्रकाशं च प्रवृत्तिं च मोहमेव च पाण्डव !
न द्वेष्टि संप्रवृत्तानि न निवृत्तानि कांक्षति (२२)

प्रकाशादि, प्रवृत्यादि, मोहादि, गुण-कार्य[3] ती;
आयेमा द्वेष गर्दैन, चाह लिन्न गये-र-ती.

भगवान्ले बताउनुभयो—हे पाण्डव ! प्रकाश, प्रवृत्ति, मोह अर्थात् क्रमैले सत्व, रज, तम ई तीन गुणका कार्य वा फलहरु आई-पर्दा जो तिन्को द्वेष पनी गर्दैन र नआयेमा आकांक्षा (चाहना) पनी गर्दैन.

उदासीनवदासीनो गुणैर्यो न विचाल्यते;
गुणा वर्तन्त इत्येव योऽवतिष्ठति नेङ्गते. (२३)

गुणले[4] त्यो डगाइन्न, उदासीनै[5] रहन्छ त्यो;
गुण गर्छन् स्वयं काम भनी अटल[6] हुन्छ त्यो.

---

(१) गुण नाघेको.
(२) कर्मको आचरण.
(३) गुणका कार्य– ज्ञान, आशक्ति, मोह.
(४) सत्व आदि गुणले.
(५) समभाव लिने भई.
(६) मनमा विकार पैदा नभयेको.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जो कर्मफलको संबन्धमा उदासीन जस्तै रहन्छ, सत्व-रज-तम-गुणहरुले जस्लाई डगाउँन सक्दैनन्, जो गुणहरु आफ्ना-आफ्ना काम आफ-आफैं गर्दछन् भन्ने संझेर स्थिर रहन्छ, जो डग्दैन अर्थात्-विकार पाउँदैन.

समदुःखसुखः स्वस्थः समलोष्टाश्मकाञ्चनः;
तुल्यप्रियाप्रियो धीरस्तुल्यनिन्दात्मसंस्तुतिः. (२४)

सुख-दुःख समै ठान्छ समै स्वर्ण-शिला[1] सब;
धीर, स्वस्थ[2] सैमै ठान्छ स्तुति-निन्दा, प्रियाऽप्रिय.

जस्लाई सुख-दुःख सम (बराबर) छन्, जो स्वस्थ छ अर्थात्-आपसे आप स्थिर छ, माटो पत्थर र सुन पनी जस्लाई समानै छ, प्यारो अप्यारो, निन्दा-तारीफ पनी जस्लाई एकनासै छ, जो सदा धैर्यले युक्त छ.

मानाऽपमानयोस्तुल्यस्तुल्यो मित्रारिपक्षयोः;
सर्वारंभपरित्यागी गुणातीतः स उच्यते. (२५)

मानाऽपमानमा तुल्य, मित्रमा शत्रुमा पनी;
गैह्र आरंभको[3] त्यागी हो 'गुणातीत[4]' त्यो मुनि.

जस्लाई मान-अपमान या मित्र र शत्रुदल तुल्य नै छन्, प्रकृतिले नै सब कुछ गर्दछ भन्ने संझेर जस्का सब काम्य उद्योग छुटेका छन्, तेस पुरुषलाई 'गुणातीत' भन्दछन्.

---

(१) सुन र पत्थर.
(२) शान्ति लिने.
(३) फलको इच्छा गरिने कर्मको.
(४) गुणलाई नाघ्ने.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एकत्व-भक्तिले परमात्म-प्राप्ति-

मां च योऽव्यभिचारेण भक्तियोगेन सेवते;
स गुणान्समतीत्यैतान्ब्रह्मभूयाय कल्पते. (२६)

नित्य भक्ति लिई मेरो जस्ले भजन गर्दछ;
त्यै गुणत्रय[1] नाघेर ब्रह्मकै रूप धर्दछ.

जो ममा नै सब कर्म अर्पण गर्नूरूप अव्यभिचार अर्थात्–एकनिष्ठ भक्तियोगले मेरो सेवा गर्दछ, त्यो पुरुष ईनै तीन गुणलाई पार गरेर ब्रह्मको अवस्था पाउनूमा समर्थ हुन्छ.

ब्रह्मणो हि प्रतिष्ठाऽहममृतस्याऽव्ययस्य च;
शाश्वतस्य च धर्मस्य सुखस्यैकान्तिकस्य च. (२७)

स्थान मै हूँ बुझ्यौ पार्थ ! नित्य, अमृत[2], ब्रह्मको;
अत्यन्त-सुखको[3] मै हूँ, मै सनातन-धर्मको[4].

किन भने, अमृत र अव्यय-ब्रह्मको, शाश्वत (सनातन) धर्मको र एकान्तिक अर्थात्–परमावधिका अत्यन्त सुखको पनी अन्तिम स्थान केवल मै हूँ. (५५०)

इति श्रीमद्भगवद्गीतायाः 'गुणत्रयविभागयोगः'

चतुर्दशोऽध्यायः (१४)

इति कोमलगीता 'गुणत्रयविभागयोग'

चतुर्दश (१४)

---

(१) सत्त्वादि तीन गुण.
(२) अमृतरूप (न नाशिने.)
(३) सब भन्दा ठुलो ब्रह्मसुखको.
(४) नित्य-धर्मको.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वेदवृक्ष ।

ऊर्ध्वमूलमध शाखमश्वत्थं प्राहुरव्ययम् . अ. ॥१५॥
छंदांसि यस्य पर्णानि यस्तं वेद स वेदवित् ॥१॥

वेदपत्ता, उँधो हाँगा, उँभो-तिर जरा हुने;
'अश्वत्थ' नित्य जो जान्दछ उही हो वेद बुझ्ने.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ॐ

श्रीमद्भगवद्गीता.

कोमलगीता.

पुरुषोत्तम-योग (१५)

ब्रह्मवृक्षको वेदोक्त-वर्णन-

भगवानुवाच-

ऊर्ध्वमूलमधःशाखमश्वत्थं प्राहुरव्ययम्,
छन्दांसि यस्य पर्णानि यस्तं वेद स वेदवित्. (१)

वेद[1]पत्ता, उँधो-हाँगा, उँभो-तिर जरा हुने;
'अ[2]श्वत्थ' नित्य जो जान्ला उही हो वेद बूझने.

भगवान्ले वर्णन गर्नुभयो—जुन अश्वत्थ (पिप्पल) को वृक्षरूपी ब्रह्मको यस्तो वर्णन गर्दछन् कि, यौटा जरो माथी (स्वर्गादि लोक) छ अर्थात्—सृष्टि गर्ने परमात्मा माथी स्वर्गलोकमा छ, हाँगाहरु अनेक तल (मनुष्यादि लोक) छन् अर्थात्—परमात्माबाट उत्पन्न भयेको मनुष्यादि लोक तल फैलियेको छ, जो अव्यय अर्थात्—कहिल्यै नाशिंदैन; अनी छन्द-हरु (वेदहरु) जस्का पात छन् अर्थात्—वेदका कर्मरूपी पातले जो सदा छोपियेको छ— (वेदविहित कर्महरु तेस वृक्षलाई ढाक्ने पातहरु छन्), तेस्तो

(१) वेदरूपी पात भयेको. (२) पिप्पलको वृक्ष जस्तो ब्रह्म.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वृक्ष अर्थात्—ब्रह्मवृक्ष या संसारवृक्षलाई जस्ले राम्ररी जान्यो, उही पुरुष सच्चा वेदवेत्ता (वेद जान्ने) हो, (अर्थात्-यो वर्णन 'ब्रह्मवृक्ष' अथवा 'संसाररूपी वृक्ष' को हो. यसैलाई (संसारलाई) सांख्यमतकाहरु 'प्रकृति-विस्तार' र वेदान्तीहरु 'ईश्वरका मायाको फैलावट' भन्दछन्. वेद-उपनिषत्मा कहीं कहीं 'ब्रह्मवृक्ष' 'ब्रह्मवन' (ब्रह्मारण्य) इत्यादि नामले पुकारियेको छ; अर्थात्—जस्तै सानु एक बीजबाट तेती ठुलो आकाश छुने रुख पैदा हुन्छ, तेस्तै—अव्यक्त परमेश्वरबाट यो दृश्य, सृष्टिरूप, महान्, वृक्ष उत्पन्न भयेको छ. यसैलाई 'विश्ववृक्ष' या 'जगद्वृक्ष' पनी भन्दछन्, जस्ले यो तत्व जानेर चलन-वर्तन गर्दा तेस पुरुषलाई नै 'वेदको तत्व जान्ने' भनेर नाम दिन्छन्.)

ब्रह्मवृक्षको सांख्योक्त-वर्णन-

अधश्चोर्ध्वं प्रसृतास्तस्य शाखा
गुणप्रवृद्धा विषय-प्रवालाः;
अधश्च मूलान्यनुसन्ततानि
कर्मानुबन्धीनि मनुष्यलोके. (२)

हाँगा तेस्का तल-माथी फिंजिन्छन्,
बढ्छन् गुणले, विषयै पालुवा छन्;
जरा उस्का कर्म नाऊँ गरेका
बढ्दै येहीं-लोकमा छन् गडेका.

तल र माथी पनी जुन ब्रह्मवृक्षका हाँगाहरु फैलियेका छन् कि, जो सत्व-रज-तम ई तीन गुणले खूब बढाइयेका छन्, अनी जुनबाट रूप-रस-

(१) मनुष्यादि र स्वर्गादि लोकमा.
(२) सत्वादि गुणले.
(३) रूप-रस इत्यादि.
(४) मनुष्य-लोकमा.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गन्ध-शब्द-स्पर्शरूपी विषयहरुका कलि (पालुवा) निस्केका छन्, तेस्तै-आखीरमा कर्मको रूप पाउँने अर्थात्-कर्मरूपी तेस्का जराहरु तल मनुष्य-लोकमा पनी बढ्दै गयेका छन् जो कि, ज्यादा नै धसियेर तल सम्म पुगेका छन्.

असङ्गले संसार काटी ब्रह्म खोज्नू-

न रूपमस्येह तथोपलभ्यते
नाऽन्तो न चाऽऽदिर्न च संप्रतिष्ठा;
अश्वत्थमेनं सविरूढमूल-
मसङ्गशस्त्रेण दृढेन छित्वा. (३)

न रूप[1] पाइन्छ, न अन्तको गति[2],
न आदि देखिन्छ, न ता कुनै स्थिति[3];
अश्वत्थ[4] यस्तो सुविरूढ-मूल[5] यो
काटी कडा शस्त्र लिई असङ्गको[6].

परन्तु, अघी जस्तो वर्णन गरियो, यस लोकमा तेस्को तेस्तो स्वरूप देख्न पाइँदैन, अथवा अन्ते, आदि र आधारस्थान पनी केही मिल्दैन, अत्यन्तै मजबूत जरा धसियेको यस अश्वत्थ-वृक्ष (संसार वृक्ष) लाई अनासक्तिरूपी बलियो तरबारले काट्नुपर्छ र—

ततः पदं तत्परिमार्गितव्यं
यस्मिन्गता न निवर्तन्ति भूयः;
तमेव चाऽऽद्यं पुरुषं प्रपद्ये
यतः प्रवृत्तिः प्रसृता पुराणी. (४)

(१) स्वरूप.
(२) चाल.
(३) आधारस्थान.
(४) पिप्पलको वृक्ष जस्तो संसार.
(५) बलिया जरा धसिएको.
(६) आसक्ति-त्यागरूपको.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

अनी पछी त्यै पद[1] खोजनू जहाँ-
पुगेर फिर्दैन कुनै पनी यहाँ;
प्रवृत्ति[2] जस्बाट छ यो पुरातन[3]
पुग्छू उसैमा[4] म भनोस् मनै-मन.

अनी तेस स्थानलाई खोजेर पत्ता लाउनुपर्छ, जहाँ जानाले फेरी फर्केर आउनु पर्दैन. और यस्तो दृढ-संकल्प (मनको निश्चय) गर्नुपर्दछ कि, "सृष्टिक्रमको यो अति-प्राचीन सिलसिलेवार जसबाट उत्पन्न भयेको छ, तेही आद्यपुरुष तिर नै म जान्छु."

निर्मानमोहा जितसङ्गदोषा
अध्यात्मनित्या विनिवृत्तकामाः;
द्वन्द्वैर्विमुक्ताः सुखदुःखसंज्ञै-
र्गच्छन्त्यमूढाः पदमव्ययं तत्. (५)

जिती सबै मान[5] र मोह[6], सङ्ग[7],
अध्यात्म[8] जानी, गरि काम[9]-भङ्ग;
दुःखादिको[10] द्वन्द्व[11] सबै हटाई,
ब्रह्मज्ञ[12] लिन्छन् पद त्यो रमाई.

---

(१) धाम.
(२) सृष्टिको सिलसिला.
(३) अत्यन्त पुरानू
(४) आदि ब्रह्ममा.
(५) अभिमान.
(६) मनको धमिलोपन.
(७) आसक्ति.
(८) आत्मविषयक ज्ञान.
(९) कामनाको निवृत्ति.
(१०) दुःख-सुख इत्यादिको.
(११) जोडी.
(१२) ब्रह्मवेत्ताहरु.

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF
Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जो अभिमान र मोहले रहित छन्, जस्ले आसक्तिरूप दोषलाई जितेका छन्, जो अध्यात्मज्ञानमा नै स्थिर भयेर रहेका छन्, जो निष्काम कर्मयोग गर्दछन् र सुख-दुःख नामक द्वन्द्वधर्महरुबाट अलग छन्, ती ज्ञानवान् पुरुषहरु तेही अव्यय-स्थानमा (अविनाशी धाममा) पुग्दछन्.

न तद्भासयेत सूर्यो न शशांको न पावकः;
यद्गत्वा न निवर्तन्ते तद्धाम परमं मम. (६)

जहाँ प्रकाश पुग्दैन चन्द्र-सूर्या-ग्निको उही;
सर्वोच्च धाम हो मेरो फर्कदैनन् जहाँ गई.

जहाँ पुगेर फेरी फर्केर आउनुपर्दैन; यस्तो त्यो मेरो परम धाम छ, तेस्लाई न त सूर्य, न चन्द्रमा और न अग्निले पनी प्रकाशित गर्दछन् अर्थात्–तिनीहरुको त्यहाँ गति पुग्न सक्दैन.

जीव र देहको संबन्ध ज्ञानी जान्दछ-

ममैवांऽशो जीवलोके जीवभूतः सनातनः;
मनःषष्ठानीन्द्रियाणि प्रकृतिस्थानि कर्षति. (७)

यो जीवलोकमा[१] मेरै अंश जीव सनातन[२];
खिँची-लिन्छ[३] प्रकृतिका पँचेन्द्रिय[४] अनी मन.

यस जीवलोक अर्थात्–कर्मभूमिमा खास मेरै सनातन अंश जीव भयेर, प्रकृतिमा रहने मन-सहित छ अर्थात्–मन र पाँच सूक्ष्म इन्द्रियहरुलाई आँफु-तर्फ खिचेर लिन्छ. यसैलाई 'लिङ्गशरीर' भन्दछन्.

(१) मनुष्यलोकमा.
(२) अविनाशी.
(३) खिचेर आँफु-साथै राख्दछ.
(४) चक्षु-श्रोत्र-घ्राण-रसन-त्वक्.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शरीरं यदवाप्नोति यच्चाप्युत्क्रामतीश्वरः;
गृहीत्वैतानि संयाति वायुर्गन्धानिवाऽऽशयात्. (८)

जीवले जहिले देहं[1] लिईं, छोड्दछ त्यै-घरी;
साथै ती[2] सब ली चल्छ, गन्ध[3] ली वायु झैं गरी.

ईश्वर अर्थात्—जीवात्मा जब स्थूल शरीरमा पस्दछ र जब त्यो (यही शरीर) बाट निस्केर जान्छ, तब तेस्ले (जीवले) ती मन र पाँच इन्द्रिय-लाई तेसै-घरी साथमा लियेर जान्छ, जस्तै—फुल आदि आश्रयस्थानबाट हावाले वासनालाई लियेर जान्छ.

श्रोत्रं चक्षुः स्पर्शनं च रसनं घ्राणमेव च;
अधिष्ठाय मनश्चाऽयं विषयानुपसेवते. (९)

कान[4]-आँखा-त्वचा-जिह्वा-नासिका-मन लीकन;
जीवले[5] सर्वदा गर्छ सबै विषय सेवन.

कान, आँखा, छाला, जिभ्रो, नाक र मन इनीहरुको अध्यक्ष भयेर यो जीवात्माले विषयहरुलाई भोग गर्दछ.

उत्क्रामन्तं स्थितं वाऽपि भुञ्जानं वा गुणान्वितम्,
विमूढा नाऽनुपश्यन्ति पश्यन्ति ज्ञानचक्षुषः. (१०)

देहमा रहने, जाने, गुणी भै गुण भोगने;
यस्लाई मूर्ख देख्दैनन्, ज्ञानी[6] छन् खास देखने[7].

---

(१) यही स्थूल शरीर.
(२) मन सहित छ इन्द्रिय.
(३) फुलको सुवास.
(४) श्रोत्र-चक्षु त्वक्-रसन-घ्राणेन्द्रिय र मनलाई.
(५) परमेश्वरको अंशरूप जीवात्माले.
(६) ज्ञानै आँखा भयेकाहरु.
(७) पहिचाल्ने.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शरीरबाट निस्केर जाने, बस्ने, अथवा आँफैले होइन कि, गुणहरुले युक्त भयेर उपभोग गर्ने, यस जीवलाई मूर्खहरु जान्दैनन्. ज्ञानरूपी नजरले विचार गर्ने ज्ञानीहरु उसलाई ठहराउँदछन्.

यतन्तो योगिनश्चैनं पश्यन्त्यात्मन्यवस्थितम्;
यतन्तोऽप्यकृतात्मानो नैनं पश्यन्त्यचेतसः· (११)

योगी यत्न गरी देख्छन् आँफैमा[1] स्थित, ईश्वर;
यत्नले पनि देख्दैनन् मन्दात्मा, मूढ, पामर[2].

यस प्रकारले प्रयत्न गर्ने योगीहरु आफ्नू हृदयमा रहेको आत्मालाई पहिचान्दछन्; परन्तु, ती मूढहरु जस्को बुद्धि संस्कार गरियेको छैन, प्रयत्न गर्दा पनी तेस्ताले पहिचान गर्न सक्दैनन्.

परमात्माको सर्वव्यापकता-

यदादित्यगतं तेजो जगद्भासयतेऽखिलम्;
यच्चन्द्रमसि यच्चाऽग्नौ तत्तेजो विद्धि मामकम्. (१२)

[3]आदित्य-स्थित जो तेज गर्छ लोकै प्रकाशित;
[4]चन्द्र-अग्नि-बिषे जो छ त्यो मेरै जान निश्चित.

जुन तेज सूर्यमा रहेर सारा जगत्लाई प्रकाशित गर्दछ, जुन तेज चन्द्रमा र अग्निमा पनी छ, त्यो सब मेरै तेज हो भनेर संझ.

---

(१) आफ्नू अन्तःकरणमा.
(२) सूझ न बूझका.
(३) सूर्यमा रहेको.
(४) चन्द्रमा र अग्निमा.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गामाविश्य च भूतानि धारयाम्यहमोजसा;
पुष्णामि चौषधीः सर्वाः सोमो भूत्वा रसात्मकः. (१३)

भूतधारण[1] मै गर्छु तेजले भू-प्रविष्ट[2] भै;
मै गर्छु औषधी[3]-बृद्धि रसात्मा[4] सोमरूप[5] भै.

यस्तै गरी पृथ्वीमा प्रवेश गरेर, मै सब भूत (प्राणी) लाई धारण गर्दछु. रसरूपी चन्द्रमा भयेर, सब ओषधी (अर्थात्—धान्यादि वनस्पति) लाई पनी बढाउँदछु.

अहं 'वैश्वानरो' भूत्वा प्राणिनां देहमाश्रितः;
प्राणापानसमायुक्तः पचाम्यन्नं चतुर्विधम्. (१४)

प्राणाऽपान लिइ, प्राणि-देहमा[6] अग्नि-रूपको[7];
भई, पकाउँछु आँफै अन्न चार-किसीमको[8].

मै 'वैश्वानर' नामको अग्नि भयेर प्राणीका शरीमा रहन्छु र प्राण अपान वायुले युक्त भयेर, चारथरी अन्न (खाइने कुरा) लाई पाक गराउँछु.

सर्वस्य चाऽहं हृदि सन्निविष्टो
मत्तः स्मृतिर्ज्ञानमपोहनं च;
वेदैश्च सर्वैरहमेव वेद्यो
वेदान्तकृद्वेदविदेव चाऽहम्. (१५)

---

(१) प्राणीहरूको धारण.
(२) पृथिवीमा प्रवेश गरेको.
(३) धान्यादिको बढती.
(४) रसस्वरूप.
(५) चन्द्रमारूप.
(६) प्राणीका शरीरमा.
(७) जठराग्निस्वरूप.
(८) चपाइने, पिइने, चाटिने, चूसिने.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अग्निस्वरूपी भगवान्



प्राणाऽपान लिई, प्राणि-देहमा अग्नि-रूपको ;
भई, पकाउँछु आफैं अन्न चार-किसीमको । (गीता १५ । १४)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मै छु सबैको हृद्यस्थ खास,[1]
　　मैबाट हुन्छन् स्मृति-बोध-नाश;[2]
मै वेद्ले वेद्य[3] र वेद-विज्ञ,[4]
　　वेदान्त-कर्ता[5] पनि मै अभिज्ञ.[6]

फेरी यस्तै किसीम सँग म सबका हृदयमा सदा-सर्वदा वास गर्दछु, स्मरण र ज्ञान इनको नाश पनी ममा नै रहन्छ, तेस्तै सब वेदले जान्न-योग्य पनी मैं हूँ, अनी वेदान्त बनाउने र वेद जान्ने पनी केवल मै एक मात्र हूँ.

क्षर, अक्षर र पुरुषोत्तम-

द्वाविमौ पुरुषौ लोके क्षरश्चाऽक्षर एव च;
क्षरः सर्वाणि भूतानि कूटस्थोऽक्षर उच्यते. (१६)

पार्थ ! दोटा पुँरुष छन् लोकमा 'क्षर' 'अक्षर';
'क्षर' हुन् ई सबैं प्राणी, भन्छन् कूटस्थ 'अक्षर'.

यस लोकमा 'क्षर' र 'अक्षर' दुई पुरुष छन्, सब नाशिने भूत-प्राणीलाई 'क्षर' भन्दछन्, और कूटस्थ अर्थात्—सब प्राणीको मूल-कूटमा रहने प्रकृतिरूप अव्यक्त तत्वलाई 'अक्षर' (न नाशिने) भन्दछन्.

उत्तमः पुरुषस्त्वन्यः परमात्मेत्युदाहृतः;
यो लोकत्रयमाविश्य विभर्त्यव्यय ईश्वरः (१)

(१) हृदयमा रहेको.
(२) संज्ञना-ज्ञान-और नाश पनी.
(३) जानिने.
(४) वेद्जान्ने.
(५) वेदान्त बनाउने.
(६) सब जान्ने.
(७) आत्मा (स्वरूप).
(८) सबको आदि प्रकृतितत्व.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

'पुरुषोत्तम'[1] अर्को[2] छ, 'परमात्मा' भनाउँछ;
त्यो ईश्वर[3] तिनै-लोक प्रवेश गरि पाल्दछ.

परन्तु, 'पुरुषोत्तम' ई दुवै भन्दा भिन्न छ, तेस्लाई 'परमात्मा' भन्दछन्; त्यही अव्यय ईश्वर तिनै लोकमा प्रवेश गरेर सबैलाई पालन-पोषण गर्दछ.

यस्मात्क्षरमतीतोऽहमक्षरादपि चोत्तमः;
अतोऽस्मि लोके वेदे च प्रथितः पुरुषोत्तमः. (१८)

क्षरदेखी पर म छू, अक्षरैदेखि उत्तम[4];
लोकमा वेदमा तस्मात् कहिन्छू 'पुरुषोत्तम'.

म क्षर भन्दा पनी परको र अक्षर भन्दा पनी उत्तम पुरुष छु, यसैले लोक-व्यवहारमा र वेदमा 'पुरुषोत्तम' नामले प्रसिद्ध भयेकोछु.

यो बुझी सर्वज्ञ र कृतकृत्य हुन्छ-

यो मामेवमसंमूढो जानाति पुरुषोत्तमम्;
स सर्वविद्भजति मां सर्वभावेन भारत ! (१९)

मोह[5] छोडी मलाई जो 'पुरुषोत्तम' जान्दछ;
त्यो सर्वज्ञ[6] सबै भक्ति मैमा लायेर भज्दछ.

हे भारत ! यस प्रकारले मोहलाई त्याग गरेर जो पुरुष मलाई नै पुरुषोत्तम संझन्छ; त्यो सर्वज्ञ भयेर सर्वभाव (सबै तरह) ले मलाई नै भज्दछ.

---

(१) पुरुषमा श्रेष्ठ.
(२) ई दुई बाहेकको.
(३) अविनाशी ब्रह्म.
(४) श्रेष्ठ पुरुष.
(५) अज्ञानपना.
(६) सब जान्ने पुरुष.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

इति गुह्यतमं शास्त्रमिदमुक्तं मयाऽनघ !
एतद् बुद्ध्वा बुद्धिमान्स्यात्कृतकृत्यश्च भारत ! (२०)

बताएँ जो यहाँ मैले गुह्य यो शास्त्र अर्जुन !
त्यो जानी बुद्धिमान्[1] होला कृतकृत्य[2] पनी जन.

हे पापरहित भारत ! यो गुह्य भन्दा पनी अतिगुह्य, (बहुतै गोप्य) शास्त्र मैले वर्णन गरें, यस्लाई जानी-लिनाले मनुष्य बुद्धिमान् (साम्य-बुद्धिले युक्त) र कृतकृत्य पनी हुनेछ. (५७०)

इति श्रीमद्भगवद्गीतायाः 'पुरुषोत्तमयोगः'
पञ्चदशोऽध्यायः (१५)

इति कोमलगीता 'पुरुषोत्तमयोग'
पञ्चदश (१५)

---

(१) समताबुद्धिले युक्त. (२) केही कर्तव्य बाँकी न रहेको.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पञ्चदशाध्याय

समाप्त.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नरकका ढोका ।



त्रिविधं नरकस्येदं द्वारं नाशनमात्मनः । अ. ॥१६॥
कामः क्रोधस्तथा लोभस्तस्मादेतत्त्रयं त्यजेत् ॥२१॥

कामना, क्रोध वा लोभ तीन ई आत्मनाशकः
नरकद्वार हुन् पार्थ ! इनको त्यागै छ लायक ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ॐ

श्रीमद्भगवद्गीता.

कोमलगीता.

दैवासुरसंपद्विभाग-योग (१६).

दैवी संपत्तिका २६ गुण-

भगवानुवाच-

अभयं सत्वसंशुद्धिर्ज्ञानयोगव्यवस्थितिः;
दानं दमश्च यज्ञश्च स्वाध्यायस्तप आर्जवम्. (१)

न डर्नू, सात्विकी-वृत्ति[1], ज्ञानको-योगको-स्थिति[2];
तप, दान, यज्ञ, दम[3], ऋजुता[4], पाठमा[5] मति[6].

भगवान्‌ले आज्ञा गर्नुभयो-अभय (न डर्नू), शुद्ध सात्विक वृत्ति लिनू, ज्ञानयोग र कर्मयोगको तारतम्य सित व्यवस्था गर्नू, दान दिनू, दम (इन्द्रिय निग्रह) गर्नू, स्वाध्याय अर्थात्-स्वधर्मको अनुसार रोजरोज पठन-पाठन गर्नू, तपस्या गर्नू, सरलपना लिनू.

(१) सीधा चालचलन.
(२) व्यवस्था.
(३) इन्द्रियको रोकावट.
(४) सोझ्याई.
(५) स्वधर्माचरणमा.
(६) बुद्धि.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अहिंसा सत्यमक्रोधस्त्यागः शान्तिरपैशुनम्;
दयाभूतेष्वलोलुप्त्वं मार्दवं ह्रीरचापलम्. (२)

अहिंसा, सत्य, अक्रोध, त्याग, शान्ति, अपैशुन[1];
दया, अलोभ, मृदुता[2], लाज, निश्चञ्चले-पन.

अहिंसा अर्थात्–परपीडा नगर्नू, न रिसाउनू, कर्मफललाई छोड्नू, शान्ति लिनू, क्षुद्रदृष्टि छोडेर उदारभाव राख्नू, सब प्राणीमा दया गर्नू, तृष्णा न राख्नू, नरमीपना लिनू, खराब कामचाट लजाउनू, फजूल कर्महरुलाई छोड्नू.

तेजः क्षमा धृतिः शौचमद्रोहो नाऽतिमानिता;
भवन्ति संपदं दैवीमभिजातस्य भारत ! (३)

तेज[3], क्षमा, धैर्य, शौच[4] अद्रोहित्व, अमानिता[5];
दैवी-संपत्तिवालाका[6] हुन्छन् ई गुण सर्वदा.

हे भारत ! तेजस्वीपना लिनू, सहनू, धैर्य लिनू, पवित्र हुनू, द्रोह न गर्नू, घमण्डीपना न राख्नू, इनै २६ गुणहरु दैवी संपत्तिमा जन्मेका पुरुपहरुलाई प्राप्त हुन्छन्.

आसुरी संपत्का लक्षण-

दंभो दर्पोऽतिमानश्च क्रोधः पारुष्यमेव च;
अज्ञानं चाऽभिजातस्य पार्थ ! संपादमासुरीम्. (४)

---

(१) छुल्याइं नलाउनू.
(२) नम्रशीपना लिनू.
(३) तेजिलोपना.
(४) पवित्रता.
(५) सेखीले रहित हुनु.
(६) दैवी संपत्को अंश पाउनेका.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छल, सेखी, मैमत्याईं, रीस, अज्ञान, निष्ठुरी;
हुन्छन् आसुरसंपत्मा जन्मनेका सधैं-भरी.

हे पार्थ ! दंभ (छल), सेखी, ज्यादा अभिमान, क्रोध, निष्ठुरपना र अज्ञान ई ६ गुण आसुरी संपत्मा जन्मेकाहरुलाई प्राप्त हुन्छन्.

दैवी र आसुरी संपत्का फल-

दैवी संपद्विमोक्षाय निबन्धायाऽऽसुरी मता;
मा शुचः संपदं दैवीमभिजातोऽसि पाण्डव ! (५)

दैवी छ मोक्षका निंती बन्ध-निंती छ आसुरी;
दैवीमा जन्म तिम्रो छ किन शोच्छौ यसो-गरी?.

हे पाण्डव ! ई दुई संपत्मा दैवी-संपत् परिणाममा मोक्षदायक र आसुरी चाहिं बन्ध (जन्म) दायक भनी मानियेको छ. तिमी दैवी-सपत्मा जन्मेका छौ, यस कारण शोक न गर.

आसुरको वर्णन र अधोगति-

द्वौ भूतसर्गौ लोकेऽस्मिन्दैव आसुर एव च;
दैवो विस्तरशः प्रोक्त आसुरं पार्थ ! मे शृणु. (६)

प्राणीका सृष्टिमा श्रेणी दुई छन् 'दैव'-"आसुर'
कहें विस्तारले 'दैव', म भन्छु अब 'आसुर'.

(१) राक्षसी अंशमा.
(२) बन्ध दिलाउनाको निमित्त.
(३) दैवी संपत्ले युक्त.
(४) आसुरी संपत्ले युक्त.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हे पार्थ ! यस लोकमा दुई प्रकारका प्राणी उत्पन्न हुन्छन्. एक 'दैव' र दोश्रा 'आसुर'. ई दुई मध्यमा दैव-श्रेणीको वर्णन विस्तार-पूर्वक पहिले गरि-सकें. अब आसुर-श्रेणीको वर्णन गर्दछु, सुन.

प्रवृत्तिं च निवृत्तिं च जना न विदुरासुराः;
न शौचं नाऽपि चाऽऽचारो न सत्यं तेषु विद्यते. (७)

के गर्नू ? वा के न गर्नू ? जान्दैनन् आसुरी-जन[1];
रहन्न तिनमा शौच, सत्य,आचार, अर्जुन !

आसुरहरु यो थाह पाउँदैनन् कि, प्रवृत्ति के हो ? निवृत्ति के हो ? अर्थात् के गर्नु योग्य छ ? के न गर्नू योग्य छ ? अनी तिन्मा न शुद्धता न आचार और न त सत्यता पनी रहेको हुन्छ.

असत्यमप्रतिष्ठं ते जगदाहुरनीश्वरम्;
अपरस्परसंभूतं किमन्यत्कामहैतुकम्. (८)

ती भन्छन्—हो जगत् झूठो, निराधार[2], अनीश्वर[3];
अर्को-संबन्धले-शून्य[4], कामना-तृप्तिको[5] घर[6].

ई असुरहरु भन्दछन् कि, सारा जगत् असत्य छ, अप्रतिष्ठ अर्थात्—निराधार छ, अनीश्वर अर्थात्—विना परमेश्वरको छ, अपरस्परसंभूत अर्थात्—यौटा कुरो दोस्राको संबन्ध बेगर नै भयेको छ, यस उसले मनुष्यको विषय-वासना तृप्ति गर्नू सिवाय यस्को अरु के हेतु हुन सक्दछ. ?

(१) आसुरी प्रकृतिका मानिसहरु.
(२) कसैको आधारमा न रहेको
(३) परमेश्वर न भयेको.
(४) अर्को कुनै संबन्ध न भयेको.
(५) विषयवासना तृप्ति गराउनाको.
(६) मुख्य स्थान.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एतां दृष्टिमवष्टभ्य नष्टात्मानोऽल्पबुद्धयः
प्रभवन्त्युग्रकर्माणः क्षयाय जगतोऽहिताः (९)

यस्तो संज्ञी अल्पबुद्धि,[1] नष्टात्मा,[2] दुष्ट, मानव;[3]
जन्मन्छन्, क्रूरकर्मा भै नाश्छन् लोक पनी सब.

यस प्रकारको दृष्टि (विचार) लाई स्वीकार गरेर, कम बुद्धि भयेका, नष्टात्मा, दुष्ट मानिसहरु क्रूर कर्म गर्दै, जगत्लाई क्षय गर्नाको निमित्त उत्पन्न हुँदै गर्छन्.

काममाश्रित्य दुष्पूरं दंभमानमदान्विताः;
मोहाद् गृहीत्वाऽसद्ग्राहान्प्रवर्तन्तेऽशुचिव्रताः, (१०)

अपार[4] कामना[5] धर्दै, दंभ[6]-मान-मदान्ध भै;
मन[7]-मानी, कल्पना ली, गर्छन् दुष्कर्म[8] ती सधैं.

अनी कहिल्यै पनी पूर्ण न हुने भयेको काम अर्थात्—विषयोपभोगको इच्छा लियेर, आसुरीजनहरु दंभ-मान र मदले व्याप्त भयेर, मोह हुनाले झुठमूठ विश्वास अर्थात्- मनमौजी कल्पना गर्दै, खराब काम गर्न प्रवृत्त हुन्छन्.

चिन्तामपरिमेयां च प्रलयान्तामुपाश्रिताः;
कामोपभोगपरमा एतावदिति निश्चिताः, (११)

---

(१) नीच बुद्धि भयेका.
(२) आत्मविषयक ज्ञान न भयेका.
(३) मनुष्यहरु.
(४) कहिल्यै पार पाई न सकिने.
(५) विषयवासना.
(६) छल-अभिमान-मदले आँधो.
(७) जे मनमा आयो उही कुरो.
(८) नीच कर्म.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नमरुन्ज्यालको पापी, लंबा, दुश्चिन्तना लिने;
कामोपभोगमा डूब्दै, यै हो सर्वस्व ठानने.

यस्तै किसिमले आमरणान्त सुख-भोग निमित्तका अनगिन्ती चिन्तनाले डसियेका, कामोपभोगमा डुबेका र निश्चय-पूर्वक तेही (विषयवासनाको तृप्ति) लाई नै सर्वसार मानीरहेका.

आशापाशशतैर्बद्धाः कामक्रोधपरायणाः;
ईहन्ते कामभोगार्थमन्यायेनाऽर्थसञ्चयान्. (१२)

बाँधिंदै आश-पाशाले काम-क्रोध-परायण;
मौजका निम्तिमा जम्बा गर्छन् अन्यायले धन.

शयकडौं आशा-पाशले जकडियेका, काम क्रोधमा तत्पर रहेका, यस्ता आसुरीजनहरु मोजमजाको सुख उडाउँनाको लागी अन्यायले धेरै धन लूटेर जम्बा गर्न चाहन्छन्.

इदमद्य मया लब्धमिमं प्राप्स्ये मनोरथम्;
इदमस्तीदमपि मे भविष्यति पुनर्धनम्. (१३)

आज मैले येति पायें, पछी येति म पाउँला;
साथमा येति मेरो छ, भोली त्यो अरु आउला.

मैले आज यो येति पायें, भोली त्यो मनोरथ सिद्ध गर्नेछु, आज यो येति धन मेरा साथैमा छ, अनी त्यो अरु पनी फेरी मेरा हात पर्न आउँनेछ.

(१) हर वखत फसी-रहँदै. (२) विषयवासना र रीस मात्र मुख्य-स्थान भयेका.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

असौ मया हतः शत्रुर्हनिष्ये चाऽपरानपि,
ईश्वरोऽहमहं भोगी सिद्धोऽहं बलवान् सुखी. (१४)

मैले यो मारियो शत्रु, म मारूँला अरू पछी;
मै हूँ मालिक, मै भोगी[1], मै सिद्ध[2], बलवान्, सुखी.

यस शत्रुलाई मैले मारें; यस्तै अरुलाई पनी मारूँला. मै ईश्वर (मालिक), मै भोगी, मै सिद्ध, मै बलवान् र मै सुखी पनी हूँ.

आढ्योऽभिजनवानस्मि कोऽन्योऽस्ति सदृशो मया;
यक्ष्ये दास्यामि मोदिष्य इत्यज्ञानविमोहिताः. (१५)

कुलीन, धनवान्[3] मै छू, को छ मेरो बराबर ?
पूज्छू, दिन्छू, मोज गर्छू, ठान्ने ती मूर्ख पामर[4].

म संपन्न र कुलीन छू. म-तुल्य अरु को छ ? म यज्ञ गर्नेछू, दान दिनेछू, मोजमजा गर्नेछू, यस प्रकार सँग अज्ञानले मोहित भयेका (बेहोस-मा परेका).

अनेकचित्तविभ्रान्ता मोहजालसमावृताः;
प्रसक्ताः कामभोगेषु पतन्ति नरकेऽशुचौ. (१६)

हजारौं मन ली घूम्दै, मोहका जालमा[5] परी;
सुख-भोगादिमा लट्टू[6], डुब्छन् नरकमा झरी.

(१) सुखभोग गर्ने.
(२) सब सिद्धि भयेको.
(३) धर्नी.
(४) राक्षसी श्रेणीमा जन्मका नीच.
(५) फन्दामा.
(६) लागी पर्ने आसुरहरू.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अनेक प्रकारका मनमानी कल्पनामा भूलेका, मोहका फन्दामा फसेका, विषयोपभोगमा आसक्त हुने इनी आसुरीजन अपवित्र नरक (दुःख) मा पर्दछन् (धसिन्छन्).

आत्मसंभाविताः स्तब्धा धनमानमदान्विताः;
यजन्ते नामयज्ञैस्ते दंभेनाऽविधिपूर्वकम्. (१७)

आत्मश्लाघी, ठर्ल्यौरा ती भैमत्त धन-मानले;
गर्दछन् नामका यज्ञ, विधि छोडेर दंभले.

आफ्नू प्रशंसा गर्ने, हठ गरी अकडिने, धन र मानका मदले युक्त भयेका, ई आसुरीजन शास्त्रको विधि छोडेर, दंभले खाली नामका निमित्त मात्र यज्ञ गर्दछन्.

अहंकारं बलं दर्पं कामं क्रोधं च संश्रिताः;
मामात्मपरदेहेषु प्रद्विषन्तोऽभ्यसूयकाः. (१८)

बल, सेखी, अहंकार, कामना, रीसले गरी;
सबैका घटमा बस्ने मलाई दोस्दछन् जरी.

अहंकार, बल, घमण्ड, कामना, क्रोध इत्यादिले खूब फूलेर आफ्नू र अरु सबका देहमा रहने, म परमेश्वरलाई द्वेष गर्ने (निन्दा गर्ने).

तानहं द्विषतः क्रूरान्संसारेषु नराधमान्;
क्षिपाम्यजस्रमशुभानासुरीष्वेव योनिषु. (१९)

---

(१) आँफुलाई सह्राउँने.
(२) नामैका या नाम निमित्तका.
(३) देखाउनाको खातिरले.
(४) ज्यादा नै डाह गरी.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तीं नीच, क्रूर, विद्वेषी, नराधमहरूकन;
नीच-योनि-विषे नित्य फ्याँकी-दिन्छु म, अर्जुन !

अनी अशुभ कर्म गर्ने, इनै द्वेषी र क्रूर नराधमहरुलाई म यस संसारका आसुरीयोनि अर्थात्–पापयोनिहरुमा नै सधैं फ्याँकी-दिन्छु.

आसुरीं योनिमापन्ना मूढा जन्मनि जन्मनि;
मामप्राप्यैव कौन्तेय ! ततो यान्त्यधमां गतिम्. (२०)

आसुरी-योनि पायेर, जन्मेका मूर्ख जीव तीं;
मलाई नचिह्नी जान्छन् जन्म-जन्मै अधोगति.

हे कौन्तेय ! यस प्रकार धेरै जन्मजन्मान्तर संम पनी आसुरीयोनि नै पायेर, ई मूर्खहरु मलाई नचिहेर आखीर अत्यन्त अधोगतिमा नै पुग्दछन्.

नरकका ढोका काम-क्रोध-लोभ हुन्-

त्रिविधं नरकस्येदं द्वारं नाशनमात्मनः;
कामःक्रोधस्तथा लोभस्तस्मादेतत्त्रयं त्यजेत्. (२१)

कामना, क्रोध वा लोभ तीन ई आत्मनाशक;
नरक-द्वार हुन् पार्थ ! इन्को त्यागै छ लायक.

काम, क्रोध र लोभ इनै तीन-प्रकारका नरकका द्वार (ढोका) हुन्, इनले हाम्रो सत्यानाश गर्दछन्, यसै-उसले ई तीनोटैलाई त्याग गर्नुपर्दछ.

(१) रीस गर्नं.
(२) पशु-पक्षी-कीरा इत्यादि गरियेको अज्ञानी जुनीगा.
(३) देहधारीहरु,
(४) नीच गति (नरक)
(५) आफ्नू संहार गर्नं.
(६) नरकका ढोका.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एतैर्विमुक्तः कौन्तेय ! तमोद्वारैस्त्रिभिर्नरः;
आचरत्यात्मनः श्रेयस्ततो याति परां गतिम्. (२२)

तीन ई तमका ढोका-देखी जब विमुक्त भो;
अनी आफ्नू गरी श्रेय, त्यो परंपद-निष्ठ भो.

हे कौन्तेय ! ई तीन तमोद्वारबाट छुटे पछी मात्र मानिस त्यही आचरण गर्न लाग्दछ जस्मा उस्को कल्याण हुन्छ. अनी उत्तम-गति प्राप्त गर्दछ (लिन सक्दछ).

शास्त्रबाट कार्या-कार्य जानी कर्म गर्नू-

यः शास्त्रविधिमुत्सृज्य वर्तते कामकारतः;
न स सिद्धिमवाप्नोति न सुखं न परां गतिम्. (२३)

शास्त्रको विधि छोडेर चल्छ जो मनमौजले;
सिद्धि, सौख्य, परं-धाम कुनै पाउन्न तेसले.

जो शास्त्रको विधि छोडेर मन-माफिक गर्न-लाग्दछ, तेस्लाई न सिद्धि मिल्दछ, न सुख मिल्दछ, न त उत्तम गति (मुक्ति) पनी मिल्दछ, अर्थात् तेस्ले केही पनी पाउँदैन.

तस्माच्छास्त्रं प्रमाणं ते कार्याकार्यव्यवस्थितौ;
ज्ञात्वा शास्त्रविधानोक्तं कर्म कर्तुमिहाऽर्हसि. (२४)

---

(१) अज्ञानका. (३) भलो कुरो.
(२) छुट्कारा पाउँने. (४) उच्चा पदमा रहेको.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शास्त्रै प्रमाण छन् सारा कार्या-कार्य[1] बुझाउँन.
तस्मात् शास्त्रविधानैका[2] कार्यमा चल अर्जुन !

यस निमित्त कर्तव्य र अकर्तव्यको निर्णय गर्नलाई तिमीले शास्त्रहरुको प्रमाण मान्नुपर्दछ, अनी शास्त्रमा जे बतायेको छ, त्यो राम्ररी संझेर, तेस्कै अनुसार यस लोकमा तिमीलाई कर्म गर्नू उचित छ. (५९४)

इति श्रीमद्भगवद्गीतायाः 'दैवासुरसंपद्विभागयोगः'

षोडशोऽध्यायः (१६)

इति कोमलगीता 'दैवासुरसंपद्विभागयोग'

षोडश (१६)

---

(१) कर्तव्य र अकर्तव्य.　(२) शास्त्रले विधान गरियेका.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



❀ षोडशाध्याय ❀

समाप्त

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भगवान् ब्रह्मारूपमा

चतुर्मुखी म हूँ ब्रह्मा, मै त्यो अक्षय काल हूँ। (गीता १० । ३३)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ॐ

श्रीमद्भगवद्गीता.

कोमलगीता.

गुणत्रयविभाग-योग (१७)

तीन श्रद्धा र श्रद्धानुसार पुरुष-

अर्जुन उवाच-

ये शास्त्रविधिमुत्सृज्य यजन्ते श्रद्धयाऽन्विताः;
तेषां निष्ठा तु का कृष्ण ! सत्वमाहो रजस्तमः. (१)

जो शास्त्र-छोडी श्रद्धाले गर्छन् यज्ञ धर्माधर्म;
तिन्को त्यो कुन हो चेष्टा सत्व वा रज वा तम?

अर्जुनले सोधे– हे कृष्ण ! जुन मानिस श्रद्धाले युक्त भई, शास्त्रको विधिलाई छोडेर, यज्ञ (भजन-पूजन इत्यादि) गर्दछन्, तिन्को निष्ठा के कस्तो हो अर्थात्–सात्विक, राजस तामस के हो ?

भगवानुवाच-

त्रिविधा भवति श्रद्धा देहिनां सा स्वभावजा;
सात्विकी राजसी चैव तामसी चेति तां शृणु. (२)

(१) शास्त्रको विधि न गरी. (२) मनको स्थिति.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुन्छ तीन-थरी श्रद्धा स्वभावैले तमामको;
सात्विकी, राजसी तेस्तै तामसी तीन नामको.

भगवान्‌ले आज्ञा गर्नुभयो—सारा प्राणीको श्रद्धा स्वभावैले तीन प्रकारको हुन्छ. एक सात्विक, दोस्रो, राजस र तेस्रो तामस. अब इन्को वर्णन सुन.

सत्वानुरूपा सर्वस्य श्रद्धा भवति भारत !
श्रद्धामयोऽयं पुरुषो यो यच्छ्रद्धः स एव सः. (३)

[1]सत्व-माफिकको श्रद्धा सबैको हुन्छ वास्तव;
मनुष्य [2]श्रद्धामय छ, श्रद्धामाफिक बन्दछ.

हे भारत ! सब जनको श्रद्धा आफ्नू-आफ्नू सत्वको अनुसार अर्थात् प्रकृति-स्वभावको अनुसार हुन्छ. मनुष्य श्रद्धामय छ. जसको जस्तो श्रद्धा रहन्छ, त्यो तेस्तो नै हुन्छ अर्थात्—त्यही स्वरूप हुन्छ.

यजन्ते सात्विका देवान्यक्षरक्षांसि राजसाः;
प्रेतान्भूतगणांश्चाऽन्ये यजन्ते तामसा जनाः. (४)

सात्विकी देवता मान्छन्, यक्ष-राक्षस राजसी;
भूतप्रेतहरूलाई मान्दछन् जन तामसी.

जो पुरुष सात्विक छन् अर्थात्—जुनको स्वभाव सत्वगुण-प्रधान छ, तिनीहरु देवताहरुलाई पूजन गर्दछन्, राजस (रजोगुणी) पुरुषहरु यक्ष र राक्षसहरुलाई पूजा गर्दछन्. यस्तै इनी बाहेक जो तामसपुरुषहरु (तमोगुणी) छन्, तिनी प्रेत र भूतहरुलाई पूज्दछन्.

---

(१) प्रकृति अनुसारको. (२) श्रद्धास्वरूप.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

इनीहरु भन्दा बाहेकका आसुर-

अशास्त्रविहितं घोरं तप्यन्ते ये तपो जनाः;
दंभाहंकारसंयुक्ताः कामरागबलान्विताः. (५)

लिई दंभ अहंकार काम-राग[1] समेतको;
अत्युग्र[2] तप जो गर्छन् छोडेर विधि[3] शास्त्रको.

जुन मानिस दंभ र अहंकारले युक्त भयेर, खाली कामना र आसक्तिका बलले शास्त्रको विरुद्ध घोर (उग्र) तपस्या गर्दछन्.

कर्षयन्तः शरीरस्थं भूतग्राममचेतसः;
मां चैवाऽन्तःशरीरस्थं तान्विद्ध्यासुरनिश्चयान्. (६)

पंचभूत[4] र यो देह-भित्रको[5] मकनै पनी;
अविवेकी बनी पीर्दैं[6], जान्नू ती आसुरी भनी.

तेस्तै—जो केवल शरीरका पञ्च-महाभूतको समुदायलाई मात्र होइन कि, परन्तु शरीरको भित्र रहने (अन्तरात्मा) मलाई पनी कष्ट दिन्छन् , तिन्लाई अविवेकी र आसुरी-बुद्धिले युक्त असुर हुन् भनेर जान.

सात्त्विक, राजस र तामस आहार-

आहारस्त्वपि सर्वस्य त्रिविधो भवति प्रियः;
यज्ञस्तपस्तथा दानं तेषां भेदमिमं श्रृणु. (७)

---

(१) विषयवासना र लालचा.
(२) डर लाग्दो.
(३) आज्ञा
(४) पृथिवी-अप्-तेज-वायु-आकाश.
(५) अन्तः करणमा रहेको.
(६) दुःख दिंदै.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सबैको हुन्छ आहार[1] पनी प्यारो तिनै-थरी;
यज्ञ-दान-तपस्याका सुन भेद तिनै-थरी.

हरेकलाई रुचि लाग्ने (मन पर्ने) आहारा पनी तीन प्रकारको हुन्छ, और यही हाल यज्ञ, तप, दानको पनी हुन्छ. तिन्को भेद बताउँछु, सुन.

आयुःसत्वबलारोग्यसुखप्रीतिविवर्धनाः ;
रस्याः स्निग्धाः स्थिरा हृद्या आहाराः सात्विकप्रियाः. (८)

जो सत्वा-ऽऽयु-बला-ऽऽरोग्य-सुख-प्रीति[3] बढाउँछन् ;
ती चिल्ला, रसिला, मीठा, अन्न[4] सात्विकभोग्य[5] छन्.

आयु, सात्विकवृत्ति, बल, आरोग्य, सुख र प्रीति बढाउँने, रसिला, चिल्ला, स्थिर अर्थात्—शरीरमा भिजेर धेरै काल सम्म अडिने, मनलाई आनन्द दिने, आहारा सात्विक मनुष्यलाई प्रिय हुन्छन्.

कट्वम्ललवणात्युष्णतीक्ष्णरुक्षविदाहिनः ;
आहारा राजसस्येष्टा दुःखशोकामयप्रदाः. (९)

अमिलो, नुनिलो, पीरो, तातो, पोल्ने, तिखो[6], रुखो;
रोग-शोक दिने अन्न राजसी मान्दछन् निको.

पीरो, अमिलो, नुनिलो, ज्यादा तातो, तिखो, रुखो, दाह गर्ने, दुःख-शोक-रोग उब्जाउने, आहारा राजसी प्रकृतिका मनुष्यहरु निको मान्दछन्.

(१) खाइने कुरा.
(२) सत्वगुणी वृत्ति.
(३) रुचि र खुसी.
(४) स्थिर अन्न.
(५) सत्वगुणीले रुचाइने.
(६) तिरिछ्या.
(७) रोग-शोग दुःखादि.
(८) असल (बढिया).

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यातयामं गतरसं पूति पर्युषितं च यत्;
उच्छिष्टमपि चाऽमेध्यं भोजनं तामसप्रियम्. (१०)

चीसो, विरसिलो, बासी, जो अत्यन्तै गन्हाउँछ;
अपवित्र, जुठो, जो छ तामसी त्यै रुचाउँछ.

केही काल सम्म राखेर चीसो भयेको, बिरसिलो, दुर्गन्ध-युक्त, बासी, जुठो र अपवित्र अन्न तामसी पुरुषलाई रुचि लाग्दछ.

तीन प्रकारका यज्ञ-

अफलाकांक्षिभिर्यज्ञो विधिदृष्टो य इज्यते;
यष्टव्यमेवेति मनः समाधाय स सात्विकः. (११)

फलेच्छा न गरी, चित्त सँभाली विधि-माफिक;
कर्तव्य[1] संझी गरिने, यज्ञ हो पार्थ ! 'सात्विक'[2].

फलाशाको आकांक्षा न लियेर, आफ्नू कर्तव्य संझी, शास्त्रको विधि अनुसार, शान्त चित्तले जो यज्ञ गरिन्छ, त्यो सात्विक यज्ञ हो.

अभिसन्धाय तु फलं दंभार्थमपि चैव यत्;
इज्यते भरतश्रेष्ठ ! तं यज्ञं विद्धि राजसम्. (१२)

फलको चाहली, तेस्तै लोकमा कहलाउँन;
गरिने, यज्ञ जो हुन्छ त्यो हो 'राजस'[3] अर्जुन !

---

(१) अवश्यै न गरी न हुने. (२) सत्व गुणले युक्त. (३) रजोगुणले युक्त.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परन्तु, हे भरतश्रेष्ठ ! फलको इच्छाले अथवा दंभका निमित्त अर्थात्–ऐश्वर्य देखाउनाको निमित्त गरिने जो यज्ञ हुन्छ, तेस्लाई राजस यज्ञ भनेर् संज्ञ.

विधिहीनमसृष्टान्नं मन्त्रहीनमदक्षिणम्;
श्रद्धाविरहितं यज्ञं तामसं परिचक्षते. (१३)

बेमन्त्र[1], बेदक्षिणाको तेस्तै बेअन्न-दानको;
बेश्रद्धा-विधिको यज्ञ हुन्छ 'तामस[2]' नामको.

शास्त्रको विधिले रहित, अन्न दानले शून्य, विना मन्त्रको विना दक्षिणाको र श्रद्धा न भयेको, यज्ञ तामस कहिन्छ.

तपका तीन भेद-

देवद्विजगुरुप्राज्ञपूजनं शौचमार्जवम्;
ब्रह्मचर्यमहिंसा च शारीरं तप उच्यते. (१४)

देव-द्विज[3]-गुरु-प्राज्ञ[4]-पूजा, शौच[5], सिधा-पन;
ब्रह्म-चर्य, अहिंसा हो 'देहको-तप[6]' अर्जुन !

देवता, ब्राह्मण, गुरु र विद्वान्हरुको पूजा, पवित्रता, ऋजुता (सोझ्याइ), ब्रह्मचर्य र अहिंसालाई शारीर अर्थात्–शरीरले गरिने तपस्या भन्दछन्.

अनुद्वेगकरं वाक्यं सत्यं प्रियहितं च यत्;
स्वाध्यायाभ्यसनं चैव वाङ्मयं तप उच्यते. (१५)

---

(१) मन्त्र-बेगरको.
(२) तमोगुणले युक्त.
(३) ब्राह्मण.
(४) ज्ञानी विद्वान्.
(५) पवित्र रहनू.
(६) कायिक तपस्या.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

न घोचने, मिठो, साँचो, प्यारो र हित बोलनू;
नित्यै पाठहरू गर्नू 'बोलीको-तप' संझनू.

मनलाई दिग्दार न गराउने, साँचो, प्यारो, हित गर्ने वचन बोल्नुलाई र स्वाध्याय अर्थात्–आफ्नू (जात-माफिकको) कर्मको अभ्यासलाई वाङ्मय अर्थात्–बोलीले गरिने तपस्या भनेर बताउँछन्.

मनःप्रसादः सौम्यत्वं मौनमात्मविनिग्रहः;
भावसंशुद्धिरित्येतत्तपो मानसमुच्यते. (१६)

मनःप्रसाद, निष्फिक्री, न बोल्नू, चित्त रोकनू;
भावना शुद्धि यो सारा 'मनको-तप' संझनू.

मन खुसी राख्नू, सुशील हुनू, मुनिहरुकै जस्तो वृत्ति राख्नू, मन रोक्नू, र शुद्ध भावना लिनू इन्लाई मानस अर्थात्–मनले गरिने तपस्या भन्दछन्.

सात्विकादि-भेदले सब तीनै प्रकार-

श्रद्धया परया तप्तं तपस्तत्त्रिविधं नरैः;
अफलाकांक्षिभिर्युक्तैः सात्विकं परिचक्षते. (१७)

श्रद्धा-साथ फलाकांक्षा न लिई, युक्त भैकन;
गरेको त्यो तीन-थरी तप 'सात्विक' हो गुन.

---

(१) जात माफिक कामका अभ्यासहरु.
(२) वाचिक-तपस्या.
(३) मनको प्रसन्नता.
(४) मानसिक-तपस्या.
(५) कर्मयोगयुक्त.
(६) सत्वगुणले युक्त.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

इनै माथी बताइयेका तिन किसिमका तपस्या मनुष्यले फलको आकांक्षा न राखेर उत्तम श्रद्धा र योगयुक्त बुद्धिले गर्दछ भने ती सब सात्विक कहलाउँछन्.

सत्कारमानपूजार्थं तपो दंभेन चैव यत्;
क्रियते तदिह प्रोक्तं राजसं चलमध्रुवम्. (१८)

सत्कार, मान-पूजा र दंभ-निंती गरिन्छ जो;
त्यो 'राजसी' तपस्या हो चल[2], अस्थिर नै छ यो.

जुन तप आफ्नू सत्कार, मान, पूजाका निमित्त अथवा दंभका निमित्त पनी गरिन्छ, त्यो चंचल र अस्थिर तप, शास्त्रहरुमा राजस कहियेको छ.

मूढग्राहेणाऽऽत्मनो यत्पीडया क्रियते तपः;
परस्योत्सादनार्थं वा तत्तामसमुदाहृतम्. (१९)

दुराग्रह[3] लिई, देह पीड्याई, गरिने तप;
शत्रुनाशार्थको थैद्वा[4] हो सबै 'तामसी-तप'

मूढ आग्रह लिई, आफैं कष्ट उठायेर अथवा जारण-मारण आदि कर्मको द्वारा अर्कालाई सताउँनाको निमित्त गरियेको तप तासम भनेर बताइन्छ.

सात्विकादि तीन प्रकारका दान-

दातव्यमिति यद्दानं दीयतेऽनुपकारिणे;
देशे काले च पात्रे च तद्दानं सात्विक स्मृतम्. (२०)

---

(१) देखौवा.
(२) चंचल.
(३) खराब इच्छा.
(४) अथवा.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देश, काल तथा पात्र पारी[1] अनुपकारक;
दातव्य[2] संझी दिइने दान हो जान 'सात्विक'.

त्यो दान सात्विक भनेर कहिन्छ जो कि, कर्तव्य बुद्धिले गरिन्छ, जो योग्य स्थान, काल र पात्रको विचार गरेर गरिन्छ र जो आफ्नू उपर प्रत्युपकार न गर्नेलाई दिइन्छ.

यत्तु प्रत्युपकारार्थं फलमुद्दिश्य वा पुनः ;
दीयते च परिक्लिष्टं तद्दानं राजसं स्मृतम्. (२१)

फलोद्देश्य[3] गरी यद्वा लिँयेको[4] बदला दिन;
गाह्रो मानेर दिइने, दान 'राजस' मा गन.

परन्तु, उस्ले गरियेका उपकारको बदलामा, अथवा केही फलको आशा राखेर, बडो गाह्रो मानी, जो दान दिइन्छ, त्यो दान राजस भनी कहियेको छ.

अदेशकाले यद्दानमपात्रेभ्यश्च दीयते;
असत्कृतमवज्ञातं तत्तामसमुदाहृतम्. (२२)

देश, काल न पारेर, खूब हेलाँ गरीकन;
अपात्रलाई दिइने, दान 'तामस' मा गन.

अयोग्य स्थानमा, अयोग्य कालमा, अपात्र मनुष्यलाई केही सत्कार न गरी अथवा अपहेलनापूर्वक (हेलाँ गरेर) जो दान दिइन्छ, त्यो तामस दान कहलाउँछ.

---

(१) प्रत्युपकार न गर्ने.
(२) दिनू कर्तव्य हो भन्ने.
(३) केही फलको चाहना.
(४) आँफुले पहिले उस्बाट पायेको.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

'ॐ-तत्-सत्' ब्रह्मनिर्देश-

ॐतत्सदिति निर्देशो ब्रह्मणस्त्रिविधः स्मृतः ;
ब्राह्मणास्तेन वेदाश्च यज्ञाश्च विहिताः पुरा. (२३)

ब्रह्मनिर्देश 'ॐ-तत्-सत्' यै हो तीन प्रकारको;
त्यैबाट भो अघी[२] सृष्टि वेद-ब्राह्मण-यज्ञको.

शास्त्रमा परमब्रह्मको निर्देश 'ॐ-तत्-सत्' यो तीन प्रकारले गरियेको छ; तेसै निर्देशबाट पहिले ब्राह्मण, वेद र यज्ञ पनी रचना गरियेका हुन्.

'ॐ' 'तत्' 'सत्' का उपयोगी कर्म-

तस्मादोमित्युदाहृत्य यज्ञदानतपःक्रियाः ;
प्रवर्तन्ते विधानोक्ताः सततं ब्रह्मवादिनाम्. (२४)

तस्मात्[३] ॐकारका साथै यज्ञ-दान-तपः-क्रियाँ[४];
विधिमाफिक चल्दैछन् सर्वदा ब्रह्मवादिका.

जगत्को आरंभ ईश्वरको यहीं संकल्पले भयेको हुनाले ब्रह्मवादी ज्ञानीहरुका यज्ञ, दान, तप र तेस्तै अरु शास्त्रोक्त कर्महरु सर्वदा ॐकारको उच्चारणका साथ-साथै हुन्छन्.

तदित्यनभिसन्धाय फलं यज्ञतपःक्रियाः ;
दानक्रियाश्च विविधा क्रियन्ते मोक्षकांक्षिभिः. २५)

---

(१) ईश्वरको देखावट. (३) तेसो हुनाले.
(२) पहिले. (४) कर्महरु.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

'तत्' भनी फल छोडेर तप-यज्ञहरूकन;
मोक्षार्थी[1] गर्दछन् फेरी दान-कर्म अनेकन.

'तत्' शब्दको उच्चारणले फलको आशा न राखेर, मोक्षार्थी पुरुषहरु यज्ञ, दान, तप आदि अनेक प्रकारका क्रिया (कर्म) गरी-रहन्छन्.

सद्भावे साधुभावे च सदित्येतत्प्रयुज्यते;
प्रशस्ते कर्मणि तथा सच्छब्दः पार्थ ! युज्यते. (२६)

अस्तित्वको[2], भलाईको, अर्थमा 'सत्' प्रयुक्त[3] छ;
बढिया कर्ममा तेस्तै 'सत्' शब्द उपयुक्त[4] छ.

हे पार्थ ! अस्तित्व र साधुता अर्थात्–भलाईको अर्थमा 'सत' शब्दको प्रयोग गरियेको छ, यस्तै प्रकारले असल कर्महरुका निमित्त पनी 'सत्' शब्दको नै उपयोग भयेको छ.

यज्ञे तपसि दाने च स्थितिः सदिति चोच्यते;
कर्म चैव तदर्थीयं सदित्येवाऽभिधीयते. (२७)

यज्ञ, दान, तपस्यामा स्थिरता[5] 'सत्' कहाउँछ;
तिन्का[6] निमित्तको कर्म पनी 'सत्' कहलाउँछ.

यज्ञ, तप र दानमा स्थिर भावना राख्नुलाई पनी 'सत्' भन्दछन्; तेस्तै इन्का निमित्त जो कर्म गरिन्छ, तेस कर्मको नाम पनी 'सत' नै हो.

(१) मोक्ष चाहना गर्नेहरु.
(२) 'ईश्वरविहित कर्म हो, गर्नू' यस्को.
(३) प्रयोग गरिन्छ.
(४) काम लगाइन्छ.
(५) दृढविश्वास राख्नू.
(६) यज्ञ दान-तपस्याका.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

'असत्' दुवै लोकमा निष्फल छ-

अश्रद्धया हुतं दत्तं तपस्तप्तं कृतं च यत्;
असदित्युच्यते पार्थ ! न च तत्प्रेत्य नो इह. (२८)

होम, दान, तपः-कर्म अश्रद्धाले भयो जहाँ;
त्यो कहिन्छ 'असत्' पार्थ ! हित हुन्न यहाँ-वहाँ.

हे पार्थ ! अश्रद्धाले जो हवन गरिन्छ, जो दान दिइन्छ, जो तपस्या गरिन्छ, अथवा अरु जो कुछ कर्म गरिन्छ, तेस्लाई 'असत्' भन्दछन्. त्यो कर्म न त मरे पछी परलोकमा, न त यस लोकमा पनी हितकारी हुन आउँदछ.अर्थात् कहीं पनी हित गर्ने हुँदैन. (६२२)

इति श्रीमद्भगवद्गीतायाः 'गुणत्रयविभागयोगः'

सप्तदशोऽध्यायः (१७)

इति कोमलगीता 'गुणत्रयविभागयोग'

सप्तदश (१७)

---

(१) वेदकर्मा, (२) वरत्र न परत्रगा.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

योगेश्वर श्रीकृष्ण

योगेश्वर जहाँ कृष्ण, धनुष्मान् पार्थ छन् जहाँ ; म ठान्छु–विजय, श्री र भूति, सन्नीति छन् तहाँ । (गीता १८।७८)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ॐ

श्रीमद्भगवद्गीता.

कोमलगीता.

मोक्षसंन्यास-योग (१८).

संन्यास र त्यागको कर्मयोगी व्याख्या-

अर्जुन उवाच-

संन्यासस्य महाबाहो ! तत्वमिच्छामि वेदितुम्;
त्यागस्य च हृषीकेश ! पृथक् केशिनिषूदन ! (१)

केशिघातिन्[1], हृषीकेश ! संन्यास, त्यागको सब;
भिन्न-भिन्नै गरी तत्व जान्न चाहन्छु माधव[2] !

अर्जुनले सोधे—हेमहाबाहु, हृषीकेश, केशिदैत्यनाशक ! म संन्यासको तत्व र, त्यागको तत्व पृथक् पृथक् जान्न चाहन्छु. बताउँनुहोस.

भगवानुवाच·

काम्यानां कर्मणां न्यासं संन्यासं कवयो विदुः;
सर्वकर्मफलत्यागं प्राहुस्त्यागं विचक्षणाः· (२)

काम्य-कर्महरू छोड्नू विद्वान् 'संन्यास' भन्दछन्;
सारा कर्म-फल त्याग्नू विद्वान्ले 'त्याग' मान्दछन्.

(१) केशिदैत्यलाई नाश गर्ने. (२) लक्ष्मीका पति, हेकृष्ण !

योगेश्वर जहाँ कृष्ण, धनुष्मान् पार्थ छन् जहाँ ; म· ठान्छु-विजय, श्री र भूति, मनीति छन् तहाँ । (गीता १८। ७८)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भगवान्‌ले वर्णन गर्नुभयो–जती काम्यकर्महरु छन्, तिन्को न्यास अर्थात्-छोड्नूलाई नै ज्ञानीहरु 'संन्यास' संज्ञन्छन्. तेस्तै संपूर्ण कर्मका फलको त्यागलाई पण्डितहरु 'त्याग' भनेर मान्दछन्.

कर्म छोड्नू र नछोड्नूको निर्णय-

त्याज्यं दोषवदित्येके कर्म प्राहुर्मनीषिणः;
यज्ञदानतपःकर्म न त्याज्यमिति चाऽपरे. (३)

कुनै विद्वान्हरू भन्छन् दोषी हो कर्म छोडनू;
कुनै भन्छन्–यज्ञ, दान, तप, कर्म न छोडनू.

कुनै पण्डितहरुको कथन छ कि, कर्म दोषयुक्त छ यस कारण, तेस्लाई सर्वथा त्याग गर्नुपर्दछ. तेस्तै-अरू भन्दछन् कि, यज्ञ-दान-तप र कर्मलाई कहिल्यै पनी छोड्नू हुँदैन.

निश्चयं शृणु मे तत्र त्यागे भरतसत्तम !
त्यागो हि पुरुषव्याघ्र ! त्रिविधः संप्रकीर्तितः (४)

अहिले सुन लै मेरो त्यागमा जो छ निश्चय;
तीन-प्रकारको हुन्छ यही त्याग धनञ्जय!

अत एव, हे भरतवंशमा उत्तम, पुरुषश्रेष्ठ ! त्यागका विषयमा मेरो निर्णय सुन. यही त्याग तीन प्रकारको कहियेको छ.

---

(१) दोष भयेको अर्थात् बन्धन गराउने.
(२) पक्का पक्का गरियेको कुरो.
(३) छोड्नू.
(४) हेअर्जुन !.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यज्ञदानतपःकर्म न त्याज्यं कार्यमेव तत्;
यज्ञो दानं तपश्चैव पावनानि मनीषिणाम्. (५)

न छोड्नू यज्ञ दानादि गर्नैपर्दछ अर्जुन !
हुन्छन् यज्ञ-तपो-दान विद्वान्का पनि पावन.

यज्ञ, दान, तप, र कर्मलाई त्याग गर्न हुँदैन. इनी कर्महरु गर्नै पर्दछन्. किन भने, यज्ञ, दान र तपहरु बुद्धिमान् (ज्ञानयुक्त) का निमित्त पनी पवित्र अर्थात्—चित्तशुद्धि गराउँने हुन्.

एतान्यपि तु कर्माणि संगं त्यक्त्वा फलानि च;
कर्तव्यानीति मे पार्थ ! निश्चितं मतमुत्तमम्. (६)

आसक्ति, फल छोडेर शुभकर्महरू इ त;
गर्नैपर्दछ यो मेरो हो श्रेष्ठ मत निश्चित.

हे पार्थ ! यस कारण, इनी यज्ञ, दान, तप आदि कर्म पनी आसक्ति न राखी, फलहरूलाई छोडी दियेर, अरु निष्काम कर्महरू सरह लोक-संग्रहका निमित्तमा गर्दै रहनुपर्दछ. यही मेरो निश्चित मत छ, और यही उत्तम पनीं छ.

कर्मत्यागका सात्विकादि तीन भेद-

नियतस्य तु संन्यासः कर्मणो नोपपद्यते;
मोहात्तस्य परित्यागस्तामसः परिकीर्तितः. (७)

---

(१) ज्ञानी पुरुषका.　(२) चित्तशुद्धि-कारक.　(३) निश्चय गरियेको.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जात-माफिकको कर्म[1] छोड्नूहुन्न कैवै[2] पनी;
मोहले[3] उसको त्याग जान्नू 'तामस' भो भनी.

जुन कर्म स्वधर्मको अनुसार नियत अर्थात्–स्थिर गरी-दियेका छन्, तिन्को संन्यास अर्थात्–त्याग गर्नू कसैलाई पनी उचित छैन. तिन्को मोहले गरियेको त्याग तामस कहलाउँछ.

दुःखमित्येव यत्कर्म कायक्लेशभयात्त्यजेत्;
स कृत्वा राजसं त्यागं नैव त्यागफलं लभेत्. (८)

दुःख संझी डरायेर कर्म छोडी-दियो भने;
'राजस' त्याग भो पार्थ ! हुन्न त्यो फल पाउँने.

शरीरलाई कष्ट हुने डरले अर्थात्–दुःखकारक हुनाले यदि कसैले कर्म छोड्दछ भने, तेस्को त्यो त्याग राजस हुन्छ. और त्यागको फल तेसले (पुरुषले) पाउँदैन.

कार्यमित्येव यत्कर्म नियतं क्रियतेऽर्जुन !
संगं त्यक्त्वा फलं चैव स त्यागः सात्विको मतः. (९)

आसक्ति, फल छोडेर स्वकर्तव्य[4] भनीकन;
जो कर्म गरियो त्यै हो 'सात्विक' त्याग अर्जुन !

हे अर्जुन ! स्वधर्मानुसार तोकियेको कर्म, जब कार्य वा कर्तव्य संझेर आसक्ति र फल छोडी गरिन्छ, तब तेस्लाई सात्विक त्याग भनेर बताउँदछन्.

---

(१) धर्म.
(२) कसैत परे पनी.
(३) अज्ञानले.
(४) मेरो कर्तव्य हो.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कर्मफलत्यागी नै सात्विक 'त्यागी' हो-

न द्वेष्ट्यकुशं कर्म कुशले नाऽनुषज्जते;
त्यागी सत्वसमाविष्टो मेधावी छिन्नसंशयः. (१०)

शुभमा न त आसक्त न विरक्त खराबमा;
निःशंक, धीमान्, सत्वस्थ, त्यो 'त्यागी' जान लोकमा.

जो कुनै अकुशल कर्म अर्थात्–अकल्याणकारक कर्मलाई द्वेष पनी गर्दैन, तेस्तै कल्याणकारक अथवा हितकारी कर्ममा लागी पनी पर्दैन, तेस्लाई नै सत्वशील, बुद्धिमान् र सन्देह रहित त्यागी अर्थात्-सन्यासी भन्नुपर्दछ.

न हि देहभृता शक्यं त्यक्तुं कर्माण्यशेषतः;
यस्तु कर्मफलत्यागी स त्यागीत्यभिधीयते. (११)

देहवान्ले सबै कर्म छोड्नलाई अशक्य छ;
कर्मका फलको त्यागी सच्चा 'त्यागी' ठहर्दछ.

जो देहधारी छ, तेस्बाट सारा कर्मको त्याग हुन् संभव नै छैन; यस कारण, जस्ले कर्म न छोडेर केवल कर्मफलहरुलाई मात्र त्याग गरेको छ, तेही पुरुष सच्चा त्यागी अर्थात्–संन्यासी हो.

कर्मफलले त्यागी बाँधिदैनन्-

अनिष्टमिष्टं मिश्रं च त्रिविधं कर्मणः फलम्;
भवत्यत्यागिनां प्रेत्य न तु संन्यासिनां क्वचित्. (१२)

(१) सात्विक.
(२) संन्यासी.
(३) जिउ धारण गर्ने प्राणीले.
(४) न सकिने.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तीनै-थरी कर्म-फल इष्टा[1]-ऽनिष्ट र मिश्रित[2];
परत्र भोग्छ अत्यागी[3], त्यागी भोग्दैन निश्चित.

मरण भये पछी अत्यागी मनुष्यलाई अर्थात्–फलाशा त्याग न गर्नेलाई तीन प्रकारका फल मिल्दछन् अनिष्ट, इष्ट र ई दुवै मिलेको मिश्र, परन्तु, संन्यासीलाई अर्थात्–फलाशा छोडेर कर्म गर्ने पुरुषलाई इनी फल मिल्दैनन् अर्थात्–इनले बाधा गर्न सक्दैनन्.

कुनै कर्म हुँदा पनी पाँच कारण-

पञ्चैतानि महाबाहो ! कारणानि निबोध मे;
सांख्ये कृतान्ते प्रोक्तानि सिद्धये सर्वकर्मणाम्. (१३)

कर्मका हेतु[4] छन् पाँच सांख्यमा[5] सिद्धि-खातिर;
बतायेका तिनी जान गर्छु म पनि विस्तर[6].

हे महाबाहू ! कुनै पनी कर्म हुनाको निमित्तमा सांख्यहरुका सिद्धान्तमा पाँच कारण हुन्छन् भनेर मानियेका छन्, तिन्लाई म बताउँछु, सुन.

अधिष्ठानं तथा कर्ता करणं च पृथग्विधम्;
विविधाश्च पृथक्चेष्टा दैवं चैवाऽत्र पञ्चमम्. (१४)

---

(१) चाहको र बेचाहको.
(२) इष्ट र अनिष्ट मिलेको.
(३) कर्मफलको इच्छा गर्नेले.
(४) सुरु हुनामा कारण.
(५) सांख्यमतका सिद्धान्तमा.
(६) खुलासा.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

'अधिष्ठान'[1] तथा 'कर्ता'[2] 'भिन्न-भिन्नै ति साधन'[3];
'अनेक-चेष्टा'[4] कर्ताका, 'दैव'[5] पाँचौं छ कारण.

अधिष्ठान (स्थान), कर्ता, भिन्न-भिन्न साधन, कर्ताका अनेक प्रकारका पृथक्-पृथक् चेष्टा अर्थात्–व्यापार, और तेस्का साथ-साथै पाँचौ कारण दैव पनी छ.

शरीरवाङ्मनोभिर्यत्कर्म प्रारभते नरः;
न्याय्यं वा विपरीतं वा पञ्चैते तस्य हेतवः. (१५)

न्याय्य अन्याय्यका कर्म वाक्-मनो-देहले जब;
गर्छ मानिसले, हुन्छन् पाँच हेतु इनै तब.

शरीरले, बोलीले अथवा मनले पनी मनुष्य जो जो कर्म गर्दछ, अनी त्यो कर्म चाहे न्याय्य होस् या विपरीत अर्थात्–अन्याय्य होस्, तेस्का तिनै पूर्वोक्त पाँच कारण हुन्छन्.

अहंकार छुटी कर्म गरे पनी निर्लेप·

तत्रैवं सति कर्तारमात्मानं केवलं तु यः;
पश्यत्यकृतबुद्धित्वान्न स पश्यति दुर्मतिः. (१६)

यस्तो छँदा-छँदै जस्ले न भई बुद्धि-संस्कृति[6];
मै हूँ कर्ता भनी ठान्छ, त्यो क्यै जान्दैन दुर्मति.

---

(१) काम गरिने ठाउँ.
(२) काम गर्ने पुरुष.
(३) काममा मद्दगार.
(४) काम गर्नामा कर्ताका व्यापार.
(५) कार्यसिद्धि वा असिद्धि गराउनूमा शक्ति राख्ने ईश्वर.
(६) बुद्धिको संस्कार.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वास्तविक स्थिति यस्तो छँदा-छँदै पनी, जो बुद्धि ठीक न हुनाले संझन्छ कि, 'मै यौटा कर्ता हूँ' तव ठान्नुपर्दछ कि, त्यो दुर्मति पुरुष केही पनी जान्दो रहेनछ.

यस्य नाऽहंकृतो भावो बुद्धिर्यस्य न लिप्यते;
हत्वाऽपि स इमांल्लोकान्न हन्ति न निबध्यते. (१७)

जस्को अहंपना[1] छैन, बुद्धि जस्को अलिप्त छ;
लोकै मारे पनी तेस्ले न मार्दछ, न बन्ध छ.

जस्लाई यो भावना (संझना) नै छैन कि, 'म कर्ता हूँ' तेस्तै जस्को बुद्धि अलिप्त छ, तेस्ले यदि सारा लोकलाई नै मारोस् ता पनी संझनुपर्दछ कि, तेस्ले कसैलाई पनी मारेको छैन; और त्यो कर्म तेस्लाई बन्धन गर्ने पनी हुँदैन.

कर्मचोदना र संग्रहका लक्षण-भेद-

ज्ञानं ज्ञेयं परिज्ञाता त्रिविधा कर्मचोदना;
करणं कर्म कर्तेति त्रिविधः कर्मसंग्रहः. (१८)

'ज्ञान' 'ज्ञेय' तथा 'ज्ञाता' तीन छन् कर्मचोदना[2];
कर्मसंग्रह[3] छन् उत्ती 'कर्ता', 'कर्म' र 'साधन'.

---

(१) 'मै गर्में हूँ' भन्ने पना. (२) मानसिक पहिलो विचार.

(३) मानसिक क्रियाका जोडको बाहिरी क्रिया अर्थात्-इन्द्रिय द्वारा जुन सुकै पनी काम हुनु भन्दा पहिले मनले तेस कामको निश्चय गर्नुपर्दछ, यही मानसिक विचारलाई 'कर्म गर्नाको पहिलो विचार' भन्दछन्. यो स्वभावतः 'ज्ञान, ज्ञेय, ज्ञाता' को स्वरूपले तीन प्रकारको हुन्छ, जस्तै-गाग्रो बनाउनु भन्दा पहिले कुह्मालेले (ज्ञाता) आफ्नु मनमा विचार गर्दछ कि, मलाई अमुक चीज (ज्ञेय) बनाउनु छ, त्यो यस रीतले (ज्ञान) होला. यो 'कर्म चोदना' भयो. यस प्रकार सँग निश्चय भये पछी स्यो कुह्माले (कर्ता) माटो चक्र इत्यादि सामग्री (करण) जम्मा गरेर प्रत्यक्ष गाग्रो (कर्म) तयार गर्दछ, यस्लाई कर्मसंग्रह भन्दछन्. यो 'कर्मसंग्रह' पनी तीन प्रकारको नै हुन्छ.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कर्मचोदना अर्थात्–काम गर्नलाई प्रेरणा गर्ने 'ज्ञान, ज्ञेय, ज्ञाता', को स्वरूपले तीन प्रकारको छ. तेस्तै–कर्मसंग्रह पनी 'करण, कर्म, कर्ता' को स्वरूपले तीन प्रकारको नै छ.

ज्ञानं कर्म च कर्ता च त्रिधैव गुणभेदतः ;
प्रोच्यते गुणसंख्याने यथावच्छृणु तान्यपि. (१९)

गुणका[1] भेदले ज्ञान, कर्म, कर्ता तिनै-थरी;
गनिन्छन् सांख्यमा[2], भन्छु ज्योंकात्यौं[3] सुन बेसरी.

कापिलसांख्यशास्त्रमा कहियेको छ कि, ज्ञान कर्म र कर्ता पनी प्रत्येक सत्व, रज, तम ई तीन गुणका भेदले गर्दा तीनै प्रकारका हुन्छन्. ती प्रकार तिमीलाई जस्ताको तस्तो बताउँछु, सुन.

गुणभेदले ज्ञानका तीन भेद-

सर्वभूतेषु येनैकं भावमव्ययमीक्षते;
अविभक्तं विभक्तेषु तज्ज्ञानं विद्धि सात्विकम्. (२०)

भिन्न-भिन्नै पनी सारा प्राणीमा तत्व[4] एक हो;
भन्ने जस्बाट जानिन्छ 'सात्विक-ज्ञान' जान त्यो.

जुन ज्ञानले 'विभक्त अर्थात्–भिन्न-भिन्न सब प्राणीमा अविभक्त र अव्ययभाव अथवा तत्व यौटै रहेको छ', भन्ने थाह हुन्छ, तेस्लाई सात्विक ज्ञान जान.

---

(१) सत्व-रज-तमका.
(२) सांख्यशास्त्रमा.
(३) जस्ताको तस्तो.
(४) वास्तविक कुरो.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पृथक्त्वेन तु यज्ज्ञानं नानाभावान्पृथग्विधान्;
वेत्ति सर्वेषु भूतेषु तज्ज्ञानं विद्धि राजसम्. (२१)

सारा भूतहरू माथी ई सबै भिन्न-भिन्न छन्;
भन्ने भिन्नत्वको ज्ञानलाई 'राजस' भन्दछन्.

जुन ज्ञानले यस्तो भिन्नत्वको बोध हुन्छ कि, संपूर्ण प्राणी मात्रमा भिन्न भिन्न प्रकारका अनेक भाव छन्, तेस्लाई राजस ज्ञान भनेर जान.

यत्तु कृत्स्नवदेकस्मिन् कार्ये सक्तमहैतुकम्;
अतत्त्वार्थवदल्पं च तत्तामसमुदाहृतम्. (२२)

न पाई हेतु तत्वार्थ(१), भै लिंडेढिपिको वश;
सबै यै एक हो ठान्ने हो अल्पज्ञान(२) 'तामस'.

परन्तु, जुन पुरुष बेकारण र वास्तविक तत्व न जानी (न बुझी) एकै बातमा यो संझेर आसक्त (लट्ठ) रहन्छ कि, यही नै सब कुछ हो, तेस्तो अल्पज्ञानलाई तामस भनेर बताउँछन्.

भावभेदले कर्मका तीन भेद-

नियतं संगरहितमरागद्वेषतः कृतम्;
अफलप्रेप्सुना कर्म यत्तत्सात्त्विकमुच्यते. (२३)

आसक्ति, फल छोडेर, राग द्वेष न लीकन;
कर्तव्य संझी गरिने, कर्म 'सात्विक' मा गन.

---

(१) वास्तविक कुरो. (२) नीचो ज्ञान.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

फलप्राप्तिको इच्छा न लिने मानिसले मनमा प्रेम वा द्वेष केही न राखेर आसक्ति न लिई, स्वधर्मानुसार जो नियुक्त गरियेको कर्म गर्दछ, तेस कर्मलाई सात्विक भन्दछन्.

यत्तु कामेप्सुना कर्म साहंकारेण वा पुनः ;
क्रियते बहुलायासं तद्राजसमुदाहृतम्. (२४)

[1]फलाशा वा अहंकार लिई, दुःख अनेकन;
गरिने, कर्मलाई नै 'राजसी' जान अर्जुन !

परन्तु, काम अर्थात्—फलाशाको आग्रह राख्ने, अथवा अहंकार-बुद्धिले युक्त भयेको, मनुष्यले ठुलो परिश्रम (वाहियाती मेहनत) गरी जो कर्म गर्दछ, तेस्लाई राजस भन्दछन्.

अनुबन्धं क्षयं हिंसामनपेक्ष्य च पौरुषम् ;
मोहादारभ्यते कर्म यत्तत्तामसमुच्यते. (२५)

नहेरी नाश, [2]हिंसा र [3]भविष्य अनि पौरुष[4];
मोहले थालिने कर्म जो हो त्यो जान 'तामस'.

'पछी के होला ? आफ्नू सामर्थ्य कति छ ? आखिरीमा नाश वा हिंसा (बिगार) होला की होओइन ?' यो कुरा विचार नगरी मोहैले सुरु गरिने कर्मलाई तामस कर्म भनेर बताउँदछन्.

---

(१) फल पाउने इ॰
(२) बिगार.
(३) पछी.
(४) आफ्नू पुरुषार्थ.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

काम अनुसार कर्ताका तीन भेद-

मुक्तसंगोऽनहंवादी धृत्युत्साहसमन्वितः ;
सिद्ध्यसिद्ध्योर्निर्विकारः कर्ता सात्विक उच्यते. (२६)

भै सिद्धि-विघ्नमा तुल्य, छोडी सङ्ग-अहंपन;
धैर्य-उत्साह ली गर्ने, कर्ता 'सात्विक' मा गन.

जस्लाई आसक्ति रहँदैन, जो 'म' 'मेरो' भन्ने अहंकार लिई बोल्दैन, कार्यको सिद्धि होस् वा न होस् दुवै परिणामको बखतमा जो पुरुष मनमा विकार न लियेर धृति (धैर्य) र उत्साहका साथ कर्म गर्दछ, तेस्लाई 'सात्विक कर्ता' भन्दछन्.

रागी कर्मफलप्रेप्सुर्लुब्धो हिंसात्मकोऽशुचिः ;
हर्षशोकान्वितः कर्ता राजसः परिकीर्तितः. (२७)

फलेच्छु,[1] रागवान्,[2] लोभी, हिंसात्मा[3] र अपावन;[4]
हर्ष-शोक लिने, कर्ता 'राजसी' जान अर्जुन !

विषयमा आसक्त, लोभी, सिद्धि भयेको बखत हर्ष र असिद्धि भयेको बखत शोकले युक्त, कर्मफल पाउँनाको इच्छा राख्ने, हिंसात्मक र अपवित्र कर्ता 'राजस' भनेर कहलाउँछ.

अयुक्तः प्राकृतः स्तब्धः शठो नैष्कृतिकोऽलसः ;
विषादी दीर्घसूत्री च कर्ता तामस उच्यते. (२८)

---

(१) फलको आसक्ति.
(२) विषयमा आसक्त
(३) बिगार गर्ने.
(४) अपवित्र.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

[1]असभ्य, चञ्चले, [2]जुंसो घमण्डी, ठग, आलस;
[3]घाती, दिक्क भई गर्ने, कर्ता हो जान 'तामस'.

चञ्चल बुद्धि भयेको, असभ्य (बेसोहमती), सेखीले मस्त भयेको, ठग, अर्कालाई हानि गराउँने, अल्सी, दिग्दार मन भयेको, दीर्घसूत्री अर्थात्– ढीलो या घडी भरका कामलाई महिना भरमा गर्ने; यस्तो कर्ता तामस भनेर कहिन्छ.

बुद्धिका तीन भेद-

बुद्धेर्भेदं धृतेश्चैव गुणतस्त्रिविधं शृणु;
प्रोच्यमानमशेषेण पृथक्त्वेन धनञ्जय ! (२९)

गुणको भेदले गर्दा बुद्धिको, [4]धृतिको पनी;
तीनै भेद यहाँ हुन्छ, भन्छु, लेऊ सबै सुनी.

हे धनञ्जय ! बुद्धि र धृतिका पनी गुणहरुकै अनुसार जो तीन प्रकारका भिन्न-भिन्न भेद हुन्छन्, ती सब तिमीलाई बताउँछु, सुन.

प्रवृत्तिं च निवृत्तिं च कार्याकार्ये भयाभये;
बन्धं मोक्षं च या वेत्ति बुद्धिः सा पार्थ ! सात्विकी. (३०)

[5]प्रवृत्ति-विनिवृत्ती र [6]कार्या-ऽकार्य, [7]भया-ऽभय;
[8]बन्ध-मोक्ष पनी जान्ने, बुद्धि हो 'सात्विकी' बुझ.

---

(१) सभामा नाकःयक जंगली.
(२) अल्सी.
(३) अर्काको नुक्सान गराउने.
(४) धैर्यको.
(५) लागीपर्नु र हटनू.
(६) कर्तव्य र अकर्तव्य.
(७) डर र नडर.
(८) बन्धन र छुटकारा.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हे पार्थ ! जुन बुद्धिले प्रवृत्ति अर्थात्–कुनै कर्म गर्नू र निवृत्ति अर्थात्–कुनै कर्म नगर्नूलाई जान्दछ, फेरी कार्य (गर्न योग्य) के हो ? अकार्य (गर्न अयोग्य) के हो ? केबाट डर लिनू अथवा न लिनू ? के कुराले बन्धन हुन्छ ? और केले मोक्ष हुन्छ ? यो पनी जान्दछ, त्यो बुद्धि सात्विक कहिन्छ.

यया धर्ममधर्मं च कार्यं चाऽकार्यमेव च;
अयथावत्प्रजानाति बुद्धिः सा पार्थ ! राजसी. (३१)

अधर्म, धर्मको तेस्तै कार्यको र अकार्यको;
ठेगान गर्न सक्दैन, बुद्धि 'राजस' नामको.

हे पार्थ ! जस्बाट धर्म र अधर्मको अथवा कार्य र अकार्यको यथार्थसित निर्णय हुँदैन, त्यो बुद्धि राजस कहिन्छ.

अधर्मं धर्ममिति या मन्यते तमसाऽऽवृता;
सर्वार्थान्विपरीतांश्च बुद्धिः सा पार्थ ! तामसी. (३२)

अधर्मलाई नै धर्म ठान्ने, अज्ञान-गुंफित;
सबै उल्टा समझने, बुद्धि 'तामस' भारत !

हे पार्थ ! त्यो बुद्धि तामस हो, जो तम (अज्ञान) ले ढाकियेर अधर्मलाई धर्म संझन्छ र सब कुरामा विपरीत अर्थात्–उल्टो मात्र विचार गराई-दिन्छ.

---

(१) अज्ञानले छोपिई-रहेको.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

धृतिका तीन भेद-

धृत्या यया धारयते मनःप्राणेन्द्रियक्रियाः ;
योगेनाऽव्यभिचारिण्या धृतिः सा पार्थ ! सात्विकी. (३३)

इन्द्रिय, प्राण, मनका कर्म, ली जो स्थिरा[1] धृति[2];
गरिन्छन् योगका[3]-साथ जान त्यो 'सात्विकी-धृति.'

हे पार्थ ! पुरुषले जुन अव्यभिचारिणी अर्थात्—यता उती न लहसाउँने, धृतिले मन, प्राण र इन्द्रियका व्यापारहरुलाई कर्मफलत्यागरूपी योगको द्वारा गर्दछ, त्यो धृति सात्विकी भनिन्छ.

यया तु धर्मकामार्थान्धृत्या धारयतेऽर्जुन !
प्रसङ्गेन फलाकांक्षी धृतिः सा पार्थ ! राजसी. (३४

प्रसङ्गले[4] फलेच्छा[5] ली, धर्म-कामा-ऽर्थ-साधन[6];
गर्छ जो धृतिले त्यै हो 'राजसी-धृति' अर्जुन !

हे अर्जुन ! प्रसंगानुसार फलको इच्छा राख्ने पुरुष, जुन धृतिले आफ्ना धर्म, कामना र अर्थ (पुरुषार्थ) लाई सिद्ध गर्दछ, त्यो धृति राजसी हो.

यया स्वप्नं भयं शोकं विषादं मदमेव च;
न विमुञ्चति दुर्मेधा धृतिः सा पार्थ ! तामसी. (३५)

---

(१) निश्चल.
(२) धैर्य (मनको दृढनिश्चय).
(३) निष्कामकर्मयोगले.
(४) मौका अनुसार.
(५) फलको चाहना.
(६) धर्म-कामना पुरुषार्थ सिद्धि.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मूर्ख जो धृतिले शोक, मद, निद्रा तथा भय;
विषाद लिन्छ, त्यै जान 'तामसी-धृति' निश्चय.

हे पार्थ ! जुन धृतिले मनुष्य दुर्बुद्धि भयेर निद्रा, भय, शोक, विषाद र मद (मत्त पना) छोड्दैन, त्यो धृतिलाई तामसी भनी बताउँछन्.

सुखका तीन भेद-

सुखं त्विदानीं त्रिविधं शृणु मे भरतर्षभ !
अभ्यासाद्रमते यत्र दुःखान्तं च निगच्छति. (३६)

सुख तीनै-थरी हुन्छ, सुन त्यो अहिले यहाँ;
अभ्यासले[1] जहाँ रम्छे[2], दुःख छुट्छ सबै जहाँ.

अब हे भरतश्रेष्ठ ! म सुखका पनी तीन भेद बताउँछु, सुन. अभ्यास अर्थात्-निरन्तर परिचय भई-रहेको हुनाले मानिस जस्मा दङ्ग पर्दछ र जहाँ दुःखको अन्त (नाश) पनी संझन्छ.

यत्तदग्रे विषमिव परिणामेऽमृतोपमम्;
तत्सुखं सात्त्विकं प्रोक्तमात्मबुद्धिप्रसादजम्. (३७)

पहिले विष जस्तो र पछाडी अमृतै-सरी;
सुख[3] 'सात्त्विक' हो, मिल्छ आफ्नै बुद्धि सफा गरी.

जो आरम्भ (सुरु) मा त विष जस्तै लाग्दछ, परन्तु, परिणाममा अमृतकै तुल्य छ, फेरी जो आत्मनिष्ठ-बुद्धिको प्रसन्नताबाट प्राप्त हुन्छ, तेस आध्यात्मिक सुखलाई सात्त्विक-सुख भन्दछन्.

(१) कार्य गरी-रहेको हुनाले. (२) रमाउँछ. (३) आत्मविषयक सुख

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विषयेन्द्रियसंयोगाद्यत्तदग्रेऽमृतोपमम्;
परिणामे विषमिव तत्सुखं राजसं स्मृतम्. (३८)

विषयेन्द्रिय मिल्नाले अगाडी अमृतोपम;
पछी विष-सरी लाग्ने सुख 'राजस' हो गम्म.

इन्द्रिय र तिन्का विषयहरुको संयोगबाट उत्पन्न हुने अर्थात्—आधिभौतिक (सांसारिक) सुखलाई राजस-सुख भन्दछन्, जो कि, पहिले ता अमृतकै समान छ, परन्तु, आखिरमा विष जस्तै बन्दछ.

यदग्रे चाऽनुबन्धे च सुखं मोहनमात्मनः;
निद्रालस्य-प्रमादोत्थं तत्तामसमुदाहृतम्. (३९)

आलस्य, भूल, निद्राले उब्जने सुख 'तामस'
अघी-पछी सदा जस्ले बेहोसै हुन्छ मानिस.

जो आरंभमा र परिणाममा पनी मनुष्यलाई मोहमा फसाउँदछ, अनी जो निद्रा, आलस्य र प्रमाद अर्थात्—कर्तव्यको भूलबाट उब्जन्छ, तेस्लाई तामस-सुख भन्दछन्.

गुणभेदले सारा जगत्को तीन भेद:

न तदस्ति पृथिव्यां वा दिवि देवेषु वा पुनः;
सत्वं प्रकृतिजैर्मुक्तं यदेभिः स्यात्त्रिभिर्गुणैः. (४०)

(१) रूपादि र चक्षुरादि. (२) अमृत र जस्तो. (३) आदि र अन्त्यमा.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छैन तेस्तो कुनै[1] भूमि-स्वर्ग-देव-विषे पनी;
गुणले[2] जो प्रकृतिका छुटेको होस् पृथक् बनी.

यस पृथिवीमा, आकाशमा वा देवताहरुमा अर्थात्-देवलोकमा पनी यस्तो पदार्थ कुनै छैन, जो प्रकृतिका इनै तीन गुणबाट मुक्त (छुट्कारा पायेको) होस्.

गुणभेदले ब्राह्मणादि ४ जातका कर्म-

ब्राह्मणक्षत्रियविशां शूद्राणां च परन्तप !
कर्माणि प्रविभक्तानि स्वभावप्रभवैर्गुणैः. (४१)

विप्र, क्षत्री तथा वैश्य, शूद्रका ई थरी-थरी;
छुट्याइन्छन् सबै कर्म स्वभाव[3]-गुणले गरी.

हे परन्तप ! ब्राह्मण, क्षत्रिय, वैश्य र शूद्रहरुका कर्म, उन्का स्वभावजन्य अर्थात्-प्रकृतिसिद्ध गुणहरुको अनुसार पृथक्-पृथक् बाँडियेका छन्.

शमो दमस्तपः शौचं क्षान्तिरार्जवमेव च;
ज्ञानं विज्ञानमास्तिक्यं ब्रह्मकर्म स्वभावजम्. (४२)

स्वभावात्[4] हो 'ब्रह्म[5]-कर्म', शान्ति, शौच, तपस् , शम;
ज्ञान, विज्ञान, दम र सोझ्याई, आस्तिकी[6]-पन.

---

(१) चीज.
(२) सत्व-रज-तमोगुणले.
(३) खुद प्रकृतिबाट सिद्ध भयेका गुणले.
(४) प्रकृति स्वभावैले.
(५) ब्राह्मणको कर्म.
(६) शास्त्रले भनेको कुरामा श्रद्धा.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ब्राह्मणको स्वभावजन्य कर्म (धर्म) शम, दम, तप, पवित्रता, शान्ति, सरलता, ज्ञान, विज्ञान र आस्तिक्यबुद्धि यही हो.

शौर्यं तेजो धृतिर्दाक्ष्यं युद्धे चाऽप्यपलायनम्;
दानमीश्वरभावश्च क्षात्रं कर्म स्वभावजम्. (४३)

स्वभावात् हो '[1]क्षात्र-कर्म' बठ्याईं, तेज, शूरिनू;
न भाग्नू युद्धमा, हुक्म गर्नू, धैर्य लिनू, दिनू.

शूऱ्याईं, तेजिलो पना, धैर्य, बठ्याईं, युद्धबाट न भाग्नू र प्रजा-माथी हुकुम गर्नू यही क्षत्रियहरुको स्वाभाविक कर्म (कर्तव्य धर्म) हो.

कृषिगोरक्ष्यवाणिज्यं वैश्यकर्म स्वभावजम्;
परिचर्यात्मकं कर्म शूद्रस्याऽपि स्वभावजम्. (४४)

खेती, व्यापार, [2]गो-रक्षा, स्वभावात् '[3]वैश्य-कर्म' हो;
चाकरी-गरनू खाली स्वभावात् '[4]शूद्र-कर्म' हो.

कृषि अर्थात्—खेती, गोरक्षा अर्थात्–पशुहरूलाई पाल्नाको उद्यम, अनी वाणिज्य अर्थात्–व्यापार वैश्यहरूको स्वभावजन्य कर्म (धर्म) हो. यस्तै-चाकरी (सेवा) गर्नू शूद्रहरुको स्वाभाविक कर्म (धर्म) हो.

स्वकर्माचरणबाट परम-सिद्धि-

स्वे स्वे कर्मण्यभिरतः संसिद्धिं लभते नरः;
स्वकर्मनिरतः सिद्धिं यथा विन्दति तच्छृणु. (४५)

---

(१) क्षत्रियको कर्म.
(२) पशुपालना गर्नू.
(३) वैश्यको कर्म.
(४) शूद्रको कर्म.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

छैन तेस्तो कुनै[1] भूमि-स्वर्ग-देव-विषे पनी;
गुणले[2] जो प्रकृतिका छुटेको होस् पृथक् बनी.

यस पृथिवीमा, आकाशमा वा देवताहरुमा अर्थात्-देवलोकमा पनी यस्तो पदार्थ कुनै छैन, जो प्रकृतिका इनै तीन गुणबाट मुक्त (छुट्कारा पायेको) होस्.

गुणभेदले ब्राह्मणादि ४ जातका कर्म-

ब्राह्मणक्षत्रियविशां शूद्राणां च परन्तप !
कर्माणि प्रविभक्तानि स्वभावप्रभवैर्गुणैः. (४१)

विप्र, क्षत्री तथा वैश्य, शूद्रका ई थरी-थरी;
छुट्ट्याइन्छन् सबै कर्म स्वभाव-[3]गुणले गरी.

हे परन्तप ! ब्राह्मण, क्षत्रिय, वैश्य र शूद्रहरुका कर्म, उन्का स्वभावजन्य अर्थात्—प्रकृतिसिद्ध गुणहरुको अनुसार पृथक्-पृथक् बाँडियेका छन्.

शमो दमस्तपः शौचं क्षान्तिरार्जवमेव च;
ज्ञानं विज्ञानमास्तिक्यं ब्रह्मकर्म स्वभावजम्. (४२)

स्वभावतः[4] हो 'ब्रह्म-कर्म'[5], शान्ति, शौच, तपस् , शम;
ज्ञान, विज्ञान, दम र सोझ्याई, आस्तिकी[6]-पन.

---

(१) बीज.
(२) सत्व-रज-तमोगुणले.
(३) खुद प्रकृतिबाट सिद्ध भयेका गुणले.
(४) प्रकृति स्वभावैले.
(५) ब्राह्मणको कर्म.
(६) शास्त्रले भनेको कुरामा श्रद्धा.

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF
Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ब्राह्मणको स्वभावजन्य कर्म (धर्म) शम, दम, तप, पवित्रता, शान्ति, सरलता, ज्ञान, विज्ञान र आस्तिक्यबुद्धि यही हो.

शौर्यं तेजो धृतिर्दाक्ष्यं युद्धे चाऽप्यपलायनम्;
दानमीश्वरभावश्च क्षात्रं कर्म स्वभावजम्. (४३)

स्वभावात् हो '(१)क्षात्र-कर्म' बठ्याईं, तेज, शूरिनू;
न भाग्नू युद्धमा, हुक्म गर्नू, धैर्य लिनू, दिनू.

शूऱ्याईं, तेजिलो पना, धैर्य, बठ्याईं, युद्धबाट न भाग्नू र प्रजा-माथी हुकुम गर्नू यही क्षत्रियहरुको स्वाभाविक कर्म (कर्तव्य धर्म) हो.

कृषिगोरक्ष्यवाणिज्यं वैश्यकर्म स्वभावजम्;
परिचर्यात्मकं कर्म शूद्रस्याऽपि स्वभावजम्. (४४)

खेती, व्यापार, गो-(२)रक्षा, स्वभावात् 'वैश्य(३)-कर्म' हो;
चाकरी-गरनू खाली स्वभावात् '(४)शूद्र-कर्म' हो.

कृषि अर्थात्—खेती, गोरक्षा अर्थात्–पशुहरूलाई पाल्नाको उद्यम, अनी वाणिज्य अर्थात्–व्यापार वैश्यहरूको स्वभावजन्य कर्म (धर्म) हो. यस्तै-चाकरी (सेवा) गर्नू शूद्रहरुको स्वाभाविक कर्म (धर्म) हो.

स्वकर्माचरणबाट परम-सिद्धि-

स्वे स्वे कर्मण्यभिरतः संसिद्धिं लभते नरः;
स्वकर्मनिरतः सिद्धिं यथा विन्दति तच्छृणु. (४५)

---

(१) क्षत्रियको कर्म.
(२) पशुपालना गर्नू.
(३) वैश्यको कर्म.
(४) शूद्रको कर्म.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आफ्ना-आफ्ना गरी कर्म सिद्धि पाउँदछन् जन;
स्वकर्म गर्दा जसरी सिद्धि मिल्दछ त्यो सुन.

आफ्ना-आफ्ना स्वभावजन्य गुणको अनुसार प्राप्त भयेको कर्ममा सर्वदा रत रहने पुरुषले तेसैबाट परम सिद्धि पाउँदछ; आफ्ना कर्ममा तत्पर रहनाले कसरीं सिद्धि मिल्ने हो ? त्यो कुरा सुन.

यतः प्रवृत्तिर्भूतानां येन सर्वमिदं ततम्;
स्वकर्मणा तमभ्यर्च्य सिद्धिं विन्दति मानवः. (४६)

यो भूत-जात[1] जस्बाट[2] निस्क्यो, विस्तार-भो[3] सब;
स्वकर्मले[4] त्यै पूजेर सिद्धि पाउँछ मानव[5].

सारा प्राणीको जस्बाट प्रवृत्ति भयेको छ, अर्थात्—उत्पन्न भयेका छन्; जस्ले सबै जगत् व्याप्त छ (ढाकियेको छ) तेस (परमात्मा) लाई स्वधर्मानुसार प्राप्त भयेका कर्महरुको द्वारा (खाली स्तोत्र र फूलहरुले मात्र होइन) पूजा गर्नाले मनुष्यलाई सिद्धि प्राप्त हुन्छ.

दोषी भये पनी स्वधर्म अत्याज्य छ-

श्रेयान्स्वधर्मो विगुणः परधर्मात्स्वनुष्ठितात्;
स्वभावनियतं कर्म कुर्वन्नाऽऽप्नोति किल्बिषम्. (४७)

राम्रो अरू-धर्म[6] भन्दा दोषी श्रेष्ठ छ आफ्नू;
स्वजातको गरी कर्म पाप लाग्दैन बूझनू.

(१) प्राणीहरुको समुदाय.
(२) जुन परमात्माबाट.
(३) फैलाइयो, ढाकियो.
(४) आफ्नू जात अनुसारको कर्मले.
(५) मानिस.
(६) पराईको धर्म.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परधर्मको आचरण सजिलो होस् त पनी, त्यो भन्दा आफ्नू धर्म अर्थात्—चातुर्वर्ण्य-विहित कर्म, विगुण अथवा दोषयुक्त भयेमा पनी ज्यादा नै कल्याणकारी हुन्छ. स्वभावसिद्ध अर्थात्—गुण-स्वभावानुसार निर्माण गरियेको, चातुर्वर्ण्य-व्यवस्था द्वारा नियत भयेको, आफ्नू कर्म गर्दा मनुष्यलाई केही पाप लाग्दैन.

सहजं कर्म कौन्तेय ! सदोषमपि न त्यजेत्;
सर्वारंभा हि दोषेण धूमेनाऽग्निरिवाऽऽवृताः. (४८)

न छोडोस् आफना कर्म पार्थ ! दोषी पनी कबै;
छन् दो[1]ष-व्याप्त [2]उद्योग [3]धूमले अग्नि झैं सबै.

हे कौन्तेय ! जो कर्म सहज छ अर्थात्—जन्मदेखी नै गुण-कर्म विभागानुसार नियत भयेको छ, दोषयुक्त होस् ता पनी तेस्लाई कहिल्यै छोड्न हुँदैन. किन भने, संपूर्ण आरंभ अर्थात्—उद्योग-धन्दाहरु केहीन-केही दोषले तेसरी नै व्याप्त गरियेका छन्, जस्तै कि धूवाँले आगो घेरियेको हुन्छ.

असक्तबुद्धिः सर्वत्र जितात्मा विगतस्पृहः;
नैष्कर्म्यसिद्धिं परमां संन्यासेनाऽधिगच्छति. (४९)

जो [4]सर्वत्र [5]अनासक्त, जितचित्त, [6]निरीह छ;
नैँष्कर्म्य-[7]सिद्धि त्यै [8]उच्च-त्यागले गरि पाउँछ.

(१) दोषले ढाकियेका.
(२) उद्योग-धन्दाहरु.
(३) धूवाँले.
(४) जेसुकैमा पनी.
(५) आसक्ति न राख्ने.
(६) इच्छाले रहित.
(७) मुक्ति.
(८) ईश्वरार्पणरूप कर्मत्यागले.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस कारण, जस्ले कहीं पनी आसक्ति न राखेर, मनलाई वशमा गरी, निष्काम बुद्धिले चलन-वर्तन गर्दछ; तेस्ले कर्मफलको संन्यास द्वारा ठूलो नैष्कर्म्यसिद्धि (मोक्ष) पाउँदछ.

सारा कर्म गरी सिद्धि हुने निरूपण-

सिद्धिं प्राप्तो यथा ब्रह्म तथाऽऽप्नोति निबोध मे;
समासेनैव कौन्तेय ! निष्ठा ज्ञानस्य या परा. (५०)

सिद्धिले जसरी ब्रह्म[1] प्राप्त गर्छ, मबाट त्यो;
सुन संक्षेपले, उच्च ज्ञान[2]-निष्ठा कहिन्छ जो.

हे कौन्तेय ! यस प्रकार सिद्धि भयेमा तेस पुरुषलाई ज्ञानको परम-निष्ठारूप ब्रह्म जुन रीतले प्राप्त हुन्छ, तेस्को म संक्षेपले वर्णन गर्दछु, सुन-

बुद्ध्या विशुद्धया युक्तो धृत्याऽऽत्मानं नियम्य च;
शब्दादीन्विषयांस्त्यक्त्वा रागद्वेषौ व्युदस्य च. (५१)

धैर्यले मन बाँधेर, शुद्ध-बुद्धि सदा धरी;
छोडी शब्दादि विषय, प्रेम-द्वेष परैं गरी.

शुद्ध बुद्धिले युक्त भई, धैर्यले आत्मसंयमन गरेर, इन्द्रिय (श्रोत्र आदि) का शब्द आदि विषयलाई छोडी, प्रेम र द्वेष (निन्दा) हटायेर.

विविक्तसेवी लघ्वाशी यतवाक्कायमानसः;
ध्यानयोगपरो नित्यं वैराग्यं समुपाश्रितः. (५२)

---

(१) परमात्मा. (२) ज्ञानको स्थान.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एकान्तमा बसी, थोरै खाई, देह तथा मन;
बोली रुद्ध गरी, ध्यान धरी, वैराग्य लीकन.

एकान्तस्थलमा रहने, परिमित आहार गर्ने, शरीर, वचन र मनलाई वशमा राख्ने, सदा ध्यानयुक्त र विरक्त हुने.

अहंकारं बलं दर्पं कामं क्रोधं परिग्रहम्;
विमुच्य निर्ममः शान्तो ब्रह्मभूयाय कल्पते. (५३)

काम-क्रोध-अभसन्तादि-बल-दर्प-परिग्रह;
छोडी, शान्त हुने जो छ, हुन्छ त्यो ब्रह्ममा लय.

अनी अहंकार, बल, घमण्ड, काम, क्रोध र परिग्रह अर्थात्—स्त्री-पुत्र-गृह-संपत्ति इत्यादि पाश (बन्धन) लाई छोडेर, शान्त र ममताले रहित हुने, पुरुष ब्रह्मभूत (ब्रह्मकै स्वरूप) हुनामा समर्थ हुन्छ.

ब्रह्मभूतः प्रसन्नात्मा न शोचति न कांक्षति;
समः सर्वेषु भूतेषु मद्भक्तिं लभते पराम्. (५४)

ब्रह्मभूत, विशुद्धात्मा शोक-चाह लिंदैन त्यो;
सम भै सबमा, मेरो भक्ति पाउँछ हद्दको.

ब्रह्मस्वरूप बने पछी, प्रसन्न चित्त भयेर, त्यो पुरुष न केही चाहन्छ, न त केहीको द्वेष गर्दछ र सब प्राणीमा समभाव राखेर, मेरो परम-भक्ति प्राप्त गरी-लिन्छ.

---

(१) रोकिएको.
(२) परमात्माको चिन्तन.
(३) मेरो हो भन्ने भावना.
(४) घमण्ड.
(५) स्त्री-पुत्र-गृह-संपत्ति आदि.
(६) ब्रह्मरूप भएको.
(७) शान्तचित्त भएको पुरुष
(८) पर-सीमाको.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भक्त्या मामभिजानाति यावान्यश्चाऽस्मि तत्वतः ;
ततो मां तत्वतो ज्ञात्वा विशते तदनन्तरम्. (५५)

भक्तिले त्यो म जस्तो छु, जो हूँ,यो सब जान्दछ;
मलाई तत्वले जानी मैमा त्यो मिल्न आउँछ.

भक्तिले तेस्लाई मेरो तत्व ज्ञान हुन्छ, अनी म कति छु ? कुन हूँ ? यस प्रकारको मेरो तात्विक ज्ञान भयेमा त्यो पुरुष ममा नै प्रवेश गर्दछ.

सर्वकर्माण्यपि सदा कुर्वाणो मद्व्यपाश्रयः ;
मत्प्रसादादवाप्नोति शाश्वतं पदमव्ययम्. (५६)

मेरो [1]आश्रय ली, पार्थ ! जती कर्म गरे पनी;
मेरै [2]प्रसादले पुग्छ त्यो [3]परंपदमा मुनि.

अनी मेरो नै आश्रय गरेर, सब कर्म गरी रहेमा पनी, तेस्लाई मेरा अनुग्रहले शाश्वत (सनातन) र अव्यय (कहिल्यै न नाशिने) स्थान प्राप्त हुन्छ.

अर्जुनलाई कर्ममार्गको उपदेश-

चेतसा सर्वकर्माणि मयि संन्यास्य मत्परः ;
बुद्धियोगमुपाश्रित्य मच्चित्तः सततं भव. (५७)

मनले कर्म ती सारा गरी मैमा [4]समर्पण;
[5]बुद्धियोग लिई नित्य [6]मैमा मन्मय नै बन.

(१) शरण.
(२) अनुग्रहले.
(३) वैकुण्ठमा.
(४) संन्यास.
(५) साम्यबुद्धिरूप योग.
(६) परमेश्वरमा.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मैमा मनले सारा कर्म अर्पण गरेर, मत्परायण हुँदै, साम्यबुद्धि-योगको आश्रय लिई, हर्दम चित्त राख्नेहोऊ.

मच्चित्तः सर्वदुर्गाणि मत्प्रसादात्तरिष्यसि;
अथ चेत्त्वमहंकारान्न श्रोष्यसि विनङ्क्ष्यसि. (५८)

चित्त मैमा दिये सारा[1] दुःखको पार पाउला;
यो अहंकारले पार्थ ! न सुने नष्ट होउला.

ममा चित्त राखे पछी, तिमी मेरो अनुग्रहले सारा संकटलाई अर्थात्–कर्मका शुभाशुभ फलहरुलाई पार गरेर जानेछौ. परन्तु, यदि अहङ्कारको वश भयेर, मेरो कुरा सुन्दैनौ भने, अवश्यमेव नाशिनेछौ.

अहंकारी न बन, प्रकृति नै सब गर्छे-

यदहंकारमाश्रित्य न योत्स्य इति मन्यसे;
मिथ्यैष व्यवसायस्ते प्रकृतिस्त्वां नियोक्ष्यति;

व्यर्थै लिई अहंकार युद्धबाट हट्यौ भने;
तिम्रो त्यो हठ[2] पुग्दैन, स्वभावै[3] छ लगाउँने.

तिमी अहंकारले जो यो ठान्दै भन्दछौ कि 'म युद्ध गर्नेछैन' तिम्रो यो निश्चय व्यर्थ छ. किन भने, प्रकृति अर्थात्–स्वभावले तिमीबाट त्यो युद्ध गराई छोड्नेछ.

स्वभावजेन कौन्तेय ! निबद्धः स्वेन कर्मणा;
कर्तुं नेच्छसि यन्मोहात्करिष्यस्यवशोऽपि तत्. (६०)

(१) कर्मका शुभाशुभरुपी. (२) जिद्दी. (३) प्रकृतिले नै.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बेसरी बद्ध[1] छौ पार्थ ! आफ्ना सहज[2]-कर्मले;
लाचार उहिं गर्नेछौ, जो छोड्छौ व्यर्थ मोहले.

हे कौन्तेय ! आफ्नू स्वभाजन्य कर्मले बाँधियेका हुनाले, मोहको वश भयेर तिमी जेलाई न गर्नाको इच्छा गर्दछौ, त पनी पराधीन अर्थात्—प्रकृतिको अधीनमा परेर, तिमीले त्यही (काम) न गरी सुखै पाउँनेछैनौ.

ईश्वरकै शरण पर, शान्ति मिल्छ.

ईश्वरः सर्वभूतानां हृद्देशेऽर्जुन ! तिष्ठति;
भ्रामयन्सर्वभूतानि यन्त्रारूढानि मायया. (६१)

पार्थ ! ईश्वर साराको स्वयं हृदय-भित्र छ;
यन्त्रारूढ[3] सबैलाई मायाले[4] त्यो घुमाउँछ.

हे अर्जुन ! ईश्वरले प्राणीका हृदयमा रहेर, आफ्नू मायाले प्राणी मात्रलाई यसरी घुमाई रहेकोछ कि, सब कुनै यन्त्रमाथी चढायेर राखियेका झैं भयेर घुमी-रहेछन्.

तमेव शरणं गच्छ सर्वभावेन भारत !
तत्प्रसादात्परां शान्ति स्थानं प्राप्स्यसि शाश्वतम्. (६२)

सबै तरहले जाऊ उस्कै शरण भारत !
उस्कै प्रसादले[5] मिल्छ शान्ति र स्थान शाश्वत[6].

---

(१) बाँधियेका.
(२) सँगै जन्मेका
(३) पिङ इन्जिन इत्यादिमा चढेका.
(४) ईश्वरीय योगमायाले.
(५) अनुग्रहले.
(६) कहिलै न नाशिने.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस निमित्त, हे भारत ! तिमी सर्व-भावले (हर तरहले) उही (परमात्माका) शरणमा जाऊ (पर) उसैका अनुग्रहले तिमीलाई परम शान्ति र नित्य स्थान (परम पद) प्राप्त हुनेछ.

यो रहस्य कुरा संझी जे गर्छौ गर-

इति ते ज्ञानमाख्यातं गुह्याद् गुह्यतरं मया;
विमृश्यैतदशेषेण यथेच्छसि तथा कुरु. (६३)

अत्यन्त गुप्त यो ज्ञान भने मैले भये-भर;
यो संपूर्ण विचारेर जो चाहन्छौ उही गर.

यस प्रकारले, यो गुह्य भन्दा पनी अति-गुह्य ज्ञान मैले तिमीलाई बतायेको छु, यस्को पूर्ण विचार गरेर, जस्तो तिम्रो इच्छा हुन्छ, उस्तै गर अर्थात्–जे मन लाग्छ, उही गर.

ईश्वरकै शरणले पापबाट छुट्कारा-

सर्वगुह्यतमं भूयः श्रृणु मे परमं वचः;
इष्टोऽसि मे दृढमिति ततो वक्ष्यामि ते हितम्. (६४)

फेरी रहस्य सबको मुख्य बात सुनाउँछु;
मेरो ज्यादै पियारा छौ, यसैले हित भन्दछु.

अब, आखिरीको एक कुरा सुन, जो कि सब भन्दा गुह्य (रहस्य) छ, तिमी मलाई ज्यादै पियारो लाग्दछौ, यसै उस्ले, म तिमीलाई हित गर्ने कुरा बताउँछु.

(१) बहुतै गुप्त;

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मन्मना भव मद्भक्तो मद्याजी मां नमस्कुरु;
मामेवैष्यसि सत्यं ते प्रतिजाने प्रियोऽसि मे. (६५)

¹ममा मन, ममा भक्ति, मेरै ²अर्चन-बन्दन;
गर, मिल्छौ ममा, प्यारा छौ, साँचै भन्छु अर्जुन !

ममा आफ्नू मन राख अर्थात्—सधैं मलाई नै संझ. मेरो भक्त होऊ. मेरो यजन (पूजन) गर. मलाई नै नमस्कार गर. म तिमी-सँग सत्य प्रतिज्ञा गरेर भन्दछु कि, यसो गर्नाले तिमी ममा (परमेश्वरमा) नै मिल्न आउनेछौ. किन भने, तिमी मेरा प्यारा भक्त छौ.

सर्वधर्मान्परित्यज्य मामेकं शरणं व्रज;
अहं त्वा सर्वपापेभ्यो मोक्षयिष्यामि मा शुचः. (६६)

सारा धर्महरू छोडी, मेरै शरणमा पर;
छुटाउँला सबै पाप, शोक ³छोड, ⁴धनुर्धर !

सब धर्मलाई छोडेर, तिमी केवल मेरै शरणमा आऊ (पर), म तिमी लाई सारा पापबाट छुटाउँनेछु, न डराऊ, शोक न गर.

कर्मयोगको परंपरा चलाई श्रेय-

इदं ते नाऽतपस्काय नाऽभक्ताय कदाचन;
न चाऽशुश्रूषवे वाच्यं न च मां योऽभ्यसूयति. (६७)

---

(१) परमेश्वरमा. (३) न गर.
(२) पूजा र नमस्कार. (४) हे धनुर्धारी अर्जुन !

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जो भक्ति, तप गर्दैन, सुन्नमा दिन्न जो मति;
मेरो निन्दा पनी गर्छ, उसमा यो न भने रती.

जो तप गर्दैन, भक्ति गर्दैन, और सुन्नाको इच्छा पनी राख्दैन, अनी जो मेरो निन्दा पनी गर्दछ, तेस मानिसलाई यो रहस्य कहिल्यै न बताउँनू.

य इदं परमं गुह्यं मद्भक्तेष्वभिधास्यति;
भक्तिं मयि परां कृत्वा मामेवैष्यत्यसंशयः. (६८)

जस्ले यो ज्ञानको तत्व भक्तमा नै बताउला;
तेस्को ममा भक्ति बढ्ला, मैमा निश्चय आउला.

जुन पुरुषले यो परम रहस्य, मेरा भक्तहरुलाई बताउला, तेस्को म उपर उत्तम भक्ति बढ्नेछ र त्यो निस्सन्देह ममा नै आयेर मिल्नेछ, अर्थात् मेरै स्वरूप हुनेछ.

न च तस्मान्मनुष्येषु कश्चिन्मे प्रियकृत्तमः;
भविता न च मे तस्मादन्यः प्रियतरो भुवि. (६९)

त्यो भन्दा हुन्न लौ अर्को मेरो प्रिय गरी-लिने;
हुने छैन कुनै मैले त्यो-भन्दा प्रियँ संझिने.

त्यो पुरुष भन्दा मलाई प्यारो गर्ने, सब मनुष्यमा दोस्रो अरु कुनै हुने छैन. तेस्तै यस भूमिमा मैले प्यारो गरिने पनी त्यो बाहेक अर्को कुनै पाइन्यै-छैन.

(१) बुद्धि.
(२) अवश्यमेव.
(३) अरु कुनै मानिस.
(४) प्यारो;

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गीतापाठको फल र माहात्म्य-

अध्येष्यते च य इमं धर्म्यं संवादमावयोः ;
ज्ञानयज्ञेन तेनाऽहमिष्टः स्यामिति मे मतिः. (७०)

[१]जो हाम्रो [२]धर्म-संवाद-पाठमा मन लाउला;
[३]ज्ञानयज्ञ गरी तेस्ले [४]पूजियें भनि ठानुला.

जो हामी दुई जनाको यो धर्म-संवाद (गीता) पाठ गर्ला, तेस पुरुषले ज्ञानयज्ञकै द्वारा मेरो पूजा गऱ्यो भनी म संझनेछु.

श्रद्धावाननसूयश्च शृणुयादपि यो नरः ;
सोऽपि मुक्तः शुभाँल्लोकान्प्राप्नुयात्पुण्यकर्मणाम्. (७१)

दो[५]ष छोडी, लिई श्रद्धा, जस्ले यो सब सुन्दछ;
[६]पुण्यवान्‌का [७]लोकमा त्यो [८]मुक्त भै पुग्न-पाउँछ.

यस निमित्त, दोष न खोजेर, श्रद्धा-साथ जो कोही यस्लाई सुन्ला, त्यो मनुष्य पनी पापहरुबाट मुक्त भयेर, तिनै शुभलोकमा पुग्न-जानेछ, जो कि, पुण्यकर्म गर्नेहरुलाई मात्र प्राप्त हुन्छन्.

अर्जुनलाई कर्तव्य गर्नामा चेतावनी-

कच्चिदेतच्छ्रुतं पार्थ ! त्वयैकाग्रेण चेतसा;
कच्चिदज्ञानसंमोहः प्रणष्टस्ते धनञ्जय ! (७२)

---

(१) जुन पुरुष.
(२) धर्मयुक्त संवाद (गीता) पाठ गर्नमा.
(३) निष्कामकर्मयोगरूप ज्ञानयज्ञले.
(४) पूजा गरियें.
(५) कुचाख्य.
(६) धर्मात्माहरुका.
(७) स्वर्गादि लोकमा.
(८) कर्मबन्धनबाट छुट्कारा पाई.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अर्जुनको मोहनाश



नष्टो मोहः स्मृतिर्लब्धा त्वत्प्रसादान्मयाच्युत । अ. ॥१८॥
स्थितोऽस्मि गतसंदेहः करिष्ये वचनं तव ॥७३॥

करुणाले छुट्यो मोह, सम्झना भो जनार्दन !
निस्सन्देह भयेँ गर्छु प्रभुको वाक्य-पालन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सुन्यौ कि ? तिमिले सारा भई एकाग्र पाण्डव !
अज्ञानरूपी त्यो[1] मोह[2] नाशियो कि सबै अब ?

हे पार्थ ! तिमीले यो सब कुरा एकाग्र मन गरेर सुन्यौ कि सुनेनौ ? अनी हे धनञ्जय ! तिम्रो अज्ञानरूपी मोह, अब सब तरहबाट नाश भयो वा भयेन ?

कर्तव्य संझेर अर्जुनको तैयारी-

अर्जुन उवाच-

नष्टो मोहः स्मृतिर्लब्धा त्वत्प्रसादान्मयाऽच्युत !
स्थितोऽस्मि गतसन्देहः करिष्ये वचनं तव. (७३)

करुणाले छुट्यो मोह, संझना[3] भो, जनार्दन !
निःसन्देह भयें, गर्छु प्रभुको वाँक्य[4]-पालन.

अर्जुनले बिन्ती गरे—हे अच्युत ! हजूरका अनुग्रहले मेरो मोह नष्ट भयो, मलाई कर्तव्य धर्मको संझना भयेको छ, म अब निस्सन्देह बनेको छु, हजूरको उपदेशानुसार युद्ध गर्नेछु.

गीताको सञ्जयकृत उपसंहार-

सञ्जय उवाच-

इत्यहं वासुदेवस्य पार्थस्य च महात्मनः ;
संवादमिममश्रौषमद्भुतं रोमहर्षणम्. (७४)

---

(१) मनको धमिलोपन.
(२) छुट्यो.
(३) स्वकर्तव्य-स्मरण.
(४) आज्ञापालन (युद्ध).

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मैले श्रीकृष्णको तेस्तै महात्मा पार्थको पनी;
रोमाञ्चकारी, संवाद अद्भुतै यो लिये सुनी.

सञ्जयले बिन्ती चढाये—महाराज ! यस प्रकार शरीरलाई रोमाञ्चित गर्ने भयेको, वासुदेव र महात्मा अर्जुनको यो अद्भुत, संवाद (बातचीत रूप गीता) मैले सुने.

व्यासप्रसादाच्छ्रुतवानेतद्गुह्यमहं परम्;
योगं योगेश्वरात्कृष्णात्साक्षात्कथयतः स्वयम्. (७५)

व्यासानुग्रहले मैले गुह्य यो योग उत्तम;
प्रत्यक्षवक्ता, योगेश, कृष्णबाट सुने सब.

व्यासजीको अनुग्रह हुँदा, मैले यो परम, गुह्य, योग अर्थात्—कर्मयोग साक्षात् योगेश्वर कृष्णजीके मुखबाट सुनेको हूँ

राजन् ! संस्मृत्य संस्मृत्य संवादमिममद्भुतम्;
केशवार्जुनयोः पुण्यं हृष्यामि च मुहुर्मुहुः. (७६)

कृष्ण-अर्जुनको राजन् ! धर्म-संवाद अद्भुत;
यो संझदा खुसी हुन्छु बारंबार म सर्वतः.

हे राजन, धृतराष्ट्र ! केशव र अर्जुनको यो अद्भुत र पुण्य-कारक संवादको संझना भयेर, मलाई बारंबार (हर बखत) हर्ष भई-रहेको छ.

---

(१) शरीरमा चोंटा उमार्ने.
(२) परस्परको बातचीत.
(३) व्यासको कृपाले.
(४) रहस्य.
(५) कर्मयोग मार्ग.
(६) साक्षात् कहने.
(७) योगेश्वर
(८) सब तरहबाट.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तच्च संस्मृत्य संस्मृत्य रूपमत्यद्भुतं हरेः ;
विस्मयो मे महान्राजन् ! हृष्यामि च पुनः पुनः. (७७)

राजन् ! त्यै हरिको रूप[1] संझी-संझी महाद्भुत;
छक्क पर्छु, खुसी हुन्छु बारबार यहाँ म त.

अनी हे महाराज ! श्रीहरिको त्यो अत्यन्त अद्भुत (कहिल्यै न देखियेको गजब) विश्वरूपको पनी बराबर संझना भयेर, मलाई बडो आश्चर्य र हरवखत हर्ष पनी हुन्छ.

यत्र योगेश्वरः कृष्णो यत्र पार्थो धनुर्धरः ;
तत्र श्रीर्विजयो भूतिर्ध्रुवा नीतिर्मतिर्मम (७८)

योगेश्वर[2] जहाँ कृष्ण, धनुष्मान्[3] पार्थ[4] छन् जहाँ;
म ठान्छु—विजय[5], श्री[6] र भूति[7], सन्नीति[8] छन् तहाँ.

म ठान्दछु कि, योगेश्वर श्रीकृष्ण जहाँ छन्, जहाँ धनुर्धारी अर्जुन छन्, त्यहीं श्री, विजय, शाश्वत ऐश्वर्य र सच्चा नीति पनी रहन्छन्. (७००)

इति श्रीमद्भगवद्गीतासु उपनिषत्सु ब्रह्मविद्यायां योगशास्त्रे
श्रीकृष्णार्जुनसंवादे 'मोक्षसंन्यास-योगो' नाम
अष्टादशोऽध्यायः (१८)

इति नेपाली कोमलगीताको 'मोक्षसंन्यासयोग'
अष्टादश अध्याय. (१८)

---

(१) विश्वरूप.
(२) योग या युक्तिका स्वामी.
(३) गाण्डीवधनु लिने.
(४) अर्जुन.
(५) जितबाजी.
(६) जयलक्ष्मी या शोभा
(७) नित्य ऐश्वर्य.
(८) सच्चा न्याय.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Acc 1092/9052

भगवद्गीता र कोमलगीताको.

❀ अष्टादशाध्याय ❀

समाप्त भयो.

हरिः "ॐतत्सत्" श्रीकृष्णार्पणमस्तु. ।

इति शम्.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मुद्रक :- मुद्रण विभाग, सिंहदरबार, काठमाडौं ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu